# अध्याय एक

# शोध परिचय

## १.१ शोध परिचय :

**उन्मेष** पत्रिकाको प्रकाशन त्रि.वि.प्रा.सं. रत्न राज्यलक्ष्मी क्याम्पस एकाइ समितिबाट वि.सं. २०४५ देखि भएको हो । २०६८ असोजसम्ममा यसमा बाऱ्ह अङ्क प्रकाशित भएका छन् । यस मुखपत्रमा प्रकाशित अधिकांश लेख वा रचनाहरु अनुसन्धानात्मक र विश्लेषणात्मक दृष्टिले उच्च कोटिका रहेका छन् । भाषा, साहित्य, गणित, इतिहास, राजनीति, पत्रकारिता र आमसञ्चार, मनोविज्ञान, जनसङ्ख्या, सिर्जना र विविध विषयको समावेशले यो पत्रिका विविधतामय बनेको छ । यी विविध विषय वस्तुमा आधारित लेख वा रचनाहरुमा अनुसन्धानात्मक, विश्लेषणात्मक र मूल्य निरूपणात्मक पक्ष सबल रहेका कारण सम्बन्धित क्षेत्रका पाठक तथा विद्यार्थीहरुका लागि समेत उपयुक्त स्रोत सामग्री बनेको छ । यही पत्रिकामा प्रकाशित समालोचनाहरुको अध्ययन नै यस शोधपत्रको विषय रहेको छ ।

## १.२ समस्या कथन :

**उन्मेष** मा प्रकाशित समालोचनाहरुको अध्ययन गरिएको प्रस्तुत शोधका समस्याहरु निम्नानुसार छन् :

क. नेपाली पत्र पत्रिकाको प्रकाशनको इतिहास कस्तो छ ?

ख. नेपाली समालोचनाका के कस्ता सिद्धान्त स्थापित छन् ?

ग. उन्मेषमा प्रकाशित समालोचना विषय र विवेचनाका दृष्टिले कस्ता छन् ?

घ. नेपाली पत्र पत्रिका परम्परामा **उन्मेष** पत्रिकाको के कस्तो योगदान रहेको छ ?

यस शोधपत्र यिनै मूलभूत समस्याहरुमा केन्द्रित रही ती समस्याहरुको समाधान खोज्ने प्रयास गरिएको छ ।

**१.३ शोधकार्यको उद्देश्य :**

शोध समस्यामा देखिएका समस्याहरुको निरूपण नै यस शोधकार्यका उद्देश्य हुन् । उपर्युक्त समस्याहरुमा केन्द्रित रही प्रस्तुत शोधकार्यका निम्नलिखित उद्देश्यहरु निर्धारण गरिएका छन् :

क. नेपाली पत्र पत्रिकाको ऐतिहासिक विकासक्रम देखाउनु,

ख. समालोचनाको सैद्धान्तिक अध्ययन गर्नु,

ग. **उन्मेष** मा प्रकाशित विविध विषयहरुसँग सम्बन्धित समालोचनाहरुको निरूपण गर्नु,

घ. नेपाली पत्र पत्रिका परम्परामा **उन्मेष** पत्रिकाको योगदान निरूपण गर्नु,

उपर्युक्त उद्देश्यहरुमा केन्द्रित रही प्रस्तुत शोधपत्र तयार पारिएको छ ।

**१.४ पूर्वकार्यको समीक्षा :**

त्रि.वि.प्रा.सं. रत्न राज्यलक्ष्मी क्याम्पसबाट प्रकाशित **उन्मेष** समालोचनात्मक लेखहरु प्रकाशित गर्ने पत्रिका भएकाले यसबारे समीक्षा भएको पाइदैन । यसबारे एउटा मात्र समीक्षा पाठक प्रतिक्रियाको रूपमा आएको देखिन्छ ।

हरि प्रसाद पराजुली, २०६६:९१ ले **उन्मेषको नवौं अङ्कलाई नियाल्दा** शीर्षक लेखमा भाषा, साहित्य, गणित, इतिहास, राजनीति, पत्रकारिता, मनोविज्ञान, जनसङ्ख्या, सिर्जना आदि विविध विषयको छुट्टाछुट्टै समीक्षा गरी **उन्मेष** पत्रिकालाई एक अनुसन्धानात्मक पत्रिकाको रूपमा चिनाएका छन् ।

**१.५ शोधकार्यको औचित्य र महत्त्व :**

पूर्वकार्यको समीक्षाबाट के प्रस्ट हुन्छ भने त्रि.वि.प्रा.सं. रत्न राज्यलक्ष्मी क्याम्पस एकाइ समितिबाट प्रकाशित **उन्मेष** पत्रिकाका बारेमा विभिन्न विद्वानहरुले समीक्षा गरे तापनि यसको समालोचनात्मकताबारे समष्टिगत अध्ययन हुन सकेको छैन । यसमा प्रकाशित समालोचनाहरुको अध्ययनबाट नेपाली समालोचना क्षेत्रमा र यस पत्रिकाका बारेमा जान्ने

बुझ्नेहरुका निम्ति सहयोग पुऱ्याउन सहयोगी भूमिका निर्वाह गर्ने छ । यसैबाट प्रस्तुत शोधकार्यको औचित्य प्रस्ट हुन आउँछ ।

### १.६ शोधकार्यको सीमाङ्कन :

त्रि.वि.प्रा.सं. रत्न राज्यलक्ष्मी क्याम्पस एकाइ समितिबाट प्रकाशित **उन्मेष** पत्रिकामा विभिन्न विषयसँग सम्बन्धित लेख रचनाहरु प्रकाशित भए पनि प्रस्तुत शोधकार्यमा सो पत्रिकामा प्रकाशित नेपाली भाषामा प्रकाशित समालोचनाहरुको मात्र अध्ययन गरिएको छ ।

### १.७ शोध विधि :

प्रस्तुत शोत्रपत्रको शीर्षक **उन्मेषमा प्रकाशित समालोचनाहरुको अध्ययन** रहेकाले त्यसका लागि आवश्यक पर्ने सामग्री सङ्कलनका क्रममा मुख्यतः पुस्तकालयीय अध्ययन पद्धतिको प्रयोग गरिएको छ साथै आवश्यकता अनुसार विषय विशेषज्ञहरुसँग सम्पर्क गरिएको छ । प्रमुख सामग्रीको रूपमा **उन्मेष** पत्रिकालाई लिइएको छ । पत्र पत्रिका र समालोचना सिद्धान्त सम्बन्धी पुस्तकहरुलाई सैद्धान्तिक अध्ययनका निम्ति गौण वा परिधीय सामग्रीको रूपमा लिइएको छ ।

### १.८ शोधपत्रको रूपरेखा :

प्रस्तुत शोधपत्रलाई निम्न लिखित अध्यायमा विभाजन गरिएको छः-

अध्याय एक : शोध परिचय

अध्याय दुई : नेपाली पत्र पत्रिकाको परम्परामा **उन्मेष** पत्रिकाको आगमन

अध्याय तिन : सैद्धान्तिक अध्ययन

अध्याय चार : **उन्मेष** मा प्रकाशित नेपाली समालोचनाहरुको अध्ययन

अध्याय पाँच : उपसंहार

सन्दर्भ सामग्री सूची

# अध्याय दुई

## नेपाली साहित्यिक पत्र पत्रिका प्रकाशनको परम्परा र उन्मेष

### २.१ विषय प्रवेश

यस अध्यायमा नेपाली साहित्यिक पत्र पत्रिका प्रकाशनको परम्पराको अध्ययन गरिएको छ । यसमा विषय प्रवेश, नेपाली साहित्यिक पत्रकारिताको परम्परा, काठमाडौँबाट प्रकाशित नेपाली पत्र पत्रिका : सुरुदेखि २००७ पूर्व, २००७-२०१७ को अवधिमा नेपालबाट प्रकाशित पत्र पत्रिका, २०१७-२०३६ को अवधिका नेपालबाट प्रकाशित पत्र पत्रिका, २०३६ देखि उन्मेषको प्रकाशनसम्म, उन्मेष प्रकाशनको उद्देश्य, उन्मेष नामकरणको अर्थ, गरी आठ मूल शीर्षकमा नेपाली साहित्यिक पत्र पत्रिकाको ऐतिहासिक विकासक्रमको समीक्षात्मक चर्चा गरी अन्तमा सारांश प्रस्तुत गरिएको छ ।

### २.२ नेपाली साहित्यिक पत्र पत्रिकाको परम्परा

साहित्य समाजको प्रतिबिम्ब हो । विश्व विभिन्न राष्ट्रिय एकाइमा आवद्ध हुन गएकोले मनुष्यको आचार विचार तथा कतिपय कार्य पद्धति एवम् चिन्तन प्रणालीमा वैविध्य रहनु स्वाभाविक छ । तर, मानिसभित्र जुन नैसर्गिक तथा आनुवंशिक गुणहरु छन् ती मनुष्य मात्रका साझा सम्पदा हुन् । अतः मानव समाजको विविधतामा जुन एकरूपताको बोध छ त्यसलाई साहित्यको मूल चेतना भनेमा अनुचित हुँदैन (नेपाल प्रज्ञा प्रतिष्ठान,२०३०:भूमिका) ।

साहित्यिक पत्रकारिता भन्नाले साहित्यसँग सम्बद्ध समाचारहरुको सङ्कलन, चयन, सम्पादन, शीर्षक छनोट र आवरण पृष्ठको साजसज्जा बुझिन्छ । साहित्यिक सामग्रीहरुको संयोजन र साहित्यिक गतिविधिहरुमा केन्द्रित सामग्रीहरुको प्रकाशन र प्रसारण गर्नु साहित्यिक पत्रकारिता हो (उप्रेती,२०५८:१) । यसका साथै साहित्यसँग सम्बद्ध समीक्षा, समालोचना तथा सृजनाको सम्पादन, प्रकाशन कार्य पनि सहित्यिक पत्रकारिता अन्तर्गत आउँछन् ।

नेपाली भाषा र साहित्यको इतिहास नियाल्दा पत्र पत्रिकाको इतिहास धेरै पछि मात्र सुरु भएको पाइन्छ । नेपालमा छापाखानाको स्थापना हुनु अगाडि सुनौलो मसी हातले लेख्ने चलन

थियो । वि.सं. १९०८ मा तत्कालीन प्रधान मन्त्री श्री ३ जङ्ग बहादुर राणा बेलायत भ्रमणबाट फर्कदा एउटा हाते प्रेस र त्यसको सामान ल्याइएको थियो । यस फलामको ढालुवा छाप्ने मेसिनको थाप्लोको एउटा पखेटा फिँजिएको गिद्धको आकृति रहेकाले यसलाई **गिद्धे प्रेस** को नाम दिइएको छ । यही समयबाट नेपाली छापाखानाको इतिहास प्रारम्भ भएको तथ्य फेला पर्छ (देवकोटा,२०५९:१८) ।

नेपाली पत्र पत्रिकाको प्रारम्भ खोज्दै जाने हो भने मुलुकभित्र वा बाहिर भएका विभिन्न साहित्यिक गतिविधिको पृष्ठभूमिबाट नै पत्रकारिताको जन्म भएको देखिन्छ । नेपाली भाषा र साहित्यको विकासका निम्ति अत्यन्त महत्त्वपूर्ण स्थान बनेको बनारसमा नेपाली युवा साहित्यकारहरुले सञ्चालन गरेका साहित्यिक गतिविधिहरुबाट नै पत्र पत्रिका प्रकाशनको पृष्ठभूमि तयार भएको पाइन्छ । बनारसमा सञ्चालित साहित्यिक गतिविधिहरुलाई प्रकाशनको मौका प्रदान गर्ने उद्देश्यले मोतीराम भट्टको सम्पादनमा वि.सं. १९४३ मा बनारसबाट नेपाली भाषामा **गोर्खा भारत जीवन** पत्रिकाको प्रकाशन आरम्भ भएको देखिन्छ । यसलाई नै हालसम्मको अध्ययनका आधारमा नेपाली भाषाको सबभन्दा पुरानो पत्रिका मानिएको छ (उप्रेती,२०५९:६) ।

राणा शासन कालमा देशमा पत्रिका प्रकाशनका दृष्टिले अनुकूल वातावरण नरहेकाले यस परम्पराको सुरुवात प्रवासी भूमिबाट विभिन्न स्थानहरुमा विकसित हुँदै वि.सं. १९५५ मा नेपालभित्र प्रवेश गऱ्यो । यसरी विभिन्न कालखण्डमा विभिन्न खुड्किलाहरु पार गर्दै परिष्कृत परिमार्जित हुँदै नेपाली पत्र पत्रिका प्रकाशनको परम्पराले गति लिएको पाइन्छ । नेपाली पत्र पत्रिका प्रकाशनको यस परम्परालाई विभिन्न शीर्षक, उपशीर्षक अन्तर्गत राखेर तल प्रस्तुत गरिएको छ ।

### २.२.१ नेपाल बाहिरबाट प्रकाशित नेपाली पत्र पत्रिका

नेपाल बाहिरका नेपाली साहित्यिक गतिविधिहरुको चर्चा गर्दा सबभन्दा पहिले भारतको बनारसको नाम आउँछ । बनारस निकै पहिलेदेखि नै नेपाली साहित्यका निम्ति उर्वर भूमि रहँदै आएको छ । देशमा शिक्षाको अवसर नभएका समयमा बनारस नै नेपालीहरुले शिक्षा हासिल गर्ने प्रमुख केन्द्र रहेको थियो । त्यहाँ थुप्रै नेपालीहरुको जमघट हुन्थ्यो । यसै क्रममा बनारस

पुगेका मोतीराम भट्टले वि.सं. १९४३ बनारसमा नेपाली साहित्यिक गतिविधिहरुलाई प्रकाशन गर्ने उद्देश्यले **गोर्खा भारत जीवन** नामक पत्रिका निकालेका थिए (पन्त,२०५७:५) । निम्न तर्कको आधारमा **गोर्खा भारत जीवन** लाई नै नेपाली भाषाको सबैभन्दा पुरानो पत्रिका मान्न सकिन्छ ।

विदेशबाट सबैभन्दा अगाडि बाबु रामकृष्ण बर्माको सम्पादनमा श्री मोतीराम भट्टद्वारा **गोर्खा भारत जीवन** नामक नेपाली भाषाको मासिक पत्रिका निस्कियो । बनारसको भारत जीवन प्रेसबाट छापी निस्कने गरेको यस पत्रिकाको कुनै प्रति नभेटिएकाले यसको आकृति र यसमा छापिने गरेका विषयमा केही भन्न सकिन्न (देवकोटा,२०५९:४१) । यो पत्रिका हिन्दीको **भारत जीवन** पत्रमै गाँसिएर निस्केको थियो (दीक्षित,२०२८:८) भन्ने भनाइ पनि छ ।

प्रेस कमिसनको रिपोर्ट २०१५ को परिच्छेद १३ पृष्ठ १०९ मा वि.सं. १९४३ सालमा मोतीराम भट्टले **गोर्खा भारत जीवन** नामक मासिक पत्रिका काशीमा छापेर हाम्रो पत्रकारिताको जगमा ईँटा हाले भनी लेखिएको छ (देवकोटा,२०५९:४१) ।

नेपाली पत्र पत्रिकाको कालक्रमानुसारको सूचीमा पनि वि.सं. १९४३ मा प्रकाशित भएको र मोतीराम भट्ट सम्पादक रहेको **गोर्खा भारत जीवन** लाई नै पहिलो पत्रिका मान्दै यसलाई बनारसको नागरी प्रचारिणी सभाले प्रकाशित गर्ने गरेको भारत जीवन पत्रिकाको नेपाली अनुवाद तथा संस्करण भनिएको छ (श्रेष्ठ र अन्य,२०४९:२१९) । यी भनाइहरुबाट **गोर्खा भारत जीवन** नै नेपाली भाषाको सबैभन्दा पुरानो पत्रिका हो भन्ने सिद्ध हुन आउँछ ।

नेपाली भाषाको पत्रिकाको इतिहासमा अहिलेसम्म थाहा पाइएका तथ्यबाट **गोर्खा भारत जीवन** लाई नै पहिलो पत्रिका मान्न सकिन्छ । यो भन्दा अगाडि अरू कुनै पत्रिका निस्किएको देखिन्न (देवकोटा,२०५९:४२) ।

**गोर्खा भारत जीवन** प्रकाशित भएको करिब डेढ दशक पछिको अवधिसम्म नेपाल बाहिर नेपाली पत्रिका प्रकाशित भएको देखिन्न । यस पत्रिकाको प्रकाशनपछि सन् १९०१ जनवरीमा दार्जिलिङबाट पादरी गङ्गा प्रसाद प्रधानको सम्पादनमा नेपाली भाषामा **गोर्खे खबर कागत्** नामक मासिक पत्रिका प्रकाशित भएको देखिन्छ । यो भाषा उसै बेलाको अनुसारमा पनि

माझिएको छैन र यो क्रिस्चियन धर्मको प्रचारक पत्रिका भए तापनि पत्र पत्रिका जगत्मा यसको पनि आफ्नो छुट्टै स्थान रहेको छ (देवकोटा,२०५९:४२) ।

वि.सं. १९५९ बाट पुनः बनारसबाटै साहित्यिक पत्रिका प्रकाशनको क्रम सुरु भई धारावाहिक रूपमा उपन्यास प्रकाशित गर्ने उद्देश्यले सदाशिव शर्माको सम्पादकत्त्वमा **उपन्यास तरङ्गिणी** नामक मासिक औपन्यासिक पत्रिकाको प्रकाशन प्रारम्भ भएको देखिन्छ । यस पत्रिकाले नेपाली आख्यान क्षेत्रमा एउटा महत्त्वपूर्ण योगदान पुऱ्याई पत्र पत्रिकामा उपन्यासलाई प्रकाशित गर्ने एउटा परम्पराको सुरुवात गरेको पाइन्छ । यसपछि रसिक समाजका गङ्गदत्त शर्माको व्यवस्थापनमा वि.सं. १९६३ असाढमा **सुन्दरी** मासिक पत्रिकाको प्रकाशन भयो । वि.सं. १९६५ कात्तिकमा मातृका प्रसाद (राममणि आदी) ले **माधवी** मासिक पत्रिका प्रकाशित गरे । यसैगरी **चन्द्र** (१९७१) **जन्मभूमि** (१९७९) आदि बनारसबाट प्रकाशित मासिक पत्रिकाहरुले नेपाली भाषा र साहित्यमा स्तरीयता ल्याउन निकै मद्दत गरे । यी बाहेक भारतकै विभिन्न स्थानहरुबाट प्रकाशित मासिक पत्रिकाहरुमा **चन्द्रिका** (१९७४,खर्साङ), **गोर्खा संसार** (१९८३,देहरादुन), **हिमालय बौद्ध** (१९८५,कलकत्ता), **आदर्श** (१९८६,कालिङपोङ) आदिले नेपाली साहित्यको इतिहासमा टेवा पुगेको देखिन्छ । दार्जिलिङबाट पद्म प्रसादको सम्पादनमा १९८९ मा प्रकाशित **नेपाली साहित्य सम्मेलन** नामक पत्रिकाले पनि नेपाली साहित्यको उत्थानमा महत्त्वपूर्ण भूमिका निर्वाह गरको पाइन्छ । वर्ष ६ संख्या १ सम्म छापिएर बन्द भएको यस वार्षिक पत्रिकाले थुप्रै साहित्यकारहरुलाई चिनाउने काम गरेको देखिन्छ ।

बनारसबाट सुरु भएको नेपाली पत्रिका प्रकाशनको प्रारम्भ १९९० को दशकमा दार्जिलिङतिर केन्द्रित हुन आएको देखिन्छ । **नेवुला** (१९९३), **परिवर्तन** (१९९४), **खोजी** (१९९७), **पुकार** (२००५), **हाम्रो कथा** (२००६), **भारती** (२००६) **रहिमाल किशोर** (२००७) आदि दार्जिलिङबाट प्रकाशित भई नेपाली भाषा साहित्यको उत्थानमा टेवा पुऱ्याउने मासिक पत्रिकाहरु हुन् ।

बनारसबाट प्रकाशित **उदय** (१९९३), **सर्व हितैषी पत्रिका** (१९९७), **पुरुषार्थ** (२००६) लगायत कलकताबाट २००७ मा लैनसिंह वाङ्देलको सम्पादनमा प्रकाशित **प्रभात** जस्ता साहित्यिक मासिक पत्रिकाहरुले पनि नेपाली भाषा र साहित्यको विकासमा गति दिएको पाइन्छ ।

यसका साथसाथै कलकत्ताबाट २००४ मा एस.पी. प्रधानको सम्पादकत्वमा प्रकाशित पाक्षिक पत्रिका **उत्थान** र बनारसबाट भरत मणि शर्माको सम्पादकत्वमा प्रकाशित वार्षिक पत्रिका **छात्र** को भूमिका पनि उल्लेख्य मानिएको छ । नेपाली साहित्यको उत्थानमा लामो समयसम्म योगदान पुऱ्याएको **उदय** बिचबिचमा प्रकाशन अवरुद्ध हुँदै ३१ वर्षपछि निस्कन छाड्यो भने **भारती** वर्ष नौ अङ्क बाऱ्ह (२०१५,जेष्ठ) मा १०८ अङ्क प्रकाशित भएपछि प्रकाशन बन्द भएको देखिन्छ । यसैगरी अन्य पत्रिकाहरुले पनि आफ्नो यात्रालाई बिट मार्न पुगे ।

राणा शासन कालमा नेपाल बाहिरबाट साप्ताहिक पत्रिकाहरुले पनि नेपाली साहित्यमा ठुलो योगदान दिएको पाइन्छ । यस्ता पत्रिकाहरुमा बनारसबाट प्रकाशित **गोर्खाली** (१९७२), **राजभक्ति** (१९८३), **युगवाणी** (२००४), देहरादुनबाट प्रकाशित **तरुण गोर्खा** (१९८६), आछामबाट प्रकाशित **गोर्खा सेवक** (१९९२), कालिङपोङबाट प्रकाशित **गोर्खा** (२००१), दार्जिलिङबाट प्रकाशित **साथी** (२००६) आदि रहेका छन् । यी पत्रिकाहरुले निरन्तरता दिन नसके पनि केही पत्रिकाहरुका प्रकाशन अवधिमा भने हेरफेर भएको पाइन्छ तर पनि यी पत्रिकाहरु दीर्घकालसम्म प्रकाशित भएका देखिदैनन् ।

नेपालमा राजनीतिक परिवर्तनका साथसाथै २००७ को प्रजातन्त्र प्राप्तिपछि विदेशबाट पत्रिका प्रकाशिन गर्ने लहर स्वदेशमै भित्रियो । २००७ को प्रजातन्त्रले बाहिरबाट पत्रिका प्रकाशित गर्नुपर्ने बाध्यताको अन्त्य गऱ्यो तापनि छपाइ उपकरण लगायत प्राविधिक, आर्थिक आदि विविध कारणले बाहिरबाट पत्रिका निकाल्नुपर्ने  अवस्था भने रहिरह्यो । बनारस, दार्जिलिङ, आसाम, मेघालय लगायत थुप्रै ठाउँमा प्रशस्त नेपाली भाषीहरु रहेकाले पनि नेपाल बाहिरबाट हुने नेपाली पत्रिका प्रकाशनको क्रममा पनि कमी आएन । यसरी २००७ पछि नेपाल बाहिरका विभिन्न स्थानबाट प्रकाशित भई नेपाली भाषाप्रति चाख देखाउने वार्षिक, अर्ध वार्षिक, चौमासिक, त्रैमासिक, मासिक, पाक्षिक र साप्ताहिक पत्रिकाहरु हुन्- हिमाञ्चल, फिलिङ्गो, आरती, जनयुग, विहान, सुस्केरा, प्रभात, नवप्रभात, डुवर्सवाणी, जाग्रत-गोर्खा, दियो, अन्जली छात्रवाणी, छात्रदूत, दीपक, नौलो पाइलो, किरण, बाग्मती, उज्यालो, अग्रदूत, सन्देश, आसाम गोर्खा, कञ्चनजङ्घा, ज्योति, उजेली, नयाँ पुकार, पूर्णिमा, उषा, साहित्य सङ्गम, दियालो,

सगरमाथा आदि (देवकोटा,२०५९:५४९-५८६) । यी मध्ये नौलो पाइलो लगायत केही पत्रिकाहरु पछि काठमाडौँबाट पनि प्रकाशित भएका देखिन्छन् ।

### २.२.२ नेपालबाट प्रकाशित नेपाली पत्र पत्रिका

नेपाल बाहिरबाट प्रारम्भ नेपाली पत्र पत्रिका प्रकाशनको परम्परा नेपाल भित्रन एक दशकभन्दा बढी समय लागेको पाइन्छ । प्रस्तुत शोधपत्रमा नेपालबाट प्रकाशित पत्र पत्रिकाहरुलाई मुख्य आधार मानिएको हुँदा काठमाडौँबाट र मोफसलबाट प्रकाशित दुई खण्ड विभाजन गरी विवेचना गरिएको छ ।

## २.३ काठमाडौँबाट प्रकाशित नेपाली पत्र पत्रिका : सुरुदेखि २००७ पूर्व

वि.सं. १९४३ मा बनारसबाट प्रकाशित **गोर्खा भारत जीवन** बाट प्रारम्भ भएको नेपाली पत्र पत्रिका प्रकाशनको परम्परा वि.सं. १९५५ मा नेपाल भित्रियो । मोतीकृष्ण शर्माको सम्पादकत्वमा १९५५ साल श्रावण महिनामा काठमाडौँबाट प्रकाशित **सुधा सागर** मासिक नै नेपालभित्रबाट प्रकाशित नेपाली पत्र पत्रिकाको इतिहासमा सबैभन्दा पहिलो पत्रिका हो (देवकोटा,२०५९:२८) । पं. नरदेव शर्माको सम्पादकत्वमा पाशुपत प्रेस ठंहिटी आढत काठमाडौँबाट छापिई निस्किने गरेको यो पत्रिका नेपाली भाषा र साहित्यको उन्नति गर्ने उद्देश्य लिएर प्रकाशित भएको थियो । यस पत्रिकामा कथा, कविता जस्ता साहित्यिक रचनाहरु प्रकाशित गरिन्थे तर पनि यस पत्रिकाको स्वरूप के कस्तो थियो भन्ने बारेमा अहिलेसम्म कुनै प्रमाण फेला परेको छैन (देवकोटा,२०५९:२८) ।

**सुधा सागर** पनि नेपालमा सरकारी तहबाटै प्रकाशन गर्ने प्रयास भयो । राणा कालीन प्रधान मन्त्री देव शमशेरको शिक्षाप्रति रुचि रहेका कारण उनले आफ्नो कार्यकालमा पत्रिका प्रकाशनमा रुचि दिए फलस्वरूप नेपालीमा सरकारी तहबाट प्रकाशित प्रथम पत्रिका र नेपालबाट प्रकाशित दोस्रो पत्रिकाका रूपमा **गोरखापत्र** को जन्म भयो । त्यसकारण नेपाली पत्र पत्रिकाको चर्चा गर्दा **सुधा सागर** पछि **गोरखापत्र** कै चर्चा गर्नु पर्ने हुन्छ । नेपाली भाषामा नयाँ कीर्तिमान कायम गर्ने सौभाग्य प्राप्त गरेको यो पत्रिका नरदेव मोतीकृष्णकै सम्पादकत्वमा वि.सं. १९५८ साल वैशाख २४ सोमबारका दिन पशुपत प्रेसमा छापिई काठमाडौँबाट प्रकाशित

भएको हो (कुँवर,२०३३:१०) । प्रारम्भमा यसको हिज्जे **गोर्खापत्र** थियो । १९८३ जेठ ४ देखि यसको नाम **गोरखापत्र** लेख्न थालियो । सुरुमा साप्ताहिक रूपमा निस्कने यो पत्रिका २००० साल असोज २९ देखि अर्ध साप्ताहिक, २००३ पौष ८ देखि त्रि-साप्ताहिक र २०१७ फागुन ४ देखि दैनिक रूपमा निस्कन थाल्यो (भुसाल र अन्य,२०५०:२३) । समाचार प्रधान पत्रिका भएर पनि यस पत्रिकाले नेपाली साहित्यको विकासमा अत्यन्त गरिमामय योगदान पुऱ्याएको पाइन्छ । वि.सं. १९९१ सालमा प्रकाशित शारदा पूर्वको नेपाली साहित्यको रूपरेखा खोज्नको लागि **गोरखापत्र** कै पाना पल्टाउनु पर्ने हुन्छ । कथा, कविता, लेख, रचना र धारावाहिक रूपमा उपन्यास समेत प्रकाशित गरेर यस पत्रिकाले सिङ्गै नेपाली साहित्यको विकासमा अत्यन्तै महत्त्वपूर्ण योगदान पुऱ्याएको छ (श्रेष्ठ र अन्य,१०६) ।

**गोरखापत्र** प्रकाशनको ३३ वर्षसम्म नेपालबाट यस बाहेक अरु पत्रिकाहरु देखिएनन् । यो लामो अन्तरालपछि १९९१ फागुनमा ऋद्धि बहादुर मल्लको सम्पादनमा **शारदा** को प्रकाशन भयो । नेपाली साहित्यमा आधुनिक काल भित्र्याउने श्रेय पाएको यस मासिक पत्रिकाले आफुखुसी रचनाहरु प्रकाशन गर्न पाएन तापनि राणा शासन कालीन जटिल स्थितिका वावजुद पनि यसले नेपाली भाषा र साहित्यका क्षेत्रमा जुन कार्य गऱ्यो त्यो ऐतिहासिक महत्त्वको छ । आफ्नो प्रकाशनको छोटो अवधिमै यस पत्रिकाले कयौँ साहित्यकारहरु जन्माउन सफल भयो । आर्थिक चपेटा आवश्यक स्याहार सम्भारका कमीका कारण यो पत्रिका अनियमित हुँदै वर्ष २०, संख्या ७ पछि बन्द हुन पुग्यो । विजयाङ्क, नारी अङ्क, मोहन अङ्क, लगायत विभिन्न रूपका विशेषाङ्क पनि **शारदा** ले प्रकाशित गरेको थियो (देवकोटा,२०५९:३०) । राणा शासन कालमा जन्मिएको यस पत्रिकालाई सरकारी आर्थिक सहयोग प्राप्त भएकाले शासक स्तुतिलाई पनि यसले महत्त्व दिएको थियो (रेग्मी,२०४९:६) । **शारदा** प्रकाशनको ६ महिनापछि उद्योग सम्बन्धी लेख रचना प्रकाशित गर्ने उद्देश्यले वि.सं. १९९२ भदौदेखि काठमाडौँबाटै सूर्यभक्त जोशीको सम्पादकत्त्वमा **उद्योग** नामक पाक्षिक पत्रिकाको प्रकाशन सुरु भएको देखिन्छ । मूलतः उद्योग विषयलाई प्राथमिकता दिने लक्ष्य राखिए तापनि **उद्योग** प्रति जन अभिरुचिको अभावमा साहित्यिक सामग्रीहरुलाई स्थान दिन करै लागेपछि पाक्षिकबाट मासिक हुनु परेको र वर्ष ३ सङ्ख्या १ देखि मासिक रूपमा प्रकाशित हुन थालेको यस पत्रिकाले १६ वर्षसम्म भाषा साहित्यको सेवा गरी २००८ मा बन्द भएको देखिन्छ (उप्रेती,२०५८:११) ।

**उद्योग** प्रकाशनको १२ वर्ष पछि २००४ साल वैशाखमा नेपाली साहित्य परिषद्द्वारा श्री हृदयचन्द्र सिंह प्रधानको सम्पादकत्वमा **साहित्य स्रोत** मासिक पत्रिका प्रकाशित भएको देखिन्छ । सरकारबाट आर्थिक सहयोग प्राप्त यस पत्रिकामा नयाँ नयाँ साहित्यिक रचनाहरुका साथै साहित्यिक ढङ्गको राजनीतिक रङ्ग देखा परे पनि २ वर्ष, २ महिनामा नै यो पत्रिकाको प्रकाशन बन्द भएको देखिन्छ (देवकोटा,२०५९:३३) ।

२००४ सालमा प्रकाशित **घरेलु इलम पत्रिका** पाक्षिकले घरेलु इलम सम्बन्धी प्रचार र पाक्षिक **शिक्षा** ले शिक्षा सम्बन्धी ज्ञान दिलाउने कार्य सुरु गरेको देखिन्छ भने सोही साल काटमाडौं महानगरको गतिविधिबारे जानकारी दिने उद्देश्यले **काठमाडौं म्युनिसिपल पत्रिका** पनि प्रकाशित देखिन्छ (देवकोटा,२०५९:३३) । देशमा बढ्दै गएको जन चेतना नियन्त्रण गर्न मोहन शमशेरले २००५ मा नेपालमा पहिलो पल्ट छापाखाना र प्रकाशन सम्बन्धी ऐन जारी गरे (भुसाल र अन्य,२०५०:२५) । यसले पत्र पत्रिकाको विकासमा अवरोध खडा गरेपनि पत्र पत्रिका प्रकाशनको गति पूर्णतः अवरुद्ध भने भएन । यसै क्रममा वि.सं. २००५ मा देवी प्रसाद रिमालको सम्पादनमा **आँखा** पत्रिका प्रकाशित भयो भने यसै वर्ष जितेन्द्र बहादुर शाह र अन्यको सम्पादनमा **नेपाल शिक्षा** पनि प्रकाशित भयो (भुसाल र अन्य,२०५०:२५) । **आँखा** पत्रिकाको प्रकाशन विद्यालय स्तरका छात्र-छात्रा र शिक्षकहरुका लेख रचना प्रकाशित गर्ने उद्देश्यले भएको देखिन्छ भने **नेपाल शिक्षा** शैक्षिक जागरण ल्याउने उद्देश्यले प्रकाशन भएको देखिन्छ ।

**आँखा** पत्रिका निस्केको करिब १४ महिनापछि २००६ साल पौषमा बुद्धिसागर शर्मा र शेषराज शर्माको सम्पादकत्वमा **पुरुषार्थ** को प्रकाशन प्रारम्भ भएको पाइन्छ । सरकारी सहयोगमा निस्कने गरेको यस पत्रिकाले पनि विभिन्न साहित्यिक रचनाहरु प्रकाशित गरेर आफूलाई साहित्यिक पत्रिकाको कोटिमा उभ्याउने प्रयास गरेको देखिन्छ (देवकोटा,२०५९:३३) ।

राणा कालको अन्त्यतिर काठमाडौंबाट २००७ फागुन ४ गते हृदयचन्द्र सिंह प्रधानको सम्पादनमा **जागरण** साप्ताहिकको प्रकाशन भयो । साहित्यिकभन्दा अन्य दृष्टिले नै यसको बढी महत्त्व रहेको पाइन्छ । राजनीतिक दृष्टिकोणले यो पत्रिका नेपालमै छापिएर निस्केका पत्रिकाहरु मध्ये प्रथम साप्ताहिक पत्रिकाका रूपमा चिनिन्छ (देवकोटा,२०५९:३३) ।

यसरी २००७ साल पूर्वको पत्र पत्रिका प्रकाशनको परम्परालाई नियाल्दा पूर्णतः सन्तोषजनक अवस्था नरहे पनि यस अवधिभित्र देखिएका उपलब्धिहरुलाई बिर्सन मिल्दैन । यस समयमा प्रकाशित पत्रिकाहरुमा कतिपय अल्पायुमै बिलाएका देखिन्छन् भने कतिपय पत्रिकाहरु दीर्घायु प्राप्त गर्न सफल पनि देखिन्छन् । जे जस्तो भए पनि सबैले साहित्यलाई गतिवान् बनाउदै उन्नति र प्रगतिको पथतर्फ डोऱ्याएको पाइन्छ । नेपाली पत्रिका प्रकाशनका निम्ति राणा काल अनुकूल नरहेको कारण त्यति बेला स्वतन्त्र रूपमा प्रकाशित हुन सकेका देखिँदैनन् । फलतः नेपाल बाहिर नै नेपाली पत्रकारिता साहित्य गाँजिएको पाइन्छ । त्यस बेला नेपालबाट **गोरखापत्र, शारदा** जस्ता पत्रिकाहरु प्रकाशित भए तर गोरखापत्र बाहेक अन्य सबै पत्रिकाहरु अल्पायुमै बन्द भए । **गोरखापत्र** सुरुसुरुमा बढी साहित्यक पत्रिकाका रूपमा रहे पनि पछि क्रमशः समाचार प्रधान बन्दै गएको देखिन्छ । प्रवृत्तिगत दृष्टिले हेर्दा राणा कालमा गोरखापत्रले तत्कालीन शासक वर्गकै गुणगान गाएको देखिन्छ । अझै पनि यो संस्कारलाई बिट मार्न सकेको देखिदैन । आर्थिक असहयोगकै कारण शारदाले पनि वेलावेलामा शासककै स्तुति गरेको भेटिन्छ । खास गरेर १९५८ देखि १९९१ पूर्वको साहित्यक पत्रकारिताको नेतृत्व **गोरखापत्र** र १९९१ देखि २००६ सम्मको अवधिको साहित्यक पत्रकारिताको नेतृत्व **शारदा** ले गरेको तथ्य भने नेपाली साहित्यमा अविस्मरणीय रहेको छ ।

## २.४ २००७ देखि २०१७ को अवधिमा नेपालबाट प्रकाशित पत्र पत्रिका

२००७ सालको क्रान्तिपछि नेपालमा विभिन्न अवधि, आकृति र विचारधाराका पत्र पत्रिकाहरुले फस्टाउने मौका पाए । प्रजातन्त्रको स्थापनासँगै काठमाडौँ लगायत देशका विविध स्थानहरुबाट पनि पत्र पत्रिकाहरु प्रकाशन हुन थाले । फलतः नेपालीहरु तत्कालीन प्रजातन्त्रको सुनौलो मिर्मिरे बिहानीको स्वर्णिम स्पर्श पाउन सफल भए । देशमा प्रजातन्त्रका साथै विभिन्न भागहरुमा अनेक सामाजिक संघ संस्थाहरु खुल्न थाले । राजनीतिक क्षेत्रमा आएको परिर्वतनले गर्दा जन चेतनाको अभिवृद्धि गर्ने खालका समाचार प्रधान पत्रिकाको प्रकाशनमा पनि तीव्रता आयो । यसले गर्दा दैनिक अर्ध साप्ताहिक, साप्ताहिक जस्ता पत्रिकाहरुको प्रकाशन पनि धमाधम हुन थाल्यो (देवकोटा,२०५९:३४) । यसैले २००७ देखि २०१७ सालसम्मको एक

दशकको अवधि नेपाली पत्र पत्रिकाको इतिहासमा एउटा महत्त्वपूर्ण समयको रूपमा रहेको देखिन्छ ।

### २.४.१ काठमाडौँबाट प्रकाशित

नेपाली पत्रिकाको इतिहासमा २००७ साल अगि कुनै पनि दैनिक पत्रिकाको प्रकाशन भएको थिएन । २००७ सालको राजनैतिक परिवर्तनसगै २००७ फागुन ८ गतेदेखि सिद्धिचरण श्रेष्ठको सम्पादनमा नेपाली भाषामा **आवाज** दैनिक पत्रिकाको प्रकाशन प्रारम्भ भयो (देवकोटा,२०५९:३२) । २००७ देखि २०१७ बिचको अवधिमा देखिएका महत्त्वपूर्ण दैनिक पत्रिकाहरुमा पशुपति देव पाण्डेको सम्पादनमा **समाज** (२०११), विन्दुनाथ प्याकुरेलको सम्पादनमा प्रकाशित **हाल खबर** (२०१३), मणिकलाल श्रेष्ठको सम्पादनमा प्रकाशित **समय** (२०१३), तारणी प्रसाद कोइरालाको सम्पादनमा प्रकाशित **गोरेटो** (२०१४), ध्रुव गौतमको सम्पादनमा प्रकाशित **कल्पना** (२०१४), पञ्चलाल श्रेष्ठको सम्पादनमा प्रकाशित **ममता** (२०१६) आदि रहेका छन् (देवकोटा,२०५९:५३४-५३८) । यस अवधिमा त्रिसाप्ताहिक पत्रिकाहरु खासै धेरै छैनन् यस्ता प्रकाशित पत्रिकाहरुमा **सत्याग्रह** (२०११), **विद्यार्थी समाज** (२०११), **देशसेवा** (२०१३), **स्वतन्त्र समाचार** (२०१४) आदि रहेका छन् भने **सन्देश** (२००८), **छाप्रो** (२००९), **खसोखास** (२००९), **देशसेवा** (२०१२), **हाम्रो नेपाल** (२०१३) **जन्मभूमि** आदि यस अवधिमा देखिएका अर्ध साप्ताहिक र समाचार प्रधान पत्रिकाहरु हुन् (देवकोटा,२०५९:५४०) ।

२००७ देखि २०१७ को अवधिमा थुप्रै साहित्यप्रधान पत्रिकाहरु प्रकाशित भएका पाइन्छन् । यस्ता साप्ताहिक पत्रिकाहरु हुन्- **राको** (२००८), **राष्ट्रवाणी** (२००९), **आलोक** (२००९), **हलचल** (२०१०), **मसाल**(२०१०), **नयाँ बाटो** (२०१०), **नेपाल पुकार** (२०१०), **युगदूत** (२०११), **नयाँ जमाना** (२०११), **जनमत** (२०१०), **प्रहरी** (२०११), **गाईजात्रा** (२०११), **प्रकाश** (२०११), **विकास** (२०१२), **संयुक्त प्रयास** (२०१३), **झ्याली** (२०१३), **नवयुग** (२०१४), **जन कल्याण** (२०१५), **नयाँमोड** (२०१५), **लोकदूत** (२०१५), **जन प्रयास** (२०१६), **कोहेनूर** (२०१६), **राजदूत** (२०१६), **समीक्षा** (२०१७) आदि (देवकोटा,२०५९:५४०-५४४) । यी मध्ये **समीक्षा** २०१७ पछि केही समय दैनिक बनेको देखिन्छ भने २०१२ मा केशवराज पिँडालीको

नेपाली साहित्यको श्रीवृद्धि गर्ने उदेश्यले प्रकाशित **विकास** मात्र यस अवधिको साहित्य प्रधान साप्ताहिक पत्रिका हो ।

यस अवधिमा प्रकाशित पाक्षिक पत्रिकाहरुमा **झङ्कार** (२००८), **राष्ट्रहित** (२००९), **जन चेतना** (२०११), **शिक्षा समाचार** (२०१०), **प्रेरणा** (२०१३), **रङ्गमञ्च** (२०१४), **निर्माण** (२०१६), **चेतना** (२०१६), **राष्ट्रदूत** (२०१६) आदि रहेका छन् । यी पाक्षिक पत्रिकाहरुले साहित्य र समाचार दुवैलाई उत्तिकै महत्त्व दिएको पाइन्छ (देवकोटा,२०५९:५५२-५५३) ।

वि.सं. २००७ को क्रान्तिपछि २०१७ सम्ममा प्रकाशित मासिक पत्रिकाहरुमा **जनमित्र** (२००७), **महिला** (२००८), **बालसखा** (२००८), **जागृति** (२००९), **संस्कृत सन्देश** (२०१०), **प्रगति** (२०१०), **कोपिला** (२०१०), **भोर** (२०११), **इन्द्रेणी** (२०११), **छात्रवाणी** (१०१३), **धरती** (२०१३), **नवीन शिक्षा** (२०१४), **दीपशिखा** (२०१५), **किसान** (२०१६), **सिर्जना** (२०१६) आदि रहेका छन् (श्रेष्ठ र अन्य,२०४९:२२४) । यी मासिक पत्रिकामध्ये प्रगति, इन्द्रेणी र धरती महत्त्वपूर्ण मानिन्छन् । यसैगरी नेपालमा द्वैमासिक पत्रिकाहरु २०१० बाट मात्र प्रकाशित भएका पाइन्छन् । यस्ता पत्रिकाहरुमा **डाँफेचरी** (२०१०), **कोसेली** (२०१०), **जन साहित्य** (२०११), **केटाकेटी** (२०१५), **साहित्य** (२०१६), **कविता** (२०१७), **सङ्गम** (२०१७), **इन्दु** (२०१७), **रूपरेखा** (२०१७) आदि महत्त्वपूर्ण द्वैमासिक पत्रिकाहरु हुन् । यी मध्ये नेपाली साहित्यका फाँटमा रूपरेखाको महत्त्वपूर्ण स्थान रहेको देखिन्छ । नेपाली साहित्यमा प्रयोगवादी धारा स्थापित गराउन रूपरेखाको विशेष भूमिका छ । डाँफेचरीलाई यस समयको अर्को महत्त्वपूर्ण पत्रिका मान्न सकिन्छ । डाँफेचरी लोक साहित्य प्रधान नेपाली पत्रिका हो ।

यसै गरी त्रैमासिक पत्रिकाहरुमा **आह्वान** (२००९), **नव निर्माण** (२०१२), **नौलो पाइलो** (२०१४), **स्वास्नीमान्छे** (२०१५), **प्रहरी** (२०१६), **नेपाली** (२०१६), आदि पत्र पत्रिकाहरु २००७-१७ बिचमा प्रकाशित भएका देखिन्छन् । यी पत्रिकामध्ये **स्वास्नीमान्छे** ले पिछडिएका महिला वर्गको जागरणमा महत्त्वपूर्ण भूमिका खेलेको देखिन्छ भने **नेपाली** ले समाचार, सूचना र अन्य विविध विषयलाई समेत स्थान दिँदै नेपाली भाषा र साहित्यका निम्ति अतुलनीय योगदान गरेको पाइन्छ ।

२००७-२०१७ को दशकमा चौमासिक, अर्ध वार्षिक र वार्षिक पत्रिकाहरु थोरै मात्रामा प्रकाशित भए । चौमासिक तर्फ **जुनेली** (२०१५), **ज्योति** (२०१६) आदि रहेका छन् भने अर्ध वार्षिक तर्फ **ग्रामोदय** (२०१७), **शक्ति** (२०१७) आदिलाई लिन सकिन्छ । त्यसै गरी वार्षिक पत्रिका तर्फ **इन्द्रधनु** (२००८), **नेपाली सांस्कृतिक परिषद् पत्रिका** (२००९), **जुद्धोदय पब्लिक हाइस्कुल** (१०१३), **पाटन इन्टरकलेज पत्रिका** (२०१५) आदि पत्रिकाहरु मुख्यतः स्कुल तथा यस्तै संस्थाका मुखपत्रहरुका रूपमा प्रकाशित देखिन्छन् (देवकोटा,२०५९:५७८-५८१) ।

### २.४.२ मोफसलबाट प्रकाशित

नेपालबाट प्रकाशित पत्रिकाहरु काठमाडौंमा मात्र केन्द्रित रहेको अवस्थामा २००७ सालको प्रजातन्त्र प्राप्तिसँगै देशका विभिन्न भागहरुबाट पनि पत्र पत्रिका प्रकाशित हुन थाले । यसरी प्रकाशित पत्रिकाहरुमा २००७/८ मा पाल्पाबाट **संघर्ष,** २००८ मा वीरगन्जबाट **सेवा**, **आदर्शवाणी** २००९ विराटनगर, **माछापुच्छे** २०१०, **हाम्रो नेपाल** २०११ इलाम, **मानव जागृति** २०१३ बनेपा आदि पत्रिकाहरुले नेपाली साहित्यको विकासमा ठुलो योगदान दिएका छन् (पन्त,२०५७:१४) ।

२०१४ मा पाल्पामा साहित्यिक पत्रकारिताका क्षेत्र अभूतपूर्व उत्साह देखियो । यस वर्ष पाल्पामा चतुर्भुज कोइराला र अन्यको सम्पादनमा **उपहार** वार्षिक, अम्बरध्वज खातीको सम्पादनमा **नयाँ किरण** मासिक र राम बहादुर आजाद र अन्यको सम्पादनमा **कोपिला** पाक्षिक गरी तिनवटा पत्रिकाहरु प्रकाशित भए । यीमध्ये **नयाँ किरण**ले प्रथम प्रयासमै भानु विशेषाङ्क निकालेको थियो भने नर्मल स्कुल तानसेन शिविरको नेपाली शिक्षा र साहित्य प्रधान पत्रिका कोपिलाले शिक्षक विद्यार्थी र बाहिरका लेखकहरुका रचना पनि प्रकाशित गरेको थियो ।

यसैगरी २०१५ मा विराटनगरबाट **जनवार्ता** साप्ताहिक र **छहारी** द्वैमासिक भोजपुरबाट **बाल साहित्य** त्रैमासिक र वन्दीपुरबाट **मूलबाटो** वार्षिक पत्रिकाहरु छापिएका देखिन्छन् । २०१४ मा जस्तै २०१५ मा पनि पाल्पामा साहित्यिक चहलपहल बढेको देखिन्छ । त्यहाँका साहित्यप्रमीहरुको प्रयासमा **सिर्जना, वैशाख पूर्णिमा,** वार्षिक ज्ञानमाला संघ महाचैत्य विहार पाल्पाले प्रकाशित गर्न थाल्छ । यसै गरी **स्वराष्ट्र** द्वैमासिक नेपाल गन्ज, **छात्रछात्रा** मासिक विराटनगर, **हिमचुली** साप्ताहिक विराटनगर, **जुनेली** मासिक इलाम, **विद्यामणि** वार्षिक झापा

आदि पत्रिकाहरुले पनि आफ्नो यात्रा प्रारम्भ गरेको देखिन्छ । २०१६ मा पनि पाल्पाबाट **जनता विद्यालय पत्रिका** र **पद्मोदय पाल्पा पब्लिक हाईस्कूल पत्रिका** जस्ता वार्षिक मुखपत्रहरु प्रकाशित हुन्छन् । २०१७ मा सर्लाहीबाट रामहरि जोशीको सम्पादनमा **जन विकास** अर्ध साप्ताहिक प्रकाशित हुन्छ (पन्त,२०५७:१५) ।

२००७ देखि २०१७ को दशकमा राजधानी बाहिरबाट धेरै पत्रिकाहरु प्रकाशित भएका देखिन्छन् । सङ्ख्यात्मक हिसावले पाल्पाबाट सबैभन्दा बढी पत्रिकाहरु प्रकाशित भएको देखिन्छन् । यस समयका पत्र पत्रिकाहरुले साहित्यिक अनेक वाद र नवीन विचारहरुलाई आत्मसात् गरेको देखिन्छ । परम्परागत लेखनका साथसाथै सामाजिक, राजनैतिक आदि क्षेत्रमा रहेका विसङ्गति र जीवनका कुण्ठाहरुको अभिव्यक्तिमा यस समयका पत्रिकाहरुले विशेष चासो देखाएको पाइन्छ । नेपाली साहित्यमा प्रगतिवादी, मनोवैज्ञानिक र प्रयोगवादी प्रवृत्तिलाई जन्माउने मलजल गरी हुर्काउने काम पनि यसै अवधिका पत्र पत्रिकाहरुले गरेको मान्न सकिन्छ । त्यसैले यस दशकलाई नेपाली साहित्यका पत्र पत्रिकाको क्षेत्रमा उपलब्धिपूर्ण दशक मानिन्छ ।

### २.५ २०१७-३६ को अवधिमा नेपालबाट प्रकाशित पत्र पत्रिकाहरु

नेपली पत्र पत्रिकाको इतिहासलाई हेर्दा यसले राजनैतिक मोडसँगै नयाँनयाँ मोडहरु बनाउँदै अगाडि बढेको पाइन्छ । २०१७ सालको राजनैतिक परिवर्तनको प्रभाव नेपाली साहित्य र पत्र पत्रिका क्षेत्रमा पनि पर्न थालेको देखिन्छ । २०१७ साल पौष १ गते तत्कालीन राजा महेन्द्रबाट राजनैतिक दलहरुमाथि प्रतिबन्ध लगाई निर्दलीय पञ्चायती व्यवस्थाको घोषणा गरेपछि राजनैतिक क्षेत्रमा आएको ठुलो परिवर्तनको प्रत्यक्ष प्रभाव नेपाली पत्र पत्रिकामा पनि पर्‍यो (देवकोटा,२०५९:९३) । राजनैतिक विचार र दृष्टिकोणबाट प्रभावित पत्र पत्रिकाहरु स्वभाविक रूपमा अवरुद्ध हुन पुगे भने सरकारी निर्देशनभित्र रही प्रकाशित हुने पत्र पत्रिकाहरुलाई आर्थिक सहयोग दिई संस्करण गरियो । सरकारका निम्ति प्रतिकूल हुने लेख, रचना, समाचार आदि छाप्ने पत्रिकाहरु उपर कारबाही गरियो (देवकोटा,२०५९:१७०) । पत्र पत्रिका विकासका लागि भनेर सरकारी स्तरबाट पनि विभिन्न समिति र बोर्डहरु स्थापना भए । साप्ताहिक, अर्ध साप्ताहिक, त्रि-साप्ताहिक हुँदै २०१७ साल फागुन ७ गतेदखि समाचार प्रधान

दैनिक पत्रिकाको रूपमा पहिलेदेखि नै प्रकाशित भई आएको **गोरखापत्र** लाई विकसित र आत्मनिर्भर बनाउने उद्देश्यले २०१७ चैत्र २१ गते गोरखापत्र विकास बोर्डको स्थापना गरियो । जसअनुसार २०२० असार ५ गतेदेखि **गोरखापत्र संस्थान** अस्तित्वमा आयो र यसैमार्फत गोरखापत्रको प्रकाशन हुन थाल्यो (भुसाल र अन्य,२०५०:३२) । २०१७ सालको राजनैतिक परिर्वतनपछि  विभिन्न संघसंस्थाहरुको जन्म हुन पुग्यो र क्रमशः दैनिकदेखि वार्षिकसम्मका पत्रिकाहरु प्रकाशित हुन थाले । सरकारी संरक्षणमा रहेका संघ सङ्गठनहरुबाट पनि पत्रिकाहरु प्रकाशित हुन थाले (देवकोटा,२०५९:९४) ।

### २.५.१ काठमाडौँबाट प्रकाशित

२०१७ देखि ३६ को अवधिमा काठमाडौँबाट विभिन्न दैनिक/साप्ताहिक/मासिक/द्वैमासिक/त्रैमासिक/चौमासिक/वार्षिक पत्रिकाहरु प्रकाशित भए । यस समयमा प्रकाशित दैनिक साप्ताहिक पत्रिकाहरु साहित्यिक पत्रिकाका रूपमा नभई समाचारप्रधान रहेका देखिन्छन् । यस समयमा प्रकाशित दैनिक पत्रिकाहरुमा **समय** (२०२०), **हाम्रो देश** (२०२२), **मातृभूमि** (२०२१), **समीक्षा** (२०२२), **जन्मभूमि** (२०२२), **नयाँ नेपाल** (२०२२) आदि रहेका छन । त्यस्तै साप्ताहिक पत्रिकाहरुमा **राष्ट्रियता** (२०१७), **प्रवर्तक** (२०१७), **नयाँ सन्देश** (२०१८), **साप्ताहिक समाचार** (२०१८), **नयाँ समाज साप्ताहिक** (२०१९), **किसान** (२०२०), **मार्ग** (२०२०), **साप्ताहिक किसान** (२०२१), **मातृभूमि** (२०२२), **जन आवाज** (२०२३), आदि रहेका छन् (देवकोटा,२०५९:५३७-५४६) ।

नेपाली साहित्यलाई गति दिने सन्दर्भमा २०१७ सालपछि पाक्षिक पत्रिकाहरुको योगदान पनि उल्लेख्य रहेको देखिन्छ । काठमाडौँबाट यस अवधिमा प्रकाशित पाक्षिक पत्रिकाहरु **छात्र आवाज** (२०१८), **मुक्ति** (२०२०), **प्रतिध्वनि** (२०२१), **विद्यार्थी सन्देश** (२०२२), **युवा सन्देश** (२०२३), **समन्वय** (२०२३) आदि रहेका छन् । नेपाली भाषा र साहित्यको श्रीवृद्धिमा मासिक पत्रिकाहरुको पनि योगदान रहेको पाइन्छ । **शिक्षा समाचार** (२०१८), **निर्देशन** (२०१९), **राजमार्ग** (२०२०), **युवक** (२०२०), **महिला बोल्छिन्** (२०२१), **आरती** (२०२१), **तुवाँलो** (२०२१), **ध्वनि** (२०२१), **सहकारित** (२०२१), **बालक** (२०२१), **अर्पण** (२०२२), **नवकुञ्ज** (२०२२), **मधुपर्क** (२०२५), आदि (देवकोटा,२०५९:५६२-५६३) । यी पत्र पत्रिकाहरुले समकालीन साहित्यलाई

अगाडि बढाउनका साथै नवीन प्रतिभाहरुलाई प्रोत्साहित गर्ने काम गरेका छन् । यी पत्रिकाहरुमध्ये गोरखापत्र संस्थानबाट २०२५ सालमा प्रकाशित **मधुपर्क** एक महत्त्वपूर्ण पत्रिका हो । यसले कथा, कविता, निबन्ध, समालोचना लगायत साहित्यका हरेक विधालाई त्यतिकै प्राथमिकताका साथ प्रकाशित गरेर हालसम्म नै साहित्य क्षेत्रमा ठुलो गुन लगाउदै आएको छ ।

यस अवधिमा प्रकाशित द्वैमासिक पत्रिकाहरु साहित्यिक मूल्यका दृष्टिले धेरै महत्त्वपूर्ण रहेका छन् । त्यस्ता द्वैमासिकहरुमा **आँचल** (२०२८), **बगैंचा** (२०१८), **सिंहनाद** (२०१९), **अरुणोदय** (२०२०), **रत्नश्री** (२०२०), **रचना** (२०२१), **कोपिला** (२०२३) आदि उल्लेख्य हुन् (देवकोटा,२०५९:५७०-५७१) ।

पत्र पत्रिका प्रकाशनको यही क्रममा कतिपय चौमासिक पत्रिकाहरुले पनि जन चेतनाको वृद्धि गर्नुको सथै साहित्यको सिर्जना र समीक्षाको विकासमा उल्लेख्य योगदान पुऱ्याएका छन् यस्ता पत्रिकाहरुमा **आनन्द** (२०१८), **मुकुट** (२०१९), **बिहान** (२०२०), **चौराली** (२०२०), **पूर्णिमा** (२०२१), **कविता** (२०२१), **प्रभाव** (२०२१), **सगुन** (२०२२), **नयाँ कविता** (२०२१), **बिहानी** (२०१९), **चङ्गा** (२०२०), **वन** (२०२३), **लालीगुराँस** २०२३, **प्रज्ञा** २०२७ आदि रहेका छन् (देवकोटा,२०५९:५७४-५७६) । प्रज्ञा यस समयको स्तरीय अनुसन्धानात्मक र समालोचनात्मक लेख प्रकाशित गरी पद्य साहित्यमा योगदान दिने पत्रिका हो । साहित्य उत्थानका अतिरिक्त नेपालका विविध भाषा, संस्कृति, ज्ञान विज्ञान आदिले युक्त पत्रिकाका रूपमा प्रज्ञाको विशिष्ट स्थान रहेको छ ।

यस अवधिमा त्यति धेरै चौमासिक पत्रिकाहरु प्रकाशित भएनन् । **रचना** (२०१८), **हाम्रो संस्कृति** (२०२३) आदि यस अवधिमा प्रकाशित चौमासिक पत्रिकाहरु हुन् । अर्ध वार्षिक तर्फ **ज्योत्स्ना** (२०२३), **आत्मविकास** (२०२२), **युगभाषा** (२०२३), आदि प्रकाशित भए (देवकोटा,२०५९:५७९) । यस अवधिमा काठमाडौंबाट प्रकाशित वार्षिक पत्रिकाहरुको प्रकाशनमा त्यति उत्साह देखा परेको पाइदैन । विभिन्न संघ संस्थाहरुले वार्षिक मुखपत्रका रूपमा पत्र पत्रिकाहरु प्रकाशित गरेको देखिए पनि साहित्यिक दृष्टिले त्यति उल्लेख्य रहेनन् ।

### २.५.२ मोफसलबाट प्रकाशित पत्र पत्रिकाहरु

२०१७ देखि २०२६ का अवधिमा मोफसलबाट पनि प्रशस्त पत्रिकाहरु प्रकाशित देखिन्छन्- **निर्माण** (२०१९) विराटनगर, **जनजीवन** (२०२२) वीरगन्ज, **दैनिक निर्णय** (२०२२) पोखरा आदि (देवकोटा,२०५९:५६४) यस अवधिका यी पत्रिका साहित्यिक दृष्टिले भन्दा समाचार सम्प्रेषणका दृष्टिले बढी महत्त्वपूर्ण देखिन्छन् ।

यस अवधिमा मोफसलबाट प्रकाशित साप्ताहिक पत्रिकाहरुमा **हिमचुली** (२०२२) मोरङ, लुम्बिनी (२०१८) पाल्ही, **पाल्पा** (२०१८) पाल्पा, **साँगुरी** (२०२०) मोरङ, **जनवार्ता** (२०२०) मोरङ, **नारागणी** (२०२१) वीरगञ्ज, **भेरी** (२०२१), **गण्डकी** (२०२१) आदि रहेका छन् (देवकोटा,२०५९:५४७-५४९) ।

२०१७ को राजनैतिक परिवर्तनसँगै विभिन्न अञ्चलहरुसँग सम्बन्धित अञ्चलकै नाउँबाट पाक्षिक पत्रिकाहरु प्रकाशित भएका देखिन्छन् । यसरी प्रकाशित पाक्षिक पत्रिकाहरु हुन्- **कोशी** (२०२०) मोरङ, **कोशी अञ्चल** (२०२१) मेरङ, **सगरमाथा** (२०२१) राजविराज, **मेची** (२०२१) झापा, **भेरी** (२०२१) नेपाल गन्ज, **धवलागिरी** (२०२१) वाग्लुङ, **सेती सन्देश** (२०२३), **पञ्च समाज** (२०१९) आदि (देवकोटा,२०५९:५५५) । मोफसलबाट प्रकाशित यस अवधिका मासिक पत्रिकाहरु सीमित रहेका छन् । यस अवधिमा विभिन्न स्थानहरुबाट **हाम्रो नेपाल** (२०२१) झापा, **पञ्चायत** (२०२१) झापा, **राप्ती दर्पण** (२०२१) सल्यान, **खुड्किलो** (२०१९) सल्यान आदि (देवकोटा,२०५९:५६४) पत्रिकाहरु प्रकाशित भएका छन् ।

२०१७-२०३६ को अवधिमा मोफसलबाट द्वैमासिक, त्रैमासिक, चौमासिक, र अर्ध वार्षिक पत्रिकाहरु पनि प्रकाशित भएका छन् । यसरी प्रकाशित द्वैमासिक पत्रिकाहरु **कल्पना** (२०२२) मोरङ, **प्युठान मोटर बाटो** (२०२२) प्युठान, **पञ्चामृत** (२०२३) आदि प्रमुख रूपमा प्रकाशित भएको देखिन्छन् भने त्रैमासिक पत्रिकाहरुमा **भानु** (२०२०) झापा, **पालुवा** (२०२२) उदयपुर, **साहित्य धारा** (२०२२), **धरा** (२०२३) गण्डकी, **कोसेली** (२०२३) बाग्लुङ, **देउसी** (२०२३), **आकांक्षा** (२०२३) जनकपुर, **गुराँस** (२०२३) लुम्बिनी, आदि रहेका छन् । यसै गरी यस अवधिमा मोफसलबाट प्रकाशित चौमासिक पत्रिकाका रूपमा **राजा** (२०२१) पाल्पा लाई चिनिन्छ । **आलोक** (२०१८) पाल्पा, **सुनसरी** (२०१८) इनरुवा, **आत्म विकास** (२०२२) मोरङ, **युगभाषा**

(२०२३) गण्डकी, आदि यस अवधिमा प्रकाशित भएका अर्ध वार्षिक पत्रिकाहरु हुन् (देवकोटा,२०५९:५७२-५७९) ।

विभिन्न संघसंस्था तथा विद्यालय आदिबाट संस्थागत रूपमा प्रकाशित मुखपत्र र अन्य वार्षिक पत्रिकाहरु पनि यस अवधिमा देखा परेका पाइन्छन् । यस्ता केही वार्षिक पत्रिकाहरुमा **कल्याणी** (२०१९), **नव प्रकाशन** (२०२०) बाग्लुङ, **महेन्द्र प्रौढ हाइस्कुल** (२०२०) पाल्पा, **आलोक** (२०१८) पाल्पा, **गण्डकी** (२०१९) रिडी, **गण्डकी मुहान** (२०२०) पोखरा, **बन्दीपुरे उकाली** (२०२१) पोखरा, **विरुवा** (२०२०) प्युठान, **मानस प्रभा** (२०२०) दाङ, **आकाङ्क्षा** (२०२२) जनकपुर, आदि रहेका छन् (देवकोटा,२०५९:५८३) ।

यसरी नेपाली पत्र पत्रिकाको प्रकाशनको इतिहासलाई नियाल्दा विभिन्न आरोह अवरोह पार गरेर यहाँसम्म आइपुग्दा विभिन्न उतार चढावहरु बेहोर्नु परेको देखिन्छ ।

### २.६ २०३६ देखि उन्मेषको प्रकाशनसम्म

नेपाली साहित्यिक पत्रकारिताको इतिहासमा २०३६ सालको जन आन्दोलन छुट्टै र महत्त्वपूर्ण मोड लिएर देखा पर्छ । राजनैतिक परिवर्तनसँगै वाक् स्वतन्त्रा र प्रकाशन स्वतन्त्रतामा व्यापकता आई साहित्यिक पत्रकारितामा चहलपहल देखा पर्दछ । साहित्यकारहरुका आफ्ना भावनाहरुको अभिव्यक्ति विभिन्न दैनिक, साप्ताहिक, मासिक, आदि समाचारमूलक पत्र पत्रिकाहरुमा समेत पोख्न थाल्दछन् । यसर्थ यस समयमा पत्र पत्रिकाको प्रकाशनमा बाढी नै आएको देखिन्छ । २०३६ सालको जन आन्दोलनले वाक् तथा प्रकाशन स्वतन्त्रता ऐन जारी भयो जसले गर्दा पत्रिका प्रकाशनमा सरल र सहज वातावरण तयार भएको देखिन्छ (रेग्मी,२०४९:५) ।

२०३६ देखि **उन्मेष** को प्रकाशन सम्मको अवधिमा प्रकाशित केही उल्लेख्य साहित्यिक पत्रिकाहरुमा **प्रकाश** द्वैमासिक (२०३६), **घामछायाँ** मासिक (३०३६), **लहर** त्रैमासिक (२०३७), **समष्टि** द्वैमासिक (२०३७), **परिवर्तन** (२०३७), **परिस्थिति** मासिक (२०३७), **तन्नेरी** द्वैमासिक (२०३७), **तरुण** मासिक (२०३७), **अङ्कुर** मासिक (२०३८), **अञ्जुली** द्वैमासिक (२०३७), **अक्षय**

**लोक** त्रैमासिक (२०३८), आदिसँगै **आरोहण, कुरौटे, व्याथा**, **सुसेली**, **प्रवेश**, **हिमशिला**, **दायित्व**, **इन्दु**, **जुही**, **पारिजात** आदिलाई अघि सार्न सकिन्छ (त्रि.वि. सङ्गालो,२०४९) ।

यस अवधिका पत्र पत्रिकामध्ये कृषि विकास बैंकबाट प्रकाशित **समष्टि** द्वैमासिकले कृषिलाई प्रधानता दिए तापनि यसको साहित्यिक योगदान पनि नेपाली साहित्यमा महत्त्वपूर्ण रहेको देखिन्छ । प्रारम्भदेखि वर्तमान अवस्थासम्म पनि निरन्तर प्रकाशित **समष्टि** ले आफ्नो आयुभित्र नेपाली साहित्यमा ठूलो यागदान पुऱ्याएको देखिन्छ (रेग्मी,२०४९:५) । यसै गरी २०३८ सालमा भद्रपुरबाट प्रकाशित **जुही** पत्रिकाले भाषा साहित्य एवम् व्याकरणमा पुऱ्याएको योगदान उल्लेख्य छ ।

२०३९ सालमा साझाबाट प्रकाशित **गरिमा** मासिक स्तरीय साहित्यिक पत्रिका हो । नेपाली साहित्यको समृद्धिमा स्थापित र नव प्रतिभालाई स्थान दिंदै भाषिक र साहित्यिक सेवामा समर्पित यो पत्रिका साहित्यकारहरुको उच्च बौद्धिक खुराक बनेको छ । त्यसैगरी **साङ्ग्रिला** (२०३९), **श्रीनगर** त्रैमासिक (२०३९), **बगर** त्रैमासिक (२०३९), **घण्टाघर**, **नारी** त्रैमासिक, **संगम** मासिक (२०३९) आदि पत्रिकाहरुले साहित्यकारहरुलाई प्रशस्त साहित्यिक खजानाप्रदान गर्दै बौद्धिक रूपले उच्च कोटिका देखिन्छन् (उप्रेती,२०५८:२८) ।

नेपालमा व्यावसायिक पत्रकारिताको प्रारम्भ **नयाँ सन्देश** बाट भएको हो । यही वेलादेखि **मिसन पत्रकारिता** को प्रकाशन सुरु भएको देखिन्छ । **राष्ट्र पुकार**, **जन जागृति**, **विमर्श साप्ताहिक**, **जन ज्योति**, **साप्ताहिक मञ्च**, आदि यस समयका विचारमूलक पत्र पत्रिकाहरु हुन् (उप्रेती,२०५८:२८) ।

यस समयमा सरकारी दमन हुँदाहुँदै पनि साहित्यिक पत्रिकाहरु अस्तित्वमा रही प्रकाशित भइ रहेको देखिन्छन् र त्यस्ता पत्रिकाहरुमा **छहारी** (२०४०), **टुकी** द्वैमासिक (२०४०), **ठहर** त्रैमासिक (२०४०), **सुरुचि** पाक्षिक (२०४०) आदि रहेका देखिन्छन् । यस समयमा विभिन्न संघसंस्थाहरु स्मारिका निकाल्न अग्रसर देखिन्छन् । सहित्यिक रचनाहरुलाई महत्त्व दिने त्यस्ता स्मारिकाहरुमा **नेपाल क्याम्पस स्मारिका** (२०४०), **महेन्द्र बहुमुखी क्याम्पस स्मारिका** (२०४१), लेखनाथ जयन्तीको उपलक्ष्यमा **लेखनाथ स्मृति अङ्क** (२०४१), अरनिको यातायात समितिद्वारा

प्रकाशित स्मारिका (२०४३), हेटौंडा औद्योगिक क्षेत्रको रजत जयन्तीको उपलक्ष्यमा प्रकाशित स्मारिका (२०४५) आदिलाई मुख्य रूपमा लिन सकिन्छ (त्रि.वि. सङ्गालो,२०४९) ।

२०४० सालपछि जन आन्दोलनपूर्व विभिन्न पत्रिकाहरु प्रकाशित भएका देखिन्छन् यी मध्ये **चेतना** (२०४२), **टुटुल्को** द्वैमासिक (२०४२), **सेवा** (२०४२), **नेपाली संस्कृति** चौमासिक (२०४३), **अनुशीलन** (२०४३), **कामना** मासिक (२०४३), **उपमा** मासिक (२०४३), **खुल्दुली** त्रैमासिक (२०४३), **आग्रह** त्रैमासिक (२०४४), **घरेलु उद्योग डाइजेष्ट** चौमासिक (२०४५), **चिन्तन धारा** (२०४५), **बौद्धिक संसार** द्वैमासिक (२०४५), आदि (त्रि.वि. सङ्गालो,२०४९) विविध किसिमका पत्र पत्रिकाहरु नेपाली साहित्यको उन्नयनमा तल्लीन रहेका देखिन्छन् । पत्र पत्रिका प्रकाशनको यसै परम्परामा घटराज भट्टराईको प्रधान सम्पादकत्वमा २०४५ भाद्रमा त्रि.वि. प्रध्यापक संघ रत्न राज्यलक्ष्मी क्याम्पस एकाइ समितिबाट वार्षिक साहित्यिक पत्रिकाको रूपमा **उन्मेष** देखा पर्छ ।

### २.७ उन्मेष प्रकाशनको उद्देश्य

त्रि.वि. प्रध्यापक संघ रत्न राज्यलक्ष्मी क्याम्पस एकाइ समितिबाट २०४५ सालबाट प्रकाशन यात्रा सुरु गरेको **उन्मेष** अनुसन्धानात्मक र विश्लेषणत्मक लेख रचनाहरु समावेश गरिएको एक बौद्धिक पत्रिका हो । तत्कालीन श्री ५ मुमा बडामहारानी रत्नराज्यलक्ष्मी देवी शाहको ६१ औं शुभ जन्मोत्सव तथा हीरक जन्मोत्सवको उपलक्ष्यमा यस पत्रिकाको प्रकाशन सुरु भएको पाइन्छ ।

'श्री ५ मुमा बडामहारानी रत्न राज्यलक्ष्मी देवी शाहको शुभ हीरक जन्मोत्सवका उपलक्ष्यमा पहिलो पटक यो पत्रिका प्रकाशित गर्ने प्रयास गरेका छौँ ।' (उन्मेष,२०४५:सम्पादकीय) । शिक्षकहरुलाई सकभर बढी प्राज्ञिक क्रियाकलापतर्फ उन्मुख गरी शिक्षकभित्रको सुषुप्त प्राज्ञिक चेतनालाई जगाई शिक्षा आर्जनका लागि जुर्मुराएका छात्रछात्राहरुलाई आवश्यक र उचित ज्ञान प्रदान गर्ने उद्देश्य राखेर नै यो प्रकाशन गरिएको हो (उन्मेष,२०४५:सम्पादकीय) ।

## २.८ उन्मेष नामकरणको अर्थ

कुनै व्यक्ति वा वस्तु जब अस्तित्वमा आउँछ तब त्यसको पहिचानको निमित कुनै सङ्केत वा नामको आवश्यकता पर्दछ । यसै सन्दर्भमा **उन्मेष** ले पनि आफ्नो नाम लिएर उदाएको देखिन्छ । **उन्मेष** उत् **+** मेष को संयोगबाट बनेको तत्सम शब्द हो जसको अर्थ आँखा, फूल आदि उघ्रने वा खुल्ने क्रिया, उघ्रेको अवस्था, चमक, प्रकाश टलक आदि हुन आउँछ (अधिकारी र भट्टराई,२०६६:११३) ।

## २.९ सारांश

नेपाली साहित्यिक पत्र पत्रिका प्रकाशनको प्रारम्भ नेपली युवा साहित्यकारहरुको साहित्यिक गतिविधिसँगै भारतको बनारसबाट भएको देखिन्छ । २००८ मा तत्कालीन प्रधान मन्त्री जङ्ग बहादुर राणाले हाते प्रेस नेपाल भित्र्याए पनि साहित्यिक पत्रिकाको प्रकाशनको आरम्भ भने मोतीराम भट्टको सम्पादनमा **गोर्खा भारत जीवन** (१९४३) पत्रिकाबाट भएको देखिन्छ । राणा काल साहित्यिक पत्र पत्रिका प्रकाशनका दृष्टिले अनुकूल नरहेकाले त्यतिवेला विदेशी भूमिबाट नेपाली पत्र पत्रिका प्रकाशनमा तीब्रता आएको देखिन्छ । नेपालबाट प्रकाशित पहिलो पत्रिका **गोरखापत्र** (१९५८) हो भने शारदा, धरती, रूपरेखा, मधुपर्क, गरिमा आदि अन्य महत्त्वपूर्ण साहित्यिक पत्रिकाहरु हुन् ।

पत्र पत्रिका प्रकाशनको यसै पृष्ठभूमिमा त्रिभुवन विश्व विद्यालय प्राध्यापक संघ रत्न राज्यलक्ष्मी क्याम्पस एकाइ समिति (तत्कालीन नेपाल प्राध्यापक संघ रत्न राज्यलक्ष्मी क्याम्पस समिति) बाट २०४५ भाद्रमा **उन्मेष** पत्रिकाको प्रकाशन प्रारम्भ भएको र हालसम्म यसका १२ अङ्कहरु प्रकाशित देखिन्छन् ।

# अध्याय तिन

## सैद्धान्तिक अध्ययन

### ३.१ विषय प्रवेश :

समालोचना साहित्यिक विवेचनासँग सम्बद्ध विधा हो । साहित्य सिर्जना भएपछि मात्र समालोचनाको विकास भएको पाइन्छ । यस अध्यायमा साहित्यिक समालोचनाको सैद्धान्तिक अध्ययनका सन्दर्भमा समालोचनाको व्युत्पत्ति, परिभाषा, वर्गीकरण र प्रकार आदि बारे विवेचना प्रस्तुत गरिएको छ ।

समालोचनाको क्रमिक विकासमा पछिल्लो समयमा देखा परेका नारीवाद, उत्तर उपनिवेशवाद, अभिघात अध्ययन, डायस्पोरा अध्ययन, उत्तर संरचना, विनिर्माणवाद, गे र गाइनो समालोचना, नवमार्क्सवादी समालोचना, नवमोविज्ञानपरक समालोचना, पाठक प्रतिक्रियापरक समालोचना, नवइतिहासवाद आदि ४० भन्दा बढी समालोचना पद्धतिहरु विकसित भएका देखिन्छन् । यस अध्यायमा तिनको बारेमा पनि परिचय दिइएको छ ।

### ३.२ व्युत्पत्ति :

समालोचना, आलोचना र समीक्षा लगभग एउटै अर्थका शब्द हुन् । **आ** उपसर्ग आदिमा हुने **लुच्** धातुमा **अन** प्रत्यय लागेपछि स्त्रीलिङ्ग बोधक **आ** प्रत्यय जोडिदा आलोचना र त्यसमा **सम्** उपसर्ग थपिदा समालोचना शब्द बन्छ । यसै शब्दभित्र नै सन्तुलित एवम् नियन्त्रित रूपमा साहित्यिक कृतिलाई हेर्नु जाँच्नु भन्ने अर्थ निहित भएको पाइन्छ (कँडेल,२०५५:क) । मानिसका असल खराब, राम्रो नराम्रो, सत्य असत्य, मिल्दो नमिल्दो, उपयुक्त अनुपयुक्त, सुन्दर कुरूप तथा समर्थन र विरोधपूर्ण कार्यकलाप एवम् परिस्थितिहरुको छानबिन गर्ने प्रवृत्तिबाट समालोचनाको जन्म भएको मानिन्छ (प्रधान र अन्य,२०६५:२८१) ।

**सम् + ईक्षा** यी दुई रूपबाट समीक्षा शब्द बनेको हो जसले लेख रचना आदिको सम्पूर्ण अध्ययनलाई बुझाउँछ । आलोचना, समालोचना र समीक्षा शब्दहरुको आ-आफ्नै विशेषता भए पनि यहाँ एकै अर्थमा प्रयोग गरिएको छ ।

पश्चिमी कला, साहित्य तथा ज्ञान विज्ञानको मूल थलो मानिने ग्रिसका साहित्य समालोचना सिद्धान्तका निम्ति प्रखर प्रथम आचार्य अरिस्टोटल हुन् तर समालोचनाको बीज खोज्नै जाने हो भने सोक्रेटस, प्लेटोका कला साहित्यप्रतिका गम्भीर आक्षेप पनि समालोचनाकै इतिहासभित्र पर्दछन् (त्रिपाठी,२०५०:३-४) । अरिस्टोटलको **काव्यशास्त्र** लाई सैद्धान्तिक समालोचनाको आधार शिला मानिन्छ (आचार्य,२०१२:१७) पछिल्लो समयमा पाश्चात्य साहित्यमा वर्चस्व कायम गरेको समालोचना विधा अन्तर्गत कलरिज, रिचर्डस, क्रोचे, हड्सन, अर्नाल्ड, जोन्सन आदिलाई प्रमुख समालोचकको रूपमा लिइन्छ । पाश्चात्य साहित्यमा अधिकांश रूपमा मूल्याङ्कन वा निर्णयलाई समालोचना ठाने पनि व्याख्या, तुलना, साहित्यिक सौन्दर्यको उद्घाटन जस्ता अनेक कार्यहरुको पनि यस अन्तर्गत चर्चा गरिएको छ ।

पाश्चात्य समालोचनाको आदिभूमि ग्रिस अनि प्रथम आचार्य अरिस्टोटल भए जस्तै पूर्वमा साहित्य समालोचनाको प्रथम आचार्यको रूपमा भरतलाई लिइन्छ (त्रिपाठी,२०५०:३) भरतबाट सुरु भएको साहित्य समालोचनाको चर्चा भामह, दण्डी हुँदै विश्वनाथसम्म पुग्दा भाववादी, शिल्पवादी, र समन्वयवादी हुँदै विभिन्न सम्प्रदाय विकसित भएका देखिन्छन् । भाववादी सम्प्रदाय अन्तर्गत भरत, आनन्द वर्धन, अभिवन गुप्त, भट्ट लोल्लट, शङ्कुक, भट्ट नायक, मम्मट, विश्वनाथ आदि शिल्पवादी वा रूपवादी अन्तर्गत भामह, दण्डी, उद्भट, रुद्रट, जयदेव, भोजराज, वामन आदि र समन्वयवादी सम्प्रदाय अन्तर्गत कुन्तक, क्षेमेन्द्र, आदि आचार्यहरु रहेका छन् (उपाध्याय,२०४८:१५)।

नेपाली समालोचनाको प्रारम्भ मोतीराम भट्ट लिखित **कवि भानुभक्त आचार्यको जीवन चरित्र** १९४८ बाट भएको पाइन्छ । मोतीराम भट्ट नेपाली समालोचनाका प्रर्वतक र त्यसका प्रथम चरणका प्रथम समालोचक समेत भएकोले उनका योगदान उल्लेख्य छन् । उनले **कवि भानुभक्त आचार्यको जीवन चरित्र** मार्फत नेपाली साहित्यमा नयाँ विधाको रूपमा साहित्यिक समालोचनाको सुरुवात गरे (कँडेल,२०५५:६) । भट्टबाट सुरु भएको नेपाली समालोचना परम्परामा बाबुराम आचार्य, यदुनाथ खनाल, सूर्य विक्रम ज्ञवाली, रामकृष्ण शर्मा, तारानाथ शर्मा, ईश्वर वराल, हृदय चन्द्र सिंह प्रधान, रत्नध्वज जोशी आदि र पछिल्लो चरणमा विभिन्न धाराका समालोचकहरु उदाएका छन् । जीवनीपरक समालोचनाबाट सुरु भएको नेपाली

समालोचना शोधपरक, शास्त्रीय, सैद्धान्तिक, व्याख्यात्मक, गुण–दोषात्मक, निर्णयात्मक, ऐतिहासिक, तुलनात्मक, भाषापरक, मोविश्लेषणात्मक, प्रगतिवादी, समाजपरक, शैलीपरक, आदिका साथै लीला लेखनसम्म आइपुग्दा विभिन्न मोडहरु पार गरी एउटा अभिन्न विधाको रूपमा परिचित छ ।

## ३.३ समालोचनाको परिभाषा

साहित्यका विभिन्न विधाहरुमध्ये परिपक्व विधाको रूपमा समालोचनालाई लिइन्छ । जब साहित्यकारले कुनै कृति रचना गर्छ तब मात्र समालोचनाले आफ्नो रूप धारण गर्छ । चिन्तनशीलता र तार्किकताले नै समालोचनालाई कसिलो वा सुगठित बनाउँछ ।

समालोचनालाई विभिन्न विद्वानहरुले आ-आफ्नै किसिमले परिभाषा गरेका छन् -:

कलरिजको **विश्व साहित्य कोश** अनुसार 'समालोचनाको अन्तिम उद्देश्य नियमहरु तयार पार्नुभन्दा अरुले जे लेखेका छन् त्यसलाई सम्बन्धित सिद्धान्तहरुको निर्माण गर्नु हो' (कँडेल,२०५५:ख) ।

टी.एस. इलियटले **सेलेक्टेड प्रोज** मा 'समालोचना लिखित शब्दका माध्यमद्धारा गरिने कलाकृतिको टीका टिप्पणी र व्याख्या विवेचना हो' (कँडेल,२०५५:ग) भनी परिभाषा गरेका छन् ।

आई. ए. रिचर्डसले **प्रिन्सिपल अफ लिटरेरी क्रिटिसिज्म** मा 'समालोचनाको मुख्य विशेषता मूल्यको निर्धारण गर्नु हो (प्रधान र अन्य,२०६५:२८३) भनेका छन् ।

**इन्साइक्लोपिडिया ब्रिटानिका** ले 'समालोचना साहित्य वा ललितकलामा सौन्दर्यपरक तत्त्वका गुण एवम् मूल्यको परीक्षण गर्ने कला हो (थापा,२०६६:१८४) भनी परिभाषित गरेका छन् ।

विलियम हेनरी हड्सनले **एन इन्ट्रोडक्सन टु द स्टडी अफ लिटरेचर** मा भने अनुसार 'सिर्जनात्मक साहित्य जीवनको व्याख्या हो भने समालोचना त्यस व्याख्याको पनि व्याख्या हो (कँडेल,२०५५:ग) ।

नेपाली केही प्रसिद्ध समालाचकहरुले पनि समालोचनालाई आ-आफ्ना ढङ्गले परिभाषित गरेका छन् 'पानीको प्रवाहलाई नदी भन्ने नाम दिनु साहित्य हो, नदीको बारेका अरू विशेष कुरा जान्नु, उसको मूल, मुख खोज्नु समालोचना हो (खनाल,२०२३:३) ।

सिर्जनात्मक साहित्यको व्याख्या विवेचना गरेर गुणदोषलाई केलाएर एवम् त्यसका मुख्य र महत्त्वलाई स्पष्ट पारेर कृतिलाई वोधगम्य एवम् आस्वाद्य बनाउनुका साथै कृति एवम् कृतिकारको मूल्याङ्कन समेत समालोचनाले गर्छ (कँडेल,२०५५:क) ।

खोट हेर्ने, दोष देखाउने, प्रशंसा गर्ने र नमिलेको सुधारि दिने मानिसको स्वभाव हो । सब मिल्नु पर्छ नियम जस्तै । नियमभित्र पनि विरोध छ । अनियमिततामा पनि एक प्रकारको नियमितता हुन्छ । यही सामाञ्जस्य अथवा विरोध खोज्ने आँखा हो समालोचना (प्रधान,२०५२:१) ।

समालोचनाको छेड कतै कुत्कुत्याउँछ, चिलाउने ठाउँमा कन्याइदिन्छ, कतै लिखा परेका ठाउँमा ठुङ मर्छ, घाउ चिरिदिन्छ, राल सिङ्गन पुछ्छ (देवकोटा,२०६३:वक्तव्य) ।

सुख-दु:ख, राम्रो-नराम्रो, मन पर्दो-नपर्दो इत्यादि कुराको मस्तिष्कमा जव विवेचना हुन्छ त्यसको परिणाम स्वरूप समालोचनाको जन्म हुन्छ (शर्मा,२०२४:४२) ।

साहित्यिक रचनाप्रति व्यवस्थित र सन्तुलित रूपमा गरिएको रचनात्मक प्रतिक्रियाको सम्यक विवेचना नै समालोचना हो (थापा,२०६६:१८६) ।

बालकृष्ण समका अनुसार 'समालोचना इन्जेक्सनको सुई हो, च्वास्स घोचेर भए पनि मनको वह निको पारिदिन्छ' (थापा,२०६६:१८६) ।

कवि या कथाकार पाठकलाई भाव र कल्पनाको जंगलभित्र पस्न दिंदै हर्ष-विवाद, भय क्रोध आदिको इलाकामा डुलाएर विचारको बाटोमा पुऱ्याउँछन् या बाटोको नगिचै जङ्गलमै छोडिदिने पनि गर्छन् त र आलोचकले त्यस जङ्गलका हर एक गुफा, खोंच, बाटोहरुसित चिनारी बढाउँदै मूल बाटामा पुग्ने तरिकाहरु प्रस्तुत गर्दछन् (जोशी,२०५०:४३) ।

समालोचनालाई पूर्वीय तथा पाश्चात्य विभिन्न विद्वानहरुले व्याख्या, विश्लेषण, दर्शन, गुण दोष, सिद्धान्त, मूल्याङ्कन आदि अर्थमा लिएको देखिन्छ । यसरी समालोचनालाई फरक फरक मतमा प्रस्तुत गरे तापनि वास्तविक समालोचना साहित्यिक गुण वा कमजोरीहरु नियाल्ने तेस्रो आँखा हो । समालोचनाले गुण दोष केलाउने र साहित्यिक सिर्जनालाई सरल र सहज रूपमा पाठकहरुका मनमा पु¥याउने काम गर्छ । साहित्यिक कृतिको कुनै पूर्वाग्रह नराखीकन तटस्थ रूपले इमानदारी पूर्वक विश्लेषण र मूल्याङ्कन गर्नु नै असल समालोचनाको गुण हो ।

जीवन जगत्को यथार्थ रूप साहित्यले प्रकट गर्छ भने साहित्यका हरेक पक्षको अध्ययन समालोचनाले गर्छ । विश्व साहित्यकै कुरा गर्ने हो भने हरेक साहित्यको पहिलो युग सिर्जनाको र त्यसपछि मात्र समालोचनाको युग देखा पर्छ । यसरी साहित्यिक सिर्जनापछि मात्र समालोचनाको विस्तार भएको पाइन्छ । समालोचनामा बौद्धिकता, तार्किकता र वस्तुपरकताको बाहुल्य रहने भएकोले यो साहित्यको प्रौढ विधा हो ।

## ३.४ समालोचनाको वर्गीकरण

समालोचना साहित्यको प्राज्ञिक विधा हो । साहित्यको विकाससँगै समालोचनाको र समालोचनाको विकाससँगै यसका प्रकार तथा वर्गीकरणमा पनि विविधता रहेको पाइन्छ तसर्थ विभिन्न विद्वान्का समालोचनाका प्रकारहरुबारे तल चर्चा गरिएको छ ।

**घनश्याम कँडेलका अनुसार समालोचनाका प्रकारहरु :**

कँडेलले समालोचनालाई मूलतः सैद्धान्तिक र व्यावहारिक दुई वर्गमा प्रस्तुत गर्दै व्यावहारिक समालोचना अन्तर्गत प्रभाववादी र निर्णयात्मक समालोचनाको चर्चा गरेका छन् । उनले समालोचनाको नयाँ वर्गीकरण अनुसार बाह्य र आन्तरिक गरी दुई पद्धतिको पनि प्रसङ्ग उठाएका छन् ।

व्यावहारिक समालोचनालाई उपर्युक्त दुई उपवर्गमा मात्र सीमित नगराएर तीभन्दा धेरै अन्य उपवर्गमा पनि बाँडेका छन् जस अनुसार :-

१. प्राज्ञिक वा शास्त्रीय समालोचना

२. ऐतिहासिक समालोचना

३. तुलनात्मक समालोचना

४. व्याख्यात्मक समालोचना

५. जीवनीपरक समालोचना

**अतिरिक्त समालोचनाहरु**

१. प्रगतिवादी समालोचना

२. मनोविज्ञानपरक समालोचना

३. नीतिपरक समालोचना

४. आदिमतापरक समालोचना

५. रूपपरक समालोचना

प्रस्तुत समालोचनाका प्रकारले थोरैमा धेरैलाई समेट्ने प्रयास गरेको देखिन्छ तसर्थ यी प्रकारहरुलाई प्रचलित वर्गीकरण अनुसार मुख्य-मुख्य रूपमा मात्र समेटेको पाइन्छ ।

साहित्यमा प्रचलित विभिन्न वाद, प्रवृत्ति, दृष्टि, सम्प्रदाय आदिका आधारमा समालोचनाका विभिन्न प्रकारहरुको उद्भव हुन्छ । सोही प्रचलन अनुसार मोहन हिमांशु थापाले समालोचनाका नौ प्रकार मानेका छन् (थापा,२०६६:१९०) ।

१. शास्त्रीय समालोचना

२. व्याख्यात्मक समालोचना

३. निर्णयात्मक समालोचना

४. ऐतिहासिक समालोचना

५. सैद्धान्तिक समालोचना

६. प्रभाववादी समालोचना

७. मनोविश्लेषणात्मक समालोचना

८. प्रगतिवादी समालोचना

९. तुलनात्मक समालोचना

समालोचनाका यी प्रकारहरुलाई प्रचलनमा देखिएका आधारमा वर्गीकरण गरिएको देखिन्छ तसर्थ यसलाई वैज्ञानिक आधार मान्न सकिदैन ।

कृष्णचन्द्र सिंह प्रधानका अनुसार नेपालमा प्रचलित समालोचनाका मुख्य मुख्य पद्धतिहरु यस प्रकार छन् (प्रधान,२०५२:१७) ।

१. गुणदोषात्मक

२. तुलनात्मक

३. निर्णयात्मक

४. व्याख्यात्मक

५. भौतिकवादी

६. शास्त्रीय

**अन्य:**

१. अनुभवात्मक

२. प्रभावात्मक

३. मनोविश्लेषणात्मक

४. मूल्यवादी

समालोचनाका यस प्रकारमा पनि मुख्य मुख्यको मात्र चर्चा गरिएको छ । मूलतः सैद्धान्तिक र व्यावहारिक गरी दुई प्रकार मान्ने शान्ति क्षेत्रीका अनुसार समालोचनाका प्रकारहरु निम्न रहेका छन् (क्षेत्री,२०४९:१७८) ।

**समालोचना**

| सैद्धान्तिक | प्रायोगिक (व्यावहारिक) | |
|---|---|---|
| पूर्वीय | पाश्चात्य | गुणदोषात्मक |
| रसवादी | शास्त्रीयतावादी | निर्णयात्मक |
| अलङ्कारवादी | स्वच्छन्दतावादी | तुलनात्मक |
| रीतिवादी | नीतिवादी | व्याख्यात्मक |
| ध्वनिवादी | कला र रूपवादी | प्रभावपरक |
| वक्रोक्ति | मनोविश्लेषणत्मक | मूल्यवादी |
| औचित्य | समाजपरक | |
| जीवनीपरक | | |
| ऐतिहासिक | | |

साहित्य सिद्धान्तको आधारमा गरिने समालोचना नै सैद्धान्तिक समालोचना हो । पूर्वमा भरत मुनि र पश्चिममा प्लेटोको पालादेखि नै यसको विकास भएको पाइन्छ । व्यावहारमा देखिएका शैलीगत प्रवृत्तिका आधारमा गरिने प्रायोगिक (व्यावहारिक) समालोचना आधुनिक काल सँगसँगै उदाएका पाइन्छन् तसर्थ समालोचनाको यस वर्गीकरणलाई केही हदसम्म वैज्ञानिक आधार मान्न सकिन्छ ।

डिल्लीराम तिमसिनाका अनुसार नेपाली समालोचनाका प्रकारहरु निम्न रहेका छन् (तिमसिना,२०४७:८९) ।

१. शास्त्रीय

२. शोधपरक

३. ऐतिहासिक

४. तुलनात्मक

५. मूल्यवादी

६. विश्लेषणवादी

७. व्यावहारिक

८. यथार्थवादी

९. गुणवादी

१०. दोषवादी

११. स्तुतिवादी

१२. निन्दावादी

प्रस्तुत प्रकारहरु समालोचनाको सैद्धान्तिक पक्षलाई बेवास्ता गर्दै व्यावहारिक पक्षलाई आत्मसात् गरेको देखिन्छ तसर्थ यो वर्गीकरणलाई पनि वैज्ञानिक आधार मान्न सकिँदैन ।

## ३.५ समालोचनाका प्रकार

साहित्यले जीवन र जगत्लाई चिनाउने काम गर्छ । समयको गतिसगै साहित्य विभिन्न हाँगाहरुमा विभाजित भई पछिल्लो चरणमा समालोचना विधाले आफ्नो वर्चस्व कायम गरेको पाइन्छ । कुनै दुराग्रह र पूर्वाग्रह नराखीकन तटस्थ रूपले इमानदारीपूर्वक कृतिको विश्लेषण र मूल्याङ्कन गर्नुमा नै समालोचनाको धर्म अडिएको हुन्छ । साहित्यका विभिन्न हाँगासँगै यसका भेद उपभेदहरु देखिनुलाई स्वाभाविक रूपमा लिन सकिन्छ तसर्थ नेपाली समालोचनाका प्रकारहरुलाई निम्नानुसार उल्लेख गर्नु वैज्ञानिक आधार मान्न सकिन्छ ।

### ३.५.१ सैद्धान्तिक समालोचना

कुनै पनि प्रकारको नियम वा सिद्धान्त विशेषको आधारमा गरिने समालोचनालाई सैद्धान्तिक समालोचना भनिन्छ । यस्ता नियम वा सिद्धान्तको आधार पुराना सैद्धान्तिक ग्रन्थ हुन्छन् । यसमा रसका लागि भरत मुनि, रीतिका लागि वामन, अलङ्कारका लागि भामह र दण्डी तथा ध्वनिका लागि आनन्द वर्धनका कृतिहरुलाई मूल आधार मानिन्छ

(थापा,२०६६:१९२) । 'सैद्धान्तिक समालोचनामा कृतिका वस्तु, रूप आदिलाई आधार बनाएर कृतिको व्यावहारिक समालोचना गर्नुको सट्टा समालोचनाको मापदण्डका रूपमा सामान्य सिद्धान्तहरु निर्माण गरिन्छ र तिनका आधारमा कृतिका वस्तु, रूप आदिलाई केलाउने एवम् कृतिका विशेषताको निरूपण गर्ने प्रयास गरिन्छ (कँडेल,२०५५:घ) ।

सिद्धान्तको धरातलमा उभिएर नियमले निर्देशित गरेका साथै आवश्यक र उपयुक्त आफ्ना धारणासमेत समावेश गरी साहित्यिक सिद्धान्तका आधारमा गरिने समालोचना नै सैद्धान्तिक समालोचना हो ।

### ३.५.२ शास्त्रीय समालोचना

शास्त्रीय लक्षण ग्रन्थलाई मूल आधार बनाएर गरिने समालोचनालाई शास्त्रीय समालोचना भनिन्छ । यसमा स्थापित साहित्यिक मान्यतालाई सहस्र स्वीकार गरिन्छ । त्यसैले "संस्कृत साहित्यमा अलङ्कार, वक्रोक्ति, गुण, रीति, औचित्य, ध्वनि र रस सम्प्रदायका लागि सम्बद्ध शास्त्रीय दृष्टिले समालोचना गरिएको पाइन्छ" (थापा२०६६:१९१) ।

साहित्यिक मान्यता प्राप्त गरेर शास्त्र बन्छ शास्त्रकै सीमाभित्र रहेर गरिने समालोचना शास्त्रीय समालोचना हो ।

### ३.५.३ व्याख्यात्मक समालोचना

कुनै पनि साहित्यिक सिर्जनाको व्यवस्थित र तर्क सङ्गत विश्लेषण गर्नुलाई नै व्याख्यात्मक समालोचना भनिन्छ । "व्याख्यात्मक समालोचनामा कृतिगत सौन्दर्यको समुद्घाटन र वैशिष्ट्यको प्रकाशन हुन्छ । समुद्घाटन र प्रकाशनको एक मात्र आधार व्याख्या हुन्छ । अर्को शब्दमा कृतिको वैज्ञानिक अध्ययन र व्याख्या नै व्याख्यात्मक समालोचनाको मूल मन्त्र हो" (थापा,२०६६:१९३) । यस प्रकारका समालोचकहरुमा पाश्चात्य जगत्मा कार्लाइल मोन्तेन, मैथ्यु आर्नल्ड, पेटर आदिलाई लिन सकिन्छ ।

यस समालोचनाले कुनै पनि शास्त्रीय नियमलाई मान्दैन र कृतिकारप्रति पुरा न्याय गर्छ । सौन्दर्यात्मक व्याख्यामा पूर्णता प्राप्त गर्ने यो समालोचना वैज्ञानिक अध्ययनमा आधारित हुन्छ ।

### ३.५.४ निर्णयात्मक समालोचना

नैतिक र साहित्यिक सिद्धान्तलाई ध्यानमा राखेर निर्णय दिने समालोचनालाई निर्णयात्मक समालोचना भनिन्छ । 'निर्णयात्मक समालोचनामा समालोचक न्यायाधीश जस्तै देखा पर्छ । उसले साहित्यकारको क्षमता र वास्तविकतालाई भन्दा कृति कस्तो हुनु पर्ने भन्ने आदर्श पक्षलाई बढी महत्त्व दिएर निर्णय दिने गर्छ' (कँडेल,२०५५:ङ) । अलङ्कार, रस, रीति, ध्वनि, जस्ता शास्त्रीय सिद्धान्तका आधारमा निर्णयात्मक समालोचना गरिन्छ । "प्रत्येक समालोचना एउटा निर्णय हो । निर्णयात्मक दृष्टिले सबै किसिमका प्रणाली अन्तर्गतका समालोचनामा प्रत्यक्ष वा अप्रत्यक्ष, गौण वा प्रधान रूपमा रहि रहेकै हुन्छ (प्रधान,२०५२:१८) । नेपाली समालोचनाका फाँटमा रामकृष्ण शर्मा, तारानाथ शर्मा, यदुनाथ खनाल, ईश्वर बराल, मोहनराज शर्मा, कृष्णचन्द्र सिंह प्रधान आदिलाई निर्णयात्मक समालोचकका रूपमा लिन सकिन्छ ।

### ३.५.५ ऐतिहासिक समालोचना

ऐतिहासिक समालोचनामा युग, परिवेश र परिस्थितिका आधारमा कुनै पनि कृतिको विश्लेषण र मूल्याङ्कन गरिन्छ । 'वास्तवमा युगीन प्रवृत्तिको अध्ययन आवश्यक हुन्छ किनभने कृतिमा त्यस समयको विम्व प्रतिविम्व हुन्छ' (थापा,२०६६:१९६) । ऐतिहासिक समालोचनाका लागि सम्बद्ध कृतिको ऐतिहासिक, राजनीतिक, सामाजिक, साहित्यिक र भाषिक पृष्ठभूमिको अध्ययन हुनु आवश्यक हुन्छ तसर्थ यसले युगको प्रवृत्ति र इतिहासको प्रतिविम्व उजागर गर्छ ।

### ३.५.६ प्रभावात्मक समालोचना

कुनै कृति पढ्दा जस्तो प्रभाव पर्छ त्यसै अनुसार गरिने समालोचनालाई प्रभावात्मक समालोचना भनिन्छ । यसमा समालोचनात्मक सिद्धान्त र नियमको आधारमा कृतिको विश्लेषण हुँदैन । 'प्रभावात्मक समालोचनालाई आत्मप्रधान र प्रभावाभिव्यञ्जक समालोचना पनि भनिन्छ ।

यस प्रकारको समालोचनामा व्यक्तिगत रुचि, दृष्टि र प्रभावको केन्द्रीय भूमिका हुने हुनाले समालोचना विस्तृत अध्ययन परिष्कृत रुचि र आवश्यक संवेदना हुनु नितान्त जरुरी छ' (थापा,२०६६:१९७) । 'यस प्रकारको समालोचनामा भावनाको बढी महत्त्व हुन्छ, बौद्धिक कम । कहिले काहीँ प्रभावात्मक समालोचना, समालोचना जस्तो नभएर स्वतन्त्र साहित्यिक कृति जस्तो पनि देखा पर्छ' (कँडेल,२०५५:घ) ।

### ३.५.७ मनोविश्लेषणवादी समालोचना

मनको आन्तरिक पक्षको व्याख्या (अध्ययन) गर्ने समालोचना मनोविश्लेषणात्मक समालोचना हो । 'मनोविश्लेषणात्मक समालोचनामा लेखक र कृतिगत पात्रको मनस्थितिको अध्ययन र विश्लेषण हुन्छ' (थापा,२०६६:१९८) । कृतिकार, कृति, कृतिगत चरित्र तथा पाठकको मानसिक स्नायविक विश्लेषणलाई मनोविज्ञानपरक वा मनोविश्लेषणत्मक समालोचना भनिन्छ (शर्मा र अन्य,२०६३:१६२) । यस मान्यताको सुरुवात युरोपेली मनोविश्लेषक सिग्मन्ड फ्रायडबाट भएको हो भने नेपाली साहित्यमा मनोविश्लेषण विजय मल्लद्वारा लिखित **अनुराधा** उपन्याससँगै भित्रिएको पाइन्छ ।

मनोवैज्ञानिक ढङ्गले कृतिको अध्ययन, विश्लेषण र व्याख्या गरी आन्तरिक पक्ष उद्घाटन गर्नु नै मनोविश्लेषणात्मक समालोचनाको अभीष्ट हो ।

### ३.५.८ प्रगतिवादी समालोचना

द्वन्द्वात्मक भौतिकवादमा आधारित मार्क्सवादी मान्यता अनुसार गरिने समालोचना नै प्रगतिवादी समालोचना हो । 'प्रगतिवादी समालोचकहरुले देशको राजनैतिक, आर्थिक पृष्ठभूमिमा मार्क्सवादी दर्शन वा सिद्धान्तका मापदण्डले कृतिको व्याख्या र आलोचना गरी यसको सफलता-असफलता, श्रेष्ठता-अश्रेष्ठता, किट्दछन्' (प्रधान,२०५२:१६) । प्रगतिशीलको अर्कै कुरा हो - खराब कुराको नाश गर्ने । असल शक्तिको विजय हुनु नै प्रगतिशीलको चिन्ह हो, जस्तैः रामायण, महाभारत आदि पनि प्रगतिशील साहित्य नै हुन् । अनि प्रगतिशील भन्नाले यस अन्तर्गत भौतिक कुरा मात्र सम्मिलित नभई अध्यात्मवाद, मनोविज्ञान, जीवन, रस आदि पनि अन्तर्निहित हुन्छन् (थापा,२०६६:१९९) ।

मार्क्सवादी सिद्धान्तमा आधारित भई सामाजिक परिवर्तनमा लागिपर्ने समालोचना नै प्रगतिवादी समालोचना हो ।

### ३.५.९ तुलनात्मक समालोचना

सामान्यतः तुलना भन्नाले एक अर्कामा दाँज्ने वा तौलने कार्य भन्ने बुझिन्छ । 'तुलनाको आधारभूमिमा विवेचना गरिएको समालोचनालाई तुलनात्मक समालोचना भनिन्छ । एउटा विषयलाई लिएर एक जना लेखक र अन्य सम्वद्ध लेखकहरुका बीच तुलनाको आधारमा विवेचना गर्दा समालोच्य कृति र व्यक्तित्वको सही मूल्याङ्कन र विश्लेषणका लागि एउटा समृद्ध आधारभूमि प्रदान गर्दछ । यस दृष्टिले तुलनात्मक समालोचनाको विशेष महत्त्व छ' (थापा,२०६६:२००) ।

रचनात्मक कृतिको साहित्यिक गुणका आधारमा पूर्वाग्रह मुक्त भई न्यायपूर्ण ढङ्ग्ले एक अर्कामा दाँज्ने, तौलने कार्यलाई तुलनात्मक समालोचना भनिन्छ । यो निष्पक्ष प्रकृतिको समालोचना हो ।

### ३.५.१० समाजपरक समालोचना

सामाजिक दृष्टिबाट साहित्यिक कृति तथा कृतिकारको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्ने पद्धतिलाई समाजपरक समालोचना प्रणाली भनिन्छ (शर्मा र अन्य,२०६३:१२६) । यथार्थ जीवनलाई मनन गर्दै समाज सापेक्ष रूपमा गरिने समालोचना समाजपरक समालोचना हो । यसले सामाजिक परिवर्तन गर्ने दृष्टिबाट सृष्टि र समाजको विश्लेषणात्मक अध्ययन गर्छ । सामाजिक जाति, गुण र परिवेशलाई यो समालोचनाले मूल मन्त्र मान्दछ ।

### ३.५.११ जीवनीपरक समालोचना

कुनै लेखक वा कृतिको व्याख्या तथा मूल्याङ्कन उसकै जीवनवृत्तको आधारमा गरिने पद्धतिलाई जीवनीपरक समालोचना भनिन्छ (शर्मा र अन्य, २०६३:१२३) । सहित्यिक रचनाका रचनाकारलाई मूल आधार मानेर गरिने समालोचना जीवनीपरक समालोचना हो यसमा कृतिको भन्दा सर्जकको जीवन वृतान्तले महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ । नेपाली समालोचनामा

जीवनीपरक समालोचनाको सुरुवात मोतीराम भट्टको **भानुभक्तको जीवन चरित्र** १९४८ बाट भएको हो । आधुनिक समयमा पाठकेन्द्री नव-समालोचनाको प्रारम्भ भएपछि लेखककेन्द्री जीवनीपरक समालोचना गर्ने चलनको स्वतः अन्त्य भएको पाइन्छ ।

### ३.५.१२ आदिमतापरक समालोचना

साहित्य तथा समालोचनामा धेरै विम्व र प्रतीकहरुको प्रयोग गरिन्छ यस्ता विम्व र प्रतीकहरुको अध्ययन गर्ने समालोचना आदिमतापरक समालोचना हो । यसले मान्छेलाई प्राचीन मूल्य र मान्यताको खोजी तर्फ अग्रसर हुन उत्प्रेरित गर्छ ।

आदिमतापरक समालोचना भनेको कुनै साहित्यिक कृति विशेषमा प्रयुक्त आधारभूत ढाँचाहरु अन्य साहित्यिक कृतिमा पनि पुनरावृत हुन्छन् भन्ने सन्दर्भबाट उक्त कृति विशेषको वर्णन, व्याख्या र मूल्याङ्कन गर्ने पद्धति हो (शर्मा र अन्य,२०६३:१९८) ।

आदिम बिम्ब र प्रतीकको वाहुल्य रहेको समालोचनाको रूपमा आदिमतापरक समालोचनालाई लिइन्छ ।

### ३.५.१३ शोधपरक समालोचना

लेखिएका तर प्रकाशनमा नआएका रचनाहरुलाई खोजेर गरिने समालोचनालाई शोधपरक समालोचना भनिन्छ । विस्मृतिको गर्तमा रहेका सिर्जनाहरुलाई बाहिर प्रकाशनमा ल्याउनु र तिनको व्याख्या विश्लेषण र मूल्याङ्कन गर्नु शोधपरक समालोचना हो । नेपाली शोधपरक समालोचनाका रूपमा मोतीराम भट्ट, बाबुराम आचार्य, कमल दीक्षित, ईश्वर बराल आदिलाई लिन सकिन्छ ।

### ३.५.१४ शैलीवैज्ञानिक समालोचना

शैली विज्ञानले साहित्यलाई भाषिक कला मान्दछ र प्रत्येक कृतिलाई भाषिक प्रतीकका आधारमा अध्ययन र विश्लेषण गर्दछ यसरी शैली नै  अभिव्यक्तिको आत्मा बनेर आउने समालोचना शैली वैज्ञानिक समालोचना हो । 'शैली शब्दको प्रयोग अनेक अर्थमा हुन्छ । लेखक विशेषका शब्दहरुको चयन, त्यसको प्रयोगको वजन, वाक्य रचनाको ढङ्ग, विभिन्न जातका र

लायक छन्दहरुको प्रयोग तथा कुनै वस्तुलाई प्रस्तुत गर्ने तरिका, आकार प्रकार विशेष आदि यसभित्र पर्दछन्' (जोशी,२०५०:१०२) । रचनाकारको यस्तो विशिष्ट रचना प्रकार वा अभिव्यक्तिलाई शैली भनिन्छ जसमा भाषिक एकाइको सौन्दर्यबोधक समुच्चय हुन्छ र भाषा एवम् विषयका दृष्टिबाट विचलन हुन्छ (शर्मा,२०४८:३) । साहित्यमा शैलीको पारख गरिने समालोचनालाई शैलीवैज्ञानिक समालोचना भनिन्छ । नेपाली समालोचनामा शैलीवैज्ञानिक समालोचनाको सुरुवात गर्ने श्रेय मोहन राज शर्मालाई छ ।

### ३.५.१५ परिचयात्मक समालोचना

साहित्यिक कृतिको परिचय गराउने समालोचना परिचयात्मक समालोचना हो । यसमा रचनाको बनोट विषयवस्तु र त्यसले वाहिरी रूपमा पर्ने प्रभावको व्याख्या विश्लेषण गरिन्छ । कृतिको सरल रूपमा परिचय दिनु नै परिचयात्मक समालोचनाको विशेषता हो ।

### ३.५.१६ मूल्यवादी समालोचना

कुनै पनि कृतिको यथार्थ व्याख्या, विश्लेषण र तर्कसङ्गत तुलना गरेपछि उचित मूल्य निर्धारण गरिन्छ भने त्यसलाई मूल्यवादी समालोचना भनिन्छ । 'जुन कुराले व्यक्तिको मनलाई सकारात्मक तुल्याउँदै मनोदशालाई व्यवस्थित, सन्तुलित, उन्नत र सुसङ्गठित एवम् सन्तुष्ट तुल्याउँछ त्यो मूल्यवान् हुन्छ र त्यसमा मूल्यवान कुराको प्राप्तिबाट मनमा हुने तृप्ति वा सन्तुष्टि नै मूल्य हो' (ज्ञवाली,२०६६:१३१) ।

कृतिको विश्लेषण र विवेचनाका आधारमा मूल्य निर्धारण गरिने समालोचना नै मूल्यवादी समालोचना हो ।

### ३.५.१७ भाषापरक समालोचना

भाषालाई मूल आधार मानेर गरिने समालोचना भाषापरक समालोचना हो । भाषापरक समालोचनामा पद, पदांश, वाक्यांश, पदावली, उखान-टुक्का आदिको सङ्गठनको र त्यसबाट प्राप्त हुने रचनात्मक विशेषता प्रस्तुत गरिएको हुन्छ (थेगिम,सन् १९९२:९६) । यसमा कृतिलाई भाषिक आँखाले हेरिन्छ ।

### ३.५.१८ उत्तर आधुनिकतावादी समालोचना

उत्तर आधुनिकतावादी समालोचना सन् १९६० मा आधुनिकताको विरोध स्वरूप त्यसको विस्थापनको लागि स्थापित सिद्धान्त, प्रवृत्ति, अवधारणा, परिस्थिति आदिको समुच्चय वा समष्टिको रूपमा उदाएको पाइन्छ । यो एकत्त्वलाई नभएर बहुत्त्वलाई मान्यता दिने एउटा नवीन प्रवाह/वाद/पद्धति/अवधारणा हो । 'उत्तर आधुनिकतावाद आधुनिकताको नाममा मार्क्सवाद विरोधी साँस्कृतिक चिन्तन हो र यसको जन्म नै मार्क्सवादका विरोधका सन्दर्भमा भएको हो' (भट्टराई,२०६२:३२) ।

वास्तवमा उत्तर आधुनिकता समयको गति हो, रहस्यको उद्घाटन हो । अर्को रहस्यमयताको प्रारम्भ पनि हो । उत्तर आधुनिक कालमा साहित्यिक सिर्जनाको निरूपण र मूल्याङ्कन गर्नको निमित्त बनिएका सांस्कृतिक, उत्तर औपनिवेशिक, नारीवादी, संरचनात्मक, उत्तर संरचनात्मक, विनिर्माणवाद, नवऐतिहासिक, मनोविश्लेषणत्मक, पाठक केन्द्रित, सीमान्तकृत जस्ता विविध नयाँ दृषटिकोण अथवा सिद्धान्तहरु छन् (भट्टराई,२०६२:३५) ।

## ३.६ सारांश

सिर्जनात्मक साहित्यको विकास भएपछि समालोचनाको विकास र यसको वीज पश्चिमीमा सोक्रेटस प्लेटो अरिस्टोटल हुँदै पछिल्लो समयमा युरोप तथा अमेरिकाका विभिन्न देशहरुमा फैलेको पाईन्छ भने पूर्वमा भरतबाट सुरु भई भामह, दण्डी, वामन, रुद्रट, आनन्द वर्धन, कुन्तक, विश्वनाथ, जगन्नाथ हुँदै अगाडि बढेको देखिन्छ । नेपाली समालोचनाको प्रारम्भ भने मोतीराम भट्टको **कवि भानुभक्त आचार्यको जीवन चरित्र** सँगै सुरु भएको देखिन्छ । जीवनीपरकता समालोचनाबाट सुरु भएको नेपाली समालोचनाले शोधपरक, शास्त्रीय, सैद्धान्तिक, व्याख्यात्मक, गुण दोषात्मक, निर्णयात्मक, ऐतिहासिक, तुलनात्मक, भाषापरक, मनोविश्लेषणात्मक, प्रगतिवादी, समाजपरक, शैलीपरक हुँदै लीला लेखनसम्म आइपुग्दा आफ्नो छुट्टै अस्तित्व कायम गरेको देखिन्छ । पछिल्लो समयमा यसले उत्तर आधुनिकतावादका विभिन्न रूप र शैलीमा समेत आफूलाई प्रस्तुत गरेको पाइन्छ ।

# अध्याय चार

## उन्मेषमा प्रकाशित समालोचनाहरुको अध्ययन

### ४.१ विषय प्रवेश

**उन्मेष** त्रिविप्रासं रत्न राज्यलक्ष्मी क्याम्पस एकाइ समितिको मुखपत्र हो । यसको प्रकाशन आरम्भ वि.सं. २०४५ भाद्रदेखि भएको देखिन्छ । वि.सं. २०४५ देखि २०६८ असोजसम्ममा यसको २३ वर्षे यात्रा पुरा भएको देखिन्छ भने यस अवधिमा उन्मेषका १२ अङ्क प्रकाशन भएका छन् । आफ्नो जीवन यात्रामा विभिन्न सम्पादकका सम्पादनमा प्रध्यापकहरुद्वारा लिखित भिन्न भिन्न विषयसँग सम्बन्धित विविध विषयका अनुसन्धानात्मक, समालोचनात्मक र सामान्य लेखहरु यस पत्रिकामा प्रकाशित देखिन्छन् । यसमा हालसम्म (२०४५-२०६८ सम्म) प्रकाशित जम्मा २९७ लेख मध्ये ९६ वटा अङ्ग्रेजी र २०१ वटा नेपाली माध्यमका छन् भने ८४ साहित्यिक रचना प्रकाशित देखिन्छन् । प्रकाशित लेखहरुलाई भाषा साहित्येतर र भाषा साहित्यसँग सम्बन्धित गरी दुई वर्गमा छुट्याउँदा यसमा भाषा साहित्यसँग सम्बन्धित लेखहरु ६० वटा देखिन्छन् भने भाषा साहित्येतर लेखहरु ११७ देखिन्छन् । कविता जस्ता स्वतन्त्र रचना र प्राध्यापक संघका गतिविधिहरु २३ वटा देखिन्छन् । यस अध्यायमा प्रथमतः उन्मेष पत्रिकामा प्रकाशित भाषा साहित्यसँग सम्बन्धित लेखहरुको विवेचना गरिएको छ भने भाषा साहित्येतर सामग्रीको सूचीकरण गरी अन्तमा सारांश प्रस्तुत गरिएको छ ।

### ४.२ भाषापरक समालोचना

भाषालाई मूल आधार मानेर गरिने अध्ययनलाई भाषापरक समालोचना भनिएको छ । उन्मेषमा यस प्रकृतिका ११ ओटा सामग्री प्रकाशित देखिन्छन् । ती निम्नानुसार छन् :-

**४.२.१ तालिका १** *भाषापरक समालोचना र समालोचक*

| क.सं. | लेखक | शीर्षक | वर्ष | अङ्क | पृष्ठ |
|---|---|---|---|---|---|
| १. | रमा शर्मा | पाएन कि पाइएन ? | २०४५ | १ | ३१ |

| | | | | | |
|---|---|---|---|---|---|
| २. | जनक नेवा | नेपाल भाषामा सङ्ख्याको स्थान | २०४८ | २ | ७ |
| ३. | तहिरा निगहत नैयर | उर्दूको सङ्क्षिप्त परिचय | २०४८ | २ | ४९ |
| ४. | | वर्ण विन्यास | २०५० | ३ | ४९ |
| ५. | सृजना श्रेष्ठ | प्रचार प्रसार र भाषा | २०५३ | ४ | ४ |
| ६. | कुल प्रसाद कोइराला | उखानको रूप र शैली संरचना | २०५५ | ५ | १ |
| ७. | यज्ञेश्वर निरौला | व्याकरणात्मक परिवर्तन | २०६१ | ८ | १४९ |
| ८. | बद्री विशाल भट्टराई | भाषा र भाषिकाका अन्य भेदहरु | २०६४ | ९ | ७ |
| ९. | यज्ञेश्वर निरौला | नेपालमा भाषिक सङ्कटापन्नता | २०६६ | ११ | ९१ |
| १०. | बेगेन्द्र सुब्बा | लिम्बू भाषामा सर्वनामीकरण | २०६६ | ११ | १४२ |
| ११. | बद्री विशाल भट्टराई | नेपाली बृहत् शब्दकोशलाई अद्यावधिक गर्ने विधि र प्रक्रिया | २०६८ | १२ | १ |

माथिको तालिकामा दिइएका समालोचनात्मक लेखहरुको विवेचना तल गरिन्छ ।

### ४.२.१.१ पाएन कि पाइएन ?

**उन्मेष** को पहिलो अङ्कमा प्रकाशित **पाएन कि पाइएन** ? भाषापरक समीक्षात्मक लेख हो (शर्मा,२०४५:३१) । यसमा नेपाली मूल विषय बाहेकका विद्यार्थी, शिक्षक कर्मचारी आदिका अभिव्यक्तिमा पाइने वाक्यका कमजोरीहरुको उद्घाटन गर्ने प्रयास गरिएको देखिन्छ । व्याकरणात्मक दृष्टिले हेर्दा यस लेखमा व्याकरणात्मक कोटि अन्तर्गत वाच्यको तर्क सङ्गत रूपमा व्याख्या विश्लेषण गरिएको छ । वाक्यका हरेक क्रियापदले कर्ता, कर्म, वा भावमध्ये कुनै एक पक्षसँग सम्बन्ध राखेका हुन्छन् । क्रियापदले वाक्यमा केसँग सम्बन्ध राखेको छ अथवा कसलाई बढी जोड दिएको छ त्यसका आधारमा वाच्यलाई तिन प्रकारका मानी कर्तालाई जोड दिएको भए कर्तृवाच्य, कर्मलाई जोड दिएको कर्मवाच्य र कर्ता, कर्म बाहेक वाक्यको मुख्य

आशय वा भावलाई महत्त्व दिएको भए भाववाच्य हुन्छ भनी उल्लेख गरिएको छ । प्रस्तुत लेखको प्रारम्भमै व्याकरणात्मक दृष्टिले त्रुटीपूर्ण वाक्यहरु प्रस्तुत गरिएको छ ।

- हराएको साँचो पाउँदै पाएन ।
- यी सामानहरु कुन पसलमा पाउँछ ?
- शुद्ध घिउ बजारमा पाउँदैन ।
- अक्षर टाढाबाट पनि राम्ररी देख्छ कि देख्दैन ? (शर्मा,२०४५:३१) ।

भाषाविद् शर्माले यस्ता वाक्यहरु बोल्दै जाने हो भने शुद्ध नेपाली भाषाको लोप भई भाषिका, उपभाषिकाको रूप धारण गर्ने सङ्केत गरेकी छन् । यी वाक्यहरु कुनै पनि वाच्यका नभएको टिप्पणी सहित कर्तृवाच्य हुनको लागि मुख्यतः एक वचन र तृतीय पुरुषको कर्ता समावेश गर्नु पर्ने, कर्म वाच्यमा कर्ता गौण, कर्मप्रधान र क्रियापदको सम्बन्ध कर्मसँग मात्र रहने टिप्पणी सहित शर्माले उपर्युक्त वाक्य कुनै वाच्यको नभएको निचोड निकालेकी छन् । उनले सकर्मक क्रियापद र धातुमा **ई** प्रत्यय लागेपछि कालिक प्रत्ययहरु थपिन्छन् यसरी कर्म वाच्यले आफ्नो रूप धारण गर्छ । भाव वाच्यमा कर्ता गौण, अकर्मक क्रियापद र भावकै प्रधानता रहन्छ । यसमा पनि कर्म वाच्यमा जस्तै धातुमा **ई** प्रत्यय लगाएर क्रियापद बनाइन्छ (शर्मा,२०४५:३२) । यसरी कर्तृवाच्य, कर्म वाच्य र भाव वाच्यको प्रयोग, अवस्था र सन्दर्भको चर्चा प्रस्तुत लेखले स्पष्ट पारेको छ । वाच्य परिवर्तनलाई उदाहरण सहित व्याख्या विश्लेषण गर्नु यस लेखको धर्म अभीष्ट देखिन्छ ।

लेखको अन्तिम अनुच्छेदमा बढ्दो पश्चिमी संस्कृतिको मोहप्रति सूच्य रूपमा व्यङ्ग्य गरिएको देखिन्छ । राष्ट्र भाषालाई अभिभावकहरुले शुद्धसँग बोलेमा केटाकेटीहरुले त्यही अनुकरण गर्छन् र राष्ट्र भाषा शुद्ध र समृद्ध हुन्छ भन्ने कुरा सहित सम्पूर्ण नेपालीलाई राष्ट्र भाषाको कदर गर्न आग्रह गरिएको छ (शर्मा,२०४५:३३) ।

### ४.२.१.२ **नेपाल भाषामा सङ्ख्याको स्थान**

**उन्मेष** मा प्रकाशित **नेपाल भाषामा सङ्ख्याको स्थान** अर्को भाषिक लेख हो (नेवा,२०४८:७) । भाषालाई मानव जातिको बोलचाल गर्ने माध्यमको रूपमा लिई विभिन्न वर्ग, जात तथा समाजभित्र रहेका प्राणीमध्ये मानिसलाई उच्च कोटिको वर्ग मानिएको छ । नेपाललाई बहु भाषिक, बहु सांस्कृतिक, बहु धार्मिक, बहु जातीय र भौगोलिक विविधता रहेर पनि एउटा सार्वभौम, अखण्ड तथा स्वतन्त्र राज्यको रूपमा चिनाइएको छ ।

प्रस्तुत लेखमा काठमाडौँ उपत्यकाका आदिवासीले बढीजसो प्रयोग गर्ने भाषा कुनैवेला राष्ट्रभाषा समेत भइ सकेको नेपाल भाषाको सङ्ख्यावाचक विश्लेषण अन्तर्गत प्रयोग भइ रहेका शब्दहरुको व्यावहारिक पक्षलाई उद्घाटन गर्ने जमर्को गरिएको छ । व्याकरणलाई भाषालाई ठिक बाटोमा हिँडाउने संयन्त्रको रूपमा लिई अङ्ग्रेजी, नेपाली र नेपाल भाषाको माध्यम मात्र फरक हुन्छ । व्याकरण फरक हुँदैन भनी प्रस्ट पारिएको छ । कुनै पनि वस्तु वा प्राणीको सङ्ख्या अथवा परिमान बोध गराउने विषेशणलाई सङ्ख्या वाचक विशेषण भनिन्छ (नेवा,२०४८:८) भन्ने परिभाषा सहित अङ्ग्रेजी, नेपाली, नेपाल भाषाका सङ्ख्या गन्तीबोधक विशेषणहरुको उदाहरण दिई प्रस्ट पारिएको छ । साथै नेपाल भाषाका सङ्ख्याबोधक शब्दहरुको विभिन्न कोणबाट व्याख्या विश्लेषण गरिएको छ । नेपाली भाषा र नेपाल भाषालाई तुलनात्मक रूपमा प्रस्तुत गरी नेपाल भाषाबाट नेपाली भाषामा रूपान्तरण गर्दा सायद मूल शब्द वा रूपमा परिवर्तन गर्न नसकिने अर्थात् शब्दको अभाव भए मात्र प्रयोग गर्नु पर्ने आशय प्रस्तुत गरिएको छ ।

### ४.२.१.३ **उर्दूको सङ्क्षिप्त परिचय**

**उन्मेष** को दोस्रो अङ्कमा प्रकाशित **उर्दूको सङक्षिप्त परिचय** विदेशी भाषासँग सम्वद्ध लेख हो (नैयर:२०४८:१९) । प्रस्तुत समीक्षात्मक लेखमा उर्दू भाषालाई हिन्दुस्थानका आसपासमा बोलिने विभिन्न भाषाहरुभन्दा उच्च र प्रसिद्ध भाषाको रूपमा प्रस्तुत गरिएको छ । मुसलमानहरुले हिन्दुस्थानमा विजय गर्दाताका त्यहाँको प्राज्ञिक एवम् साहित्यिक भाषा संस्कृत रहेको र मुसलमानहरु आएपछि अरबी, फारसी, तथा तुर्की भाषामा शब्दहरुसहित स्थानीय जनतासँग बोलीचालीका साथ इलांकेली प्राकृत भाषाहरुसँग मेलजुल बढाउँदा बढाउँदै एक नयाँ

भाषाको उत्पत्ति भयो जसलाई पहिले पहिले **लस्करी भाषा** उर्दू भनियो त्यसैले यसको नाम उर्दू रहन गयो भनी उल्लेख गरिएको देखिन्छ (नैयरः२०४८ः१९) ।

उर्दू भाषालाई खास गरी वृज भाषाको विकसित एवम् सु-संस्कृत स्वरूप मान्न सकिन्छ । उर्दूले फारसीबाट कोमलता र अरबीबाट सान सौकात लिएर आफ्नो विशेष किसिमको प्रभाव कायम गर्न सफल भएको र यस भाषालाई चरम बिन्दुमा पुऱ्याउन हिदुस्थानका तमाम प्रान्त, इलाका, त्यहाँका जनताहरुको बोली, लोक साहित्य एवम् सङ्गीतले महत्त्वपूर्ण भूमिका निर्वाह गरेको कुरा प्रस्ट पारिएको छ। उर्दू भाषालाई हिन्दु र मुसलमानहरुका बिचको मेल मिलाप एवम् साथसाथ रहँदा वस्ताको नतिजा हो भनी उल्लेख गरिएको छ।

अङ्ग्रेजहरुले हिन्दुस्थानमा आफ्नो प्रभाव बढाउन उर्दु भाषाको सहयोग लिई उक्त भाषाको विकासमा टेवा पुऱ्याएको चर्चा गरिएको छ। पाकिस्थानको राष्ट्रिय भाषाको रूपमा र हिन्दुस्थानका हरेक प्रान्तमा बोलवाला रहेको यस भाषालाई कतिपय मानिसहरू हिन्दी पनि भन्दछन् र देवनागरी लिपिमा पनि लेख्छन् । उर्दु भाषा एसियाका जुनसुकै देशहरुमा बोलिने, बुझिने र बेलायत, अमेरिका, क्यानडा आदि लगायतका देशहरुमा पनि यसको प्रभाव रहनुका साथै विश्वका बोलचालको क्रममा तेस्रो ठुलो भाषाको रूपमा लिइएको छ। नेपाली भाषा उर्दू भाषाबाट प्रभावित रहेको कुरा दरवारी, अदालतीका साथै केही साहित्यकारहरुले पनि उर्दूका शब्दहरु प्रचुर मात्रामा प्रयोग गरेबाट प्रस्ट हुन आउँछ । नेपालमा उर्दु भाषाको प्रसिद्धिबारे टिप्पणी गर्दै नेपाल सरकारले पाकिस्तान सरकारको सहयोगमा त्रि.वि. मा उर्दू विभाग स्थापना गरी पठन पाठन कार्य गरेको प्रसङ्ग पनि सो लेखमा प्रस्तुत गरिएको छ (नैयरः२०४८ः२१) ।

### ४.२.१.४ वर्ण विन्यास

लेखकको नामविना प्रकाशित **वर्ण विन्यास** शीर्षकको लेख अर्को भाषिक सामग्री हो (उन्मेष,२०५०:४९) । उक्त लेख सो एकाइका तत्कालीन सचिव बद्री विशाल भट्टराईको रहेको जानकारीमा आएको छ (शोधार्थी र बद्री विशाल भट्टराईसँगको कुराकानी) । यस भाषिक लेखमा वर्ण विन्यास सम्बन्धी सिद्धान्त तथा नियमहरुको चर्चा परिचर्चा गरिएको छ। जस्तै :-

- संस्कृत तत्सम शब्दहरु संस्कृत नियमानुसार लेख्ने,

- तद्भव नेपाली शब्द नेपाली वर्ण विन्यास नियमानुसार लेख्ने तर संस्कृत भाषाबाट आएका संयुक्ताक्षरी शब्द नेपाली भाषामा आउँदा संयुक्त अक्षरको लोप भएको छ भने त्यस स्थितिका अघिल्ला इकार उकार दीर्घ लेख्ने । जस्तैः श्रृङ्ग–सीङ, दुग्ध–दूध आदि ।
- आगन्तुक शब्दहरुलाई नेपाली वर्ण विन्यास नियमानुसार लेख्ने अथवा आगन्तुक शब्दका आदि र मध्येका इ, उ ह्रस्व हुन्छन् र सकारका दन्त्य स मात्र प्रयोग गर्ने, ब र व को प्रयोगमा उच्चारण अनुसार नै ब र व लेख्ने ।
- आगन्तुक र तद्भव उपसर्ग लागेर बनेका शब्दको पछाडिका इ ह्रस्व लेख्ने जस्तै, बिखर्ची, बिस्याहार, बिसन्चो आदि वर्ण विन्यास सम्बन्धी मूलभूत सिद्धान्त उल्लेख गरिएको छ (उन्मेष,२०५०:४९) ।

ह्रस्वदीर्घ सम्बन्धी नियमहरुमा ह्रस्व इ र उ को नियम दीर्घ ई र ऊ को नियम र अन्त्यमा दीर्घ हुने केही सामूहिक नियमहरुलाई उदाहरण सहित प्रस्ट पारिएको छ । **श, स, ष** को नियम अन्तर्गत **श** र **ष** को प्रयोग भइ रहेका संस्कृत तत्सम शब्दहरु चाहिँ विशुद्ध नेपाली जिब्राले **स** मात्र उच्चारण गर्छ भनी उल्लेख गरिएको छ । **ब** र **व** को नियम अन्तर्गत तद्भव र आगन्तुक शब्दमा उच्चारण अनुसार **ब** र **व** नै लेखिन्छ जस्तैः वकिल, पालुवा, ब्रिटिस, बाँस आदि । संयुक्ताक्षरी शब्दमा **व** लेखिन्छ जस्तैः छ्वाल्ल ट्वाँट आदि । तद्भव र आगन्तुक शब्दमा उच्चारण अनुसार **ब** र **व** नै लेखिन्छ जस्तैः बाटो, बाठो, बाँस, ब्रिटिस, बैंक आदिको उदाहरणसहित तर्कसङ्गत रूपमा विश्लेषण गरिएको छ । सो लेखमा पदयोग र पद वियोग बारे निम्नानुसार दिइएको छ ।

**पदयोग**

- विभक्तिहरु कारकीय पदसँग जोडेर लेख्ने, जस्तै : रामले, भाइलाई, उसबाट आदि ।
- नामयोगी जोडेर लेख्ने, जस्तै : त्यसपछि, यसबाहेक, गरेसम्म,भनेसम्म आदि ।
- समास भएका शब्द जोडेर लेख्ने, जस्तै : विश्वविद्यालय, केटाकेटी, सूर्यमुखी, दाजुभाइ
- द्वित्व प्रक्रियाद्वारा निर्मित शब्दहरु जोडेर लेख्ने जस्तै : घरघर, भातसात, मरमसला, झैझगडा, ऐचोपैचो आदि ।

- अकरणको न जोडेर लेख्ने, जस्तै : नखेल, नराम्रो, नजान्ने, नमिठो आदि ।
- काल सूचक प्रत्ययलाई जोडेर लेख्ने जस्तै : भन्छु, भन्ला, भन्नेछ आदि ।

**पद वियोग**

- प्रत्येक शब्द अलग अलग लेख्ने, जस्तै : रामले गाइलाई घाँस दियो ।
- बिभक्ति पछाडिको अव्ययलाई छुट्याएर राख्ने, जस्तै : रामको पछि, ज्ञानका लागि आदि ।
- प्रत्येक निपात शब्दहरु छुट्टाछुट्टै लेखिन्छन्, जस्तै : नै, अँ, त, यो, लौ, नि आदि ।
- कृदन्तीय काल जनाउने पद अलग अलग लेख्ने, जस्तै : खाँदो हुँ, पढेको छ आदि । उपर्युक्त नियमहरु उदाहरणसहित उल्लेख गरिएको छ (उन्मेष,२०५०:५३) ।

**ङ ञ ण न म** सम्बन्धी नियम **व** र **ओ**, **य** र **ए**, **ऋ** र **रि री**, **क्ष छे**, **इ ई** र **यि यी** को नियमहरुको उदाहरणसहित प्रस्ट पारिएको छ भने अन्त्यमा शिरबिन्दु र चन्द्रबिन्दु सम्बन्धी नियम र प्रयोग हुने अवस्थाको उदाहरणसहित व्याख्या विश्लेषण गरिएको छ । प्रस्तुत भाषिक लेखमा वर्ण, मात्रा आदिको सिलसिलेवार तत्सम, तद्भव र आगन्तुक शब्दहरु प्रयोग हुने अवस्थाको नियम सङ्गत रूपमा उपर्युक्त उदाहरण प्रयोग गरी विश्लेषण गरिएको छ । वर्ण विश्लेषण सम्बन्धी नियमहरुको सम्पूर्णतालाई सारमा खिच्न सक्नु नै यस लेखको धर्म हो ।

### ४.२.१.५ प्रचार प्रसार र भाषा

**उन्मेष** को चौथो अङ्कमा **प्रचार प्रचार र भाषा** प्रकाशित छ (श्रेष्ठ,२०५३:४) । यस लेखमा प्रचारलाई जटिलताभित्र बाँधिएका मानिसलाई स्वतन्त्र अस्तित्वको अनुभव गराएर बाँच्न बाध्य गराउने साधनको रूपमा लिइएको छ । प्रचारको मुख्य उद्देश्य बिना कुनै घुस मानिस वा समूहलाई सजिलैसँग नियन्त्रण गरी मानिसको ध्यान आफूतिर खिच्नु र उसको विचार आफूतिर परिवर्तन गर्नु हो भनी उल्लेख गरिएको छ । भाषाको कारण नै मानिसलाई संसारका सबै प्राणीमध्ये सर्वश्रेष्ठ मानिएको छ । सभ्यता र संस्कृतिको विकासमा दार्शनिक, मनोवैज्ञानिक, मानवशास्त्री, शरीरशास्त्री, शिक्षविद् आदि सबैले भाषा विकासको प्रतिफलको

रूपमा लिइएको प्रसङ्गलाई उजागर गरिएको छ । प्रचार प्रसारको उद्देश्य मानिसले पहिले सिकेका विभिन्न प्रवृत्ति मनोवृत्ति, पूर्वाग्रह आदिलाई बदल्न खोज्नु हो । भाषा प्रचारकको महत्त्वपूर्ण माध्यम भएकाले लक्षित समूहका विचार रुचि, इच्छा, मान्यता र मूल्य आदिको अध्ययन गरी प्रचार गर्नु पर्दछ भनी उल्लेख  गरिएको छ (श्रेष्ठ,२०५३:५) ।

कुनै पनि शब्द वा वाक्य सुनेपछि त्यसको अर्थ र महत्त्व नभएमा त्यो सार्थक प्रचार नहुने हुँदा प्रचार गर्नका लागि भाषा शब्द र अर्थको ठूलो महत्त्व रहेको चर्चा गरिएको छ । स्मृतिमा कुनै पनि कुराहरु राख्नका लागि शब्द वा भाषा महत्त्वपूर्ण पक्ष भएकाले भाषा ठिकसँग उच्चारण नगर्दा बोलाई सान्दर्भिक नहुने र प्रचार शिथिल बन्ने कुरालाई पनि प्रस्ट पारिएको छ (श्रेष्ठ,२०५३:५) ।

### ४.२.१.६ उखानको रूप र शैली संरचना

**उखानको रूप र शैली संरचना उन्मेष** मा प्रकाशित अर्को भाषापरक लेख हो (कोइराला,२०५५:१) । प्रस्तुत लेखमा दुई विपरीत सामाजिक पृष्ठभूमिको चापबाट विकसित उखानहरु सामाजिक जीवनमा हुने सकारात्मक नकारात्मक अन्तर्क्रियाबाट नै लोक जीवनमा प्रतिष्ठापित हुन्छन् भनी उल्लेख गरिएको छ । प्रत्येक उखानको आफ्नै संरचनात्मक आयाम हुने साथै निश्चित कथ्य युक्त कथनको रूपमा यसको प्रयोग भई लोकको विचार वा धारणा अभिव्यक्त हुने तथ्य सो लेखमा व्यक्त भएको छ । एकीकृत ज्ञान वा विचारको समग्रता नै उखान वाक्यको समग्र रूप हो भनी प्रस्ट पारिएको छ (कोइराला,२०५५:१) ।

उखानहरु दुई वा दुई भन्दा बढी पदले बन्ने चर्चासहित लेखकले यस्ता उदाहरणहरु दिएका छन् जस्तै : **भुक्ने/कुकुरले/टोक्दैन** । यहाँ तिन कथन वा एकाइहरु रहेका छन् तर सामाजिक अन्तर्क्रियाका कारण यसलाई दुई एकाइमा परिणत गरिएको छ : **भुक्ने कुकुरले टोक्तैन** ।

लेखकले प्रत्येक उखान वाक्यका मुख्य दुईवटा कथन एकाइ रहने पहिलो एकाइले कुनै समस्या वा विषयको उपस्थापन गर्ने र दोस्रो कथन एकाइले चाहिँ त्यस विषय वा समस्यामाथि सामाजिक अन्तर्क्रिया वा टिप्पणी प्रस्तुत गर्ने चर्चासहित दुई विपरीतार्थक र समानार्थक सन्दर्भबाट बनेका उखानहरुले नकारात्मक विषयलाई त्यागी सकारात्मक विचार वा धारणालाई स्थापित गर्ने कुरा सोदाहरण प्रस्तुत गरेका छन् (कोइराला,२०५५:३) ।

प्रस्तुत लेखमा उखानको रूप र शैली संरचनाको बारेमा भोजपुरी, मैथिली र नेपालीका विभिन्न उदाहरण दिई प्रस्ट पारिएको छ भने नेपालीको **'आयो दसैं ढोल बजाई/गयो दसैं ऋण बोकाई'** जस्ता उपयुक्त उखानलाई विभिन्न कोणबाट हेरी उखानको संरचना समेत देखाइएको छ । उखानहरु बन्द र खुला खण्ड मिलेर बन्ने टिप्पणी गर्दै प्रायजसो उखानका पूवार्ध वाक्य खण्डले अनेक विषयको सम्भावनाको प्रस्तुति र उत्तरार्ध वाक्य खण्डले ती धेरै सम्भावनामध्ये कुनै एउटालाई प्रस्तुत गरी वाक्य बन्द गर्ने कुरा निम्न उदाहरण दिई प्रस्ट गरिएको छ ।

- छोरी मरी/ठुला घर परी ।
- गरीब मरो/नियाँ परो ।
- सासको धन/काठको खुट्टो (कोइराला,२०५५:६) ।

समग्रमा यस लेखमा उखानको उठान, आयाम, कथन एकाइ आदिलाई उपयुक्त कोणबाट हेरी रूप र शैली संरचनाका विभिन्न उदाहरणद्वारा प्रस्ट पारिएको छ ।

### ४.२.१.७ व्याकरणात्मक परिवर्तन

**उन्मेष** को आठौं अङ्कमा **व्याकरणात्मक परिवर्तन** शीर्षकको लेख प्रकाशित देखिन्छ (निरौला,२०६१:१४९) । प्रस्तुत समालोचनामा समीक्षक निरौलाले समयको गतिसँगै भाषाका विभिन्न तहमा परिवर्तन भए झैँ व्याकरण व्यवस्था रूप, शब्द, शब्द समूह, उपवाक्य र वाक्यका तहमा हुने परिवर्तनलाई नै व्याकरणात्मक परिवर्तन हो भनी उल्लेख गरेका छन् । लिङ्ग, वचन, पुरुष, काल, पक्ष, भाव, वाच्य, कारक, आदि रूपात्मक कोटिहरुलाई व्याकरणत्मक नियम अन्तर्गत राखी भाषाको विकासक्रममा यी रूपात्मक कोटिहरुको नियममा शिथिलता आई हुने परिवर्तनलाई पनि व्याकरणात्मक परिवर्तनको रूपमा लिइएको छ (निरौला,२०६१:१४९) । नेपालीमा ध्वनि र अर्थ परिवर्तनका सम्बन्धमा केही अध्ययन भए पनि व्याकरणात्मक परिवर्तनका सम्वन्धमा त्यति अध्ययन नभएको प्रसङ्गलाई उठाउँदै ध्वनि र अर्थ परिवर्तनमा तीव्रता आए पनि माउ भाषा र त्यसबाट विकसित भाषाहरुलाई लिएर अध्ययन गरिने भएकोले व्याकरणात्मक परिवर्तनमा तीव्रता नआउने उल्लेख गरिएको छ । व्याकरणात्मक परिवर्तनको कारणले रूपमा सादृश्य, जातीय मनोवृत्ति, मानसिक स्तर, बलाघात आदिलाई आधार बनाइएको छ । प्रस्तुत लेखमा व्याकरणात्मक परिवर्तनका स्थानहरु निम्नानुसार दिइएको छ :-

- लिङ्गभेद हराउँदै जानु,
- वचनमा ह्रास,
- कर्मणि प्रयोगको ह्रास,
- सरल र तिर्यक कारकको भेदमा शिथिलता,
- कोटिमा परिवर्तन,
- संयुक्त क्रियाको बढी प्रयोग,
- अपूर्ण पक्ष वोधक प्रत्यय **दो** का ठाउँमा **रहेको** को आगमन,
- पुरुषमा अभेद,
- वाच्य परिवर्तन,
- **ले** विभक्ति प्रत्ययको प्रयोगमा वृद्धि,
- संयोजकका रूपमा **कि** को प्रयोग आदि

अन्तमा भाषाको सबैभन्दा माथिल्लो एकाइ वाक्यका तहमा भएको परिवर्तनलाई व्याकरणात्मक परिवर्तन मानी यसमा वाक्यतत्त्व सबै अङ्गमा देखा परेको परिवर्तनको विश्लेषण गरिन्छ भनी उल्लेख गरिएको छ । लिङ्ग, वचन, पुरुष, काल, पक्ष, भाव, वाच्य, कारक, करण-अकरण, आदर आदिमा आएको परिवर्तनलाई व्याकरणात्मक परिवर्तनको मूल विषयको रूपमा लिएको देखिन्छ (निरौला, २०६१:१५४) ।

### ४.२.१.८ भाषा र भाषिकाका अन्य भेदहरु

**उन्मेष** को नवौं अङ्कमा प्रकाशित **भाषिका र भाषिकाका अन्य भेदहरु** भाषा वैज्ञानिक लेख हो (भट्टराई,२०६४:७) । यस लेखमा एउटै भाषाका वक्ताहरु बिच देखा पर्ने भाषिक भिन्नतालाई भाषिक भेदको रूपमा स्वीकार गर्दै भाषाबाट भाषिका कसरी विकसित हुन्छ भन्ने कुरालाई आरेख चित्रमार्फत प्रस्ट पारिएको छ । भाषाका क्षेत्रीय भाषिका, भौगोलिक भाषिका, प्रयोजनपरक भेद र व्यक्तिबोली गरी चार मुख्य भेदहरुको चर्चा गर्दै यस्ता भेद उपभेदको समष्टिरूप भाषा र तिनको व्यष्टि तत्त्वको रूपमा भाषिक भेदलाई लिइएको छ (भट्टराई,२०६४:७) ।

प्रस्तुत लेखमा क्षेत्रीय भाषिकाको मुख्य कारणको रूपमा भौगोलिक विकटतालाई मानिएको छ । नदी, विकट पहाड, जङ्गल जस्ता प्राकृतिक अवरोधका कारण एकै भाषाका वक्ताहरुबिच निरन्तर सम्पर्क र अन्तर्क्रियाका कारण क्षेत्रीय भाषिकाको जन्म हुने उल्लेख गरिएको छ । मूल भाषाबाट क्षेत्रीय भाषा कसरी विकसित हुन्छ भन्ने कुरालाई चित्रमार्फत प्रस्तुत गरिएको छ । भाषिकाको पनि उपभेदलाई उपभाषिकाको रूपमा चिनाउँदै भाषालाई केन्द्रमा राखेर भाषिकाको पहिचान र निर्धारण गरिए जस्तै भाषिकालाई आधार मानेर त्यसभित्रको भेदको रूपमा उपभाषिका निर्धारण गरिने कुरा उल्लेख गरिएको छ । समाजमा एउटै भाषाका वक्ताहरु बिच वर्ग, लिङ्ग, उमेर, परिवेश, पेसा आदिका आधारमा देखिने भिन्नतालाई सामाजिक भाषिका अन्तर्गत राख्दै वर्गगत आधार अन्तर्गत एकै भाषाका वक्ताहरु आर्थिक दृष्टिले सम्पन्न तथा विपन्न, सामाजिक प्रतिष्ठाका दृष्टिले उच्च र निम्न, शैक्षिक दृष्टिले शिक्षित र अशिक्षित हुने र ती विभिन्न वर्गका व्यक्तिहरुले बोल्ने भाषा पनि फरक हुने कुरालाई उदाहरण सहित प्रस्ट पारिएको छ । लिङ्गगत आधार अन्तर्गत समाजमा पुरुष र महिलाको भाषामा शब्द भण्डार उच्चारण र कतिपय स्थितिमा व्याकरण वा शब्द गठनमा समेत भिन्नता देखिने कुरा प्रस्ट्याइएको छ । यसको उच्चारणका रूपमा पुरुष वर्गको भाषा केही रुखो र उच्चारणमा पनि खस्रोपन पाइने तर महिला वर्गको भाषामा सुष्ठुता र उच्चारणमा श्रुति मधुरता पनि हुने उल्लेख गरिएको छ । उमेरगत आधार अन्तर्गत बालभाषा, युवा युवतीको भाषा, प्रौढहरुको भाषा र वृद्धहरुको भाषामा पाइने अन्तरलाई उदाहरण सहित प्रस्ट पारिएको छ । परिवेशगत आधारमा गाउँले भाषा र सहरिया भाषामा देखिने पारिवेशिक भिन्नताले पनि सामाजिक भाषिका छुट्टिने चर्चा गरिएको छ । व्यक्तिले जीविकोपार्जनको लागि अँगालेको पेसाका आधारमा देखिने भाषिक भेदलाई पेसागत आधारको रूपमा लिइएको छ । डाक्टर, कानुन व्यवसायी र सिकर्मी, डकर्मीले प्रयोग गर्ने भाषामा पेसागत भिन्नता सहज रूपमा बुझ्न सकिने कुरा व्यक्त गरिएको छ (भट्टराई,२०६४:११) ।

सो लेखमा खास विषयसँग सम्बद्ध शब्द वा शब्दावलीका साथै निश्चित ढाँचाका वाक्य गठनयुक्त भाषिक भेदलाई प्रयोजनपरक भाषिक भेदको रूपमा लिइएको छ । कानुन, अर्थशास्त्र, विज्ञान, गणित, कला, साहित्य, राजनीतिक, प्रशासनिक आदि विभिन्न क्षेत्रमा प्रयोग सम्मत रूपमा देखिने प्रयोजनपरक भाषिक भेदलाई चित्रमार्फत प्रस्तुत गरिएको छ । भाषाको व्यापारिक

प्रयोजनका कारण पिजिन र क्रेओल जस्ता भाषाहरुको जन्म हुन पुग्ने सन्दर्भ उठाइ पिजिन र क्रेओलको सामान्य रूपमा चर्चा समेत गरिएको छ । अन्तमा एकै भाषाका हरेक वक्ताले बोल्दाको फरक वा भिन्नतालाई व्यक्तिबोलीको रूपमा चिनाई यसलाई पनि एउटा भाषिक भेदको रूपमा लिइएको छ (भट्टराई,२०६४:१२) ।

### ४.२.१.९ नेपालमा भाषिक सङ्कटापन्नता

यज्ञेश्वर निरौलाद्वारा लिखित **नेपालमा भाषिक सङ्कटापन्नता** अर्को समीक्षात्मक लेख हो (निरौला,२०६६:९१) । सो लेखमा नेपालका भाषाहरुलाई चार परिवार (भारोपेली, भोटवर्मेली, अग्नेली र द्रविड) भित्र राखी नेपालमा सबैभन्दा बढी बोलिने भोटबर्मेली परिवारका भाषाहरुको चिनारी सहित सो परिवार अन्तर्गतको कुसुन्डा भाषाका वक्ता ८७ जना मात्र रहेकोले सो भाषा लोप हुन लागेको उल्लेख गरिएको छ ।

सानो मुलुक धेरै भाषा नेपालको भाषिक विशेषता रहेको तर कतिपय भाषाहरु सदाका लागि लोप (राराहङ, पिखौली, सुकिता, हावी) भइ सकेको उल्लेख गर्दै २०५८ को जन गणना अनुसार नेपालमा ९२ वटा भाषाहरु अस्तित्वमा रहेको र २०६३ को अन्तरिम संविधान अनुसार नेपालमा बोलिने सबै मातृभाषाहरु राष्ट्रभाषाको रूपमा र देव नागरी लिपिमा लेखिने नेपाली भाषालाई सरकारी कामकाजको भाषाको रूपमा राज्यले स्वीकार गरेको उल्लेख गरेका छन् (निरौला,२०६६:९२) ।

प्रस्तुत लेखमा भाषा भाषिक सङ्कटका कारणहरु सामाजिक, आर्थिक, भौगोलिक आदिको चर्चासहित वासस्थानको बिनाश, बसाँइ सराइ, भाषिक दमन, असमावेशी शिक्षा, आधुनिक सञ्चार प्रणाली आदि कारणले भाषिक सङ्कटापन्नता बढेको भनी उल्लेख गरिएको छ । भाषालाई मरणासन्न भाषा, सङ्कटापन्न भाषा र सुरक्षित भाषा गरी तिन प्रकारमा देखाई उदाहरण सहित प्रस्ट पारिएको छ । लेखकले दश लाखभन्दा बढीले बोल्ने भाषालाई सुरक्षित मातृभाषाको कोटिमा राखेका छन् । त्यस्तै एक हजारदेखि एक लाख नेपालीले बोल्ने भाषालाई लोपोन्मुख मातृभाषाको रूपमा र एक हजारभन्दा कम वा सङ्ख्या नखुलेको भाषालाई मृतप्रायः भाषाको रूपमा उदाहरण सहित प्रस्ट पारेका छन् । यस भाषिक लेखमा भाषा लोप हुनुका विभिन्न कारणहरुमध्ये वक्ताले घरमा मातृभाषा नबोल्नुलाई प्रमुख कारणको रूपमा लिइएको छ

साथै भाषिक उत्थानका लागि भएका विभिन्न कार्यहरु (रेडियो, टी.भी.र विभिन्न संघसंस्थाका प्रयासहरु) को पनि चर्चा गरिएको छ (निरौला,२०६६:९५) ।

### ४.२.१.१० लिम्बू भाषामा सर्वनामीकरण

**उन्मेष** मा प्रकाशित अर्को भाषा व्याकरणपरक लेख **लिम्बू भाषामा सर्वनामीकरण** हो (सुब्बा,२०६६:१४२) । प्रस्तुत लेखमा भाषा विज्ञान वा व्याकरण शास्त्रमा सर्वनामीकरणको उदाहरण सहित सूच्य रूपमा चिनाउने प्रयास गरिएको छ । नामको पुनरुक्ति हटाउन नामलाई सर्वनामले साट्ने कार्यलाई सर्वनामीकरण भन्दै कहिले काहीँ कतिपय सर्वनाम बाहेकका शब्दहरुले पनि वाक्यमा सर्वनामको काम गरेको अवस्था र कतिपय भाषाका सर्वनामहरु पूर्ण वा आंशिक रूपमा अन्य पद (मूलतः क्रियापद) मा गएर टाँसिएको अवस्थालाई पनि सर्वनामीकरणको रूपमा चिनाइएको छ (सुब्बा,२०६६:१४२) ।

प्रस्तुत लेखमा लिम्बू भाषामा विभिन्न पुरुष वाचक सर्वनामका प्रकारहरुको उल्लेख गर्दै लिम्बू भाषामा सर्वनामीकरणका दुई प्रकारको उल्लेख सहित कर्ताका रूपमा मात्र आएका सहभागी सर्वनाम क्रियापदमा गएर टाँसिने प्रक्रियालाई सरल सर्वनामीकरण र कर्ता र कर्म दुवैका रूपमा आउने सहभागी सर्वनामका अंशहरु क्रियापदमा गएर जोडिने प्रक्रियालाई जटिल सर्वनामीकरणको रूपमा उदाहरण सहित प्रस्तुत गरिएको छ ।

### ४.२.१.११ नेपाली बृहत् शब्दकोशलाई अद्यावधिक गर्ने विधि र प्रक्रिया

**उन्मेष**को बाऱ्हौं अङ्कमा प्रकाशित **नेपाली बृहत शब्दकोशलाई अद्यावधिक गर्ने विधि र प्रक्रिया** भाषापरक समीक्षात्मक लेख हो (भट्टराई:२०६८:१) । विशेषतः यो कोश वैज्ञानिक समीक्षा हो । यसमा नेपाल प्रज्ञा प्रतिष्ठान र देशको सर्वोच्च शैक्षिक संस्था त्रिभुवन विश्व विद्यालयको प्राज्ञिक सहकार्यको रूपमा प्रकाशित नेपाली बृहत् शब्दकोशलाई नेपाली भाषाको बहु सूचनात्मक तथा आधिकारिक शब्दकोशको रूपमा चिनाइएको छ । नेबृशलाई नेपाली शब्द भण्डारको प्रकृति र प्रवृत्तिको अध्ययन गर्ने सन्दर्भ ग्रन्थको रूपमा पनि लिइएको छ । वि.सं २०४० मा प्रकाशित भई २०५०, २०५२ र २०५५ गरी तिन पटक पुर्नमुद्रित र २०५८ र २०६७ मा संशोधन सहित प्रकाशित यस शब्दकोशमा अपेक्षित संस्कार र परिष्कार भने नपुगेको भनी तर्कपूर्ण टिप्पणी गरिएको छ (भट्टराई:२०६८:१) ।

प्रस्तुत कोशपरक समीक्षामा नेबृशलाई एकभाषी शब्दकोशको रूपमा चिनाउँदै सो कोश कोशवैज्ञानिक सिद्धान्तानुसारी नभई पूर्व प्रकाशित शब्दकोशको ढाँचामा आश्रित रहेको टिप्पणी गरिएको छ । कोशका निर्देशक बालकृष्ण पोखरेलले नेपाली वाङ्मयका सम्पूर्ण शब्दरूपी गेडागुडीलाई एकत्रित गरी तयार पारिएको **क्वाँटीकोश** भनी टिप्पणी गरेको, विशेष सम्पादक वासुदेव त्रिपाठीले समग्र नेपाली शब्द भण्डारको एकीकृत प्रस्तुतिका रूपमा नेबृश तयार पार्ने परिकल्पना आफूले गरे पनि व्यावहारमा उतार्न नसकिएको भन्ने विचार व्यक्त गरेका छन् भनी प्रकाश पारिएको छ । यसै कथनको आधारमा नेबृश प्रवृष्टि चयन, सूचना र अर्थ विधानका दृष्टिले समग्रात्मक शब्दकोशतर्फ अभिमुख देखिएको कुरा प्रस्ट पारिएको छ । नेबृशमा प्रविष्टि चयन, प्रविष्टि निर्धारण तथा व्यवस्थापन, सूचनाहरुको प्रस्तुति, अर्थ विधान, वर्ण विन्यास लगायत समग्र पक्षमा पूर्व प्रकाशित नेपाली शब्दकोशमा कमी कमजोरी रहेको र नीतिगत ढाँचा पनि स्पष्ट नरहेको कुरा उल्लेख गरिएको छ । यस कोशमा अप्रचलित शब्दहरुको आधिक्य देखिन्छ भने बहु प्रचलित शब्द प्रशस्त मात्रामा छुटेका छन् कुनै भाव वा विचार व्यक्त गर्न नेपाली शब्द प्रयोगमा रहेको स्थितिमा पनि अरबी, फारसी, उर्दु जस्ता आगन्तुक शब्दहरु सूचीकृत छन् भनी उदाहरण सहित टिप्पणी गरिएको छ । प्रस्तुत लेखमा नेबृशमा भएका व्याकरणिक सूचना, शब्दको व्युत्पत्ति, अर्थ विधान, पारिभाषिक शब्दावली, समसामयिकता आदिका कमजोरीहरु दर्साउँदै उदाहरण सहित प्रस्ट पारिएको छ । यसमा अस्पष्ट परिभाषा, अतिसङ्क्षिप्तता, अर्थ संकोच, आर्थी सूचनाको न्यून प्रयोग, व्याकरण, वर्ण विन्यासका, त्रुटिपूर्ण सूचना आदिका कारण कतिपय शब्दको अर्थ विधान प्रभावित रहेको तथ्य उल्लेख गरिएको छ (भट्टराईः२०६८ः३) ।

नेबृश धेरै मात्रामा सामान्य एकभाषी कोशको ढाँचामा रहेकाले यसलाई सामान्य एकभाषी कोशको रूपमा नै अद्यावधिकीकरण गर्नु उपयुक्त हुने तर्क प्रस्तुत गरिएको छ । यसरी अद्यावधिकीकरण गर्दा निम्न आधार उपयुक्त हुने धारणा उल्लेख गरिएको छ ।

- सम्पादकीयका स्थापना अनुरूप सम्पादन,
- नेपाली शब्द भण्डारको वर्तमान स्थिति अनुरूप परिवर्धन,
- नेपाली भाषाको वर्तमान कथ्य र लेख्य रूपको मानक निर्धारण तथा ग्रहण आदि (भट्टराईः२०६८ः८) ।

२०४० मा प्रथम संस्करण प्रकाशित भएको नेबृश तिन पटक पुनर्मुद्रित र दुई पटक संशोधन सहित प्रकाशित भई करिव ४० हजार बढी नेपाली भाषाका प्रयोक्ता र अध्येता समक्ष पुगि सके पनि हालसम्म अद्यावधिकीकरण हुन नसकेको कुरालाई औँल्याइएको छ । शब्दको स्रोत, व्युत्पत्ति, व्युत्पादन, शब्दवर्ग, व्याकरणिक सूचना आदिका साथै अर्थ विधानमा समेत नेबृशभित्र सम्पादकीयका स्थापना तथा कोश विज्ञान विपरीत रहेका असङ्गतिहरु हटाई वर्तमान नेपाली शब्द भण्डारको प्रतिनिधित्व हुने गरी आद्योपान्त सम्पादन गर्नु आवश्यक रहेको कुरा प्रस्ट पारिएको छ । नेबृशलाई मानक र प्रामाणिक सन्दर्भ कोशको रूपमा विकसित गर्न नेपाली कथ्य र लेख्य प्रवृत्ति पहिल्याई तिनमा रहेको वैज्ञानिकताको आत्मसात् र असङ्गतिको निराकरण गर्नु आवश्यक रहेको कुरालाई मुख्य रूपमा प्रस्तुत गरिएको छ । समग्रमा यस लेखमा नेबृशभित्र भएका त्रुटि, द्विविधा र भ्रमपूर्ण स्थानहरुलाई उदाङ्गो पार्ने कार्य गरिएको छ ।

## ४.३ सैद्धान्तिक समालोचना

साहित्य शास्त्रसँग सम्बन्धित विचार तथा चिन्तनलाई सैद्धान्तिक समालोचना भनिन्छ । साहित्यिक समालोचनाका सिद्धान्तहरु पूर्वीय तथा पाश्चात्य दुई क्षेत्रगत पाइन्छन् । तिनमा विविध पक्षीय चिन्तनहरु छन् । उन्मेष पत्रिकामा यस प्रकृतिका ६ वटा समालोचनाहरु प्रकाशित देखिन्छन् । ती सबै छुट्टाछुट्टै विषय वस्तुमा आधारित छन् । यहाँ यिनै समालोचनाहरुको क्रमशः अध्ययन गरिएको छ ।

### ४.३.१ तालिका २ *सैद्धानितक समालोचना र समालोचक*

| क्र.सं. | लेखक | शीर्षक | वर्ष | अङ्क | पृष्ठ |
|---|---|---|---|---|---|
| १ | श्रीराम न्यौपाने | महाकाव्यको सैद्धान्तिक स्वरूप | २०५५ | ५ | ७३ |
| २ | डिल्ली प्रसाद पाण्डेय | निबन्ध परिचय, सिद्धान्त र वर्गीकरण | २०५८ | ६ | ४७ |
| ३ | रमेश कुमार भट्टराई | संस्कृतमा रसमय ललित महाकाव्य परम्पराः सङ्क्षिप्त चर्चा | २०६० | ७ | ४५ |
| ४ | रमेश कुमार भट्टराई | संस्कृत शास्त्रीय अलङ्कारमय महाकाव्य : एक समीक्षा | २०६१ | ८ | २१ |

| | | | | | |
|---|---|---|---|---|---|
| ५ | चिन्तामणि भट्टराई | काव्यदोषको सङ्क्षिप्त विवेचना | २०६६ | ११ | १३८ |
| ६ | विन्दु शर्मा | कथाको अभिघात समालोचना | २०६८ | १२ | ११३ |

माथिको तालिकामा दिइएका समालोचनात्मक लेखहरुको विवेचना तल गरिन्छ ।

### ४.३.१.१ महाकाव्यको सैद्धान्तिक स्वरूप

**उन्मेष** मा प्रकाशित सैद्धान्तिक समालोचनामध्ये **महाकाव्यको सैद्धान्तिक स्वरूप** प्रथम सैद्धान्तिक समालोचना हो (न्यौपाने,२०५५:७३) । प्रस्तुत समालोचनामा पूर्वीय तथा पाश्चात्य विभिन्न साहित्यिक व्यक्तित्त्वहरुका चिन्तनका आधारमा कविता विधाको बृहत् र बृहत्तर रूपलाई महाकाव्यको रूपमा चिनाइएको छ ।

पूर्वीय साहित्यमा रामायण र महाभारत जस्ता आर्षकाव्यहरुलाई दृष्टिगत गरी भरतमुनि, भामह, दण्डी आदि आचार्यहरुले साहित्यिक चिन्तन प्रस्तुत गरे पनि महाकाव्यको परिचय दिने प्रथम श्रेय चाहिँ पाँचौ शताब्दीका आचार्य भामहलाई दिइएको छ । महाकाव्यको विस्तृत परिभाषा प्रदान गर्ने चिन्तकको रूपमा आचार्य विश्वनाथलाई लिइएको छ । **किरातार्जुनीय, शिशुपाल वध,** र **नैषधीय चरित** जस्ता (वृहत्त्रयी) कलात्मक काव्यहरुलाई विस्तृत महाकाव्य परिभाषा निर्माणका कारकको रूपमा चिनाइएको छ । पश्चिमी साहित्यमा होमरको **इलियड** र **ओडिसी** जस्ता विकसित महाकाव्यलाई उपजीव्य स्रोतको रूपमा लिंदै अरिस्टोटलले आफ्नो **काव्यशास्त्र** भित्र महाकाव्यलाई चिनाउने प्रयास गरेको चर्चा पनि यसमा पाइन्छ । पछिल्लो समयमा एनियड, डिभाइन कमेडी जस्ता महाकाव्यहरुका साथसाथै महाकाव्य परिभाषाले पनि नयाँ मोड लिएको चर्चा यस लेखमा प्रस्तुत छ ।

महाकाव्य सम्बन्धी पूर्वीय र पाश्चात्य विद्वानहरुका मतहरु लेखमा अभिव्यक्त छन् । पूर्वीय सस्कृत काव्यशास्त्रमा सर्वप्रथम महाकाव्यको परिभाषा अगाडि सार्ने आचार्य भामहको **काव्यालङ्कार** मा पद्यहरुको उपवर्गीकरण गर्ने क्रममा महाकाव्यको चर्चा परिचर्चा गरिएको छ भनी उल्लेख गरिएको छ । आचार्य भामह, दण्डी, रुद्रट, विश्वनाथ र बिसौं शताव्दीका समीक्षक डा.नगेन्द्रका महाकाव्य सम्बन्धी मान्यताको सङ्क्षिप्त रूपमा विश्लेषण गरिएको छ । पश्चिमी साहित्यमा महाकाव्यको परिचय सर्वप्रथम अरिस्टोटलले **काव्यशास्त्र** मा दुःखान्त नाटकको

विस्तृत विवेचना गर्ने क्रममा दिएको कुरा उल्लेखनीय छ । यसै गरी समालोचक डब्लु.पी.कर, एबर क्रोम्बी, समालोचक सी.एम.बाबरा, एम्.एच्.अब्राइम्स, म्याक्लिन डिकन्स आदि र **द न्यु इन्साइक्लोपेडिया ब्रिटानिका** मा भए गरेका महाकाव्य सम्बन्धी चिन्तनहरु प्रस्तुत गरी अन्तमा 'महाकाव्य सम्बन्धी मान्यताहरुको समीक्षा' प्रस्तुत गरिएको छ । सो समीक्षामा पूर्वमा भामह र पश्चिममा अरस्तुबाट प्रारम्भ भएको महाकाव्य सम्बन्धी मान्यतालाई आधार मानी पछिका विद्धान्हरुले संशोधित परिभाषा अगाडि सारेको टिप्पणी गरिएको छ । भामह र अरस्तुको महाकाव्य सम्बन्धी (कथानक, पात्र योजना, वस्तु सङ्गठन, उद्देश्य, भाषाशैली, रसभाव, आयाम आदि) सबै मान्यताहरुमा पाइने साम्यहरुलाई विभिन्न कोणबाट तुलनात्मक रूपमा प्रस्तुत गरिएको र पूर्वमा महाकाव्य चिन्तनमा इतिहास प्रसिद्ध तथा सत्य कथामा आधारित र लोकप्रसिद्ध कथानक आवश्यक मान्ने आचार्यहरु दण्डी, रुद्रट, विश्वनाथ र पश्चिममा महत्त्वपूर्ण एवम् गरिमामय घटना वर्णन, पात्रका क्रियाकलापबाट प्रस्तुत जीवन घटनाको चित्रण र महत्त्वपूर्ण घटना वर्णन गर्ने क्रमशः सी.एम्.बाबरा, डब्लु.पी.कर, र भोल्तेयरका महाकाव्य सम्बन्धी मतहरुलाई पनि तुलनात्मक रूपमा प्रस्तुत गरिएको छ (न्यौपाने,२०५५:७९) । यसरी, प्रस्तुत लेखमा पूर्वीय र पाश्चात्य विभिन्न विद्वानहरुको महाकाव्य चिन्तनमा पाइने साम्य पक्षलाई केलाएर प्रस्ट पार्ने जमर्को गरेको देखिन्छ ।

### ४.३.१.२ निबन्ध परिचय, सिद्धान्त र वर्गीकरण

**उन्मेष**को छैटौँ अङ्कमा **निबन्ध : परिचय, सिद्धान्त र वर्गीकरण** शीर्षकको समीक्षा प्रकाशित छ (पाण्डे,२०५८:४७) । यसमा निबन्धको अर्थ, परिचय, तत्त्व र वर्गीकरणका साथै व्युत्पत्तिगत अर्थलाई  पनि प्रस्ट पारिएको देखिन्छ ।

साहित्यका विविध विधामध्ये निबन्धलाई कान्छो विधाको रूपमा परिचित गराउँदै कुनै निश्चित विषय वा शीर्षकभित्र केन्द्रित भई व्याख्या विश्लेषण सहित लेखिने विधाको रूपमा यसलाई हेरिएको छ । राम्ररी कस्नु, प्रयत्न गर्नु र प्रयोग गर्नु भन्ने अर्थमा निबन्धलाई लिई थोरैमा धेरै भाव व्यक्त गर्न सकिने भएकाले यसलाई राम्ररी कसिएको साहित्यिक विधा मानिएको टिप्पणी सहित पूर्वीय साहित्यमा साहित्यिक विधाका रूपमा निबन्ध शब्दको प्रयोग नभएकाले यसको उत्पत्ति र विकासमा पाश्चात्य साहित्यको महत्त्वपूर्ण देन रहेको कुरा प्रस्ट

पारिएको छ । निबन्धका जन्मदाताका रूपमा फ्रान्सेली मोन्तेनलाई आत्मपरक निबन्धकार र अङ्ग्रेजी साहित्यका प्रथम निबन्धकार फ्रान्सिस बेकनलाई वस्तुपरक निबन्धकारको रूपमा चिनाई यी दुवैको निबन्ध सम्बन्धी मान्यतालाई प्रस्तुत गरिएको छ । यसैगरी पाश्चात्य, पूर्वीय र नेपाली विद्वानहरुका निबन्ध सम्बन्धी मतहरु क्रमिक रूपमा प्रस्तुत गरिएको छ । यिनै विद्वान्हरुका परिभाषाको आधारमा निबन्धलाई आत्म प्रकाशन गर्ने उद्देश्यले रचिएको जीवन जगत्का कुनै पनि विषय वस्तुमा विशिष्ट उद्देश्य राखी लेखिने सङ्क्षिप्त गद्यात्मक साहित्यिक रचनाका रूपमा उल्लेख गरिएको छ । निबन्धमा लेखकका निजी अनुभूति र विचारलाई नम्रतापूर्वक सरल, सहज र सुमधुर शैलीमा व्यक्त गरिने कुरालाई प्रस्ट पारिएको छ (पाण्डे,२०५८:४८) ।

प्रस्तुत लेखमा निबन्धका तत्त्व र वर्गीकरणहरुको पनि शाखा उपशाखाहरुका प्रसङ्ग खुलाई क्रमिक रूपमा विश्लेषण गरिएको छ । निबन्धका तत्त्व अन्तर्गत वस्तु, शैली र उद्देश्यलाई उद्धृत गर्दै यी तिनै तत्त्वका भेदोपभेदको चर्चा गरिएको छ । अन्त्यमा निबन्धको निजात्मक र परात्मक दुई भेद देखाई निजात्मक निबन्ध अन्तर्गत भावात्मक, विचारात्मक र वैयक्तिक र परात्मक अन्तर्गत वर्णनात्मक र विवरणात्मक गरी वर्ग उपवर्गमा वर्गीकरण गरिएको छ । निबन्धकारको व्यक्तिसत्ता, मिजास एवम् मानसिकताको प्रतिक्रियालाई निजात्मक निबन्धको रूपमा परिचित गराई यसलाई आत्मपरक, वैयक्तिक, व्यक्तिपरक, व्यक्तिनिष्ठ र विषयी प्रधान पनि भनिन्छ भनी उल्लेख गरिएको छ । निजात्मक निबन्धमा निबन्धकारका भावना, विचार र दृष्टिकोण प्रकट गरिने भएकाले यसलाई भावात्मक, विचारात्मक र वैयक्तिक गरी तीन भागमा वर्गीकरण गरिएको कुरालाई प्रस्ट पारिएको छ । विषयप्रधान निबन्धलाई परात्मक निबन्धको रूपमा चिनाइएको छ । यसको विषयवस्तु इतिहास, दर्शन, विज्ञान, साहित्य, प्रकृति, राजनीति आदि जे पनि हुन सक्ने र व्यक्ति गौण र विषय प्रधान हुने कुरालाई उल्लेख गरिएको छ । निजानुभूतिको वास्ता नगरी पर वा वस्तु सत्यको यथार्थ चित्र प्रस्तुत गर्नु परात्मक निबन्धको धर्म हो (पाण्डे,२०५८:५३) ।

### ४.३.१.३ संस्कृतमा रसमय ललित महाकाव्य परम्परा : सङ्क्षिप्त चर्चा

**उन्मेष**को सातौँ अङ्कमा **संस्कृत रसमय ललित महाकाव्य परम्परा : सङ्क्षित चर्चा** प्रकाशित छ (भट्टराई,२०६०:४५) । प्रस्तुत समालोचनामा महाकाव्यलाई विकसित र ललित

दुई वर्गमा वर्गीकरण गर्दै शताब्दी शताब्दीसम्म अनेक कविहरुका प्रयासबाट परिष्कृत परिमार्जित र विकसित हुदै वर्तमान अवस्थामा आइपुगेका काव्य र रचनाहरुलाई विकसित महाकाव्यको रूपमा लिइएको छ । पश्चिममा होमर रचित, **इलियड** र **ओडिसी** का साथै पूर्वका **रामायण** र **महाभारत** लाई विकसित महाकाव्यको रूपमा प्रस्तुत गरिएको छ । एकै व्यक्तिको प्रौढ प्रतिभा र विशिष्ट काव्य कौशलद्वारा एकै अभियानमा रचना भएको कलात्मक कृतिलाई ललित महाकाव्यको संज्ञा दिइएको छ । पश्चिमी साहित्यमा **एनियड, डिभाइन कमेडी** आदि र पूर्वमा **कुमार सम्भव, रघुवंश** जस्ता काव्य शास्त्रीय कलात्मक महाकाव्य कृतिहरुलाई ललित महाकाव्यको रूपमा प्रस्तुत गरिएको छ । पूर्वीय सस्कृत काव्य परम्पराका **रामायण, महाभारत** र **श्रीमद्भागवत** जस्ता काव्य महाकाव्य ग्रन्थहरुलाई उपजीव्य महाकाव्य ग्रन्थको रूपमा लिइएको छ (भट्टराई,२०६०:४५) ।

समीक्षक भट्टराईले संस्कृत ललित महाकाव्य परम्परालाई सुकुमार रसमय धारा र शास्त्रीय अलङ्कारवादी धारा गरी दुई भागमा विभाजन गरी पाणिनि, वररुचि, कालिदास, अश्वघोष जस्ता महाकविहरुलाई सुकुमार रसमय धाराका महाकवि अन्तर्गत र भारवि, सुबन्धु, दण्डी, वाण भट्ट, माघ, श्रीहर्ष जस्ता धुरन्धर र उद्भट दार्शनिक महाकविहरुलाई शास्त्रीय अलङ्कारवादी धाराका महाकविका रूपमा राखेका छन् । सुबन्धु, दण्डी र वाण भट्टलाई विचित्रमार्गी शास्त्रीय अलङ्कारवादी धाराका गद्य महाकविका रूपमा प्रस्तुत गर्दै वाण भट्टको कादम्बरीलाई संस्कृतमा आलङ्कारिक गद्य महाकाव्यको सर्वोत्कृष्ट नमुनाको रूपमा चिनाएका छन् (भट्टराई,२०६०:४६) ।

प्रस्तुत समालोचनामा लौकिक संस्कृत साहित्यको प्रथम ललित महाकाव्यको रूपमा पाणिनिको पाताल विजय वा जाम्ववती विजयलाई र दोस्रो रसमय ललित महाकाव्य र महाकाव्यकारका रूपमा अष्टाध्यायीका वार्तिककार वररुचि र उनको स्वर्गारोहण वा कण्ठाभरण लाई लिइएको छ । यी दुवैको पूर्ण र प्रामाणिक महाकाव्य ग्रन्थ उपलब्ध हुन नसके पनि संस्कृत ललित महाकाव्य परम्पराको प्रामाणिक र सुसम्बद्ध पूर्ण इतिहास पहिल्याउन ईसाको प्रथम शताब्दीका आदिकवि द्वय अश्वघोष र कालिदाससम्म आइ पुग्नु पर्ने कुरालाई प्रस्ट पारिएको छ ।

सो समीक्षामा सहज अलङ्कारमय काव्यशैली र सरल, सुमधुर भावाभिव्यञ्जनाका रससिद्ध महाकवि कालिदासलाई संस्कृत काव्य जगत्कै सर्वोच्च र भारतीय काव्य परम्पराका कविकुल गुरु मानिएको छ । उनलाई सहज, सुकुमार शैली, प्रसाद माधुर्य गुण सम्पन्न, करुणादि रसमय भावाभिव्यञ्जना, उपमा प्रयोग, सौन्दर्यमय प्रकृति पर्यवेक्षण आदिका दृष्टिले सिङ्गो संस्कृत काव्य जगत्कै विश्व प्रशंसित महाकविका रूपमा उल्लेख गरिएको छ । उनका कुमार सम्भव र रघुवंश महाकाव्य, मेघदूत खण्डकाव्य र विश्वप्रशंसित अभिज्ञान शाकुन्तलम् काव्य नाटकलाई यस धाराका उच्चतम् उपलब्धि मानिएको छ । संस्कृत साहित्यको इतिहासमा बहुचर्चित लघुत्रयी र बृहत्त्रयी गणना अन्तर्गत लघुत्रयीमा केवल कालिदासकै मात्र तिन कालजयी काव्यहरु : कुमारसम्भव र रघुवंश महाकाव्य अनि मेघदूत खण्डकाव्य रहेको चर्चा गरिएको छ ।

सहज, सुकुमार शैली कलात्मक रसमय काव्यधारामा देखापर्ने विराट् काव्य प्रतिभाका धनी, बौद्ध धर्मावलम्बी संस्कृत महाकवि अश्वघोषलाई कालिदासीय काव्यप्रवृत्तिकै एक विशिष्ट महाकविका रूपमा प्रस्तुत गरिएको छ । सरल भाषा, प्रसाद र माधुर्य गुण सम्पन्न, सुकुमार शैली र शान्तरस प्रधान दार्शनिक महाकाव्य बुद्ध चरित र सौन्दरानन्दलाई पनि संस्कृतको रसमय ललित महाकाव्य परम्पराको विशिष्ट महाकाव्यको रूपमा लिइएको छ । यी मध्ये बुद्ध चरित एक नायकीय महाकाव्यको रूपमा चिरपरिचित छ (भट्टराई,२०६०:४८) । यस समालोचनामा अनुसन्धानात्मक र विश्लेषणात्मक पक्ष सवल रहनुका साथै सारमा बृहत् विषयलाई समेट्न सफल भएको देखिन्छ ।

#### ४.३.१.४ संस्कृत शास्त्रीय अलङ्कारमय ललित महाकाव्य : एक समीक्षा

**उन्मेष** को आठौँ अङ्कमा **संस्कृत शास्त्रीय अलङ्कारमय ललित महाकाव्य : एक समीक्षा** शीर्षकको लेख प्रकाशित देखिन्छ (भट्टराई,२०६१:२१) । प्रस्तुत लेखमा संस्कृत साहित्यलाई मूलत : दृश्यकाव्य र श्रव्यकाव्य दुई प्रकारमा वर्गीकरण गर्दै दृश्यकाव्य अन्तर्गत रूपक र उपरूपकका भेद उपभेद र श्रव्यकाव्यलाई पनि गद्य र पद्य दुई प्रमुख भेद देखाई विभिन्न उपभेदहरु प्रस्तुत गरिएको छ । गद्य र पद्य मिश्रितलाई अलगै वर्गमा राखेर चम्पू उपनाम दिइएको छ । संस्कृत साहित्यमा सबै गद्य स्वरूपको विकसित, विस्तारित र कविताको

चुडान्त परिणति अवलम्वन गर्ने सर्वाङ्गपूर्ण र महत्तम् विधाका रूपमा महाकाव्यले सर्वोपरि महत्त्व पाएको कुरा प्रस्ट पारिएको छ ।

संस्कृत काव्यशास्त्रीय परम्पराका प्रमुख आचार्यहरुमध्ये भामह, दण्डी, रुद्रट, अग्निपुराणकार, हेमचन्द्र र विश्वनाथका महाकाव्य परिभाषालाई महत्त्वपूर्ण मानिएको छ भने आनन्द वर्द्धन र अभिनवगुप्तले प्रवन्ध ध्वनिका रूपमा, कुन्तकले प्रबन्ध वक्रताका र शारदातयनले महाकाव्य न भनी संहिता नाममै सर्गबन्ध काव्यका रूपमा विशेष महत्त्व दिएर चर्चा गरिएको कुरा प्रस्ट पारिएको छ । संस्कृतमा महाकाव्यको सर्वप्रथम परिभाषा भामहबाट भएको र त्यसपछि दण्डी, रुद्रट अग्निपुराणकार, हेमचन्द्र र विश्वनाथले दिएको योगदानको चर्चा गर्दै विश्वनाथको महाकाव्य परिभाषालाई सबभन्दा पछिल्लो, सर्वाधिक सन्तुलित, सर्वतत्त्व समन्वित, सर्वमान्य र पूर्ण मानिएको छ (भट्टराई,२०६१:२२) ।

प्रस्तुत लेखमा संस्कृत साहित्यको ललित महाकाव्य परम्परामा शीर्षस्थ र आदि आर्षकाव्यका रूपमा वाल्मीकि **रामायण** लाई र भारतीय सभ्यताको व्यापक वृत्तान्त र ऐतिहासिक सत्य सम्पदाको बृहत्तम् महाकाव्यको रूपमा **महाभारत** लाई चिनाइएको छ । यी दुबै संस्कृतका विकसित महाकाव्यलाई उत्तरवर्ती संस्कृत दृश्य श्रव्य काव्य जगत्का उपजीव्य प्रेरणा स्रोतको रूपमा उल्लेख गरिएको छ । संस्कृतको ललित महाकाव्य परम्परालाई प्रवृतिगत आधारमा सुकुमार रसमय काव्यधारा र विचित्र अलङ्कारमय शास्त्रीय काव्यधारामा विभाजित गरी अध्ययन गरिएको छ । पहिलो धारा वाल्मीकि रामायणपछि पाणिनि, वररुचि र अश्वघोष हुँदै कालिदासमा पुगेर चरमोत्कर्ष र दोस्रो धाराको विकास रामायण महाभारतकै उपजीव्यतामा ईसाको पाँचौ शताब्दीपछि भारवि, भट्टि माघ हुँदै श्रीहर्षसम्मको चर्चा गरिएको छ । **किरातार्जुनीय, रावणवध, शिशुपाल वध,** र **नैषधीय चरित** लाई संस्कृत अलङ्कारमय शास्त्रीय काव्यधाराका चर्चित प्रतिनिधि महाकाव्यको रूपमा उल्लेख गर्दै यिनीहरुको सङ्क्षिप्त रूपमा समीक्षा गरिएको छ (भट्टराई,२०६१:२७) ।

सो लेखमा भारवि र माघको महाकाव्यमा पाइने सूक्ष्मातिसूक्ष्म साम्यवैसम्यको तुलनात्मक रूपमा अध्ययन गरी भारविभन्दा माघको कवित्व महिमा र **किरातार्जुनीय** भन्दा **शिशुपाल वध** ओजस्वी र सशक्त रहेको कुरा उल्लेख गरिएको देखिन्छ । श्रीहर्षलाई संस्कृतको पाण्डित्य प्रवल विचित्रमार्गी शास्त्रीय अलङ्कारवादी काव्यधाराका चरमोत्कर्ष महाकविका रूपमा

चिनाइएको छ । प्रखर पाण्डित्य र उन्नत काव्यकला प्रदर्शका दृष्टिले नैषधीय चरित समग्र संस्कृत काव्य जगत्कै अद्धितीय महाकाव्यको रूपमा चिर परिचित छ । **नैषधीय चरित** लाई संस्कृत साहित्यमा बृहत्त्रयी गणना अन्तर्गतको **किरातार्जुनीय** र **शिशुपाल वध** को संयुक्त रूपभन्दा ठूलो शास्त्रीय काव्यधाराको मूर्धन्य महाकाव्यको रूपमा उल्लेख गरिएको छ । यसमा महाभारत वनपर्वको ५३ औं देखि ७९ औं अध्यायमा वर्णित नलोपाख्यानको निषादराज उदयन र वैदर्भ राजकन्या दमयन्ती बिच भएको पवित्र प्रेमकथालाई ओजनदार भाषा, उच्चतर कल्पनामय वर्णन, अतिशय प्रौढ, उत्कृष्ट आलङ्कारिक र सजीव शैलीका माध्यमले विशिष्ट कवित्व र पाडित्य प्रदर्शन गरेको कुरा प्रस्ट पारिएको छ । श्रीहर्षको **नैषधीय चरित** को उदयपछि भारवि माघ नआउन्जेल चम्किए तर नैषदको उदयपछि भारवि र माघ कहाँ पुगे कहाँ ? भनी उल्लेख गरिएको छ । अन्तमा विलक्षण पाण्डित्य र प्रखर प्रतिभाका धनी महाकवि श्रीहर्षलाई निर्विवाद रूपले संस्कृतको विचित्रमार्गी शास्त्रीयतावादी काव्यधाराका अन्तिम कवि प्रतिभाको रूपमा स्विकारिएको छ (भट्टराई,२०६१:३१) ।

### ४.३.१.५ काव्यदोषको सङ्क्षिप्त विवेचना

**उन्मेष**को एघारौँ अङ्कमा प्रकाशित **काव्यदोषको सङ्क्षिप्त विवेचना** अर्को सैद्धान्तिक समालोचना हो (भट्टराई,२०६६:१३८) । समीक्षक भट्टराईले संस्कृत काव्यशास्त्रका विभिन्न काव्यशास्त्रीहरुको काव्यदोष सम्बन्धी विभिन्न परिभाषाहरु प्रस्तुत गर्दै काव्य दोषको स्वरूप, परम्परा र वर्गीकरण गरी अध्ययन विश्लेषण गरेको देखिन्छ । मूलतः काव्य दोष भनेर कविता/काव्य वा साहित्य रचनामा हुन आएका उद्देश्य प्रतीतिका विघातक तत्त्वहरुलाई बुझ्न सकिन्छ भनी उल्लेख गरेका छन (भट्टराई,२०६६:१३८) ।

समीक्षक भट्टराईले काव्यदोषको स्वरूप र परम्परा उपशीर्षकमा गुणका साथमा दोष र रसका साथमा दोष अन्तर्गत पहिलोमा भरत र भामह देखिका अलङ्कारवादी आचार्यहरुका काव्यदोष सम्बन्धी अवधारणाहरु उल्लेख गरेका छन् भने दोस्रोमा रस-ध्वनिवादी आचार्यहरु आनन्द वर्द्धन, अभिनव गुप्त, महिम भट्ट, मम्मट, विश्वनाथ आदिका काव्यदोष सम्बन्धी धारणाहरु उल्लेख गरेका छन् । अलङ्कारवादी आचार्य भामहका अनुसार दोषमुक्त काव्य कुपुत्र समान निन्दनीय पात्र हुन्छ भनी परिभाषित  गरेका छन् भने रस ध्वनिवादी आचार्य आनन्द

वर्द्धनले रसापकर्षक तत्त्वलाई नित्य दोष तथा श्रुतिदुष्ट आदि दोषलाई अनित्य दोष मानेका छन् भनी उल्लेख गरिएको छ । अन्तमा काव्यदोषको वर्गीकरण उपशीर्षकमा काव्यदोष सम्बन्धी पूर्वीय आचार्यहरु भरत, भामह, दण्डी, वामन, रुद्रट, आनन्द वर्द्धन, अभिनव गुप्त, भोजराज, मम्मट आदिका विभिन्न प्रकारहरुको उल्लेख गर्दै सबैभन्दा बढी काव्यदोषको सङ्ख्या पुऱ्याउने आचार्यको रूपमा मम्मटलाई (७०वटा) र सबैभन्दा कम सङ्ख्यामा काव्यदोषको वर्गीकरण गर्ने आचार्यको रूपमा महिम भट्टलाई (५वटा) चिनाएका छन् । समग्रमा पददोष, पदांशदोष, वाक्यदोष, अर्थदोष र रसदोषलाई उपयुक्त मानी रसदोषलाई काव्यको दुर्गुण, कलङ्क, खोट तथा रसापकर्षक तत्त्वका रूपमा चिनाएका छन् (भट्टराई:२०६६:१४१) ।

### ४.३.१.६ कथाको अभिघात समालोचना

**कथाको अभिघात समालोचना, उन्मेष**को बाऱ्हौं अङ्कमा प्रकाशित अर्को सैद्धान्तिक समालोचना हो (शर्मा,२०६८:११३) । समीक्षक शर्माले आधुनिक नेपाली कथामा बिसको दशकदेखि नवयुग प्रारम्भ भएको चर्चा गर्दै यस अवधिमा परम्परागत कथाका विपरीत अकथा प्रयोग सहित अतियथार्थवादी, अस्तित्ववादी, विसङ्गतिवादी प्रवृत्तिको वर्चश्व रहेको उल्लेख गरेको देखिन्छ । प्रारम्भकालीन नेपाली कथामा पात्रमा व्यक्तिगत वा मानसिक विचलन जस्ता अभिघातको वर्चश्व रहे पनि २०४६ सालको राजनैतिक परिवर्तन पछिको परिवेशमा राजनैतिक विकृतिसँगै अभिघातको प्रकृति व्यक्ति, समाज र देशव्यापी हुन गएको उल्लेख गरिएको छ । राजनैतिक अभिघातका **समकालीन नेपाली द्वन्द्व कथा** (२०६३) र **द्वन्द्व र युद्धका कथा** (२०६४) लाई नमुनाको रूपमा लिई अभिघात समालोचनाको सामान्य सैद्धान्तिक परिचय र विश्लेषणका ढाँचाहरु प्रस्तुत गरी यसैका आधारमा नेपाली कथाहरुको विश्लेषण गरिएको देखिन्छ (शर्मा,२०६८:११३) ।

समीक्षक शर्माले अभिघातलाई हिंसा, भय, त्रास र व्यक्तिगत सम्बन्धले मानिसमा पारेको मानसिक, शारीरिक असरको रूपमा चिनाई यसलाई 'शरीरमा भएको भौतिक चोट' र 'भावनात्मक आघात पुऱ्याएर दीर्घकालीन मनोवैज्ञानिक असरहरु पार्ने अत्यन्त ध्वंसात्मक अनुभव' गरी दुई सन्दर्भमा अर्थ्याइएको छ । यी मध्ये पहिलो अर्थ चिकित्सा विज्ञानसँग सम्बन्धित छ भने दोश्रो अर्थ साहित्यिक समालोचनासँग प्रयुक्त रहेको उल्लेख गरिएको छ । कटु

अनुभव, चोट, मानसिक आघात, सामाजिक, सांस्कृतिक, आर्थिक कमजोरी आदिलाई अभिघातका कारणका रूपमा लिइएको छ ।

राजनीतिक वा सांस्कृतिक अभिघात र व्यक्तिगत वा मनोवैज्ञानिक अभिघातलाई अभिघातको प्रकारको रूपमा लिई यी मध्ये पहिलोमा युद्ध, वैचारिकता, धार्मिक आस्थाका आधारमा हुने ठूला-ठूला युद्ध लडाई आदिका आडमा हुने हिंसालाई राजनीतिक वा सांस्कृतिक अभिघातको रूपमा चिनाएको छ भने पारिवारिक तनाव, प्रेममा धोका, यौन हिंसा, बलात्कार, शारीरिक चोट वा घाउका कारण व्यक्तिगत वा मनोवैज्ञानिक अभिघात उत्पन्न हुने तर्क प्रस्तुत गरिएको देखिन्छ । अभिघात समालोचनामा कृति विश्लेषणका विभिन्न ढाँचा अन्तर्गत पूर्व अभिघात अवस्था, अभिघातका घटना र कारण र उत्तर अभिघात तिन चरणमा विभाजन गरी मनोविश्लेषकहरुले प्रस्तुत गरेका प्रमुख ढाँचाहरु : आत्म परिचय स्थापना, आत्मा उपचारको सम्भावना, व्यक्तित्व रूपान्तरण, आत्मसुरक्षा अवलम्बनको क्रमशः विश्लेषण गरिएको देखिन्छ (शर्मा,२०६८:११५) ।

प्रस्तुत लेखमा समीक्षक शर्माले अभिघात समालोचनाका आधारमा फरक फरक समयावधिमा प्रकाशित भएका र भिन्न-भिन्न प्रकृतिका समस्या देखाउने नेपाली कथाहरु विजय मल्लको **'एक बाटो अनेक मोड'** (२०२६), **माया ठकुरीको 'चौतारो साक्षी छ'** (२०४६) र महेश विक्रम शाहको **'किडी जियाले कर्णालीमा फाल हालिन्'** (२०६३) को आवश्यकता र सन्दर्भ अनुसार फरक-फरक सैदान्तिक ढाँचा अवलम्बन गरी कथाका विभिन्न उदाहरण सहित विश्लेषण गरिएको देखिन्छ । मल्लको **'एक बाटो अनेक मोड'** र ठकुरीको **'चौतारो साक्षी छ'** व्यक्तिगत अभिघात र शाहको **'किडी जियाले कर्णालीमा फाल हालिन्'** लाई राजनीतिक अभिघात भएको कथाको रूपमा चिनाएकी छिन् । अन्तमा समयको गतिसँगै अगाडि बढेको नेपाली कथामा विविध कारणबाट सिर्जित अभिघातको प्रयोग व्यापक हुँदै गएको कुरा उल्लेख गरिएको देखिन्छ (शर्मा,२०६८:११२) ।

### ४.४ लोक साहित्यपरक समालोचना

लोक र साहित्य शब्दको योगबाट लोक साहित्य शब्द बनेको हो । लोक शब्दले खास स्थानका मानव समुदायलाई बुझाउँछ भने साहित्य शब्दले जीवन जगत्को हित गर्ने

सिर्जनालाई बुझाउँछ । लोकज्ञान वा लोक भावनामा आधारित श्रुति परम्पराबाट प्राप्त व्यक्ति विशेषको नभई अपठितहरुबाट सामूहिक ढङ्गले लोकगीत, लोक कविता, लोकगाथा/लोककाव्य, लोककथा, लोक नाटक, गाउँखाने कथा, उखान, टुक्का आदि विधाका रूपमा अभिव्यक्ति हुने मौखिक अभिव्यक्तिलाई लोक साहित्य भनिन्छ (शर्मा र अन्य,२०६३:१५)। लोक साहित्य साहित्यको मात्र नभएर मानव सभ्यताकै आधार पीठ हो । यसले मानव इतिहासका सामग्रीहरुलाई भण्डारण गरेर राखेको हुन्छ (सुवेदी,२०६८:१७५) ।

उन्मेषमा लोक साहित्यसँग सम्बद्ध आठ ओटा समालोचनाहरु प्रकाशित छन् । ती सबै छुट्टाछुट्टै विषय वस्तुसँग सम्बन्धित छन् । ती निम्नानुसार छन् :

**४.४.१ तालिका ३** *लोक साहित्यपरक समालोचना र समालोचक*

| क्र.सं. | लेखक | शीर्षक | वर्ष | अङ्क | पृष्ठ |
|---|---|---|---|---|---|
| १ | तुलसी मान श्रेष्ठ | नेपाली चुड्का गीत : परिचय र विश्लेषण | २०६० | ७ | ४० |
| २ | तुलसी मान श्रेष्ठ | कौरा नृत्य गीतको विश्लेषण | २०६१ | ८ | ७५ |
| ३ | तुलसी मान श्रेष्ठ | गोरखा जिल्लामा प्रचलित घाटुको विवेचना | २०६४ | ९ | ४१ |
| ४ | बेनी जङ्गम रावल | लोकगीतको संरचना | २०६४ | ९ | १७ |
| ५ | तुलसी मान श्रेष्ठ | दोहोरी गीत र यसको मूल्याङ्कन | २०६६ | १० | ४५ |
| ६ | बेनी जङ्गम रावल | नेपाली लोक गीतमा धर्मराज थापा | २०६६ | ११ | ४६ |
| ७ | तुलसी मान श्रेष्ठ | ठाडो भाका गीत | २०६६ | १२ | ३१ |
| ८ | चन्दा भारती | सुर्खेत उपत्यकामा प्रचलित तिज गीतको अध्ययन | २०६८ | १२ | ६५ |

माथिको तालिकामा दिइएका समालोचनात्मक लेखहरुको विवेचना तल गरिन्छ ।

### ४.४.१.१ नेपाली चुड्का गीत : परिचय र विश्लेषण

**उन्मेष** को सातौँ अङ्कमा प्रकाशित **नेपाली चुड्का गीत : परिचय र विश्लेषण**ले लोक साहित्यिक समालोचनाको प्रतिनिधित्व गरेको छ (श्रेष्ठ,२०६०:४०) । प्रस्तुत समीक्षात्मक लेखमा नेपाली चुड्का गीतको परिचय, छन्द विधान, भाका, भेद आदिको सामान्य विश्लेषण गरिएको देखिन्छ । चुड्का गीतलाई नेपाली साहित्य अन्तर्गतको लोकप्रिय बाऱ्हमासे, मनोरञ्जनात्मक नृत्यगीतको रूपमा चिनाइएको छ । सामूहिक रूपमा गाइने चुड्का गीत चाडपर्व, हाट बजार, विवाह-उत्सव तथा कृषक युवा युवतीहरुले दिनभर काम गरेर बेलुका एकै ठाउँमा जम्मा भएर मन बहलाउनका लागि खैँजेडीको तालमा गाएर तथा नाचेर मनोरञ्जन गर्छन् भनी उल्लेख गरिएको छ ।

लोक साहित्यविद् श्रेष्ठले चुड्का गीत गाउनेलाई खाले र गाउने नाच्ने ठाउँलाई खाल भनिन्छ भनी प्रस्ट पारेका छन् । एउटा खालेमा ५ देखि २५ जनासम्म पुरुष गायक हुने र तीमध्ये गीत कथ्न सिपालु, पौराणिक ग्रन्थ, धर्मशास्त्र, राजनीति ऐतिहासिक तथा समसामयिक विषय वस्तुका मर्मज्ञ लाक्षणिक एवम् व्यङ्ग्य शैलीलाई बुझ्ने व्यक्ति नाइके हुने तथ्य प्रस्तुत गरेका छन् । प्रश्नोत्तर शैलीमा खैँजेडी बजाएर गाइने यो गीतमा नाच्ने केटीहरुलाई जुन, फुल र प्रतिस्पर्धीलाई वादल, भमरा आदिसँग आरोप गरी प्रशस्त मनोरञ्जन लिइन्छ भनी उल्लेख गरिएको छ । यस लेखमा रोइला र चुड्का झन्डै एकै प्रकारका गीत हुन् रोइलाभन्दा चुड्का भाका पुरानो हो भनी प्रकाश पारिएको छ (श्रेष्ठ,२०६०:४१) ।

लयका दृष्टिले मिल्दो जुल्दो भएकाले चुटका र रोइलालाई एउटै कोटिमा राखेर अध्ययन गरिएको छ । दुई पाउ पहिलो पाउमा ६ अक्षर र दोस्रो पाउमा ७ अक्षर भएको चुड्किलो पाराको गीतलाई चुड्का गीतको रूपमा चिनाइएको छ । लयका आधारमा चुड्के भाका र ठुटे भाका गरी दुई भेदमा छुट्याइएको छ । विशेषतः चुड्का गीतलाई नारायणी, गण्डकी, लुम्बिनी अञ्चलका प्रत्येक गाउँहरुमा खैँजेडी र मुजुराको सुमधुर धूनसहित युवा समूहले गाउने गीतको रूपमा लिइएको छ ।

### ४.४.१.२ कौरा नृत्यगीतको विश्लेषण

**उन्मेष** को आठौँ अङ्कमा **कौरा नृत्यगीतको विश्लेषण** प्रकाशित देखिन्छ (श्रेष्ठ,२०६१:७५) । युवा युवतीले खैंजेडी बजाउँदै नाच्ने मनोरञ्जनात्मक गीतको रूपमा कौराको चिनारी सहित यसको लय विधान र प्रकारहरुको चर्चा गरिएको छ ।

समीक्षक श्रेष्ठले नेपालको सबै भागमा कौरा गाइए तापनि विशेषतः गोरखा, तनहुँ, लमजुङ, स्याङ्जा, कास्की, पाल्पा र नवल परासीका मगर समाजमा अत्यन्त प्रचलित रहेको उल्लेख गरेका छन् । कौरा मगर भाषाको कानराहा शब्दबाट अपभ्रंस भई बनेको उल्लेख गर्दै कानहाराको अर्थ 'हामी आयौं' भन्ने हुन्छ भनी प्रकाश पारेका छन् (श्रेष्ठ,२०६१:७५) । एक लहर लोग्ने मान्छे र अर्को लहर स्वास्नी मान्छे उभिई डम्फु र खैंजेडीको तालमा नाचगान गरिने प्राचीन नृत्यलाई कौरा गीतको रूपमा लिइएको र सो गीत विशेषतः माघे सङ्क्रान्ति वा श्री पञ्चमीको दिन सुरु गरी असार पूर्णिमाको दिन पुरा गरिने सन्दर्भबारे जानकारी दिएका छन् । कौरा नृत्यको आयोजना गुरुबाको निर्देशनमा देवी देवताको वन्दना गर्दा लामी धामी र पुजारीहरुमा झाँक आउने तथ्य प्रस्तुत गरिएको छ । माघे सङ्क्रान्तिदेखि विभिन्न चाडपर्व तथा उत्सवहरुमा मनोरञ्जन गरिने गीत गुरुबाकै निर्देशनमा अर्को श्रीपञ्चमी नआउँदासम्म नगाउने ननाच्ने बाचा बन्धनका साथ सिमेभूमे, वायु, कुलायन, जलकन्या देवी देवतालाई फलाकेर धुप धुवाँर गर्दै समापन गरिन्छ (श्रेष्ठ,२०६१:७५) । हाल आएर कौरा गीत बाऱ्हमासे गीत जस्तै विभिन्न चाडपर्व तथा संस्कारहरुमा बाऱ्है महिना गाइने कुरा प्रस्ट पारिएको छ ।

लोकसाहित्य समीक्षक श्रेष्ठले संरचनात्मक दृष्टिले कौरा गीत तिन हरफको हुने पहिलो हरफमा ८ अक्षर, दोस्रोमा ७ र तेस्रोमा ९ अक्षर हुने उल्लेख गरेका छन् । जस्तै :

दुवै बैनी गोलनीको
यौटै वर्ण परेको
मै मायाले झन्डै मरेको ।

सकेसम्म हे नानी
नजाऊ नजाऊ भन
गए पनि धान जोवन (श्रेष्ठ,२०६१:७६) ।

समीक्षक श्रेष्ठले लय विधानका दृष्टिले कौरागीत लयात्मक, रागात्मक र सङ्गीतात्मक हुने कुरा उल्लेख गरेका छन् । उनले कौराको लय, ताल, सुर र कथ्य भाषाको सामञ्जस्यले गायन चमत्कारपूर्ण हुनुका साथै यसले लोक हृदयलाई च्वास्स छुने कुरा उल्लेख गरेका छन् ।

कौरा गीतलाई वन्दना र मनोरञ्जनात्मक गीत गरी दुई प्रकारमा वर्गीकरण गरिएको छ । वन्दना गीत परम्परागत देवी देवताको स्तुति गान गरी गाइन्छ भने दुख, पीडा, हर्ष, उल्लास र उमङ्ग आदिका लहरहरु पैदा गराई मनोरञ्जन प्रदान गर्नुलाई मनोरञ्जनात्मक गीतको रूपमा लिइएको छ । अन्तमा कौरा र अन्य गीतमा समता विषमता उपशीर्षकमा कौरा र चुड्का गीत, कौरा र रोइला गीतमा भएका समानता र विषमतालाई प्रस्ट्याउने प्रयास गरिएको छ (श्रेष्ठ,२०६१:८१) ।

### ४.४.१.३ लोकगीतको संरचना

**उन्मेष** को नवौँ अङ्कमा **लोकगीतको संरचना** प्रकाशित छ (रावल:२०६४:१७) । लोक सङ्गीतज्ञ बेनी रावलले मानिस असभ्य युगदेखि नै प्रकृति र जीवनप्रति आकर्षित भई बुद्धि र कल्पना शक्तिको परिवर्तन सँगसँगै गीत नृत्य आदिको अस्पस्ट अभिव्यक्तिले विस्तारित रूप लिई गीत सङ्गीतको ध्वनियुक्त स्फुरण हुन थालेको र त्यही गीत नृत्यको भाव भङ्गिमा नयाँ सभ्यताको रमाइलो स्वत स्फूर्तः धारामा परिवर्तन भई लोकगीतको रूप निर्माण भएको उल्लेख गरेकी छन् । नेपालको लोक संस्कृतिमा लोकगीतले प्राचीन कालदेखि नै धारा प्रवाह रूपमा प्रवाहित भएर देशको प्रतिनिधि संस्कृतिका रूपमा परिचय दिदै आएको कुरा प्रस्ट्याएकी छन् । लोकगीतमा लिपिबद्धता र रचयिताको नाम ठेगाना उल्लेख नहुने हुँदा सर्व साधारण जन समुदायका महिला तथा पुरुषको कण्ठलाई नै लोकगीतको उद्गम स्थलको रूपमा लिइएको छ । कृत्रिमता नभेटिने सरल र स्वाभाविक भावना साथसाथै श्रुतिपरम्पराबाट निरन्तर रूपमा गतिमान्गीतलाई लोकगीतको विशेषताको रूपमा चर्चा गरिएको देखिन्छ (रावल:२०६४:१७) ।

समीक्षक रावलले यस लेखमा लोकगीतको संरचनामा अनेकौ भेद उपभेद हुन सक्ने सम्भावन देखाउँदै मोटामोटी रूपमा भाषा, कथ्य विषय, लय विधान, भाका, बनोट पद या रचना, थेगो र कहानी, स्वर, रस आदिको सङ्क्षिप्त व्याख्या विश्लेषण गरी लोकगीतको संरचनालाई उदाहरण सहित प्रस्ट पार्दै अन्तमा लोकगीतलाई लोक जीवनको व्यापक रूपमा

लिई गीत सङ्गीत र नृत्य क्षेत्रको अभिन्न पाटोको रूपमा समेत चर्चा गरिएको छ (रावल:२०६४:२२) ।

### ४.४.१.४ गोरखा जिल्लामा प्रचलित घाटुको विवेचना

**'गोरखा जिल्लामा प्रचलित घाटुको विवेचना' उन्मेष** मा प्रकाशित अर्को लोक साहित्यपरक समालोचना हो (श्रेष्ठ,२०६४:४१) । समीक्षक श्रेष्ठले **घाटु** गुरुङ मगर समाजमा प्रचलित नृत्य भएकोले गण्डकी अञ्चलका सबै जसो जिल्लाहरुमा विशेष गरेर गुरुङ र मगरहरुको बाहुल्य भएको जिल्ला गोरखामा यो नृत्य प्रस्तुत हुने गरेको उल्लेख गरेका छन् । उनले **घाटु** लाई पुरानो पुस्ताबाट नयाँ पुस्तातर्फ हस्तान्तरित हुँदै जाने मौखिक परम्परामा आधारित गीतको रूपमा चिनाएका छन् । यसका रचनाकार अज्ञात हुने भएकाले व्यक्तिको नभई समुदायको सम्पत्तिको रूपमा उल्लेख गर्दै घाटुको नामकरण र व्युत्पत्तिबारे विभिन्न विद्वानका मतहरु पनि प्रस्तुत गरेका छन् ।

समीक्षक श्रेष्ठले घाटु नृत्यमा गुरुबा र गुरुमालाई अत्यन्त महत्त्वपूर्ण जनशक्तिका रूपमा लिने गरेको र उनीहरुकै सल्लाह र निर्देशनमा थालनी हुने घाटुका विभिन्न चरण वा खण्डहरु (जन्म खण्ड, विवाह खण्ड , सिकार खण्ड र सती खण्ड) लाई मुख्य रूपमा लिई गीतको नमुना सहित सङ्क्षिप्त विश्लेषण गरेका छन् । श्रीपञ्चमीमा सुरु भई वैशाख पूर्णिमामा समापन हुने **घाटु** लोक नाटकले समाजमा सद्भाव बढाउनुका साथै मनोरञ्जन दिने उल्लेख छ । लोक नाटक अन्तर्गतको **घाटु** का कथानक, पात्र, संवाद, भाषा, परिवेश, रूप योजना, रङ्गमञ्च, उद्देश्य, आदि तत्त्वहरु हुने कुरा प्रस्ट पारिएको छ (श्रेष्ठ,२०६४:४१) ।

अन्तमा घाटुको कथानकमा विविधता भन्ने उपशीर्षकमा विभिन्न विद्वान्हरुका **घाटु** को कथानकमा भएको फरक मत प्रस्तुत गरी पात्रमा विविधता, भाषामा भिन्नता, रहेको कुरा प्रकाश पारेका छन् । मुख्यतः मनोरञ्जन प्रदान गर्ने **घाटु** गीतलाई लय तन्काएर गाइने हुँदा गीतको अर्थ बुझ्न गाऱ्हो हुने कुरा पनि प्रस्ट पारिएको छ ।

### ४.४.१.५ दोहोरी गीत र यसको मूल्याङ्कन

**उन्मेष** को दसौँ अङ्कमा लोकगीतसँग सम्बद्ध **दोहोरी गीत र यसको मूल्याङ्कन** नामक समीक्षा प्रकाशित छ (श्रेष्ठ,२०६६:४५) । प्रस्तुत समीक्षामा लोक साहित्य समीक्षक श्रेष्ठले दुई

व्यक्ति वा समूहबिच प्रश्नोत्तर शैलीमा गाइने गीतलाई दोहोरी गीतको रूपमा चिनाएका छन् । दोहोरी गीत केटाकेटा, केटीकेटी बिचमा पनि गाउन सकिने उल्लेख गर्दै उनले यस गीतलाई सवाल जवाफका रूपमा दुवैतिरबाट गाइने भएकोले दोहोरी गीत हो भनी टिप्पणी गरेका छन् । असारे गीत, जेठे गीत, चुड्का, कौरा, रोइला, ठाडो भाका आदि सबैजसो भाकामा जुहारी खेल्न सकिने र त्यसरी खेल्न सकिने जुहारीलाई नै दोहोरी गीतको रूपमा परिचित गराएका छन् (श्रेष्ठ, २०६६:४५) ।

अलग अलग दुई समूहमा विभाजित गायकहरुमध्ये एउटा पक्षले प्रश्नात्मक गीत गाइ सकेपछि अर्को पक्षले उत्तर दिने र यसरी दुवैतर्फका नाइके गीतमा पारख भएका तुरुन्त गीत कथ्न सक्ने हुनु पर्ने र नाइकेले गीत थालेपछि अन्य सहयोगीले गीत छोप्ने प्रचलन रहेको भनी यसको गायन पक्षबारे बताएका छन् । यसमा बाद्य बादकहरुले बाद्य बादन गर्ने र केही फुर्तिला पात्रहरुले गीतका भावको हाउभाउ समेत गरेर नाचेका हुन्छन् भनी उल्लेख गरेका छन् । परिचयबाट सुरु हुने दोहोरी गीत एउटा विषय वस्तुमा आधारित भई गाइने र यसमा बाल बालिका युवा युवती र बुढापाका सबैले उत्तिकै मनोरञ्जन लिन सक्ने कुरा प्रकाश पारिएको छ । दोहोरीमा गीतको भावमा अभिनय समेत गरिने हुन्छ । यसरी गाइने गीतमा सामाजिक, आर्थिक, राजनैतिक, पौराणिक आदि विविध विषय वस्तु समावेश गर्न सकिने प्रसङ्ग उठाइएको छ । गीतमा पटक पटक दोहोरिने अंश स्थायी गीतको मूल कथ्यलाई अन्तरा र अन्तराहरुमा पटक पटक दोहोरिने पदलाई थेगो वा रहनी भनिन्छ । रहनी रहित गीतका भाकाहरु र रहनी सहितका गीतका भाकाहरुको उदाहरण दिई पस्ट पार्ने जमर्को पनि गरिएको पाइन्छ (श्रेष्ठ,२०६६:४७) ।

प्रतियोगितात्मक दोहोरी गीत उपशीर्षकमा २०४० सालदेखि नेपाल राष्ट्रिय खेलकुद परिषद्ले राष्ट्रिय दोहोरी प्रतियोगिताको थालनी गरेको र हालमा शिक्षा, स्वास्थ्य, सरसफाई आदि समस्त क्षेत्रमा जन चेतना अभिवृद्धि गराउने कार्यक्रममा पनि दोहोरी गीत समावेश गर्ने प्रचलन बढ्दै गएको कुरा उल्लेख गरिएको छ । भाव, संरचना, लय र स्वर, प्रस्तुति भाषा आदिलाई दोहोरी गीतको मूल्याङ्कनका अपरिहार्य विधिको रूपमा चिनाउँदै प्रत्येकको सङ्क्षिप्त रूपमा विश्लेषण गरिएको छ । गायनको प्रस्तुति शैली र गीतको भावका आधारमा सामान्य श्रोताले पनि गायन गर्छन् तर प्रतियोगितात्मक दोहोरी गीतमा निर्णायक मण्डल नै गठन गरिने

कुरा उल्लेख गरिएको छ । पहिले वन पाखा, हाट बजार, मेला पर्व आदिमा गाइने गीत अहिले सहरको साँघुरो गल्लीमा भित्रिएको प्रसङ्ग उठाइएको छ । समीक्षकले अहिलेका सहरका दोहोरी साँझहरुमा गाइने दोहोरी गीतहरुले वन पाखा आदिमा घन्कने गीतको भाव पक्डन नसकेको र कनीकुथी रचेर ग्राहकहरुलाई मनोरञ्जन दिलाउने भाव राखेको प्रस्ट पारेका छन् ।

### ४.४.१.६ नेपाली लोकगीतमा धर्मराज थापा

**'नेपाली लोकगीतमा धर्मराज थापा' उन्मेष** को एघारौँको अङ्कमा प्रकाशित अर्को लोक साहित्यपरक समालोचना हो (रावल,२०६६:४६) । लोक सङ्गीतविद् रावलले लोकगीतलई जन संस्कृतिको महत्त्वपूर्ण विधाको रूपमा चिनाई यस विधाका अग्रज धर्मराज थापाले नेपाली लोकगीत र साहित्यको प्रवर्तनमा पुऱ्याएको योगदानको सङ्क्षिप्त चर्चा गरेकी छन् ।

समीक्षक रावलले धर्मराज थापाले **पोखराको ग्राम्य गीत** २००३ शारदा र उद्योग पत्रिका मार्फत प्रकाशित गरी लोकगीतप्रतिको सक्रियता अगाडि बढाएको उल्लेख गरेकी छन् । उनले लोकगीत प्रधान पत्रिका **डाँफेचरी** (२०१०) प्रकाशनमा ल्याएर राष्ट्रभाषा, प्रेम र राष्ट्रिय जागरणमा निकै सघाउ पुऱ्याएको पनि प्रस्ट पारेकी छन् । लेखमा धर्मराज थापाले लोक गीतका लय भाकाहरु, लोक कथाहरु र लोक रचनाहरुलाई बटुलेर नेपाली लोक संस्कृतिमा टेवा पुऱ्याएको प्रसङ्ग पनि उठाइएको छ । लोकगीत एवम् साहित्य अध्ययन संकलनका लागि सिङ्गो नेपाल भ्रमण गरिसकेका थापाले पुस्तक पुस्तिका लेखन, भूमिका, साहित्यको रचना, गीति सङ्ग्रह, सवाइ काव्य, यात्रा संस्मरण आदि विषयहरुलाई अँगाली लेखिएको ३४ ओटा पुस्तकहरुको सूचीकरण पनि गरिएको छ (रावल,२०६६:४८) ।

प्रस्तुत लेखमा लोकगीतबारे धर्मराज थापाको धारणा, थापाको लोक गायन व्यक्तित्व, उनका योगदान र उपाधिको चर्चा गर्दै लोकाभिव्यक्तिलाई चित्र मार्फत प्रस्तुत गरिएको छ ।

### ४.४.१.७ ठाडो भाका गीत

ठाडो भाका गीत **उन्मेष** को बाऱ्हौं अङ्कमा प्रकाशित अर्को लोक साहित्यप्रधान समीक्षा हो (श्रेष्ठ,२०६८:३१)। यसमा लोक साहित्यविद् श्रेष्ठले ठाडो भाका गीत गण्डकी अञ्चलका सम्पूर्ण जिल्ला र यसका आसपासका अन्य क्षेत्रमा पनि प्रचलित रहेको कुरा प्रकाश पारेका

छन् । ठाडो उभिएर गाइने भएकाले यसलाई ठाडो भाका गीत भनिएको उल्लेख गर्दै यो चाडपर्व, बिहे, व्रत, उत्सव, मेलापात जुनसुकै समयमा पनि गाउन सकिने बाऱ्हमासे गीत भनी चिनाएका छन् (श्रेष्ठ,२०६८:३२) । यस लेखमा श्रेष्ठले लमजुङको कर्पुटारलाई ठाडो भाका गीतको उद्गम स्थल मानी दुराडाँडाका देउ बहादुर दुरालाई ठाडो भाका गीतका विख्यात गायकको रूपमा चिनाएका छन् ।

समीक्षक श्रेष्ठले ठाडो भाका गीतलाई दुई चरण अन्तर्गत पहिलो र दोस्रो चरणमा १८/१८ अक्षर हुनुलाई यसको संरचनागत विशेषताको रूपमा लिएका छन् । पहिलो चरणमा दोहोऱ्याएर, तेहोऱ्याएर गाइन्छ भने विभिन्न झ्याउरे टुक्का झै लामो गन्थन भट्टाएर दोस्रो चरण गाइन्छ भनी उल्लेख गरेका छन् । यसलाई युवा युवतीहरुले मिलेर गाउने समूह गीतको रूपमा लिई दुवैतर्फ एक/एक नाइके हुने र एउटा समूहको नाइकेले सुरु गरेको गीतलाई अर्को समूहका सबैले दोहोऱ्याउँछन् यसलाई गीत छोप्नु भनिन्छ भनी प्रस्ट पारेका छन् । ठाडो भाका गीतको विभिन्न उदाहरण सहित प्रस्तुत गर्नु यस लेखको  विशेषता मान्न सकिन्छ । ठाडो भाका गीतको संरचनालाई कथ्य सन्देश, चरण, स्थायी र अन्तरामा वर्गीकरण गरी सामान्य चर्चा समेत यसमा गरिएको छ । अन्तमा  ठाडो भाका गीत र अन्य गीतको तुलना उपशीर्षकमा ठाडो भाका र सालेजो भाका, ठाडो भाका र झ्याउरेको तुलनात्मक रूपमा उदाहरण सहित विश्लेषण गरिएको छ (श्रेष्ठ,२०६८:३२) ।

### ४.४.१.८ सुर्खेत उपत्यकामा प्रचलित तिज गीतको अध्ययन

**उन्मेष** को बाऱ्हौं अङ्कमा प्रकाशित **सुर्खेत उपत्यकामा प्रचलित तिज गीतको अध्ययन** अर्को लोक साहित्यपरक समालेचना हो (भारती,२०६८:६५) । यसमा लोक समीक्षक भारतीले तिज अर्थात् हरितालिका हिन्दु नारीहरुको एउटा ठुलो रमाइलो सांस्कृतिक पर्वलाई  प्रत्येक वर्ष भाद्र शुक्ल द्वितीयादेखि पञ्चमीसम्म मनाइने पर्वका रूपमा चिनाउँदै सुर्खेत उपत्यकामा प्रचलित तिज गीतको सङ्कलन वर्गीकरण र विश्लेषण गरेकी छन् ।

समीक्षक भारतीले तिजलाई पुराण अनुसार हिमालय र मेनकाले आफ्नी छोरी पार्वतीलाई विष्णुसँग बिहे गरी दिने अठोट गरेपछि पार्वतीले मनमनै शिवलाई अपनाइ सकेकी हुँदा आफ्ना साथीहरुको सहयोगले वनमा गएर लुकिन् र महादेवलाई पाउन रातभरिको कठोर

व्रतका प्रभावले उनको मनको इच्छा पूर्ण भएको उल्लेख पाइन्छ । साँस्कृतिक र समाजिक महत्त्व बोकेको तिजलाई हिन्दु नारीहरुको एउटा राष्ट्रिय पर्वको रूपमा लिई द्वितीयाको दिन जतिसुकै टाढा भए पनि छोरी चेलीलाई दर खान बाबु, दाइ वा भाइ गएर बोलाउने र तृतीयाको दिन जलाशयमा नुहाएर राम्रा राम्रा लुगा, गहना लगाएर व्रत बसी मन्दिरमा देवी देवताको पूजा तथा नाचगान गर्ने परम्परालाई मुख्य रूपमा उल्लेख गरिएको देखिन्छ । फलफुल खाएर हरिकीर्तन गरी मनाइने तिज पञ्चमीका दिन सप्तर्षिको पूजा गरी सकेपछि विधिपूर्वक अन्त्य भएको मानिन्छ । रजस्वला भएका हिन्दु नारीहरु छुवाछुतका कारण भएको पापबाट कसरी मुक्त हुन्छन् भन्ने सन्दर्भमा यो व्रत राखिएको कुरा प्रस्ट पारेकी छन् (भारती,२०६८:६५) ।

समीक्षक भारतीले नेपालका विभिन्न भागहरुमा गाइने तिज गीत सुर्खेत उपत्यकामा पनि प्रचलित रहेको कुरा विभिन्न सुर्खेत उपत्यकाका ११ वटा सङ्कलकहरुका तिज गीतहरुको नमुना प्रस्तुत गरी धार्मिक, सामाजिक, प्रकृति सम्बन्धी र विविध गरी तिजका गीतहरुको नमुना सहित वर्गीकरण गरेकी छन् ।

अन्तमा तिज गीतको विश्लेषण उपशीर्षकमा सुर्खेत उपत्यकामा प्रचलित तिज गीतलाई विषयगत भाषा, लय र लोक साहित्य शास्त्रीय आधारमा विश्लेषण गरिएको छ । समग्रमा यस लेखमा सुर्खेत उपत्यकामा प्रचलित तिज गीतको विभिन्न कोणबाट वर्गीकरण, विश्लेषण गरिनुका साथै हिन्दु नारीहरुको महान् चाड, संस्कृति र परम्परालाई जीवित राख्न ठुलो टेवा पुऱ्याएको देखिन्छ ।

### ४.५ कृतिपरक समालोचना

सम्बद्ध कुनै साहित्यिक कृतिलाई मात्रै विवेच्य सामग्री बनाई गरिने समीक्षा नै कृतिपरक समालोचना हो (आचार्य,२०६४:१९) । यसमा कृतिलाई मूल आधार मानेर कृतिको संरचनामा आउने अवयवहरु तथा तत्त्वहरुको विश्लेषण गरिन्छ । **उन्मेष** मा यस्ता २८ ओटा समालोचनाहरु प्रकाशित छन् :

### ४.५.१ तालिका ४ *कृतिपरक समालोचना र समालोचक*

| क.सं. | लेखक | शीर्षक | वर्ष | अङ्क | पृष्ठ |
|---|---|---|---|---|---|
| १. | हेमनाथ पौडेल | कथाकार गुरु प्रसाद मैनाली र चिताको ज्वाला | २०४८ | २ | २२ |
| २. | रघु घिमिरे | कथाकार वी.पी. कोइरालाको कथा एक सङ्क्षिप्त चर्चा | २०५२ | ३ | १२ |
| ३. | रमा शर्मा | मीर सुब्बा मैनाली र उनको शहीद कथा | २०५३ | ४ | ५१ |
| ४. | हेमनाथ पौडेल | कवि मोहन कोइराला र उनको गङ्गा प्रवासलामो कविताको अध्ययन र विश्लेषण | २०५८ | ६ | १७ |
| ५. | डा.कुल प्रसाद कोइराला | राम्रो मका तरङ्गमा तरङ्गिँदा तरङ्गिँदै | २०५८ | ६ | २८ |
| ६. | रघुनाथ घिमिरे | ऋतु विचारमा कमलको प्रयोग : एक अध्ययन | २०६० | ७ | ४ |
| ७. | डा.कुल प्रसाद कोइराला | नागदहको थिति भित्रको नैबन्धिक रीति र अवलोकन | २०६० | ७ | ७ |
| ८. | हेमनाथ पौडेल | इस्मालीको कथायात्रा र प्रवृत्ति | २०६० | ७ | ३३ |
| ९. | हरि प्रसाद पराजुली | कुलचन्द्र कोइरालाको भृकुटी खण्डकाव्य नारीपरक अध्ययन | २०६० | ७ | १७ |
| १०. | नेत्र एटम | भीमनिधि तीवारीको गजल-प्रविधि | २०६० | ७ | ४ |
| ११. | डा.कुल प्रसाद कोइराला | खण्डकाव्य सिद्धान्तका आधारमा सृजामाता खण्डकाव्यको सङ्क्षिप्त चर्चा | २०६१ | ८ | १५ |
| १२. | शङ्कर सुब्बा 'फागो' | इन्द्र बहादुर राईको कथास्था भित्र एक दृष्टि | २०६१ | ८ | ३३ |
| १३. | हरि प्रसाद पराजुली | कवि सीताराम अधिकारी र उनको आमा काव्य : एक पर्यावलोकन | २०६१ | ८ | ३७ |
| १४. | रमेश कुमार भट्टराई | महाकवि कालिदास र कुमारसम्भवः सङ्क्षिप्त समीक्षा | २०६४ | ९ | १ |

| | | | | | |
|---|---|---|---|---|---|
| १५. | रमेश कुमार भट्टराई | संस्कृत नाट्य परम्परामा भासको नाट्यकारिता र स्वप्नवासवदत्त : सङ्क्षिप्त विवेचना | २०६६ | १० | ३ |
| १६. | हरि प्रसाद पराजुली | हिमाल र मान्छे उपन्यासको रैखिक अध्ययन | २०६६ | १० | १३ |
| १७. | यज्ञेश्वर निरौला | विजय यात्रा कविता सङ्ग्रहको प्रवृत्तिगत विश्लेषण | २०६६ | १० | ६५ |
| १८. | भगवान चन्द्र उपाध्याय | मनोविज्ञानका नजरभित्र मसानको स्वरुप | २०६६ | १० | ६५ |
| १९. | हरि प्रसाद सिलवाल | हामी वसन्त खोजिरहेछौं सडक नाटकको विश्लेषण | २०६६ | १० | ७३ |
| २०. | डा.कुल प्रसाद कोइराला | गार्गीको गाँठो : सतही अध्ययन | २०६६ | ११ | १ |
| २१. | रमेश कुमार भट्टराई | संस्कृत गद्य परम्परामा वाण भट्टको गद्यकारिता रकादम्बरीको सङ्क्षिप्त परिचय | २०६६ | ११ | ५ |
| २२ | हरि प्रसाद पराजुली | देवकोटाको पागल कविताको विश्लेषण | २०६६ | ११ | १२ |
| २३ | गोविन्द प्रसाद शर्मा | लुनी खण्डकाव्यमा वैचारिक प्रयोग | २०६६ | ११ | १३४ |
| २४ | रमेश कुमार भट्टराई | वाल्मीकि रामायणमा वर्षा ऋतु वर्णन : सङ्क्षिप्त विवेचना | २०६८ | १२ | १२ |
| २५ | हरि प्रसाद पराजुली | कान्छी, भट्टी र देश कविताको संरचना पक्षीय विश्लेषण | २०६८ | १२ | २३ |
| २६ | डा. चन्द्रमान बज्राचार्य | सुगत सौरभ महाकाव्य : सङ्क्षिप्त अध्ययन | २०६८ | १२ | ३८ |
| २७ | भगवान चन्द्र उपाध्याय | तासको जामा नाटकमा द्वन्द्वको अवस्था | २०६८ | १२ | ८१ |
| २८ | ज्ञानेश्वर निरौला | भतेर एकाङ्कीको तत्त्वगत विश्लेषण | २०६८ | १२ | १२३ |

माथिको तालिकामा दिइएका समालोचनात्मक लेखहरुको विवेचना तल गरिन्छ ।

### ४.५.१.१ कथाकार गुरु प्रसाद मैनाली र चिताको ज्वाला

**उन्मेष** को दोस्रो अङ्कमा **कथाकार गुरु प्रसाद मैनाली र चिताको ज्वाला** प्रकाशित देखिन्छ (पौडेल,२०४८:२२) । सो समीक्षामा समीक्षक पौडेलले कथाकार मैनालीलाई नेपाली कथा परम्परमा आधुनिक मूल्य प्रदान गरेर ऐतिहासिक महत्त्व राख्ने सामाजिक यथार्थवादी कथाकारको रूपमा चिनाएका छन् । माध्यमिक कालीन जासुसी तिलस्मी प्रवृत्तिका कथा लेखनलाई बिट मार्दै नासो (१९९२) बाट सामाजिक यथार्थवादको सुरुवात गर्ने मैनालीका कथामा ग्रामीण समाजको हृदय र निम्न वर्गीय आर्थिक वृत्तिका जीवनको यथार्थ चित्रण पाइन्छ भनी उल्लेख गरिएको छ । मैनालीलाई कारुणिक, पारिवारिक समस्या, आर्थिक द्वन्द्व, घटना प्रधान, सोझो अभिव्यक्ति, निख्खर नेपाली भाषाको प्रयोग आदि विशेषता बोकेका सामाजिक परिवेश अनुसार कथालाई आदर्शमा टुङ्ग्याउने आदर्शोन्मुख यथार्थवादी कथाकारको रूपमा पनि चिनाइएको छ (पौडेल,२०४८:२३) ।

समीक्षक पौडेलले **चिताको ज्वाला** लाई लेखक मैनालीको नासो (२०२६) कथा सङ्ग्रहमा सङ्कलित उत्कृष्ट सामाजिक कथाको रूपमा चिनाएका छन् । कथामा शशी र सानु दाइका माध्यमले समाजभित्रको प्रेमपक्षलाई लिएर यिनीहरुकै सेरोफेरोमा कथावस्तु अगाडि बढाई आत्मिक प्रेमको गायन गरिएको छ । मैनालीले तत्कालीन नेपाली समाजको चित्र राम्ररी उतारेको प्रसङ्ग उठाई पुराना र नयाँ पुस्ताको द्वन्द्वलाई नै यस कथाको मूलमन्त्रको रूपमा लिइएको छ । कुल घरान तथा धन सम्पत्तिलाई भन्दा प्रेमलाई बढी महत्त्व दिए पनि युवापीढीले पुराना रूढिग्रस्त विचारहरुका विरुद्ध सङ्घर्ष गर्न नसकेको कुरालाई उल्लेख गर्दै परम्परागत विवाह, नारी जातिमाथिको थिचोमिचो, बाल विवाह, अनमेल विवाह, सामाजिक असङ्गति जस्ता घटनाहरु व्याप्त रहेको तथ्य प्रस्तुत गरिएको छ । मैनालीले आफ्ना कथामा वासनात्मक प्रेमप्रति घृणा गर्दै प्रेम शरीरसँग होइन आत्मासँग गरिन्छ भन्ने तथ्यलाई उद्घाटित गरेका छन् (पौडेल,२०४८:२५) ।

अन्तमा सानातिना पाँच खण्डमा विभाजित आदि, मध्य र अन्त्यको क्रमिक शृङ्खलामा रैखिक ढाँचामा रहेको कथानकलाई सङ्क्षिप्त रूपमा प्रस्तुत गरिएको छ । सरल, सरस र ठेट

नेपाली बोलचालको भाषा प्रयोग भएकाले  कथा बोधगम्य छ भनी उल्लेख गरिएको छ (पौडेल,२०४८: २६) ।

### ४.५.१.२ कथाकार वी.पी. कोइरालाको कथा : एक सङ्क्षिप्त चर्चा

**उन्मेष** को तेस्रो अङ्कमा प्रकाशित **कथाकार वी.पी. कोइरालाको कथा : एक सङ्क्षिप्त चर्चा** अर्को कृतिपरक समीक्षा हो (घिमिरे,२०५०:१२) । प्रस्तुत समीक्षामा कथाकार कोइरालाको आधुनिक नेपाली कथा क्षेत्रमा मनोविश्लेषणवादी मान्यतालाई आत्मसात् गरी **दोषी चस्मा** (२००६) र **श्वैत भैरवी** (२०३९) कथा सङ्ग्रहका माध्यमबाट विशिष्ट योगदान पुऱ्याएको चर्चा गरेका छन् । **दोषी चस्मा** मा सङ्कलित **कथा** शीर्षकको कथा सामाजिक नभएर पौराणिक विषय वस्तुमा आधारित कथा रहेको र यसका पात्रहरु पनि सोही अनुसार चयन गरिएको कुरा प्रस्ट पारिएको छ । कथामा ऋषि, इन्द्र र अप्सराको प्रसङ्ग उठाई घर परिवारको माया ममताको बन्धनलाई छिनालेर देवपद प्राप्तिको लागि तपस्या गर्न जङ्गल गएका ऋषिलाई प्रमुख पात्रको रूपमा लिइएको साथै कथालाई सरल, सरस र कलात्मक ढङ्गले सङ्क्षिप्त रूपमा प्रस्तुत गरिएको देखिन्छ (घिमिरे,२०५०:१२) ।

लेखक घिमिरेले कठोर साधनाले गर्दा प्रसिद्ध हुन पुगेको र ऋषि भनिन लागेको व्यक्ति सांसारिक मोहले गर्दा राजा अनि समाजबाट उपेक्षित भई दुई  छोराको बाबु मात्र बन्न पुगेको प्रसङ्ग उठाई मान्छेले आफ्ना वासना वा यौनेच्छालाई नियन्त्रणमा लिन खोज्नु व्यर्थ छ भन्ने कुराको उदाहरणको रूपमा यस कथालाई लिएका छन् । इन्द्र पात्रका माध्यमले शोषक र सामन्ती प्रवृत्ति त्यसबेला वा पौराणिक कालमा पनि हावी रहेको प्रस्ट्याइएको छ । अन्तमा मनोविश्लेषणात्मक विषय वस्तुमा आधारित यस कथाको कथावस्तु केही सीमासम्म कोइरालाकै **सुम्निमा** सँग मिल्दोजुल्दो रहेको उल्लेख गर्दै र संस्कृत शब्दहरुले युक्त भाषाशैलीले पौराणिकतातिर नै झुकाव राखेको कुरा प्रस्ट पारेका छन् (घिमिरे,२०५०:१२) ।

### ४.५.१.३ मीर सुब्बा मैनाली र उनको शहीद कथा

**उन्मेष** को चौथो अङ्कमा **मीर सुब्बा मैनाली र उनको सहिद कथा** प्रकाशित देखिन्छ (शर्मा,२०५३: ५१) । प्रस्तुत लेखमा समीक्षक शर्माले  गुरु प्रसाद मैनाली र उनको **नासो** कथा

सङ्ग्रहमा प्रकाशित **सहिद** कथाको चर्चा गरेकी छन् । यसमा मैनालीलाई कथाकारका रूपमा मात्र नभई आत्मपरक हास्यव्यङ्ग्य निबन्धमा रुचि राख्ने निबन्धकार पनि हुन् भनी उल्लेख गरिएको छ । नेपाली साहित्यमा यिनले दिएको योगदानको कदर स्वरूप जागिरे जीवनमा नै मीर सुब्बा दर्जाबाट सम्मानित हुन पुगेको उल्लेख गरिएको छ (शर्मा,२०५३: ५२) ।

शर्माले **सहिद** कथा छ भागमा विभाजित भएको उल्लेख गरेकी छिन् । कथाको मूल पात्रको रूपमा रहेको वीर बहादुर निम्न वर्गको प्रतिनिधित्त्व गर्दै विदेशमा अर्थोपार्जनका लागि जान बाध्य हुने नेपालीहरुको व्यथालाई कारुणिक र मार्मिक ढङ्गले  प्रस्तुत गर्न सफल भएको देखिन्छ । वीर बहादुर, देवता बाबु, म र अन्य पात्रहरु रहेको यस कथालाई सङ्क्षिप्त रूपमा प्रस्तुत गरिएको छ । सामाजिक, आर्थिक र राजनीतिक पक्ष सशक्त रहेको यस कथामा मैनालीले जुनजुन प्रसङ्गमा सहिद शब्दको प्रयोग गरेका छन् त्यो हेर्दा यहाँ सहिद प्रति अन्याय भएको अनुभव हुन्छ भनी उल्लेख गरिएको छ । सबैलाई थाहा दिएर ज्यान सजायँ दिइएका व्यक्ति मात्र सहिद होइनन् स्वतन्त्रताको सङ्ग्राममा बलि हुन पुग्ने सबै नै सहिद हुन् र उनीहरुको पनि उचित सम्मान हुनुपर्छ भन्ने दृष्टिकोण यस लेखमा व्यक्त गरिएको छ । अन्तमा पात्रद्वय देवता बाबु र वीर बहादुरलाई सहिदको रूपमा चिनाइएको छ (शर्मा,२०५३: ५३) ।

### ४.५.१.४ कवि मोहन कोइराला र उनको 'गङ्गा प्रवास' लामो कविताको अध्ययन र विश्लेषण

**उन्मेष** को छैटौँ अङ्कमा **कवि मोहन कोइराला र उनको 'गङ्गा प्रवास' लामो कविताको अध्ययन र विश्लेषण** प्रकाशित छ (पौडेल,२०५८:१७) । समीक्षक पौडेलले प्रथम नेपाली प्रयोगवादी कवि मोहन कोइरालाको गङ्गा प्रवासलाई लामो कविता लेखनको समग्र काव्य यात्राकै उल्लेखनीय कृतिको रूपमा लिई लामो कविताको सैद्धान्तिक चर्चा, कोइरालाको लामो कविता यात्रा तथा प्रवृत्ति र गङ्गा प्रवास लामो कविताको विभिन्न कोणबाट अध्ययन विश्लेषण गरेका छन् (पौडेल,२०५८:१७) ।

प्रस्तुत लेखमा पाश्चात्य साहित्यको आधुनिक युगमा मौलाएको लामो कवितालाई पूर्वीय साहित्यमा खण्डकाव्यको समकक्षी रचनाको रूपमा चिनाइएको छ । पूर्वीय काव्य चिन्तनको प्रारम्भ भरत मुनिबाट भए पनि खण्डकाव्यको नामकरण गर्ने प्रथम विद्वान् भने आचार्य विश्वनाथलाई मानिएको देखिन्छ । विश्वनाथ पूर्व खण्डकाव्यका नामबाट नभए पनि कविताका

मझौला रूपका सन्दर्भमा विभिन्न नामबाट चर्चा परिचर्चा भएको पाइन्छ । पाश्चात्य साहित्यमा हालसम्म खण्डकाव्य नामको कुनै पनि विधा नभएको र लामो कवितालाई नै व्यापक र विस्तृत रूपमा अध्ययन विश्लेषण गरिएको उल्लेख गरिएको छ (पौडेल,२०५८:१७) ।

विश्वनाथपूर्व आचार्य भामहले मुक्तक र सर्गबन्ध, रुद्रटले लघु र महान्, अभिनव गुप्तले पर्यायबन्ध, परिकथा, खण्डकथा, सकलकथा र सर्गबन्ध आदि काव्यको वर्गीकरणमा खण्डकाव्यको स्पष्ट स्वरूप देखिदैन । खण्डकाव्यमा मझौला आयाम भएको जीवन जगत्को एक खण्ड वा एक पक्षको प्रस्तुति रहने भएकाले यसैका आधारमा लामो कविताका स्वरूपको पनि पहिचान गर्न सकिने कुरालाई प्रस्ट परिएको छ । पश्चिमी साहित्यमा बिसौँ शताब्दीमा आएर व्यापक र विस्तृत रूपमा अध्ययन भएको लामो कविता आदिभन्दा पहिले काव्यका विभिन्न रूपहरु लघु कविता, लामो कविता र लामो आख्यानात्मक कविता गरी कविताका तिन भेद रहेको उल्लेख गरिएको छ । लामो कवितालाई आख्यान विहीन, अमूर्त, विशृङ्खलित लेखन प्रक्रियालाई अगाल्दै अवचेतन मनका अमूर्त अनुभूतिको प्रस्तुतीकरण गरिएको संरचनाविहीन संरचना भएको अर्थहीन, अर्थयुक्त असम्प्रेष्य काव्य हो भनी चर्चा गरिएको छ (पौडेल,२०५८:१९) ।

समीक्षक पौडेलले कवि मोहन कोइरालाका कृतिहरुको परिचय प्रस्तुत गर्दै तिनै कृतिहरुका आधारमा उनको लामो कविता लेखनलाई पूर्वार्ध र उत्तरार्ध दुई चरणमा विभाजन गरी पहिलो चरणमा क्लिष्ट, दुरुह एवम् जटिल असम्प्रेष्य काव्यकारका रूपमा उनी चिनिन्छन् भने दोस्रो चरणमा अपेक्षाकृत सम्प्रेष्य र संवेद्य बनेको उल्लेख गरेका छन् । कवि कोइरालाको काव्य यात्राको उत्तरार्धमा रचित ‘नदी किनाराका माझी’ (२०३८) काव्य सङ्ग्रहमा सङ्गृहीत **गङ्गा प्रवास** लाई नेपाली नारीको कारुणिक जीवन कहानीलाई लिएर चेतन प्रवाहपूर्ण, नाटकीय एकलापीय शैलीमा लेखिएको सामाजिक काव्यको रूपमा चिनाइएको छ । समीक्षामा गङ्गा प्रवास लामो कवितालाई कथावस्तु, पात्र विधान, सामाजिकता, देशभक्तिको भावना, जीवन दर्शन आदि विभिन्न कोणबाट अध्ययन विश्लेषण गरिएको छ । सानी गङ्गा, भागीरथी गङ्गा, अमिर आदिका माध्यमले सामाजिकता, देशभक्तिको भावना र जीवन दर्शनलाई सशक्त रूपमा व्यक्त गरिएको छ । आख्यानीकरणको प्रयास र मूर्तताको संयोजन हुँदाहुँदै पनि प्रयोगवादी

चेतनप्रवाह शैली शृङ्खलाविहीन प्रयोग र संरचना विहीन संरचनाका प्रयोगका कारण काव्य अस्पष्ट र अपरिष्कृत हुन पुगेको देखिन्छ भनी यसका कमजोरी प्रति पनि लेखकले दृष्टि दिएका छन् (पौडेल,२०५८:२५) ।

### ४.५.१.५ 'राम्रो म' का तरङ्गमा तरङ्गिदा तरङ्गिदै

**उन्मेष** को छैटौं अङ्कमा प्रकाशित **'राम्रो म' का तरङ्गमा तरङ्गिदा तरङ्गिदै** अर्को कृतिपरक समालोचना हो (कोइराला,२०५८:२८) । समीक्षक कोइरालाले यस लेखमा निबन्धको सामान्य परिचय दिई निबन्धकार रघु घिमिरेद्वारा लिखित **'राम्रो म'** निबन्ध सङ्ग्रहको लघु समीक्षा गरेका छन् । समीक्षक कोइरालाले **'राम्रो म'** (२०५८) निबन्ध सङ्ग्रह बस्तुता र आत्म प्रकाशनको दोसाँधमा रहेको उललेख गरेका छन् । निबन्धकार घिमिरे निजी अनुभूतिको गोरेटोमा वर-पर, तल-माथि, नजर घुमाँउदै मन्द गतिमा आफ्नो गन्तव्यमा पुग्न सफल भएको टिप्पणी गर्दै उनका सबै निबन्धहरुमा प्रस्तुतीकरण एकनास रहेको र 'मेसोमा' भन्ने शब्द समानान्तर सन्दर्भमा प्रयोग गरेर नयाँ थेगो निर्माण गरेको चर्चा गरेका छन् । उदाहरण व्याख्या भाषिक तडक भडक र शैलीगत धारणामा त्यति विश्वास नगरी वातचित गरेझैं आफ्ना कुरा राख्ता राख्तै  पाठकलाई लक्ष्यमा पुऱ्याइ दिन खप्पिस रहेको उल्लेख गरेका छन् । यस निबन्ध सङ्ग्रहका विषय वस्तुलाई नितान्त व्यक्तिगत अनुभूतिको क्षेत्रसँग सम्बद्ध, घिमिरेको अध्ययन श्रवण र चिन्तन क्षेत्रजनित र समसामयिक युग परिवेश जनित गरी तिन वर्गमा विभाजन गरेर अध्ययन गरिएको छ । यी औंलाहरु, आफ्नो परिचय आफ्नै हुनु पर्छ, कुकुर मेरो मित्र मेरो शत्रु, घोडा चढ्ने लड्छ आदि जस्ता निबन्धहरुलाई प्रथम वर्गमा राम्रो म, विश्वास अन्ध विश्वास, प्रेरक सङ्गीत मौनको महत्त्व कति आदि जस्ता निबन्धहरुलाई दोस्रो र अरु बाँकीलाई तेस्रो वर्गमा राखेर अध्ययन गरिएको छ (कोइराला,२०५८:२९) ।

समीक्षक कोइरालाले आजसम्म कसैले नछोएको नसोचिएका विषय टिपेर तिनीहरुसँग खेल्न खप्पिस घिमिरेले ए ! हो त नि लौ ! कस्ता जस्ता विस्मयादिबोधक शब्दहरु पनि उत्तिकै प्रयोग गरेको प्रसङ्ग उठाएका छन् । आफूले साँझ सबेर भोगेका र बाबुबाजेका पालदेखि नसा नसामा सलबलाएर प्रवाहित भैरहेका विषयमा घिमिरे पानीदार स्रष्टा रहेको उल्लेख गरिएको छ

र सृजना क्षेत्रका शब्दहरु हुँदा हुँदै अत्युक्ति नहोला, अप्रासाङ्गिक नठहर्ला जस्ता समीक्षा क्षेत्रका निमित्त प्रयुक्त शब्दावलीको प्रयोगले केही बोझ थपेको देखिन आउँछ (कोइराला,२०५८:३०) ।

### ४.५.१.६ ऋतु विचारमा कमलको प्रयोग एक अध्ययन

**उन्मेष**को सातौँ अङ्कमा **ऋतु विचारमा कमलको प्रयोग एक अध्ययन** शीर्षकको समीक्षा प्रकाशित देखिन्छ (घिमिरे,२०६४:४) । समीक्षक घिमिरेले कवि शिरोमणि लेखनाथ पौड्यालले **ऋतु विचार** (वर्षा विचार १९६६, ऋतु विचार १९७३ र ऋतु विचार १९९१) लाई तिन पटक परिष्कार र परिवर्धन गरेर आकारमा मात्र नभएर पहिलेभन्दा सुन्दर बनाएको कुरा प्रस्ट पारेका छन् । पहिलेको **ऋतु विचार** ३०० श्लोकको अनुष्टुप छन्दमा रहेको र परिमार्जित ऋतु विचार चाहिँ ६०० श्लोक अनुष्टुप र ६ श्लोक मालिनी छन्दका गरी ६०६ श्लोक रहेको उल्लेख गरेका छन् ।

समीक्षक घिमिरेले हिन्दु धर्म अनुसार कमललाई एक पवित्र वस्तुका रूपमा चिनाई विभिन्न कोण, पक्षबाट व्याख्या विश्लेषण गरी प्रकृति काव्य **ऋतु विचार** भित्र आदिदेखि अन्त्यसम्म कमललाई महत्त्व दिइनुलाई स्वभाविक मानेका छन् । लक्ष्मीको वासस्थान मानिने कमललाई कतै नागसँग कतै भ्यागुतोसँग त कतै स्वर्गका अप्सरासँग दाँजिएको उल्लेख गर्दै घिमिरेले ऋतु विचारका सम्पूर्ण ऋतुहरुमा विभिन्न ३६ वटा श्लोकहरु कमल फूलसँग सम्बन्धित रहेको तथ्य प्रकाशित गरेका छन् । प्रकृति काव्य **ऋतु विचार** मा लेखनाथले धार्मिक आध्यात्मिक ग्रन्थहरुमा वर्णित फुलहरु मध्ये माथिल्लो स्थानमा रहेको कमलको महत्त्व बुझेर साथै काठमाडौँका विभिन्न पोखरीहरुमा फूलेका कमललाई राम्रोसँग नजिकबाट देख्ने अवसर पाएका हुनाले सुन्दर र प्राभावकारी ढङ्गले चित्रण गर्न सफल भएका हुन् भनी उल्लेख गरेका छन् (घिमिरे,२०६०:६) ।

### ४.५.१.७ नागदहको थिति भित्रको नैबन्धिक रीति एक अवलोकन

**'नगदहको थिति भित्रको नैबन्धिक रीति एक अवलोकन' उन्मेष** को सातौँ अङ्कमा प्रकाशित अर्को कृतिपरक समालोचना हो (कोइराला,२०६०:७) । प्रस्तुत समालोचनामा समीक्षक

कोइरालाले माधव पोखरेलद्वारा लिखित **'नागदहको थिति'** (२०५९) निबन्ध सङ्ग्रहको सङ्क्षिप्त विवेचना गरेको देखिन्छ ।

समीक्षकले यस निबन्धभित्रका निबन्धहरुलाई शैलीपरकता, विचारपरकता, र विषयपरकताका आधारमा वर्गीकरण गर्ने सिलसिलामा **नागदहको थिति** भित्रका सबै निबन्धहरु निजात्मक शैलीमा रहेको टिप्पणी गरेका छन् । विचारपरकताका आधारमा **नागदहको थिति** भित्रका निबन्धहरुलाई राष्ट्रिय समस्याप्रधान, राष्ट्रिय तथा अन्तरराष्ट्रिय समस्या मिश्रित, मानवीय अरुचिहरुसँग सम्बद्ध र ज्ञान विज्ञानसँग सम्बद्ध गरी चार समूहमा राखी अध्ययन गरेका छन् । नागदहको थिति, गौरी शङ्कर तराजुका पालामा कुमारी पूजा, हाम्रो परिचय, माकुराको फुल, एक्लो बुलाहा, गाईको करङ र काकाको पसल, भट्ट र भक्त, भ्याउँकिरी, सभ्य बन्न तीर्थ हिँडेको कान्छो, बाग्मतीको भैंसी आहालमा, टेलिफोनको सुविधा जस्ता निबन्धहरुलाई राष्ट्रिय समस्या प्रधान निबन्धका रूपमा राखेका छन् भने लेलिन इन पोल्यान्ड, अनुशासनको निबन्ध, ठुल्दाइ, सुनको मिर्ग र मगन्ते रावण, भट्ट र भक्त, मनमा सधैंको आलो कोबेको भुइँचालो जस्ता निबन्धहरु अन्तरराष्ट्रिय विचारसँग सम्बद्ध रहेका छन् । त्यसै गरी मेरो उत्कृष्ट साथी, आमाको पूजा, चरित्रको खेती, दुई थरी मान्छे, आफन्त, बन्दको आह्वान, बहिरो परिवार, बन्सो र बाँदरको बल मिचाई, महाप्रलय हुने सपना, गणेशजीको मुन्टो, फुइँको बिहे, धुलावारीको अग्निकुण्ड, भुइँचालोको पाथी जस्ता निबन्धलाई मानवीय रुचिक्षेत्रका वर्गमा/तहमा र डेक्कन कलेजमा बिर्सन नसकिने कुरा र तराजुको पल्लामा कुमारी पूजा जस्ता निबन्धलाई चाहिँ ज्ञान विज्ञानका तहमा राखेर विश्लेषण गरेका छन् । विषयपरकताका आधारमा **नागदहको थिति** भित्रका सबै निबन्धहरुलाई संस्कृति सम्बन्धी, अन्तरराष्ट्रिय सन्दर्भ, राजनीतिसँग सम्बद्ध, व्यापार व्यावसाय सम्बन्धी, सामान्य प्रशासन सम्बन्धी, अर्ती उपदेशात्मक र व्यक्ति प्रभाव विषयक आदि छुट्टाछुट्टै वर्गमा राखी अध्ययन विश्लेषण गरेको देखिन्छ (कोइराला,२०६०:१३) ।

अन्ततः निबन्धकार पोखरेलका यस निबन्ध सङ्ग्रहमा सङ्ग्रहित निबनधहरुले नेपाली इतिहास, सँस्कृति र राजनीति लगायत प्रशासन राजनेताका भ्रष्ट चरित्र, व्यापार क्षेत्रमा देखा परेका विसङ्गत क्रियाकलापको चित्रण गर्दै अन्तरराष्ट्रिय स्तरका सबल दुर्वल पक्षलाई समेत

वकालत गरेको कुरा उल्लेख गरेका छन् । उनका चौतिसओटै निबन्धहरुमा वैचारिक स्पष्टता र चिन्तनको सूक्ष्मता रहेको चर्चा गरिएको देखिन्छ (कोइराला,२०६०:१५) ।

### ४.५.१.८ कुलचन्द्र कोइरालाको भृकुटी खन्डकाव्यको नारीपरक एक अध्ययन

**उन्मेष**को सातौं अङ्कमा **कुलचन्द्र कोइरालाको भृकुटी खन्डकाव्यको नारीपरक एक अध्ययन** नामक समीक्षा प्रकाशित देखिन्छ (पराजुली,२०६०:१७) । प्रस्तुत समीक्षामा पराजुलीले कुलचन्द्र कोइरालालाई बहुमुखी व्यक्तित्त्वको रूपमा चिनाई भृकुटी खण्डकाव्यको नारीपरकतालाई विभिन्न कोणबाट विश्लेषण गरेका छन् (पराजुली,२०६०:१८) ।

समीक्षकले अनादि कालदेखि नै पूर्व पश्चिम दुवैतिर नारीमाथि दमन हुँदै आएको प्रसङ्ग उठाई ग्रिसेली परम्परामा डायोनिससलाई देवीको रूपमा पूजा गरेको र पूर्वीय परम्परामा नारीलाई मातृ, भ्रातृ, शक्ति, तृष्णा, दया, स्मृति, श्रद्धा आदि विविध स्वरूप मानेर पूजा गर्ने परम्परा रहेको चर्चा गरेका छन् । पश्चिमी साहित्यमा नारीवादी साहित्यिक चिन्तनको परम्परा सन् १९६० को उत्तर संरचनावादी साहित्यिक आन्दोलनपछि भएको मानी केट मिलेटको **सेक्सुअल पोलिटिक्स** लाई नारीवादी चिन्तनको घोषणा पत्रको रूपमा लिएका छन् । नेपाली साहित्यमा नारीवादी साहित्यिक चिन्तन त्यति नभएको सन्दर्भ उठाउँदै गोपाल प्रसाद रिमालको **मसान** र माधव घिमिरेको **पापिनी आमा** लाई नारी विद्रोहको उत्कृष्ट नमुना मानी लेखक पराजुलीले २०४५ सालमा प्रकाशित **भृकुटी** खण्डकाव्य लिच्छवी कालीन राजा अंशुवर्माकी छोरीको तिब्वतका तत्कालीन राजा स्रङचङ गम्पोसँग विवाहको प्रसङ्गमा आधारित रहेको र तिब्वतीसँग मैत्री सम्बन्ध विस्तार गर्ने हेतुले तथा युद्धको त्रास देखाएर तिब्वतीहरुले भृकुटीलाई आफ्नो हात पारेको उल्लेख गरेका छन् । खण्डकाव्यकी नायिका भृकुटीका माध्यमले नारी अधिकारमाथि भएको थिचोमिचो, दमन, अत्याचार आदिको सशक्त रूपमा विद्रोह गरिएको देखिन्छ । यस लेखमा भृकुटीको विवाह स्रङचङ गम्पोसँग गर्ने निर्णय सभाको होइन भृकुटी स्वयम्को हुनु पर्छ भन्ने अभिव्यक्ति दिइएको छ । पुरुषहरुको स्वेच्छाचारी प्रवृत्तिप्रति रुष्ट हुँदै निर्दोष नारीहरुको स्वेच्छिक अधिकारलाई कुण्ठित गराउने कार्यहरुप्रति तीब्र आक्रोश व्यक्त गरेका छन् । भृकुटीले पुरुषहरुले नारीप्रति गरेका अन्यायी कर्महरुको खुलेर सशक्त रुपमा विरोध गरेकी छन् । आफूप्रति भएको अन्याय प्रति बुबालाई समेत खुलेर दोष दिनुलाई नारी चिन्तनको

सशक्त उदाहरणको रूपमा लिन सकिन्छ । लेखकले यस्ता विभिन्न उदाहरणरु प्रस्तुत गर्दै **भृकुटी** खण्डकाव्यलाई नारी विद्रोह/नारीवादी दृष्टिकोणले उत्कृष्ट काव्यको रूपमा चिनाएका छन् । अन्तमा भृकुटीको केही सिप नचलेपछि आफ्नो निर्णय विपरीत विवाह गराएमा आफू मृत्युको मुखमा जाने कुरा व्यक्त गरेकी छन् (पराजुली,२०६०:३०) ।

यस खण्डकाव्यमा भृकुटीका पीडा र व्याथाहरुलाई मार्मिक रूपमा प्रस्तुत गरिएको देखिन्छ । भृकुटीले पति चयनमा स्वतन्त्रता पाउनु पर्छ भन्ने कुरालाई नारी स्वतन्त्रताका पक्षमा आवाज बुलन्द गरेको कुरा सर्वविदितै छ ।

### ४.५.१.९ इस्मालीको कथायात्रा र प्रवृत्ति

**इस्मालीको कथायात्रा र प्रवृत्ति 'उन्मेष'** को सातौं अङ्कमा प्रकाशित अर्को कृतिपरक लेख हो (पौडेल,२०६०:३३) । यसमा समीक्षक पौडेलले (२०३१) सालमा वीरगन्जको **भन्ज्याङ** पत्रिकामा प्रकाशित **ऋणको थिचो** देखि **लक्ष्मी सदन केशर कुञ्ज** (२०६०) सम्म रचना गरेका सामाजिक यथार्थवादी कथाकार इस्मालीका कथाहरुको प्रवृत्तिगत विश्लेषण गरेका छन् । यस अवधिमा इस्मालीले 'माछो माछो भ्यागुतो' र 'घाम घाम जस्तो छैन' दुई कथा सङ्ग्रहमा तिस कथाहरु र अन्य कथाहरु सङ्कलित हुन बाँकी रहेको चर्चा गर्दै प्रारम्भदेखि २०३५ सम्म 'कुहिरो र घाम' पूर्वका कथाहरु आभ्यासिक स्तरका, 'कुहिरो र घाम' देखि 'घाम घाम जस्तो छैन' २०४८ सम्मको अवधिलाई उत्कर्ष काल र त्यसपछिको अवधिलाई विस्तार काल मानेर अध्ययन विश्लेषण गरेका छन् । प्रायः तराईको जन जीवनलाई कथ्य विषय बनाई सामाजिक यथार्थको प्रस्तुति, तल्लो वर्गका पात्रको जीवन्त चित्रण, प्रतीकात्मकता, व्यङ्ग्यात्मकता जस्ता विषय र शिल्प युक्त यी कथामा विविधता आएको कुरालाई समीक्षक पौडेलले प्रस्तुत गरेका छन् (पौडेल,२०६०:३५) ।

लेखक पौडेलले इस्मालीलाई प्रगतिवादी, सामाजिक यथार्थवादी, विकृति र विसङ्गतिका विरोधी अग्रगामी कथाकारको रूपमा चित्रण गरेका छन् । उनका ऋणको थिचो, एउटा यस्तो संसार, विवशता एक पराजय, सडकको शून्यतामा अवलाको चीत्कार, शरणार्थी आदि कथाहरु सामाजिक यथार्थवादी, कुहिरो र घाम, बिडम्बना, चलन, सङ्क्रमण, मंसिरको अनिकाल, माछो माछो भ्यागुतो, आड आदि कथा प्रगतिवादी, आज शनिबार, हजुरको मान्छे, रेजा, घाम घाम

जस्तो छैन आदि विकृति-विसङ्गति, चिठीका हरफहरु, वुद्धि प्रसादको काँचुली, डायरी ऊ र बुढापाका, आजकी शकुन्तला आदि कथाहरु विद्रोही स्वरयुक्त र आजको पाठ, प्रतिगामी, विपथगामी, विभ्रम, कामरेडको कोट, आवरण, नयाँ चलन आदि अग्रगामी दिशा निर्देश गर्ने कथाहरु हुन् भनी उल्लेख गरेका छन् (पौडेल,२०६०:३८) ।

अन्तमा सरल र सङ्क्षिप्त कथन पद्धति, पात्रानुकूल भाषाशैली, वर्णनात्मक र संवादात्मक दुबै शैलीको प्रयोग, प्रायजसो कथाहरुमा तृतीय पुरुष दृष्टिबिन्दु पाइनु उनका कथा रचनागत प्रवृत्ति रहेको देखिन्छ । पौडेलले उनलाई समकालीन प्रगतिवादी कथाकारहरु मध्येका एक सशक्त कथाकारका रूपमा चिनाएका छन् ।

### ४.५.१.१० भीमनिधि तिवारीको गजल-प्रविधि

**उन्मेष** को सातौं अङ्कमा **भीमनिधि तिवारीको गजल प्रविधि** प्रकाशित देखिन्छ (एटम,२०६०:४९) । प्रस्तुत लेखमा समीक्षक एटमले बहुमुखी प्रतिभा (गजल, कविता, कथा, नाटक, उपन्यास, निबन्ध आदि) का धनी तिवारीको **बयासी र बिस गजल मेरी** सङ्ग्रहभित्र प्रकाशित एक सय दुई गजलहरुलाई आधार बनाएर उनका गजलकार प्रवृत्ति र गजल शिल्पको विश्लेषण गरेका छन् । तिवारीका गजल संरचना अन्तर्गत सेर संरचना, काफिया, रदिफ, तखल्लुस आदिको प्रयोग र भाव संयोजन, अलङ्कार सचेतना, लय चेतना, भाषा प्रयोग आदि विविध पक्षबाट सशक्त रहेको कुरा प्रकाश पारेका छन् ।

लेखक एटमले गजलका दुई दुई पङ्क्तिहरुबाट सेरको रचना हुने र एउटा सेर मात्र आफैंमा पूर्ण हुन सकेको अवस्थामा सायरी भनिने प्रसङ्ग उठाएका छन् । गजलको पहिलो सेर मतला, अन्तिम सेर मकता र मतला र मकताका बिचमा रहेका सेरहरुलाई सायरी भनेर चिनाउने गरेको उल्लेख गरेका छन् । न्यूनतम पाँचदेखि एकतिस सेरसम्मका गजलहरुलाई मानक र चारभन्दा कम सेरमा लेखिएका रचनाहरुलाई मुक्तकको स्थान दिनु उपयुक्त हुने तर्क प्रस्तुत गर्दै तिवारीका गजलका संरचनालाई स्पष्ट पार्न मतला, सायरी र मकतायुक्त सेरहरुको उदाहरण दिई प्रस्ट पारेका छन् । तिवारीका **बयासी र बिस गजल मेरी** भित्र सङ्ग्रहित १०२ गजलहरुका सेर सङ्ख्याहरु प्रस्तुत गर्दै उनका ४ देखि २७ सेरसम्मका गजलहरुमा ५ वा ६ सेरका गजलहरुको आधिक्य रहेको कुरा प्रस्ट पारेका छन् (एटम,२०६०:५०) ।

समीक्षकले काफियालाई समान अनुप्रासयुक्त शब्दको रूपमा लिई हरेक सेरको अन्त्यतिर प्रयोग गरिने तर्क प्रस्तुत गर्नुका साथै मतलालाई सायरी तथा मकतासँग जोड्ने अनुप्रासको सूत्रको रूपमा लिएको देखिन्छ । तिवारीका ३२ वटा गजलमा मात्र पुरै काफियाको प्रयोग गरिएको, २५ वटामा आँशिक रूपले र ४५ वटा गजलमा चाहिँ काफियाको प्रयोग नै नभएको तथ्य प्रस्तुत गरिएको छ (एटम,२०६०:५०) ।

गजलका सेरका अन्त्यमा बारम्बार दोहोरिएर आउने शब्द वा शब्द समूहलाई रदिफ मानी यसलाई गजल रचनाको गौण तत्त्वको रूपमा लिइएको देखिन्छ । तिवारीका सम्पूर्ण गजल मध्ये ५७ वटामा रदिफ प्रयोग गरिएको २८ वटामा रदिफ प्रयोग नगरिएको त्यसैगरी १२ वटा गजलका विभिन्न सेरहरुमा रदिफ परिवर्तन गरिएको अनि ५ ओटामा चाहिँ पक्ति नै दोहोऱ्याएर रदिफको काम चलाइएको कुरा पनि प्रस्ट पारेका छन् (एटम,२०६०:५१) ।

समीक्षक एटमले तखल्लुसलाई उपनामको रूपमा चिनाई यसको प्रयोग कसैले सुरुमा वा बिचमा गरे पनि सामान्यतया अन्तिम सेर वा मकतामा गरिने कुरा उल्लेख गरेका छन् । तिवारीका गजलमा शृङ्गारिक र सामाजिक चेतनाको भाव संयोजन, उपमा र रूपक अलङ्कारको प्रयोग, लयात्मकता गेयात्मकता तथा शब्द प्रयोगमा विविधता आदि विविध प्रविधि रहेको तथ्य विभिन्न उदाहरणहरु दिई प्रस्ट पारेको देखिन्छ ।

### ४.५.१.११ खण्डकाव्य सिद्धान्तका आधारमा सृजामाता खण्डकाव्यको सङ्क्षिप्त चर्चा

**उन्मेष** को आठौँ अङ्कमा **खण्डकाव्य सिद्धान्तका आधारमा सृजामाता खण्डकाव्यको सङ्क्षिप्त चर्चा** प्रकाशित छ (कोइराला,२०६१:१५) । यस लेखमा पूर्वीय सन्दर्भमा जीवनलाई एक शताब्दी मानेर चार खण्ड (जन्मेदेखि २५ वर्षसम्म ब्रह्मचर्याश्रम, २६ देखि ५० वर्ष सम्मको खण्डलाई गृहस्थाश्रम, ५१ देखि ७५ वर्षसम्मको खण्डलाई वानप्रस्थाश्रम र ७६ देखि १०० वर्ष वा त्यस भन्दा माथिको खण्डलाई सन्यासाश्रम) मा विभाजन गरी उपयुक्त चार खण्डमध्ये कुनै एक खण्डको अभिव्यक्ति गर्न सकिने कविताको मध्य मझौलो रूपलाई खण्डकाव्यका रूपमा चिनाइएको छ । समीक्षकले आरम्भ र विश्रान्तिस्थल तर सिङ्गो जीवनझाँकी आउन नसक्ने पञ्चसन्धि पनि नभएको कुनै पनि एक देश वा जीवन खण्ड जस्तो देखिने काव्यलाई खण्डकाव्यको रूपमा प्रस्तुत गरेको देखिन्छ (कोइराला,२०६१:१६) ।

समीक्षक कोइरालाले काव्य, खण्डकाव्य सम्बन्धी पूर्वीय आचार्यहरु भरत देखि भामह, दण्डी, रुद्रट, विश्वनाथ आदिले प्रस्तुत गरेका चिन्तनलाई मुख्य रूपमा प्रस्तुत गरेका छन् । भामह र दण्डीले खण्डकाव्य वा कविताका अन्य रूपको चर्चा नै नगरी काव्य, महाकाव्यमा नै आफूलाई केन्द्रित गरेको रुद्रटले कविताको मुक्त र स्फुट आयमलाई नाघेको तर बृहत् आयाम लिन नसकेको अवस्थाको काव्यलाई लघुकाव्य वा खण्डकाव्यको संज्ञा दिएको उल्लेख गरेका छन । आनन्द वर्द्धनले काव्यभेदको विवरण दिने क्रममा मुक्तकदेखि सर्गबन्धसम्मको बिचमा पर्ने खण्डकथालाई खण्डकाव्यको रूपमा चिनाएको उल्लेख गरिएको छ । आचार्य विश्वनाथले खण्डकाव्य र महाकाव्यको एक देश/एकांश वा कुनै एक खण्ड विशेष जस्तो हुन्छ भनेर परिभाषित गरेका छन् । यसरी हर्दा खण्डकाव्य एक देशव्यापी कथा, सात सर्गसम्मको सर्ग आयोजना, ९०० सम्म श्लोक संख्या, चतुवर्ग फल प्राप्तिमा कुनै एक र कथावस्तु प्रवल, न्यून र भाव या विचार प्रधान भएका हुन सक्छन् भनी उल्लेख गरिएको छ (कोइराला,२०६१:१७) ।

लक्ष्मी प्रसाद देवकोटाको प्रवास जीवनको निसानीको रूपमा ग्रिक पुराकथामा अधारित सृजमाता खण्डकाव्यलाई पूर्वीय खण्डकाव्य मान्यताका आधारमा अध्ययन विश्लेषण गरिएको छ । समीक्षामा सृजमाता खण्डकाव्यको कथावस्तुलाई सरल, सहज, र सङ्क्षिप्त रूपमा चमत्कारपूर्ण ढङ्गले प्रकाश पारिएको छ । खण्डकाव्यको विषय वस्तुलाई हेर्दा ग्रिक पुराणबाट आख्यान लिएर रचना गरिएकाले मिथक काव्य र प्रोजरपिना र यमको पिरती लीलाको वर्ण्य विषय बनेकाले प्रणय काव्यका रूपमा पनि व्याख्या गर्न सकिने तर्क प्रस्तुत गरिएको छ । प्रकृतिमा छ महिना हिउँद र बाँकी वर्षायाम रहने त्यसमा पनि प्रोजा पातालमा बसेका बेला पृथ्वी सुख्खा, जर्जर, अनूर्वरा र उराठ लाग्दी हुन्छिन् भने प्रोजा माइत आएका बेला पृथ्वी उर्वर तथा हरियालीयुक्त हुने कुरा गरिएकाले यसलाई प्रकृति काव्यका रूपमा पनि अध्ययन गर्न सकिने कुरा उल्लेख गरिएको छ (कोइराला,२०६१:१९) ।

चरित्रका दृष्टिले यस खण्डकाव्यमा सृजा, हकेटी, प्रोजरपिना, प्लुटो जस्ता पात्रहरुलाई सामान्य र सत् पात्र र बाँकी सबैलाई असामान्य र असत् वृत्तिका पात्रको रूपमा चिनाइएको छ । सृजाः आमा, पृथ्वी र प्रोजाः छोरी मौसमका रूपमा देखा परेका छन् भने यस खण्डकाव्यका पात्रहरुले रागविराग, हाँसो, रोदन, प्राप्ति लालसा र त्याग जस्ता आ-आफ्नै जीवन शैलीका

माध्यमले जीवनको झल्को दिएको प्रसङ्ग उठाइएको छ । समग्रमा देवकोटाको सृजामाता खण्डकाव्यलाई प्रेम प्रणयमा आधारित प्रकृति चक्रको चित्रणका साथ जीवनको एकांशलाई प्रस्तुत गरिएको मिथकीय काव्यको रूपमा चिनाइएको छ ।

### ४.५.१.१२ इन्द्र बहादुर राईको कथास्थाभित्र एक दृष्टि

**उन्मेष** को आठौँ अङ्कमा प्रकाशित **इन्द्र बहादुर राईको कथास्थाभित्र एक दृष्टि** ले कृतिपरक समालोचनाको प्रतिनिधित्व गरेको देखिन्छ (सुब्बा,२०६१:३३) । प्रस्तुत समीक्षामा समीक्षक सुब्बाले इन्द्र बहादुर राईको सामान्य परिचय दिई उनका **विपना कतिपय, कथास्था** र **कठपुतलीको मन** कथा सङ्ग्रहका शैली र चिन्तन प्रक्रियाका आधारमा परम्परागत सीमाबद्ध धारा र नवीन चिन्तन प्रेरित धारामा वर्गीकरण गरी सङ्ग्रहभित्रका कथाहरुको विवेचना गरेका छन् । समीक्षकले कथास्थाका कथाहरुमा यथार्थवाद, मनोविज्ञान, विसङ्गतिवाद र चित्रकला तर्फको रुचिरहेको प्रस्ट पारेका छन् । सन् १९३३ मा दार्जिलिङमा तेस्रो आयाम आन्दोलनको घोषणापछि आयामिक लेखन सुरु भएको र कथाकार राईका आयामिक कथाहरुमा जीवनको गहिराइप्रति विशेष आग्रह रहेको उल्लेख गरेका छन् (सुब्बा,२०६१:३३) ।

समीक्षक सुब्बाले कथास्थाभित्रका कथाहरु मध्ये एक दिनको सामान्यता, खिर, ब्ल्याक आउट काजु बदाम र छोरा, त्यसरी बाँचेको छः त्यसरी नै, हामी जस्तै मैनाकी आमा, खाडल, टाढामा, आकारहरु छायाहरु आदि कथाहरुलाई आयामिक कोणबाट विश्लेषण गर्दै चित्रात्मक शैलीका यी कथाहरुमा जीवनलाई प्रस्तुत गर्ने प्रयास गरेको देखिन्छ भनी उल्लेख गरेका छन् । चित्रात्मकता, अमूर्तता, पौराणिकता, आदिमता, जीवनको वास्तविकता, प्रतिकात्मकता, घनत्ववादी, आयामिकता जस्ता विशेषताहरुलाई **कथास्था** कथा सङ्ग्रहले आत्मसात् गरेको कुरा प्रस्ट पारेका छन् (सुब्बा,२०६१:३६) ।

### ४.५.१.१३ कवि सीताराम अधिकारी र उनको आमा कव्य : एक पर्यवेक्षण

**उन्मेष** को आठौँ अङ्कमा **कवि सीताराम अधिकारी र उनको आमा कव्य : एक पर्यवेक्षण** प्रकाशित देखिन्छ (पराजुली,२०६१:३७) । यसमा समीक्षक पराजुलीले सीताराम अधिकारीको सामान्य परिचय सहित काव्ययात्रा, शोककाव्यबारे विभिन्न अवधारणाहरु, नेपाली

शोककाव्य परम्परा, **आमा** काव्यको विश्लेषण र काव्यको कारुणिक पक्षबारे विभिन्न उदाहरण सहित विश्लेषण गरेका छन् (पराजुली,२०६१:३७) । समीक्षकले पूर्वीय साहित्यको जस्तै पश्चात्य साहित्यमा शोककाव्यको प्रशस्त रचना भए पनि पूर्वीयको समकक्षी स्थान ओगट्न नसकेको र नेपाली काव्यहरु मूलतः पूर्वीय परम्पराकै नियममा आबद्ध भएर प्रकट भएको कुरा प्रस्ट पारेका छन् ।

समीक्षक पराजुलीले आख्यान तरल रहेको आमा काव्यका एघार ओटा उपशीर्षकहरुको क्रमशः चर्चा गर्दै आन्तरिक संरचनाका दृष्टिले कथानकलाई आदि, मध्य र अन्त्यको स्थितिमा विस्तारित गरिएको कुरा उल्लेख गरेका छन् । माताको अकाल मृत्युको कारण हृदयमा ठुलो बज्रपात भएका कविको मातृवियोग पीडाको प्रतीकको रूपमा **आमा** काव्यलाई लिई सिङ्गो काव्यभरि कारुणिक भाव सलबलाएको कारण यसलाई शोककाव्यको नाम दिएको देखिन्छ (पराजुली,२०६१:४४) । आमाको मृत्युको कारण छातीभित्र उम्लिएर आएका पीडा र वेदनाका ज्वारभाटाहरुलाई यस काव्यमा सशक्त रूपमा प्रस्तुत गरिएको छ । कवि अधिकारीले आमाबाट अपार माया पाएका र आमासँगको विछोडका कारण कारुणिक भाव जागृत भई **आमा** काव्यले जन्म पाएको कुरा प्रस्ट हुन आउँछ । लेखक पराजुलीले **आमा** काव्यमा रहेका मातृप्रेम भावले भरिएको कारुणिक पक्षहरु प्रस्तुत गर्दै शोक काव्यको रूपमा विभिन्न पद्यमार्फत चिनाएका छन् । यसरी **आमा** शोककाव्यलाई विभिन्न कोणबाट प्रस्तुत गर्दै कारुणिक काव्यको रूपमा चिनाउनु यस लेखको धर्म रहेको देखिन्छ ।

### ४.५.१.१४ महाकवि कालिदास र कुमार सम्भव : सङ्क्षिप्त समीक्षा

**'महाकवि कालिदास र कुमार सम्भव : सङ्क्षिप्त समीक्षा' उन्मेष** को नवौं अङ्कमा प्रकाशित देखिन्छ (भट्टराई,२०६४:१) । समीक्षक भट्टराईले महाकवि कालिदासलाई संस्कृत साहित्यको सुकुमार शैली र रसमय काव्यधाराका सर्वोच्च कवि तथा महाकविका रूपमा चिनाई उनको जन्मस्थान, समय, जीवनी व्यक्तित्त्व र कृतित्त्वको सामान्य परिचय प्रस्तुत गर्दै कालिदासको काव्य वैशिष्टयका साथै कुमार सम्भव महाकाव्यको विभिन्न कोणबाट विश्लेषण गरेको देखिन्छ ।

प्रस्तुत लेखमा समीक्षकले महाकवि कालिदासको **कुमार सम्भव, रघुवंश** जस्ता महाकाव्य, **ऋतु विचार, मेघदूत** जस्ता खण्डकाव्य र **मालविकाग्निमित्र, विक्रमोवर्शीय** र **अभिज्ञान शाकुन्तलम्** जस्ता काव्यमय नाट्य कृतिहरुले संस्कृत साहित्यको इतिहासलाई अमर तुल्याएको कुरा प्रस्ट पारेका छन् । उनको जन्म भारतीय भूमिमा इसापूर्व प्रथमदेखि इसाको पाचौं शताब्दीसम्म हुन सक्ने तर्कका साथै मृत्यु भने रहस्यमय रहेको तथ्य प्रस्तुत गरेका छन् । कालिदासको मूर्ख स्वभाव र विद्वत्ता प्राप्तिका किंवदन्तीमूलक आख्यानको प्रस्तुति सहित उनलाई वेद, ब्राह्मण, उपनिषद् आदिका गम्भीर अध्येता, धर्म अर्थ र नीति शास्त्रका प्रकाण्ड विद्वान, कामकला र वास्तुकलामा निपुण, वास्तु चित्रकला, इतिहास भूगोल, ज्योतिष आर्युवेद आदिका विशिष्ट ज्ञाता, प्रसाद गुण सम्पन्न, वैदर्भी रीति र सुकुमार मार्गका रसवादी कवि कालिदासलाई मूलतः श्रृङ्गर, करुण र शान्त रसका सिद्धहस्त संस्कृत काव्य जगत्का मानक कवि तथा महाकविका रूपमा चिनाइएको छ (भट्टराई,२०६४:३) ।

समीक्षक भट्टराईले कुमार सम्भवलाई कालिदासको प्रथम महाकाव्य कृतिको रूपमा चिनाई शिव पार्वतीका पुत्र कुमार कार्तिकेयको जन्म, कार्तिकेयद्वारा महावली तारकासुर दैत्यसँगको युद्धमा तारकासुर वधको पौराणिक कथामा आधारित १७ सर्गे महाकाव्यको प्रत्येक सर्गमा कथानकलाई अलग अलग सङ्क्षिप्त रूपमा विश्लेषण गरेका छन् । शिव, पार्वती र कुमार जस्ता उदात्त र दैवी गुण सम्पन्न चरित्रहरुले काव्यलाई बढी रोचकता थपेको देखिन्छ । काव्यमा शृङ्गर, करुण, वीर, रौद्र आदि विभिन्न रसहरु मध्ये कथावस्तुले वीर रसको अपेक्षा गरे पनि शृङ्गर रसकै सर्वोपरि प्रधानता रहेको कुरा उल्लेख गरेका छन् । अन्तमा संस्कृत साहित्यको महाकाव्य परम्परामा **कुमार सम्भव** लाई एक मानक महाकाव्यको रूपमा चिनाइएको छ (भट्टराई,२०६४:५) ।

### ४.५.१.१५ संस्कृत नाट्य परम्परामा भासको नाट्यकारिता र स्वप्नवासवदत्त : सङ्क्षिप्त विवेचना

**उन्मेष** को १० औं अङ्कमा **संस्कृत नाट्य परम्परामा भासको नाट्यकारिता र स्वनवासवदत्त : सङ्क्षिप्त विवेचना** प्रकाशित छ (भट्टराई,२०६०:३) । प्रस्तुत समीक्षात्मक लेखमा नाटकलाई सबैभन्दा बढी लोकप्रिय र प्राचीनतम विधाको रूपमा लिई संस्कृत

नाट्यशास्त्रमा समग्र दृश्य साहित्यलाई रूपक र उपरूपक दुई प्रमुख वर्गमा विभाजन गरी रूपकका दश भेद र उपरूपकका अठार उपभेद रहेको चर्चा गरिएको छ । नाटकको उद्‌भव र विकासका सम्बन्धमा **नाट्शास्त्र** को प्रथम अध्यायमा भरत मुनिले दिएको विवरण र **भाव प्रकाशन** मा शारदातनयले दिएको विवरणलाई मुख्य आधार मानिएको छ । भरत अन्य परवर्ती धेरै नाट्यशास्त्रीहरुले नाट्योत्पत्ति ब्रह्माद्वारा भएको स्विकारेका छन् भने शारदातनयले शिवद्वारा नाट्योत्पत्ति भएको प्रसङ्गलाई उल्लेख गरिएको छ (भट्टराई,२०६०:४)

संस्कृत साहित्यमा भरतको नाट्यशास्त्र, अभिनव गुप्तको अभिनव भारती, धनञ्जयको दशरुपक, रामचन्द्र गुणचन्द्रको नाट्य दर्पण, शारदातनयको भाव प्रकाशन र विश्वनाथको साहित्य दर्पणलाई प्रमुख नाट्यशास्त्रीय ग्रन्थको रूपमा लिइएको छ । यसमा पनि नाट्यशास्त्र र साहित्य दर्पणलाई प्रतिनिधि ग्रन्थको रूपमा लिई नाटकको परिभाषा प्रस्तुत गर्दै नाट्यशास्त्रमा भन्दा साहित्य दर्पणमा नाटकको स्वरूप निकै खुलेको कुरा प्रस्ट पारिएको देखिन्छ । विश्व साहित्यमा काव्य शास्त्रभन्दा काव्य सृजनाको इतिहास पुरानो भए जस्तै नाट्य शास्त्रभन्दा पहिलेदेखि नै नाट्य लेखनको परम्परा विकसित हुँदै आएको उल्लेख गरिएको छ । भरतको नाट्य शास्त्रभन्दा पहिले नै भासलाई प्राप्त नाट्य कृतिका आधारमा प्रथम नाटककार मानिएको छ, भने प्रमुख नाटककार र नाट्य कृतिहरुलाई उद्‌धृत गर्दै हालसम्म साना-ठुला गरी साढे ६ सय जति नाट्य कृतिहरु प्रकाशित भएको कुरालाई पनि प्रकाश पारिएको छ । यसरी ईसापूर्व चौथो शताब्दीभन्दा अगाडिबाट सुरु भएर चौधौं/पन्ध्रौं शताब्दीसम्मको संस्कृत नाट्य साहित्यको लामो परम्परालाई **(क) कलात्मक नाट्य धारा र (ख) शास्त्रीय नाट्य धारा** गरी दुई प्रमुख धारामा वर्गीकरण गरीएको छ । भास लगायत अश्वघोष, कालिदास र शुद्रक जस्ता नाटककारहरुले कलात्मक नाट्य धारालाई समृद्ध तुल्याएका छन् भने भवभूति, हर्षवर्द्धन, भट्ट नारायण आदि नाटककारहरुले शास्त्रीय नाट्य धारालाई उच्च गरिमामय योगदान पुऱ्याएको कुरा प्रस्ट पारिएको छ (भट्टराई,२०६०:७) ।

प्रस्तुत लेखमा भासलाई संस्कृत साहित्यका चिरपरिचित प्रथम नाटककारको रूपमा प्रस्ट पार्दै उनका १३ वटा नाटकहरुको चर्चा परिचर्चा समेत गरिएको छ जसमध्ये दुईवटा राम कथाश्रित, ६ वटा महाभारताश्रित, दुईवटा लोक कथाश्रित, दुईवटा उदयन कथाश्रित र एउटा

श्रीमद्भागवताश्रित रहेको उल्लेख गरिएको छ । नाटककार भासका प्रमुख नाट्य वैशिष्टयको रूपमा विषय वस्तुको विविधता, प्रस्तुतिमा मौलिकता, नाट्य कलामा कुशलता, अनुकूल पात्र प्रयोग, चरित्र चित्रणमा स्वाभाविकता, भाषामा सरलता, रसानुकूल भाषा प्रयोग, नृत्य र गीतको कुशल संयोजन, पद्य योजना, सरल सुललित पद विन्यास, छन्द र अलङ्कारको सुन्दर भावमय प्रयोग, सरल सम्प्रेष्य र अभिनेयात्मकता आदिलाई प्रकाश पारिएको देखिन्छ ।

नाटककार भासका तेह्रवटा नाट्य कृतिमध्ये उदयनकथामा आधारित ६ अङ्के **स्वप्नवासवदत्त** लाई सर्वोत्कृष्ट नाटकको रूपमा चिनाइएको छ । उदयन, यौगन्धरायण र वासवदत्ताको प्रमुख भूमिकामा आधारित यस नाटकका ६ वटै अङ्कका कथानकलाई क्रमशः सङ्क्षिप्त रूपमा विश्लेषण गरिएको छ । यस नाटकमा भासको हास्यात्मक अभिनयविलास बेजोड रहेको पनि उल्लेख गरिएको छ (भट्टराई,२०६०:१२) ।

### ४.५.१.१६ हिमाल र मान्छे उपन्यासको रैखिक अध्ययन

**उन्मेष** को दसौं अङ्कमा प्रकाशित **हिमाल र मान्छे उपन्यासको रैखिक अध्ययन** अर्को कृतिपरक समालोचना हो (पराजुली,२०६६:१३) । यस लेखमा समीक्षक पराजुलीले दौलत विक्रम विष्टको औपन्यासिक प्रवृतिको रेखाङ्कन गर्दै **हिमाल र मान्छे** (२०४५) उपन्यासको कथावस्तु, पात्र योजना, परिवेश र भाषाशैलीको सङ्क्षिप्त समीक्षा गरेको देखिन्छ । विष्टको सृजना यात्रा र प्रवृत्तिको सङ्क्षिप्त विवेचना सहित लेखकले **हिमाल र मान्छे** उपन्यासको संरचनात्मक तथा अन्तर्वस्तुबारे समीक्षा गरेका छन् । पूर्वी नेपालको पहाडमा पर्ने सोलुखुम्बु जिल्लाको उत्तरी भेग खुम्जुङ, खुन्दे, नाम्चे, लुक्ला, स्याङवोचे आदि स्थानहरुलाई यस उपन्यासले आधारभूमि बनाएको कुरा प्रस्ट पार्दै समीक्षक पराजुलीले खुम्जुङका शेर्पाहरुको जीवन गाथामा आधारित यस उपन्यासमा खुम्जुङ र खुन्देवासीका दुःख सुख, व्याथा, सुस्केरा, प्राकृतिक विपत्ति, हाँसो-रोदन आदि सबै कुराहरु समेटिएको तथ्य प्रस्तुत गरेका छन् । उपन्यासमा चित्रित भूगोल, हावापानी, संस्कृति, जीवन शैली र पात्र योजना आदिले पनि हिमाली क्षेत्रको जन जीवनको प्रतिनिधित्व गरेको देखिन्छ । उपन्यासमा चित्रित सबै खाले पात्रहरु सङ्घर्ष गरेरै अघि बढेका छन् । तिन पुस्तामा फैलिएको यस उपन्यासमा पहिलो पुस्ताका (पेमा दोर्जे, लाक्पा डोमा, पेमा सुन्दर) सबै पात्रहरु अनुकूल, दोस्रो पुस्ताका चरित्रहरु (आङरिगु, निमा, लाक्पा नुर्वु आदि) उभयध्रुवी र तेस्रो

पुस्ताका रिन्जिङ आलाम अनुकूल र प्रेमफुटीको चरित्रमा आमा (आङ रिगु) को संस्कार प्रतिनिधित्व रहेको कुरा उल्लेख गरेका छन् (पराजुली,२०६६:१६) ।

समीक्षक पराजुलीले **हिमाल र मान्छे** उपन्यासमा वर्णनात्मकता, चित्रात्मकता, संवादात्मकता, आलङ्कारिकता जस्ता शैली र लयात्मकता तथा व्यञ्जनात्मकता जस्ता भाषाको प्रयोग गरी खुम्जुङ र खुन्दे भेकका वासिन्दाहरुको रीतिस्थिति, भाषा, भेषभूषा सोचाइ आदि कुराहरुलाई राम्ररी समेटिएको तथ्य प्रस्तुत गरेका छन् । अन्तमा चरित्र, वातावरण, संस्कृति, पेशा, मानवीय व्यवहार आदि हरेक कोणबाट हिमाली जीवन शैलीलाई व्यक्त गर्न यस उपन्यास सफल भएको कुरा प्रस्ट पारेका छन् (पराजुली,२०६६:२०) ।

### ४.५.१.१७ विजय यात्रा कविता सङ्ग्रहको प्रवृत्तिगत विश्लेषण

**उन्मेष** को दसौँ अङ्कमा **विजय यात्रा कविता सङ्ग्रहको प्रवृत्तिगत विश्लेषण** प्रकाशित देखिन्छ (निरौला,२०६६:६५) । प्रस्तुत लेखमा समीक्षक निरौलाले **विजय यात्रा** कविता सङ्ग्रहलाई क्रान्ति चेतना, गणतान्त्रिक चेतनाको आवाज, राष्ट्रवादी स्वर, व्याङ्ग्यात्मकता, वैचारिक पक्ष आदिका आधारमा विश्लेषण गरेका छन् ।

समीक्षक निरौलाले लामिछानेको यस कविता सङ्ग्रहमा रहेका अधिकांश कविताहरुमा २०५२ सालमा सुरु भएको सशस्त्र युद्धबारेका विविध घटना समेटिएको उल्लेख गर्दै उक्त द्वन्द्व नेपालको कुनै भूगोल, जाति, लेकबेँसी वा गाउँको उत्थानका लागि नभएर सिङ्गे राष्ट्रलाई अग्रगति प्रदान गर्न, सामन्त एवम् नव सामन्तको अन्त्य गरी नयाँ नेपालको निर्माण गर्न र अधिकांश गरिब र निमुखा जनताको जीवन स्तरमा परिवर्तन गर्न भएको कुरा 'निर्माण नयाँ नेपालको' कविता मार्फत व्यक्त गरेका छन् । कविले राजनीतिक, आर्थिक, सामाजिक साँस्कृतिक परिवर्तनको आवाज यस पटक पनि यस्तै भएको छ, मन भित्रको ज्वालो जीवित रहन सक्छ, धनगढी, कामीडाँडो, गाउँको दूरी घटाउनै पर्छ आदि कविता मार्फत् उठाएको पनि उल्लेख गरिएको देखिन्छ । कवि लामिछानेका राष्ट्रवादी स्वर सुस्ता भित्रका हामीहरु, टनकपुरको घाउमा हिमालको पानी छम्कौं, दशगजाका सीमाहरु र अपी र सैपालको सन्देश कविता मार्फत् सशक्त रूपमा प्रस्तुत भएको देखिन्छ ।

प्रस्तुत लेख मार्फत राष्ट्रियता रक्षाका निम्ति सत्ताको स्वाद पाई बेवास्ता गर्ने नेताको मुख ताक्ने होइन जनता आफैं जुर्मुराएर उठ्नुपर्ने राष्ट्रवादी सन्देश व्यक्त गरेको देखिन्छ । समग्रमा कवि लामिछानेले आफ्ना कविता मार्फत राष्ट्रवादी, राजनीतिक, आर्थिक, सांस्कृतिक स्वर सुसेल्दै सदियौं देखिको शोषण, दमन, अन्याय अत्याचारका विरुद्ध जनताहरु सङ्गठित हुन सकुन् भन्ने भाव व्यक्त गरेका छन् भन्दा अत्युक्ति नहोला (निरौला,२०६६:७२) ।

### ४.५.१.१८ मनोविज्ञानको नजरभित्र मसानको स्वरूप

**उन्मेष** को दसौं अङ्कमा प्रकाशित **मनोविज्ञानका नजरभित्र मसानको स्वरूप** अर्को कृतिपरक समीक्षात्मक लेख हो (उपाध्याय,२०६६:७३) । यसमा समीक्षक उपाध्यायले आधुनिक मोविश्लेषण सिद्धान्तका जन्मदाता सिग्मन्ड फ्रायडको सिद्धान्तका आधारमा **मसान** नाटकको विवेचना गरेको देखिन्छ ।

समीक्षक उपाध्यायले साहित्य वा कलालाई निराशा वा मानसिक पीडाबाट मुक्त हुने बाटो दिने सर्वोत्तम तरिकाका रूपमा लिँदै नेपाली सामाजिक यथार्थवादी नाटककार रिमालले **मसान** नाटक मार्फत अन्याय अत्याचार, शोषण र दासताका विरुद्ध हेपिएका थिचिएका शोषित पीडित नारीहरुलाई विद्रोहको पाठ सिकाएको स्पष्ट पार्दै हिन्दु परम्परानुसार मानव जीवन लीला समाप्तिपछि अन्तिम संस्कार गर्ने थलोको रूपमा चिनिने मसानलाई प्रतीकात्मक रूपमा शीर्षक चयन गरेको उल्लेख गरेका छन् । यहाँ नारीको सन्तान बिनाको शून्य काख, सन्तानहीन घर, नारीको अपमान हुने घर, मातृत्व अपहरित हुने घर, र घरमूलीका नीजि स्वार्थमा पिल्सिएको घरलाई युवतीका माध्यमले मसानको संज्ञा दिइएको देखिन्छ । नाटकको नायक कृष्ण आधुनिक औषधि विज्ञानको दुरुपयोग गर्दै धर्मपत्नी युवतीलाई बाँझो राखेर चिर यौवनको भोग गर्ने मोहमा कुकृत्य गर्ने पात्रका रूपमा प्रस्तुत भएको छ भने युवती सन्तानेच्छा, मातृत्वको अपहरण भएको सूचना पाएपछि शोषण र अन्याायको तिरस्कार गर्दै नारीलाई जिउँदै जलाइने घरलाई मसान संज्ञा दिएर समाजमा एक्लै टिक्ने साहसका साथ घर त्यागीदिएको प्रसङ्ग उल्लेख गरिएको छ । त्यस्तै दुलहीलाई कमजोर आत्मबल भएकी, जीवनमा हार स्विकारी मृत्युका मुखमा समर्पित हुने पात्रका रूपमा चिनाइएको छ भने अरु पात्रहरु गौण रूपमा प्रस्तुत भएका देखिन्छन् (उपाध्याय,२०६६:७७) ।

समीक्षकले **मसान** नाटकलाई छोटो घटना संवाद, थोरै पात्र, दृश्य, आन्तरिक  र बाह्य दुबै द्वन्द्व नारीसमस्या प्रधान, प्रतीकात्मकता, नयाँ परम्पराको थालनी र कलात्मक गद्यको प्रयोग, नारी स्वतन्त्रता, समानताको खोजी, सामाजिक यथार्थता आदि विशेषता बोकेको नाटकको रूपमा चिनाएका छन् । नारीले नारी हुनुमा हीनता होइन, स्वाभिमान र आत्मबल बोक्नु पर्छ र जुनसुकै प्रकारका पुरुष शोषणको विरोध गर्नुपर्छ भन्ने सन्देश प्रस्तुत लेखले व्यक्त गरेको देखिन्छ (उपाध्याय,२०६६:७८) ।

### ४.५.१.१९ हामी वसन्त खोजि रहेछौं सडक नाटकको विश्लेषण

**उन्मेष** को दसौँ अङ्कमा प्रकाशित **हामी वसन्त खोजि रहेछौं सडक नाटकको विश्लेषण** अर्को कृतिपरक समालोचना हो (सिलवाल,२०६६:७९) । समीक्षक सिलवालले नाटककार अशेष मल्लको सामान्य परिचय र सडक नाटकको सन्दर्भ सहित **हामी वसन्त खोजि रहेछौं** (२०३९) सडक नाटकको विभिन्न कोणबाट विश्लेषण गरेका छन् । सर्वनाम नाट्य समूहका संस्थापक मल्ललाई नेपाली नाटक जगत्मै प्रथम सडक नाटकको आरम्भ गर्ने ऐतिहासिक श्रेय प्राप्त भएको प्रसङ्ग पनि उठएका छन् (सिलवाल,२०६६:७९) । समीक्षकले सडकलाई मञ्च र सडकमा भएका सबै मानिसहरुलाई दर्शक बनाई देखाइने नाटकलाई सडक नाटकको रूपमा लिई यसमा अभिनयको प्रत्यक्षीकरण र अकृत्रिम नाटकीकरणका साथसाथ विसङ्गत समाज व्यवस्थाको व्यङ्ग्य, सामाजिक जन जीवनको यथार्थ चित्रण र शान्त समाजको निर्माणमा जोड, राजनैतिक, साँस्कृतिक र आर्थिक व्यवस्थाप्रति तीखो व्यङ्ग्य प्रहार गरिने कुरा प्रस्ट पारेका छन् (सिलवाल,२०६६:८०) ।

**हामी वसन्त खोजि रहेछौं** लाई नेपाली नाटक परम्परामा लेखक स्वयम्को निर्देशनमा मञ्चित पहिलो सडक नाटकका रूपमा लिई यसको कथानकलाई सङ्क्षिप्त रूपमा प्रस्तुत गरिएको छ । यस नाटकमा प्रमुख पात्र वसन्तलाई शान्तिको प्रतीक मानिएको छ । वसन्तलाई प्रतीकात्मक रूपमा विकासको प्रतीक, शान्तिको अमनचैन, परिवर्तनशील ऋतु आदि बिम्बका रूपमा प्रस्तुत गरेको देखिन्छ । वसन्तको आगमन नहुनुलाई हिंसात्मक व्यवहारको वृद्धि र बढ्दो मानवतामाथिको ह्रासलाई मुख्य रूपमा लिइएको छ । नेपाली जन जीवनको मूल शान्तिपूर्ण समाज व्यवस्थाको स्थापना नभएसम्म वसन्तको आगमन नहुने कुरा प्रतीकात्मक रूपमा व्यक्त

गरेको देखिन्छ । शासक वर्ग वा गलत नियत भएको वर्गले वसन्तलाई हडपेको/अपहरण गरेको सन्दर्भ उठाई त्यस्तो दुःसाहस गर्ने वर्गप्रति नाटक व्यङ्ग्य गर्न केन्द्रित देखिन्छ । नाटकमा तपसी बुढो र बहुलाहा ठिटो बिच वसन्त खोज्ने तरिकामा द्वन्द्वात्मक रूप देखाई अन्ततः बूढाले अङ्गालेको शान्तिपूर्ण बाटोकै जीत देखाइएको छ । अन्त्यमा जबसम्म मानिसहरुले वसन्तयामको अनुभव गर्दैनन् तबसम्म यो नाटकको परिवेश कथ्य र प्रतिपादित वैचारिक पक्ष कालजयी रहने कुरा प्रस्तुत गरिएको छ (सिलवाल,२०६६:८४) ।

### ४.५.१.२० गार्गीको गाँठो : सतही अध्ययन

**उन्मेष** को एघारौं अङ्कमा **गार्गीको गाँठो : सतही अध्ययन** प्रकाशित देखिन्छ (कोइराला, २०६६:१) । यसमा समीक्षक कोइरालाले निबन्धकार माधव पोखरेलको **गार्गीको गाँठो** (२०६२) मा सङ्कलित २९ वटा निबन्धहरुलाई विषय, शैली, शिल्प र उद्देश्यका आधारमा अध्ययन विश्लेषण गरेको देखिन्छ ।

समीक्षकले **गार्गीको गाँठो** भित्र राजनीतिक, प्रशासन, शिक्षा, धर्म संस्कृति, व्यक्ति प्रवृत्ति आदिलाई विषय वस्तु बनाई धर्म संस्कृति र आर्थिक विषयक, व्यक्ति मनोविज्ञान सम्बन्धी, व्यक्तिपरक प्रभावको वर्णन विषयक, राजनीतिमा बहुरङ्गी पक्षसँग सम्बद्ध, समाज र उसका सांस्कृतिक तथा पारस्परिक व्यवहार सम्बद्ध, ज्ञान साधना वा शिक्षा व्यवस्थासँग सम्बद्ध र अस्तित्व चिन्तन र व्यवहार विचलनसँग सम्बद्ध, आदि सात विषय क्षेत्रसँग सम्बद्ध, सबै निबन्धहरुको विश्लेषण गरेका छन् । पोखरेलका निबन्धहरुलाई उद्देश्यगत हिसाबले वर्तमान, विगत, राष्ट्र र विश्वमानवीय विचार र व्यवहारका विकृत विसङ्गत पक्षको चित्रणका माध्यमले सुधारवादी चेतना फैलाउनु, विश्वमानव इतिहास, धर्म संस्कृति र मानव व्यावहारका विविधताको दिग्दर्शन गराउने र व्यक्ति प्रवृत्तिको उदाहरणद्वारा सुकृत मार्ग प्रदर्शन गराउने आदि तिन श्रेणीमा विभाजन गरेर अध्ययन गरिएको देखिन्छ । साथै पोखरेलका निबन्धमा रहेका सबल र दुर्बल पक्षलाई केलाउने कार्य गरिएको छ (कोइराला,२०६६:३) ।

अन्तमा निबन्धकार पोखरेललाई मनोरञ्जन र ज्ञानवृद्धि, सामान्य ज्ञान, मानवीय अहंवृत्ति, भाषा व्याकरणिक नियम बद्धता, उखान, वागधारा र टुक्काको प्रयोग, बौद्धिकता सुधारवादी चेतना भएका निबन्धकारका रूपमा चित्रण गरेका छन् ।

### ४.५.१.२१ संस्कृत गद्य परम्परामा वाण भट्टको गद्यकारिता र कादम्बरीको सङ्क्षिप्त परिचय :

**उन्मेष** को एघारौँ अङ्कमा रमेश कुमार भट्टराईद्धारा लिखित **संस्कृत गद्य परम्परामा वाण भट्टको गद्यकारिता र कादम्बरीको सङ्क्षिप्त परिचय** : प्रकाशित देखिन्छ (भट्टराई,२०६६:५) । यस लेखमा भाषिक अभिव्यक्तिका दुई प्रमुख शैली पद्य र गद्यलाई पदयुक्त वा गण मात्रा आदिद्धारा सुनियोजित छन्दोवद्ध शैली पद्य, गण र मात्रा रहित वा छन्दोविहिन सहज, स्वतन्त्र या अनियोजित मुक्त शैलीलाई गद्यको रूपमा चिनाइएको छ । पद्य जस्तै गद्यलाई पनि श्रव्य, पाठ्य काव्यको एक प्रमुख विधा मानी व्यावहारिक बोलचाल र बौद्धिक वैचारिक अभिव्यक्तिमा मात्र नभएर सन्तुलित भावमय आलङ्कारिक काव्य सृजनाका क्षेत्रमा समेत गद्यले पद्यकै उचाइमा आफ्नो महत्ता प्रदर्शित गर्दै आएको उल्लेख गरिएको छ (भट्टराई,२०६६:५) ।

**गद्** धातुमा **यत्** प्रत्यय लागेर बनेको गद्य शब्द सहज रूपले बोलिने वा व्यक्त गर्न सकिने भन्ने अर्थ हुन्छ भनी उल्लेख गरिएको पाइन्छ । संस्कृतका प्रमुख साहित्य सिद्धान्त विवेचकहरु आचार्य भामह, दण्डी, विश्वनाथ आदिले काव्य, महाकाव्य, नाटक आदिको विवेचना क्रममा गद्यकाव्यको पनि सैद्धान्तिक स्वरूप निकाल्ने प्रयास धेर थोर मात्रामा गर्न खोजेको चर्चा गरिएको छ । गद्यलाई भामह, दण्डी र विश्वनाथले कथा र आख्यायिका, वामनले चूर्ण, उत्कालिका प्राय र छन्दोगुण, अग्नि पुराणकारले कथा र आख्यायिकामा अरुतिन खण्डकथा, परिकथा र कथालिका आदि विभिन्न भेदहरुमा वर्गीकरण गरिएको पाइन्छ । संस्कृत साहित्यमा गद्यका कथा र आख्यायिकालाई नै मुख्य भेद मानिएको र आचार्य विश्वनाथले वाण भट्टका कादम्वरी र हर्षचरितलाई नै उदाहरण बनाएर कथा र आख्यायिकाको अलग-अलग परिचय प्रस्तुत गरेको प्रसङ्गलाई उद्धृत गरिएको छ (भट्टराई,२०६६:७) ।

संस्कृत साहित्यमा गद्यको प्रयोग ऋग्वेद संहिता, कृष्ण यजुर्वेद संहिताका विभिन्न शाखा, अर्थववेदका विभिन्न भाग, सबै व्राह्मण, आरण्यक र अधिकांश उपनिषद् जस्ता वैदिक साहित्य र निरुक्त जस्तो वैदिक भाष्य ग्रन्थमा समेत प्रौढ र परिष्कृत गद्यको सुन्दर चित्रण गरिएको कुरालाई उल्लेख गरिएको छ ।

संस्कृत गद्य विकासको लामो इतिहासमा वैदिक गद्य, पौराणिक गद्य, शास्त्रीय गद्य, अभिलेख गद्य र साहित्यिक गद्य आदिको स्वरूप निर्माण भएको र क्रमिक रूपले विकसित र

परिष्कृत हुँदै अघि बढिरहेको प्रसङ्गलाई प्रकाश पारिएको छ । त्यसमा पनि शास्त्रीय गद्य र साहित्यिक पद्यलाई प्रमुख मानी साहित्यिक गद्य अन्तर्गतको लोक आख्यानमूलक मनोरञ्जन नीतिकथाको परम्परा र अलङ्कारमूलक गद्यकथाको परम्परा दुई वर्गमा विभाजन गरी अलङ्कारमूलक गद्यकाव्यको परम्परालाई सङ्क्षिप्त रूपमा विश्लेषण गरिएको छ (भट्टराई,२०६६:९) ।

वाण भट्टलाई सस्कृतको आलङ्कारिक गद्य साहित्यका सर्वश्रेष्ठ कवि महाकविका रूपमा परिचित गराउँदै उनको **कादम्बरी** लाई समग्र संस्कृत साहित्यकै पाण्डित्यपूर्ण आलङ्कारिक गद्यको सर्वोत्कृट महाकाव्यको रूपमा चिनाइएको छ । वाण भट्टको गद्यकारितालाई पश्चिमी चिन्तक बेवरले जुन जङ्गल हिंस्रक जनावरहरुले खचाखच भरिएको छ र यात्रुलाई आफैंले रुख काटेर आफ्नो बाटो बनाउनु पर्छ भनी आफ्नो मन्तव्य व्यक्त गरेको प्रसङ्ग पनि उठाइएको छ र अन्तमा **कादम्बरी** को कथानकलाई सरल, सरस र सङ्क्षिप्त रूपमा सारमा समग्रलाई समेट्दै विश्लेषण गरिएको छ (भट्टराई,२०६६:१०) ।

### ४.५.१.२२ देवकोटाको पागल कविताको विश्लेषण

**'देवकोटाको पागल कविताको विश्लेषण' उन्मेष** को एघारौं अङ्कमा प्रकाशित अर्को कृतिपरक लेख हो (पराजुली,२०६६:१२) । समीक्षक पराजुलीले कविता, निबन्ध, कथा, नाटक र उपन्यास लेखन जस्ता बखुमुखी प्रतिभाका धनी देवकोटाले कविता विधामा सर्वोपरि उपलब्धि हासिल गरेका कुरा **मुना मदन, शाकुन्तल** र **पागल कविता** उदाहरण दिई प्रस्ट पारेका छन् । यस लेखनमा पागल कवितालाई कविता रचनाको पृष्ठभूमि, कविताको बनोट, कथन पद्धति, कविताको भाव, भाषाशैली, अलङ्कार योजना जस्ता विविध पक्षबाट विश्लेषण गरिएको देखिन्छ (पराजुली,२०६६:१२) ।

सात अनुच्छेदमा संरचित यस कवितामा लामा छोटा १६१ पंक्ति रहेको तथ्य प्रस्तुत गरी सबै अनुच्छेदको क्रमशः चर्चा गरिएको छ । यस कविताका माध्यमबाट कविले तत्कालीन समाजमा विकृति र विसङ्गति भित्र्याउने चरित्रहरु प्रति व्यङ्ग्यको गतिलो थप्पड हान्दै समाज सुधारका दिशामा अग्रसर भई क्रान्तिकारी विचार प्रकट गर्नेहरुलाई अनर्थका रूपमा नहेर्न चेतावनी दिएका छन् । अन्याय, अत्याचार, शोषण, दमन जस्ता सामाजिक बेथितीका कारण

क्रान्तिकारी भाव प्रकट गर्न पुगेका कविलाई समाजका स्वनामधन्य व्यक्तिहरुले पागल ठानेका कुरा व्यक्त गरिएको देखिन्छ । सद्दे व्यक्तिलाई पागल ठान्नेहरु नै पागल हुन् भन्ने  कविताको मूल सार रहेको  तथ्य प्रस्ट पारिएको छ (पराजुली,२०६६:१४) ।

समीक्षकले मुक्त लयमा संरचित यस कवितामा आन्तरिक दृष्टिविन्दु, तत्सम, तद्भव र आगन्तुक शव्दहरुको प्रयोग, सरल, मिश्र र संयुक्त वाक्य गठन, शव्दालङ्कार र अर्थालङ्कार दुबै स्वरूपका अलङ्कारहरुले काव्यको आन्तरिक सौन्दर्य विस्तारमा महत्त्वपूर्ण भूमिकमा वहन गरेका कुरा उल्लेख गरेका छन् । अन्तमा मानवतावादी, प्रगतिवादी चेतनाको अविव्यक्ति स्वरूप देवकोटाको उत्तरार्द्ध जीवनको उपलब्धिका रूपमा प्रकट भएको पागल कवितामा आफ्ना पीडा र मर्महरु व्यक्त गर्ने क्रममा आफूमाथि लागाइएको पागलपनको आरोपको व्यङ्ग्यात्मक ढङ्गबाट खण्डन गर्दै आफूलाई सज्जन र आरोप कर्ताहरुलाई पागल सिद्ध गर्न सफल भएको तथ्य प्रस्ट पार्न खोजेको देखिन्छ (पराजुली,२०६६:१६) ।

### ४.५.१.२३ लुनी खण्डकाव्यमा वैचारिक प्रयोग

**उन्मेष** को एघारौँ अङ्कमा **लुनी खण्डकाव्यमा वैचारिक प्रयोग** प्रकाशित छ (शर्मा,२०६६:१३४० । यस लेखमा समीक्षक शर्माले साहित्यका विविध विधामा कलम चलाएका देवकोटाको मुख्य देन चाहिँ कविता, खण्डकाव्य, महाकाव्य तथा निबन्ध क्षेत्रमा रहेको उल्लेख गर्दै लुनी खण्डकाव्यमा भएको वैचारिक पक्ष, त्यसमा भएको अन्तर्बिरोध वा प्रेमको विकास क्रमलाई अध्ययन गरेका छन् ।

समीक्षक शर्माले खण्डकाव्यमा प्रेम सम्बन्धी आध्यात्मिक चिन्तन, रहस्यवादिता, ईश्वरवादिता, सामन्ती संस्कारको विरोध गर्दै साँस्कृतिक क्रान्ति, शेर्पा संस्कृति र हिमाली प्रकृतिको सुन्दर वर्णन गरेको कुरा प्रकाश पारेका छन् । खण्डकाव्यका मुख्य पात्र लुनी र चाङ्नाका माध्यमले  पुराना विचार, साँस्कृतिक चालचलन, बानी व्यहोरा आदि प्रवृत्तिप्रति विद्रोह गर्दै साँस्कृतिक क्रान्तिको अपेक्षा  गरी समाज रूपान्तरणको आवश्यकता रहेको प्रसङ्ग उठाइएको छ । खण्डकाव्यकार देवकोटाले सामन्ती संस्कारको धज्जी उडाउँदै इच्छा विपरीतको विवाहमा हार्दिकता नभै प्रेम विद्रोहमा परिवर्तन हुने सङ्केत गरेको चर्चा गर्दै परम्परागत मान्यताका साङ्ला तोडेर भाव र विचार मिल्ने ठाउँमा सम्बन्ध गाँसिने र सुख सयलमा जीवन

बिताउन भावनात्मक प्रेमको आवश्यकता रहेको कुरा प्रस्ट्याएको देखिन्छ । मानिसको जीवन, नैतिकता, पद, प्रतिष्ठा, इज्जत, संस्कृति आदि लिलाम हुन नसक्ने तर्फ  इङ्गित गर्दै जीवन स्वतन्त्र प्रेम र नैतिकतामा गाँसिनु पर्छ भन्ने मान्यता लुनीको जीवन शैली उदाहरणीय बनेको देखिन्छ । यस खण्डकाव्यमा परम्परावादी रुढीवादी विचारहरुको विरोध गर्दै सर्वहारा वर्ग र क्रान्तिकारीलाई आदर्श पात्रका रूपमा प्रस्तुत गरिएको छ । समग्रमा वैचारिक प्रयोगका दृष्टिले लुनीलाई क्रान्तिकारी काव्यका रूपमा चिनाउँदै मुना मदन भन्दा धेरै उच्च रहेको तथ्य प्रस्तुत गरिएको देखिन्छ (शर्मा,२०६६:१३७) ।

### ४.५.१.२४ वाल्मीकि रामायणमा वर्षा ऋतु वर्णन : सङ्क्षिप्त विवेचना

**'वाल्मीकि रामायणमा वर्षा ऋतु वर्णन : सङ्क्षिप्त विवेचा' उन्मेषन** को बाऱ्हौं अङ्कमा प्रकाशित अर्को कृतिपरक समालोचना हो (भट्टराई,२०६८:१२) । समीक्षक भट्टराईले वाल्मीकि रामायणलाई संस्कृत साहित्यको प्रथम विकसित महाकाव्य, संस्कृत ललित महाकाव्य सृजना र सिद्धान्तको आदि उपजीव्य मानक महाकाव्यको रूपमा लिई ऋतु वर्णनका विभिन्न सन्दर्भ उठाई वसन्त, वर्षा, हेमन्त, शरद ऋतुहरुमध्ये प्रकृति प्रयोगमा वर्षा वृत्तिकै  प्राधान्य रहेकाले यहाँ **अयोध्या पञ्चश्लोकीय सङ्क्षिप्त वर्षा वर्णन** र किष्किन्धाको २८ औं सर्गको **विस्तृत वर्षा वर्णन** गरी दुई अलग अलग सन्दर्भमा वर्षा ऋतुको स्वरूप र महिमालाई प्रस्तुत गरेको देखिन्छ (भट्टराई, २०६८:१३) ।

समीक्षक भट्टराईले रामचन्द्रको वन प्रस्थानपछि पुत्र वियोगले विह्वल राजा दशरथले गरेको ऋषि कुमार बध र तिनका वृद्ध र अन्ध माता पिताबाट आफ्नो मृत्युको कारण पनि पुत्रशोक नै बन्ने श्रापको घटना सुनाउने सन्दर्भमा **अयोध्या काण्ड** को ६३ औं सर्गका १५ देखि १९ सम्मका पाँच श्लोकमा वर्षा ऋतुको सङ्क्षिप्त, आलङ्कारिक र सूक्ष्म चित्रण भएको उल्लेख छ । त्यसै गरी **किष्किन्धा काण्ड** को २८ औं सर्गाका २  देखि ५९ सम्मका श्लोकहरुमा वर्षा ऋतुको चित्रण भएको र वर्षाको वेगशाली भेलले नदी, तलाउ, सरोवर, इनार, कुवा आदि सम्पूर्ण पृथ्वीलाई नै जलामय बनाएको दृश्य प्रस्तुत गरी वर्षा ऋतुको सशक्त चित्रण भएको कुरा उल्लेख गरिनुका साथै यात्रा प्रतिकूल समय भएकाले नदीको पानी सङ्लियोस् भन्ने कामना

हेतु रामचन्द्र शरद् ऋतुका प्रतिक्षामा रहेका प्रसङ्गसँगै वर्षा वृत्तान्त सकिएको कुरा उल्लेख गरिएको छ (भट्टराई,२०६८:१६ ।

प्रस्तुत लेखमा समीक्षकले विभिन्न चराचुरुङ्गी, जनावर, वनस्पति, तालतलैया, सागर, महासागर, बिजुली, सूर्य, चन्द्र, तारा आदि सबैको प्राकृतिक चित्रण वर्ष वर्णनमा सुन्दर रूपले भएको उल्लेख गरेका छन् । विभिन्न रस, गुण, रीति, छन्द, अलङ्कार र प्रकृति चित्रणले वर्षा ऋतु वर्णनको शिल्प सौन्दर्यपक्ष बेजोड बनेको देखिन्छ ।

### ४.५.१.२५ कान्छी, भट्टी र देश कविताको संरचना पक्षीय विश्लेषण

**उन्मेष** को बाऱ्हौं अङ्कमा **कान्छी, भट्टी र देश कविताको संरचनापक्षीय विश्लेषण** प्रकाशित देखिन्छ (पराजुली,२०६८:२३) । विवेचक पराजुलीले राजनीति, सम्पादन, पत्रकारिता तथा साहित्य आदि बहुमुखी प्रतिभाका धनी कृष्णसेन इच्छुकको सामान्य परिचयका साथै उनको **कान्छी, भट्टी र देश** कृतिको संरचना विभाजन, साङ्गठनिकता, वस्तु सङ्गठन, परिवेश, उद्देश्य, दृष्टिविन्दु, भाषाशैली आदि विविध पक्षबाट  संरचना पक्षीय विश्लेषण गरेको देखिन्छ (पराजुली,२०६८:२३) ।

समीक्षक पराजुलीले यस कविताको संरचना पक्षको सङ्क्षिप्त चर्चा गर्दै कविताको, साङ्गठनिकता, आदि, मध्य र अन्त्यको शृङ्खलामा रहेको तथ्य आदि, मध्य र अन्त्य भागमा क्रमशः १ देखि ८ सम्मका पंक्तिहरु, ९ देखि ३४ सम्मका पंक्तिहरु र अन्त्य भागमा ३५ देखि ३९ सम्मका पंक्तिहरु रहेको प्रस्ट पारेका छन् । कविताको आदि भागमा कान्छीलाई एउटी गरिब बाँच्नका लागि भट्टी थाप्नु पर्ने स्थिति रहेको र रक्सीसँगै आफ्नो यौवन पनि बाँड्नु परेको दुःखद परिस्थितिको चित्रण गरिएको छ । मध्यभागमा  भट्टीमा मासु भातसँगै कान्छीको लाज र आँसु पाकेको तथा रक्सी सँगसँगै उसको अस्तित्व पनि बिक्री भएको प्रसङ्ग उठाइएको छ । कान्छीका खुसी सबै लुटिएका, विदेशका कोठीमा बेचिएका चेलीहरु जस्तै आँसुका समुद्रमा डुबेर बाँचिरहेको दृश्य उदाङ्गे परेको देखिन्छ भने अन्तिम भागमा कान्छीका आफन्तहरु टाढा भएको र पति पनि पराइका मोर्चामा बेखबर रहेकाले एक्लै विसङ्गत जीवन बिताउनु परेको स्थितिको चित्रण गरी आफ्नो पति र आफन्तको आगमनको कामना सँगै कविताको अन्त्य भएको

देखिन्छ । समग्रमा बाँच्नका लागि सङ्घर्ष गर्नुपर्छ भन्ने मान्यता नै यस कविताको मूल सन्देश रहेको छ (पराजुली,२०६८:२६) ।

**कान्छी, भट्टी र देश** कविताले आजका जीवनको कुण्ठा, नैराश्यपूर्ण र नकारात्मक पक्षलाई अवलम्बन गरेर बाँच्न बाध्य भएको प्रसङ्ग उद्घाटित गरेको देखिन्छ । कविताले सङ्केत गरेका प्रसङ्गहरु वर्तमान मानव जीवन शैलीका रूपमा आएको कुरा समीक्षकले प्रस्तुत गरेका छन् ।

### ४.५.१.२६ सुगत सौरभ महाकाव्य : सङ्क्षिप्त अध्ययन

**उन्मेष** को बाऱ्हौं अङ्कमा **सुगत सौरभ महाकाव्य : संक्षिप्त अध्ययन** प्रकाशित छ (बज्राचार्य,२०६८:३८) । समीक्षक बज्राचार्याले संस्कृत साहित्यका गद्य एवम् पद्य काव्यका अनेक प्रकारमध्ये महाकाव्यलाई प्रबन्धकाव्य अन्तर्गत राखी रामायणलाई आदि काव्य र वाल्मीकिलाई आदिकविका रूपमा चिनाएका छन् । पाश्चात्य साहित्यमा दृष्टिविहीन ग्रिक महाकवि होमरका **इलियड** र **ओडिसी** लाई प्राचीनतम महाकाव्यका रूपमा स्विकार गरेका छन् । त्यसै गरी नेपाल भाषा साहित्यमा अंग्रेजी र संस्कृत भाषाको प्रभावमा महाकवि सिद्धिदास अमात्यको सिद्धि रामायणबाट महाकाव्यले आफ्नो यात्रा तय गरेको प्रसङ्ग पनि उल्लेखनीय देखिन्छ । महाकवि चित्तधर हृदयले राणा शासन कालमा कारागार भित्रको कठिन स्थितिमा **सुगत सौरभ** का १८ सर्ग लेखिसकेको र जेल मुक्त भएर अन्तिम सर्ग लेखी महाकाव्यलाई पूर्णता दिएको कुरा प्रस्ट पारेका छन् (बज्राचार्य,२०६८:३८) ।

उनले उक्त महाकाव्य नेपाल भाषामा लेखिएको शास्त्रीय लक्षणहरुमा आधारित नेपालका राष्ट्रिय विभूति तथा विश्व शान्तिका अग्रदूत गौतम बुद्धको जीवनी र बौद्ध दर्शनको समग्र सेरोफेरोलाई पृष्ठमूमि बनाएको महाकाव्यका रूपमा उल्लेख गरेका छन् । महाकाव्यका नायक गौतम बुद्ध लाई पूर्णतः नेवार बनाएर नेवार संस्कृति र संस्कारले सजिसजाउ गरी समाजको ठुलै चर्चा गरेको देखिन्छ । महाकाव्यमा प्राकृतिक उपचार अनुसार कुन रोग लागेमा कुन औषधी खाने जस्ता सन्दर्भमा निकै चर्चा गरिएको कुरा उल्लेख गरेका छन् । **सुगत सौरभ** महाकाव्य मात्र नभएर आफ्नो मन्तव्य समेत छन्दमा लेख्ने महाकवि हृदयले यस महाकाव्यमा मालिनी, मन्दाक्रान्ता, शिखरिणी, वंशस्थ लगायत विभिन्न ३३ ओटा वार्णिक छन्दहरु प्रयोग

गरेको तथ्यलाई प्रस्ट पारेका  छन् । अन्तमा महाकाव्यलाई जातीय मात्र नभएर राष्ट्रिय, अन्तरराष्ट्रिय गौरवको विषयका रूपमा लिइएको देखिन्छ (वज्राचार्य,२०६८:४१० ।

### ४.५.१.२७ तासको जामा नाटकमा द्वन्द्वको अवस्था

**तासको जामा नाटकमा द्वन्द्वको अवस्था 'उन्मेष'** को बाऱ्हौं अङ्कमा प्रकाशित अर्को कृतिपरक समालोचना हो (उपाध्याय,२०६८:८१) । प्रस्तुत लेखमा समीक्षक उपाध्यायले नाटककार शिव अधिकारीको सामान्य परिचय दिँदै उनको तासको जामा नाटकका चार अङ्कहरुलाई क्रमशः विश्लेषण गरी द्वन्द्व पक्षलाई सशक्त रूपमा प्रस्तुत गरेका छन् ।

समीक्षकले तासको जामालाई नेपाली समाजले सुनको तारले बुनेको पुस्तौं पुस्तासम्म हस्तान्तरित हुने पितृ सञ्चित सम्पत्तिको प्रतीकको रूपमा लिँदै जामालाई नारीको वाल्य पहिरनका रूपमा समेत चिनाएका छन् । नाटकमा बरुण, रुचिरा, रजनी र भीष्मदेवका माध्यमले द्वन्द्वपक्ष सशक्त रहेको प्रष्ट परेका छन् । बरुणका सन्तान नहुनु, रुचिराले अर्को बिवाहको आग्रह गर्दा पनि बरुणले नटेर्नु, सन्तानेच्छा हुँदा पनि रुचिराले आत्मग्लानिका कारण आत्महत्या गर्नु, काका भीष्मदेवका कर बलमा अर्को विवाह गरी दुई सन्तानको बाबु हुँदा पनि बरुणले रजनीलाई घरबाट निकालिदिनु जस्ता द्वन्द्व यस नाटकमा टड्कारो देख्न सकिन्छ । रजनी र बरुणको सम्बन्ध विच्छेदमा भौतिक द्वन्द्वको चरम अवस्था सिर्जिएको छ भने रुचिरा, बरुण र रजनी तिनवटै पात्रमा मनोद्वन्द्वको चरम अवस्था सिर्जना भएको कुरा समीक्षकले प्रस्तुत गरेका छन् । यस नाटकमा भौतिक र मानवीय दुवै द्वन्द्वले गर्दा द्वन्द्वको अवस्था सवल रहेको कुरा उल्लेख गरेका छन् (उपाध्याय,२०६८:८८) ।

### ४.५.१.२८ भतेर एकाङ्कीको तत्त्वगत विश्लेषण

**उन्मेष** को बाऱ्हौं अङ्कमा **भतेर एकाङ्कीको तत्त्वगत विश्लेषण** प्रकाशित देखिन्छ (निरौला,२०६६:१२३) । समीक्षक निरौलाले यस लेखमा नेपाली साहित्यका बहुमुखी प्रतिभा बालकृष्ण समको नाट्य प्रवृत्ति र **भतेर** एकाङ्कीको कथावस्तु, चरित्र चित्रण, उद्देश्य, परिवेश आदि विभिन्न कोणबाट तत्त्वगत  विश्लेषण गरेको देखिन्छ ।

लेखकले एकाङ्कीकार सममा पारिवारिक परिपाटिका कारण र तत्कालीन शासक वर्गको दुर्व्यवहारबाट जनतामा मनोवैज्ञानिक असर परेकाले बलियो साहित्यिक यात्राको बाटो तय भएको उल्लेख गरेका छन् । भतेर २०१० समको **प्रगति** पत्रिकामा प्रकाशित यस्तै मनोवैज्ञानिक विषय वस्तुमा आधारित एकाङ्की हो । यसमा परम्परागत रूपमा चलि आएको छुवाछुत प्रथालाई विषय वस्तु बनाई परम्परित प्रथालाई सुधार गरी समाजलाई अग्रगति प्रदान गर्नु पर्छ भन्ने मूल सन्देश दिएको कुरा उल्लेख गरिएको छ । बस्नेत परिवारमा भएको बिवाह भतेरमा नव बिवाहिता दुलहीका हातबाट भात चलाएको प्रसङ्गबाट सुरु भएको एकाङ्कीमा जातीय छुवाछुतका विषयमा भएका विभिन्न तर्क वितर्कका साथ छुवाछुतको अन्त्य भएको सुन्दर समाजको कल्पना गर्दै कान्छाका कुरालाई सकारात्मक ठानी सबै मिलेर खाना खाएको दृश्य सँगै कथानक अन्त्य भएको देखिन्छ (निरौला,२०६६:१२५) । बस्नेत परिवारका १५ सदस्यहरुमा सीमित यस एकाङ्कीमा कान्छालाई मुख्य पात्रका रूपमा लिइएको छ । कान्छाकै माध्यमबाट नाटककार समले सामाजिक परिवर्तनको कल्पना गरेको देखिन्छ । जातीय विभेद र छुवाछुत जस्तो मानव विरोधी प्रवृत्तिलाई अन्त्य गरी अग्रगामी विचार र समुन्नत समाजको निर्माण गर्ने परिकल्पना गर्नु, पुराना र नयाँ विचारको बहसमा नयाँ विचारको विजय देखाई समाजलाई परिष्कृत, परिमार्जित र अग्रगामी दिशातर्फ उन्मुख गराउनु एकाङ्कीको मूल उद्देश्य रहेको उल्लेख गरेका छन् ।

### ४.६ ऐतिहासिक समालोचना

ऐतिहासिक समालोचनाले कृतिको मूल्याङ्कन तथा अध्ययन गर्दा कृतिकारको पूर्ववर्ती र समकालीन इतिहासलाई ध्यान दिनुपर्छ भन्ने मान्यता राखेको पाइन्छ । “युग र साहित्यको परस्पर सम्बन्ध र एक अर्कामा परेको प्रभावहरुको समुचित विवेचना ऐतिहासिक समालोचनामा हुन्छ” (थेगिम,१९९२:१०२) । वास्तवमा कुनै पनि कृति र व्यक्तिको विवेचनाका लागि समकालीन इतिहास र युग प्रवृत्तिको अध्ययन आवश्यक हुन्छ किनभने कृतिमा त्यस समयको बिम्ब-प्रतिबिम्ब हुन्छ (थापा,२०६६:१९६) । समग्रमा तत्कालीन समयको धार्मिक, सामाजिक, राजनीतिक र नैतिक परिस्थितिहरुमा आधारितभई युगको प्रवृति र इतिहासको प्रतिबिम्ब उजागर गर्नु नै ऐतिहासिक समालोचनाको धर्म रहेको देखिन्छ ।

**उन्मेष** मा ऐतिहासिकतासँग सम्बद्ध तिनवटा समालोचनाहरु प्रकाशित देखिन्छन् । यहाँ यिनै समालोचनाहरुको अध्ययन गर्ने प्रयत्न गरिएको छ ।

४.६.१ **तालिका ५** *ऐतिहासिक समालोचना र समालोचक*

| क.सं. | लेखक | शीर्षक | वर्ष | अङ्क | पृष्ठ |
|---|---|---|---|---|---|
| १. | घटराज भट्टराई | नेपाली कविता र राष्ट्रियता | २०४५ | १ | ५ |
| २. | राजेन्द्र सुवेदी | नेपाली समालोचनाको दोस्रो चरणमा देखिएको पूर्वीय समालोचना चिन्तन | २०५८ | ६ | ८ |
| ३. | तुलसी मान श्रेष्ठ | नेपाली लोक साहित्यको अध्ययन परम्परा | २०६६ | ११ | २९ |

माथिको तालिकामा दिइएका समालोचनात्मक लेखहरुको विवेचना तल गरिन्छ ।

### ४.६.१.१ नेपाली कविता र राष्ट्रियता

**उन्मेष** को पहिलो अङ्कमा **नेपाली कविता र राष्ट्रियता** प्रकाशित देखिन्छ (भट्टराई,२०४५:५) । समीक्षक भट्टराईले नेपाल एकीकरण सँगसँगै राष्ट्रिय चिन्तनका भावले ओतप्रोत पृथ्वी नारायणबाट कविता लेखनको सुरुवात भएको परम्परामा प्राथमिक कालमा यदुनाथ पोखरेल, भानुभक्त आचार्य आदि माध्यमिक कालमा मोतीराम भट्ट, शम्भु प्रसाद ढुङ्गेल, राम प्रसाद सत्याल, तारानाथ शर्मा, आदि र आधुनिक कालमा लेखनाथ, देवकोटा, सम, तिवारी, घिमिरे, श्रेष्ठ आदिले निरन्तरता दिई उत्सर्गमा पुऱ्याएको कुरा उल्लेख गरेका छन् ।

समीक्षक भट्टराईले माध्यमिक कालका मोतीराम भट्ट, तारानाथ शर्मा नेपाल, आदि कविहरुले राष्ट्रियताका बारेमा निकै गहकिला विचार व्यक्त गरी नेपाली राष्ट्रियताको गान नेपाल र नेपालीहरुलाई कान्तिपुर, हिमालय, श्रीपेच, वीर आदि सर्वनामले गाएको कुरा उल्लेख गरेको देखिन्छ ।

प्राथमिक र माध्यमिक कालका कविताहरुमा झल्किएको राष्ट्रियताका भावहरु आधुनिक कालमा पनि त्यतिकै सशक्त रहेको कुरा विभिन्न कविहरुका विभिन्न श्लोक मार्फत प्रस्तुत गरेको देखिन्छ । सममा राष्ट्रियताको भाव **'देश भक्ति त मर्दैन चुत्यै देश भए पनि'** मार्फत सशक्त रूपमा सलबलाएको पाइन्छ भने सिद्धिचरणको **'मेरो प्यारो ओखलढुङ्गा'** र **'नेपाली हुँ कठिन गिरिमा चढ्नलाई सिपालु'** श्लोक मार्फत राष्ट्रियताको सुन्दर नमुना प्रस्तुत गरेको देखिन्छ । माधव प्रसाद घिमिरेलाई प्रमुख राष्ट्रकविको रूपमा चिनाई उनका गीत, कविता, काव्य आदिले राष्ट्रियताको बुलन्द आवाज उठाएको उल्लेख गरेका छन् जसमध्ये **'राष्ट्रिय झण्डा'** र **'गाउँछ गीत नेपाली ज्योतिको पङ्ख उचाली'** रचनालाई मुख्य रूपमा लिइएको छ (भट्टराई,२०४५:७) ।

समीक्षक भट्टराईले नयाँ पिंढीमा थुप्रै प्रतिभाहरु राष्ट्रिय चिन्तन बोकेर उदाएको प्रसङ्ग उल्लेख गर्दै प्रत्येक वर्ष नेपाल राष्ट्रिय प्रज्ञा प्रतिष्ठानबाट कविता उत्सवमा प्रदान गरिने राष्ट्रिय पृष्ठभूमिका शीर्षकहरु, भानु जयन्ती, मोती जयन्ती, देवकोटा जयन्ती आदिले नेपाली राष्ट्रियताका बारेमा महत्त्वपूर्ण भूमिका निर्वाह गरेको उल्लेख गरेका छन् (भट्टराई,२०४५:८) ।

### ४.६.१.२ नेपाली समालोचनाको दोस्रो चरणमा देखिएको पूर्वीय समालोचना चिन्तन

**उन्मेष** को छैटौं अङ्कमा प्रकाशित **नेपाली समालोचनाको दोस्रो चरणमा देखिएको पूर्वीय समालोचना चिन्तन** अर्को ऐतिहासिक समालोचना हो (सुवेदी,२०५८:८) । प्रस्तुत लेखमा समीक्षक सुवेदीले २००४ देखि २०२० सालसम्मको अवधिलाई नेपाली समालोचनाको दोस्रो चरण मानी यस समयमा साहित्यिक र ऐतिहासिक सामग्रीको अन्वेषण, भाषा शास्त्रीय अध्ययन-अनुसन्धान र विश्लेषण, लोक साहित्यका कृतिहरुको विवेचना र सौन्दर्यशास्त्रीय चिन्तन भएको तथ्य प्रस्तुत गरेका छन् (सुवेदी,२०५८:८) ।

समीक्षक सुवेदीले नेपाली समालोचनाको दोस्रो चरणमा पूर्वीय साहित्य चिन्तन अलङ्कार, गुण, रस, ध्वनि, वक्रोक्ति, भाषा व्याकरण, सौन्दर्यशास्त्र, दर्शन, आध्यात्मिक आदि पक्षलाई आधार बनाएर अध्ययन, अनुसन्धान र समीक्षण कार्यको आधारभूमि बनाउने स्रष्टाहरुको परिचय प्रस्तुत गर्दै कृतिहरुको सिंहावलोकन गरेको देखिन्छ । त्यस्ता साहित्यकारहरुमा देवीदत्त पराजुली, कुलचन्द्र गौतम, चक्रपाणि चालिसे, सोमनाथ सिग्द्याल,

कोमल नाथ पराजुली, दुर्गा प्रसाद भट्टराई, मुरलीधर भट्टराई, क्षितीजचन्द्र चक्रवर्ती, माधव प्रसाद देवकोटा, छविलाल पोखरेल, बदरीनाथ भट्टराई, सोमनाथ शर्मा घिमिरे, रामचन्द्र ढुङ्गाना, गोपालनिधि तिवारी आदिले पूर्वीय साहित्यिक मान्यतालाई आत्मसात गरी नेपाली साहित्यको भण्डारमा ठुलो योगदान दिएको कुरा उल्लेख गरेका छन् (सुवेदी,२०५८:१६) ।

समग्रमा समालोचक सुवेदीले सोमनाथ सिग्द्याललाई नेपाली समालोचनाको सैद्धान्तिक शिखर पुरुष मध्येका अग्रणी मानी उनको **साहित्य प्रदीप** लाई मानक साहित्य सिद्धान्तको रूपमा चिनाएका छन् । यस चरणमा नेपालमा पूर्वीय साहित्यको सैद्धान्तिक ढङ्गले नेपालीकरण, सौन्दर्यशास्त्रलाई नेपाली ढङ्गले व्याख्या गर्नुका साथै नेपाली साहित्यको सिर्जना गर्ने जस्ता कार्यहरु उल्लेखनीय रूपमा भएको तथ्य प्रस्तुत गरेका छन् (सुवेदी,२०५८:८) ।

### ४.६.१.३ नेपाली लोक साहित्यको अध्ययन परम्परा

**'नेपाली लोक साहित्यको अध्ययन परम्परा' उन्मेष** को एघारौं अङ्कमा प्रकाशित अर्को ऐतिहासिक समालोचना हो (श्रेष्ठ,२०६६:२९) । लोक साहित्यविद् श्रेष्ठले नेपाललाई बहुजाति, बहुभाषी, बहुसाँस्कृतिक राष्ट्रको रूपमा चिनाउँदै घाटु, सेलो, वालुन लाखेनाच आदिलाई समस्त नेपालीको साझा सम्पत्तिको रूपमा उल्लेख गरेका छन् । साथै नेपाली लोक साहित्यको अध्ययन परम्पराका सम्बन्धमा विभिन्न विद्वान्हरुका मतहरु प्रस्तुत गर्दै अन्त्यमा प्रथम चरण, द्वितीय चरण र तृतीय चरण तिन चरणमा विभाजन गरी अध्ययन गरेको देखिन्छ (श्रेष्ठ,२०६६:२९) ।

समीक्षक श्रेष्ठले लोक साहित्यको उद्भव मानव उत्पत्तिसँगै भएको चर्चा गर्दै लोक साहित्यसँग सम्बन्धित सामग्री सङ्कलन, विवेचना र व्याख्या गर्ने परम्परालाई नै लोक साहित्यको अध्ययन परम्पराको रूपमा चिनाएका छन् । लोक समाजमा चिरपरिचित लोक साहित्यले नेपाली लोक समाजलाई पश्चिमी क्षेत्रमा देउडा, पूर्वी क्षेत्रमा सङ्गिनी र मध्य क्षेत्रमा झयाउरे, चुड्का, रोइला आदिले सम्पूर्ण नेपाललाई नै जुरुक्क बोकेको भान दिलाएका छन् । नेपाली लोक साहित्यका प्रथम सङ्कलक र प्रकाशकका रूपमा मोतीराम भट्टलाई चिनाउँदै यस परम्परामा योगदान पुऱ्याउने विद्वान्हरुको सङ्क्षिप्त झलक प्रस्तुत गरिएको देखिन्छ जस अनुसार नेपाली लोक साहित्य परम्परालाई तिन चरणमा वर्गीकरण गरिएको छ :

१. प्रथम चरण, सम्वर्द्धन काल (सुरुदेखि १९६६ सम्म)

२. द्वितीय चरण, सङ्कलन काल (१९९६-२०३३)

३. तृतीय चरण, प्राज्ञिक शैक्षिक काल (२०२४-हालसम्म )

नेपाली लोक साहित्यको सम्बर्द्धन कालमा मोतीराम भट्ट, महानन्द सापकोटा, सूर्य विक्रम ज्ञवाली, लक्ष्मीप्रसाद देवकोटा आदि । सङ्कलन कालमा बोध विक्रम अधिकारी, पुष्कर शमशेर, ललीतजङ्ग सिजापति, सत्यमोहन जोशी, धर्मराज थापा आदि र प्राज्ञिक शैक्षिक कालमा तुलसी दिवस, वासुदेव त्रिपाठी, धर्मराज थापा, दयाराम राकेश, कृष्ण प्रसाद पराजुली, चुडामणि बन्धू, मोहन राज शर्मा, खगेन्द्र लुइटेल, र मोतीलाल पराजुली आदिले विभिन्न लोक साहित्यसँग सम्बद्ध कृतिहरु मार्फत् विशिष्ट योगदान पुऱ्याएको तथ्य प्रस्ट पारिएको छ (श्रेष्ठ,२०६६:२१) ।

अन्तमा हराउँदै गएका लोक नाटक, लोकगाथाको सम्वर्द्धन तर्फ ध्यानाकृष्ट गराउँदै नेपाली लोक साहित्यमा भएका अध्ययन, अनुसन्धानहरुलाई स्पष्ट रूपमा केलाएर वैज्ञानिक तवरले वर्गीकरण गर्नु पर्ने तर्क प्रस्तुत गरेका छन् । गाउँलाई लोक साहित्यको खानीका रूपमा चिनाई गाउँका बूढाबुढीहरुसँग लोककथा, गाउँखाने कथा, उखान र टुक्का आदि छरपष्ट रूपमा रहेका असङ्ख्य खजानाहरुलाई सम्पूर्ण गाउँ वस्तीमा पुगेर यिनीहरुको जगेर्ना/सङ्कलन गर्न सके नेपाली लोक साहित्य धेरै सम्पन्न हुने कुरा उल्लेख गरिएको देखिन्छ ।

### ४.७ स्रष्टापरक समालोचना

स्रष्टापरक समालोचनाले व्यक्ति वा व्यक्तिको अभिव्यक्तिलाई मूल केन्द्र मानेर समालोचना गर्दछ । स्रष्टा वा व्यक्ति केन्द्रका रूपमा रही उनीहरुको अभिव्यक्तिमा मूल स्वर हुने समालोचनालाई स्रष्टापरक समालोचना भनिन्छ (आचार्य,२०६४:३६) । यस समालोचनाले स्रष्टाको जीवन तथा प्रतिभाको आधारमा स्रष्टाका मनबाट प्रस्फुटित भावनालाई साहित्य मान्दछ ।

**उन्मेष** पत्रिकामा स्रष्टापरकतासँग सम्वद्ध तिन ओटा समालोचनाहरु प्रकाशित देखिन्छन् । ती निम्नानुसार छन् :

### ४.७.१ तालिका ६ *स्रष्टापरक समालोचना र समालोचक*

| क.सं. | लेखक | शीर्षक | वर्ष | अङ्क | पृष्ठ |
|---|---|---|---|---|---|
| १. | हेमचन्द्र भण्डारी | अरिस्टोटल | २०६६ | ११ | ८४ |
| २. | भगवानचन्द्र ज्ञवाली | होमरका रचनाहरुमाथि एक दृष्टि | २०६६ | ११ | १०१ |
| ३. | चिन्तामणि भट्टराई 'उदयपुरे' | द्रष्टा देवकोटा | २०६८ | १२ | १०९ |

माथिको तालिकामा दिइएका समालोचनात्मक लेखहरुको विवेचना तल गरिन्छ ।

#### ४.७.१.१ अरिस्टोटल

**उन्मेष** को एघारौँ अङ्कमा प्रकाशित **अरिस्टोटल** शीर्षकको लेखले स्रष्टापरक समालोचनाको प्रतिनिधित्व गरेको देखिन्छ (भण्डारी,२०६६:८४) । समीक्षक भण्डारीले पाश्चात्य साहित्यका विशिष्ट प्रतिभाद्वय प्लेटो र अरिस्टोटलको सामान्य परिचय दिई अरिस्टोटलले कला, साहित्य, ज्ञान विज्ञान, दर्शन आदि विविध क्षेत्रमा योगदान पुऱ्याएको कुरा उल्लेख गरेका छन् ।

लेखक भण्डारीले ग्रिसेली नगर राज्य एथेन्सको कला, ज्ञान-विज्ञान तथा दर्शनले पाश्चात्य सभ्यता तथा संस्कृतिलाई गहन रूपमा प्रभाव पारेको कुरा उल्लेख गर्दै ग्रिसेली साहित्यका महान् प्रतिभाहरु होमर, सफ्फो, एस्किलस, सोफोक्लिज, युरिपाइडिज, सुकरात प्लेटोसँगै यसै पृष्ठभूमिमा अरिस्टोटलको पनि आगमन भएको उल्लेख गरिएको देखिन्छ । अरिस्टोटलले ई.पू. ३३५ मा **लाइसियन** नामक स्कुलको स्थापनासँगै प्रकृतिक विज्ञान, वनस्पति विज्ञान, सङ्गीत, गणित, औषधि विज्ञान, ग्रिसेली नगर राज्यको संविधान, प्राणी विज्ञान, भाषाशास्त्र, दर्शन आदिको शिक्षण प्रारम्भ गरी ग्रिसेली ज्ञान विज्ञानको परम्परालाई उत्सर्गमा पुऱ्याएको कुरा उल्लेख गरेको देखिन्छ । शुकरातको तार्किक शक्तिबाट प्रभावित अरिस्टोटलले राजनीति, सामाजिक, सांस्कृतिक तथा वैज्ञानिक दृष्टिकोणले अध्ययन, अनुसन्धान र विश्लेषणका साथै नवीन विचारमा आधारित समालोचना सम्बन्धी मानक सिद्धान्त **काव्यशास्त्र** निर्माण गरको देखिन्छ । **काव्यशास्त्र** लाई ग्रिसेली समालोचना परम्पराको उत्सर्गका साथै पाश्चात्य

समालोचना परम्पराकै कोशेढुङ्गा सावित भएको कुरा उल्लेख गरेको देखिन्छ (भण्डारी,२०६६:८७) ।

अन्त्यमा ज्ञान, विज्ञान, दर्शन आदि विविध क्षेत्रका ज्ञाता अस्टिोटलको **काव्यशास्त्र** लाई समालोचनाको सैद्धान्तिक नमुनाको रूपमा लिई प्लेटोको आदर्श तथा सुकरातको तार्किक शक्तिबाट प्रभावित उनलाई बहुमुखी प्रतिभा सम्पन्न व्यक्तिको रूपमा चिनाउँदा अत्युक्ति नहोला ।

### ४.७.१.२ होमरका रचनाहरुमाथि एक दृष्टि

**'होमरका रचनाहरुमाथि एक दृष्टि' उन्मेष** को एघारौँ अङ्कमा प्रकाशित अर्को स्रष्टापरक समालोचना हो (ज्ञवाली,२०६६:१०१) । समीक्षक ज्ञवालीले होमरलाई पाश्चात्य साहित्यका आदि कविको रूपमा चिनाई **इलियड** र **ओडिसी** जस्ता बृहत्तर काव्यलाई उपजीव्य आदि काव्यको रूपमा लिई सङ्क्षिप्त विश्लेषण गरेको देखिन्छ ।

समीक्षक ज्ञवालीले पाश्चात्य साहित्यका महान् प्रतिभा होमरको समय ई.पू. तेऱ्हौं देखि आठौं शताब्दीसम्म भएको अनुमान गरी ग्रिक ट्राय युद्धसँग सम्बन्धित ऐतिहासिकतामा आधारित विषय वस्तुलाई आधारित बनाई **इलियड** र **ओडिसी** को रचना भएको कुरा उल्लेख गरेका छन् । **इलियड** पूर्ण रूपमा ग्रिस र ट्रायवासी बिचको युद्धमा आधारित छ भने **ओडिसी** ट्रोजन युद्धपछिको ओडिससको एउटा अनौठो दश वर्षे साहासिक यात्रामा आधारित देखिन्छ । **इलियड** दुःखान्तमा आधारित काव्य हो भने **ओडिसी** ओडिसिस र पेनेलगको पुनर्मिलनमा आधारित सुखान्त काव्यको रूपमा चिरपरिचित छ । ई.पू. छैटौं शताब्दीमा मादकताका देवता डयनोसिसलाई खुसी बनाउन मूर्तिमा बली चढाउने सिलसिलामा डायनोसिसका सम्मानार्थ वार्षिक नाटक प्रतियोगिता गरिन्थ्यो यसै क्रममा ग्रिक नाट्य कलाको विकास भएको हो भनी प्रकाश पारिएको देखिन्छ (ज्ञवाली,२०६६:१०२) ।

अन्तमा होमरका समकालीनहरु उपशीर्षकमा नाट्यत्रय एस्किलस, सोफोक्लिज, युरिपाइडिस र सुखान्त नाटककार अरिस्टोफेनिसको सामान्य परिचय प्रस्तुत गरिएको छ । ग्रिक

र भारत वर्षमा सँगसँगै नाटकको विकास सुरु भएको तथ्य प्रस्ट पारिएको देखिन्छ (ज्ञवाली,२०६६: १०३) ।

### ४.७.१.३ द्रष्टा देवकोटा

**उन्मेष** को बाऱ्हौं अङ्कमा प्रकाशित **द्रष्टा देवकोटा** अर्को स्रष्टापरक समालोचना हो (भट्टराई,२०६८:१०९) । समीक्षक भट्टराईले देवकोटाले साहित्य रचनाको क्रममा समालोचना विधामा पनि कलम चलाएर प्रथम समालोचनात्मक लेख **तरुण तपसीको प्रदक्षिणा** मार्फत् आफ्नो द्रष्टा व्यक्तित्वको परिचय दिई चौध ओटा समालोचनात्मक लेखहरु **स्रष्टा देवकोटा : द्रष्टा परिवेश** (२०४१) मा सङ्कलित रहेको कुरा उल्लेख गरेको देखिन्छ । यस लेखमा देवकोटालाई रचानाभित्रका द्रष्टात्व, भाववादी (आत्मवादी) द्रष्टात्व काव्य एवम् काव्येतर द्रष्टात्व गरी अलग अलग रूपमा उनको द्रष्टा व्यक्तित्वलाई प्रस्ट बनाइएको छ (भट्टराई,२०६८:११०) ।

समीक्षक भट्टराईले देवकोटाको समालोचनामा मात्र नभएर कविता, काव्य, निबन्ध, नाटक, कथा, उपन्यास जस्ता साहित्यका विविध विधामा जताततै द्रष्टा व्यक्तित्व छताछुल्ल भएको कुरा उल्लेख गरेका छन् । साहित्यका हरेक विधामा समाज वा परिवेशमा देखिएका र अनुभूति गरिएको विषयमा वैचारिक, तार्किक र भावनात्मक रूपले आफ्ना कृतिहरुलाई सुगठित बनाउन खप्पिस देवकोटाका छोटो किस्सा, कला र जीवन, शाकुन्तल महाकाव्यको वक्तव्य, सुलोचना महाकाव्यको भूमिका आदिलाई मध्यनजर गर्दा उनमा विशुद्ध आलोचकीय दृष्टिकोण पाइन्छ भनी उल्लेख गरिएको देखिन्छ । सौन्दर्य चेतनामा विश्वास राख्ने हृदयवादी  समीक्षक देवकोटाका **नेपाली साहित्य गगनका दुई नक्षत्र, तरुण तपसीको प्रदक्षिणा, आफ्नो चर्चा सुन्दा, भिखारी बारेको टिप्पणी** आदिलाई प्रमुख समीक्षा रचनाको रूपमा लिइएको छ । अन्तमा **तरुण तपसीको प्रदक्षिणा** लाई उत्कृष्ट समालोचनाको रूपमा लिई उनलाई एक कुशल र विशिष्ट समालोचकको रूपमा चिनाइएको देखिन्छ (भट्टराई,२०६८:११०) ।

## ४.८ पाठक प्रतिक्रियापरक समालोचना

पठक प्रतिक्रिया सिद्धान्त वा आलोचनाको काम आखिर पाठकलाई नै प्रमुखता दिनु हो । साहित्यिक कृति पठनमा मूर्त हुन्छ र पठन भनेको पाठककै आत्माको अभ्यास हो भन्ने विचारले पाठक प्रतिक्रिया सिद्धान्तलाई विकास दिइएको छ (गौतम,२०५०:४६८) । साहित्यिक कृतिको अर्थ निर्धारणमा पाठकको भूमिका, पठन परम्परा र कृतिको व्याख्या जस्ता कठिन काम विभिन्न प्रसङ्गबाट अथ्याउनु, फुटाउनु, केलाउनु, नङ्ग्याउनु आदि जस्ता कार्यलाई पाठक प्रतिक्रियापरक समालोचना भनिन्छ । उन्मेष पत्रिकामा यस प्रकृतिको समालोचना एउटा मात्र प्रकाशित देखिन्छ ।

### ४.८.१ उन्मेषको नवौँ अङ्कलाई नियाल्दा :

**उन्मेष** को दसौँ अङ्कमा प्रकाशित **उन्मेषको नवौँ अङ्कलाई नियाल्दा** : एक मात्र लेखले पाठक प्रतिक्रियापरक समालोचनाको प्रतिनिधित्व गरेको देखिन्छ (पराजुली,२०६६:९१) । समीक्षक पराजुलीले (२०६४) मा प्रकाशित उन्मेषको नवौँ अङ्कमा नेपाली माध्यमका १७ ओटा र अंग्रेजी माध्यमका १३ वटा लेख रचनाहरुलाई भाषा साहित्य, गणित, इतिहास, राजनीतिक, पत्रकारिता, जनसंख्या, मनोविज्ञान, ग्रामीण विकास, सिर्जना आदि विविध विषय क्षेत्रका आधारमा छुट्टयाई अधययन विश्लेषण गरेको देखिन्छ (पराजुली,२०६६:९१)।

**उन्मेष** लाई त्रि.वि.ररालप्राएस बाट प्रकाशित विविध विषयहरुको समावेश गरिएको बहुस्वादी पत्रिकाको रूपमा चिनाइएको छ । यस अङ्कमा समावेश भएका अधिकांश लेखहरुमा अनुसन्धानात्मक र विश्लेषनात्मक पक्ष सवल रहेको कुरा उल्लेख गर्दै सम्बन्धित क्षेत्रका पाठक तथा विद्यार्थीका लागि उपयोगी र अनुसन्धेय विषयका लागि समेत स्रोत सामग्री बन्न सक्ने तथ्य प्रस्तुत गरिएको देखिन्छ (पराजुली,२०६६:९४) ।

## ४.९ उन्मेषमा प्रकाशित साहित्येतर लेख रचनाहरु :

### ४.९.१ तालिका ७ *राजनीति विषयसँग सम्बद्ध सामग्रीहरु*

| क्र. सं. | लेखक | शीर्षक | वर्ष | अङ्क | पृष्ठ |
|---|---|---|---|---|---|
| १ | विष्णु बहादुर सिंह | पञ्चायती व्यवस्थामा विकेन्द्रीकरणको स्थान | २०४५ | १ | ४९ |
| २ | रवीन्द्र खनाल | प्रजातन्त्रमा राजनीतिक सहिष्णुता | २०५० | ३ | १९ |
| ३ | कैलाश प्रधानाङ्ग | नेपालमा संसदीय विकासको पूर्वइतिहास | २०५५ | ४ | ६३ |
| ४ | भुवनमान सिंह भण्डारी | नोकरशाही | २०५५ | ५ | ३८ |
| ५ | बद्री प्रसाद लामिछाने | प्रजातान्त्रिक अभ्यास | २०५८ | ६ | ६४ |
| ६ | बद्री प्रसाद लामिछाने | न्यायिक पुनरावलोकन : परिचय र प्रभाव | २०६० | ७ | ७६ |
| ७ | भुवनराज भण्डारी | प्रजातन्त्र | २०६१ | ८ | १ |
| ८ | बद्री प्रसाद लामिछाने | राजनीति शास्त्रको अध्ययनप्रति आकर्षणको कमी : कारण र समाधानका उपाय | २०६१ | ८ | १९ |
| ९ | कैलाश प्रधानाङ्ग | संघीय राज्य प्रणालीको तुलनात्मक अध्ययन र नेपालको चुनौती | २०६४ | ९ | ५१ |
| १० | लक्ष्मी कुमारी श्रेष्ठ | नेपालमा प्रजातान्त्रिक व्यवस्था र रजनीतिक दल | २०६४ | ९ | ७१ |
| ११ | थम्मलाल शर्मा | नेपालको राजनीति व्यवस्थामा राजनीतिक संस्कृतिको असर | २०६४ | ९ | ९० |
| १२ | लक्ष्मी कुमारी श्रेष्ठ | भेदभावमूलक नेपाली समाज र संसदीय राजनीतिमा विद्यमान महिला स्थिति | २०६६ | १० | ३७ |
| १३ | डा. बुद्धि प्रसाद भण्डारी | सन्तुलित शक्तिको आधार शक्ति पृथक्करणको सिद्धान्त | २०६६ | ११ | ५८ |
| १४ | कैलाश प्रधानाङ्ग | नेपालको संविधानसभा र यसका चुनौती | २०६६ | ११ | ६२ |
| १५ | लक्ष्मी कुमारी श्रेष्ठ | नेपालमा ठूला राजनीतिक दल र सरकारको नेतृत्व | २०६६ | ११ | ७६ |

| | | | | | |
|---|---|---|---|---|---|
| १६ | थम्मलाल शर्मा | नेपालको राजनीतिमा सामाजिक परिचालनको प्रभाव | २०६६ | ११ | ८८ |
| १७ | भेषराज घिमिरे | नेपालको राष्ट्रियतामा वर्तमान सन्दर्भ | २०६६ | ११ | ९७ |
| १८ | बद्री प्रसाद लामिछाने | संवैधानिक स्थायित्व र अमेरिकी संविधान | २०६६ | ११ | १०४ |
| १९ | तरानाथ घिमिरे | नेपालका दुई कम्युनिष्ट पार्टी र सङ्घात्मक व्यवस्था | २०६६ | ११ | ११३ |
| २० | वेग बहादुर कुँवर | संघीयता : अवधारणा, प्रयोग र नेपालका लागि चुनौती | २०६६ | ११ | १४४ |
| २१ | कैलाश प्रधानाङ्ग | ब्रिटिश संविधानको ऐतिहासिक विकास र यसबाट सिक्नु पर्ने पाठ | २०६८ | १२ | ४२ |
| २२ | लक्ष्मी कुमारी श्रेष्ठ | नेपालमा घरेलु हिंसा र संवैधानिक व्यवस्था | २०६८ | १२ | ७६ |
| २३ | थम्मलाल शर्मा | नेपालमा संवैधानिक विकासका जटिलता | २०६८ | १२ | ८९ |
| २४ | वेग बहादुर कुँवर | नेपाल राज्यको पुनः संरचना एवं संघीयता | २०६८ | १२ | ९९ |

## ४.९.२ तालिका ८ *इतिहास विषयसँग सम्बद्ध सामग्रीहरु*

| क्र. सं. | लेखक | शीर्षक | वर्ष | अङ्क | पृष्ठ |
|---|---|---|---|---|---|
| १ | घनश्याम रिजाल | सिद्धिदास महाजू | २०४५ | १ | १ |
| २ | कैलाश कुमार तामाङ | जङ्ग बहादुर राणा एम.एम. | २०५० | ३ | ८ |
| ३ | कैलाश प्रधानाङ्ग | राणा परिवारभित्र सत्ताको लागि आपसी कलह | २०५० | ३ | ३५ |
| ४ | कैलाश कुमार तामाङ | पृथ्वी नारायण शााहका केही कष्टदायक निर्णयहरु | २०५३ | ४ | १ |
| ५ | विमला शाक्य | नेपाली सामाजिक जन जीवनको सामान्य परिचय | २०५३ | ४ | ३० |
| ६ | विमला शाक्य | श्री ५ पृथ्वी नारायण शाह : एकीकृत नेपालको शिलान्यास | २०५८ | ६ | ४५ |
| ७ | गोवर्धन शर्मा | नेपालको एकीकरण र पृथ्वी नारायण शाह | २०६४ | ९ | १५ |

| | | | | | |
|---|---|---|---|---|---|
| ८ | नील प्रसाद पन्त | नेपालमा विर्ता र सामन्तवादको अस्तित्व | २०६४ | ९ | ५७ |
| ९ | हेमचन्द्र भण्डारी | इतिहास दर्शन | २०६४ | ९ | ६३ |
| १० | विमला शाक्य | नेपाली नारीको सामाजिक अवस्था | २०६४ | ९ | ७९ |
| ११ | ढाकाराम सापकोटा | नेपालको इतिहासमा २००७-२०२७ सम्मको राजनैतिक परिदृश्य | २०६६ | १० | ८५ |
| १२ | विमला शाक्य | वीरङ्गना राजमाता राजेन्द्र लक्ष्मी देवी शाह | २०६६ | ११ | ८० |
| १३ | ढाकाराम सापकोटा | राणकालीन नेपालको शैक्षिक अवस्था | २०६६ | ११ | १२९ |
| १४ | विमला कार्की | नेपालमा सामाजिक सेवा र दयावीर सिंह कंशाकार | २०६८ | १२ | ५० |
| १५ | डा. विमला शाक्य | लिच्छवी कालमा महिलाको अवस्था | २०६८ | १२ | ६२ |
| १६ | डा. ज्ञानेन्द्र पौड्याल | दरै समुदायको जातीय पहिचान | २०६८ | १२ | ५८ |
| १७ | डम्बर पहाडी परियार | नेपालमा छुवाछुत र दलितमुक्ति आन्दोलन | २०६८ | १२ | ९३ |
| १८ | ढाकाराम सापकोटा | ऐतिहासिक योद्धा मनमोहन अधिकारी | २०६८ | १२ | १०५ |

### ४.९.३ तालिका ९ *गणित विषयसँग सम्बद्ध सामग्रीहरु*

| क्र. सं. | लेखक | शीर्षक | वर्ष | अङ्क | पृष्ठ |
|---|---|---|---|---|---|
| १ | विनोद प्रसाद रिमाल | विभिन्न दशकमा गणित शिक्षामा आएका मुख्य परिवर्तनहरु | २०५५ | ५ | ६६ |
| २ | महेश्वर प्रसाद उपाध्याय | आर्यभाटको गणितीय योगदान | २०६४ | ९ | २७ |
| ३ | महेश्वर प्रसाद उपाध्याय | लगध र वेदाङ्ग ज्योतिष | २०६६ | १० | ३३ |
| ४ | महेश्वर प्रसाद उपाध्याय | बीज गणितको आत्मकथा | २०६६ | ११ | २३ |

### ४.९.४ तालिका १० *जनसङ्ख्या विषयसँग सम्बद्ध सामग्रीहरु*

| क.सं. | लेखक | शीर्षक | वर्ष | अङ्क | पृष्ठ |
|---|---|---|---|---|---|
| १ | सुनील पौड्याल | विश्व जनसङ्ख्या स्थिति एक परिचय | २०४५ | १ | १७ |
| २ | श्रीमती प्रभा न्यौपाने | नेपालमा जनसङ्ख्या विकासको सन्दर्भमा जनसङ्ख्या शिक्षा र महिलाहरुको भूमिका | २०४८ | २ | ५० |
| ३ | सुश्री बिना राई | नेपालमा महिलाको स्तर र जनसङ्ख्या नीति | २०५० | ३ | २६ |
| ४ | पवन कुमार बुढाथोकी | नेपालको जनसङ्ख्या वितरण, वृद्धि र त्यसको प्रभाव एक विश्लेषण | २०५३ | ४ | ३४ |
| ५ | सुनील कुमार पौड्याल | नेपालमा जनसङ्ख्या वृद्धि र सहरीकरण | २०५५ | ५ | ८७ |
| ६ | पवन कुमार बुढाथोकी | काठमाडौ उपत्यकामा वातावरणीय समस्या : कारण र संरक्षणका उपाय | २०५८ | ६ | ४२ |
| ७ | सुनील अधिकारी | चाँडो बिहेवारी र बाल विकास एक अध्ययन | २०६१ | ८ | १४० |
| ८ | डा. प्रभा कुमारी हमाल | नेपालमा गरिबी र पछौटेपनका कारणहरु | २०६८ | १२ | ४७ |

### ४.९.५ तालिका ११ *अर्थशास्त्र विषयसँग सम्बद्ध सामग्रीहरु*

| क.सं. | लेखक | शीर्षक | वर्ष | अङ्क | पृष्ठ |
|---|---|---|---|---|---|
| १ | सुश्री हर्ष कुमारी सिंह | एक साध्य दुई साधकहरु | २०४५ | १ | २ |
| २ | भीम न्यौपाने | औद्योगिक विकासको महत्त्व | २०४५ | १ | ४० |
| ३ | श्रीमती भुवन पन्त | नेपालको विकास प्रयासमा महिला सहभागिता | २०५० | ३ | १७ |
| ४ | श्रीमती भुवन पन्त | नेपालको आर्थिक झलक | २०५५ | ५ | ३५ |
| ५ | चक्रपाणि लुइटेल | नवौँ योजनाको मध्यावधि मूल्याङ्कन तथा कृषि क्षेत्रको विकास, अवस्था र भावी दिशा | २०५८ | ६ | ३१ |

| | | | | | |
|---|---|---|---|---|---|
| ६ | सुधा श्रेष्ठ | लघु गणक र यसको प्रयोग | २०५८ | ६ | ५९ |
| ७ | सुधा श्रेष्ठ | नेपालको आर्थिक विकासमा दसौँ योजना | २०६० | ७ | ५७ |
| ८ | डा. चक्रपाणि लुइटेल | नेपालमा पशुपालन व्यवसायको रूपान्तरण : अवस्था र सम्भावना | २०६१ | ८ | ३३ |
| ९ | डा. चक्रपाणि लुइटेल | खाद्य सुरक्षाको सवालमा पशुपालन व्यवसायको सान्दर्भिकता | २०६६ | १० | ५९ |
| १० | डा. भीम प्रसाद न्यौपाने | समावेशी लोकतन्त्रको अर्थ राजनीति केही आधारभूत पक्षहरु | २०६६ | ११ | १९ |
| ११ | डा. चक्रपाणि लुइँटेल | ग्रामीण विकासका लागि पशुपालन तथा वित्तीय संस्था : अवस्था र योगदान | २०६६ | ११ | ३३ |
| १२ | डा. भीम प्रसाद न्यौपाने | नेपालको कृषि विकासमा एक दृष्टि | २०६८ | १२ | १९ |

## ४.९.६ तालिका १२ *भूगोल विषयसँग सम्बद्ध सामग्रीहरु*

| क.सं. | लेखक | शीर्षक | वर्ष | अङ्क | पृष्ठ |
|---|---|---|---|---|---|
| १ | बलभद्र भारती | प्लेट टेक्टोनिक अवधारण : एक परिचय | २०५० | ३ | १४ |
| २ | बलभद्र भारती | भानथ्यूनेनको भूमि प्रयोग अवस्थिति सिद्धान्तको विवेचना | २०५३ | ४ | १८ |
| ३ | सुनील कुमार पौडेल | विश्वको ग्रामीण सहरी जनसङ्ख्याको प्रारूप सङ्क्षिप्त अध्ययन | २०५३ | ४ | ५५ |
| ४ | राम शरण पाठक | जलस्रोत : विकासका संभावना र समस्याहरु | २०५५ | ५ | ५५ |
| ५ | राम शरण पाठक | डोल्पा जिल्लाको कृषि स्थिति | २०५८ | ६ | ३ |
| ६ | बलभद्र भारती | भूगोलको पुस्तक लेख्ने प्रथम नेपाली विद्वान् राजा जयपृथ्वी बहादुर सिंह : एक परिचय | २०५८ | ६ | २७ |

| | | | | | |
|---|---|---|---|---|---|
| ७ | निर्मला कुमारी सुवाल | नेपालमा वस्तीको वृद्धि र विकास | २०५८ | ६ | ३४ |
| ८ | सुनील कुमार पौडेल | हिले बजार पूर्वी पहाडको व्यापारिक केन्द्र | २०५८ | ६ | ६७ |
| ९ | राम शरण पाठक | मानव पुर्खाको विकास प्रक्रिया एक सिंहावलोकन | २०६० | ७ | १ |
| १० | राम शरण पाठक | वाल्टर क्रस्टलरको केन्द्रीय स्थान सिद्धान्त | २०६१ | ८ | ९ |
| ११ | कृष्णलाल जोशी | नगरीय भू-उपयोग सम्बन्धी सिद्धान्त : एक विवेचनात्मक अध्ययन | २०६१ | ८ | ५६ |
| १२ | निर्मला कुमारी सुवाल | नेपालमा भूगोल अध्ययनको आवश्यकता र वर्तमान अवस्था सन्दर्भ | २०६१ | ८ | ८८ |
| १३ | निर्मला कुमारी सुवाल | नेपालमा सहरीकरणको विकास : सम्भावना र समस्या | २०६६ | १० | ५१ |
| १४ | निर्मला कुमारी सुवाल | पालुङ गाउँ विकास समितिका देवला (पोडे) जातिको जीवन शैली | २०६६ | ११ | ५२ |

### **४.९.७ तालिका १३** *पत्रकारिता र आमसञ्चार विषयसँग सम्बद्ध सामग्रीहरु*

| क.सं. | लेखक | शीर्षक | वर्ष | अङ्क | पृष्ठ |
|---|---|---|---|---|---|
| १ | प्रबल राज खरेल | अन्तरराष्ट्रिय सञ्चारको बदलिँदो रूपरेखा | २०५० | ३ | ४७ |
| २ | प्रा. लाल देउसा राई | प्रजातन्त्र विकास र प्रेस स्वतन्त्रता | २०५३ | ४ | ६ |
| ३ | प्रा. लाल देउसा राई | पत्रकारिता विषय शिक्षाको महत्त्व | २०५५ | ५ | ६२ |
| ४ | चिरञ्जीवी खनाल | आम सञ्चारको नौलो आयाम : नागरिक पत्रकारिता | २०६६ | १० | २७ |
| ५ | श्रीराम पौडेल | नेपालमा अनलाइन पत्रकारिता : अवस्था र चुनौती | २०६६ | ११ | ११८ |

## ४.९.८ तालिका १४ *गृहविज्ञान विषयसँग सम्बद्ध सामग्रीहरु*

| क्र.सं. | लेखक | शीर्षक | वर्ष | अङ्क | पृष्ठ |
|---|---|---|---|---|---|
| १ | श्रीमती मीरा वैद्य | आधुनिम युगमा गृहविज्ञान र त्यसको महत्त्व | २०४५ | १ | २५ |
| २ | श्रीमती रजनी श्रेष्ठ | महिलाहरुको स्वास्थ्यमा एड्सको असर | २०४८ | २ | १६ |
| ३ | श्रीमती मीरा वैद्य | हाम्रो घर परिवारमा गृहविज्ञान | २०५० | ३ | २१ |
| ४ | श्रीमती रजनी श्रेष्ठ | लुगाको दाग कसरी हटाउने ? | २०५० | ३ | ३२ |
| ५ | श्रीमती मीरा वैद्य | नेपालमा कपडा बुनाइको विकास | २०५३ | ४ | ८ |
| ६ | श्रीमती रजनी श्रेष्ठ | घरेलु मुसा, किरा आदि हानिकारक प्राणीहरुबाट बच्ने केही व्यावहारिक उपायहरु | २०५३ | ४ | ४३ |
| ७ | श्रीमती मीरा शाक्य | हाम्रो दैनिक खानामा दालको प्रयोग | २०५५ | ५ | ४८ |
| ८ | मगिन पालिखे | बसाइ सरी आएका शिशुको पौष्टिक स्थिति | २०६० | ७ | ८० |
| ९ | श्रीमती मीरा वैद्य | विरामी तथा भर्खरै विरामी निको भएको बालकका लागि खाना | २०६६ | १० | २१ |
| १० | श्रीमती रजनी श्रेष्ठ | रक्तचाप के हो ? | २०६६ | ११ | ४४ |
| ११ | भिक्टोरी श्रेष्ठ | मनव स्वास्थ्यमा आयोडिनको महत्त्व | २०६६ | ११ | ११० |
| १२ | श्रीमती मीरा वैद्य | व्यक्तित्व विकास | २०६८ | १२ | ३६ |

## ४.९.९ तालिका १५ *मनोविज्ञान विषयसँग सम्बद्ध सामग्रीहरु*

| क्र.सं. | लेखक | शीर्षक | वर्ष | अङ्क | पृष्ठ |
|---|---|---|---|---|---|
| १ | श्रीमती गङ्गा पाठक | 'जुम्ल्याहा बच्चा' एक रोचक जानकारी | २०४५ | १ | ३४ |
| २ | श्रीमती गङ्गा पाठक | हामी किन उत्तेजित हुन्छौं ? | २०४८ | २ | २ |

| | | | | | |
|---|---|---|---|---|---|
| ३ | भगवान चन्द्र ज्ञवाली | हाम्रा सामान्य त्रुटिलाई कसरी हेर्ने ? | २०६४ | ९ | ८५ |
| ४ | सृजना श्रेष्ठ | केटाकेटीमा सिक्ने अभिप्रेरणा | २०६८ | १२ | ७२ |

### ४.९.१० तालिका १६ *संगीत शास्त्र विषयसँग सम्बद्ध सामग्रीहरु*

| क.सं. | लेखक | शीर्षक | वर्ष | अङ्क | पृष्ठ |
|---|---|---|---|---|---|
| १ | श्रीमती बेनी जङ्गम रावल | आजको समृद्ध विश्व संगीतकी जननी लोक संगीत | २०४८ | २ | १४ |
| २ | श्रीमती बेनी जङ्गम रावल | प्रदुषणको चपेटामा लोक संगीत | २०५० | ३ | २४ |
| ३ | श्रीमती बेनी जङ्गम रावल | यसरी माँसिदै छ हाम्रो राष्ट्रिय संस्कृति | २०५३ | ४ | ६ |
| ४ | श्रीमती बेनी जङ्गम रावल | लोक संगीतका साधक सु. बी. शाह | २०५५ | ५ | ३० |
| ५ | श्रीमती बेनी जङ्गम रावल | सङ्गीतमा सौन्दर्य बोध | २०६० | ७ | ६७ |
| ६ | श्रीमती बेनी जङ्गम रावल | 'शास्त्रीय तथा लोक सङ्गीत' एक पर्यावलोकन | २०६४ | ९ | १७ |

### ४.९.११ तालिका १७ *नेवारी भाषासँग सम्बद्ध सामग्रीहरु*

| क.सं. | लेखक | शीर्षक | वर्ष | अङ्क | पृष्ठ |
|---|---|---|---|---|---|
| १ | चन्द्रमान वज्राचार्य | खण्डकाव्य परम्पराया कवि सिद्धिचरणया 'तृष्णा' | २०५५ | ५ | ८ |
| २ | चन्द्रमान वज्राचार्य | वस्तु वा शिल्प | २०५८ | ६ | ५५ |
| ३ | जनक नेवा | भीगु इतिहासं तंम्ह-जामन : गुभाजु व जपतुँ | २०६१ | ८ | १३१ |

### ४.९.१२ **तालिका १८** *कविता विषय (स्वतन्त्र रचना) सँग सम्बद्ध सामग्रीहरु*

| क.सं. | लेखक | शीर्षक | वर्ष | अङ्क | पृष्ठ |
|---|---|---|---|---|---|
| १ | श्रीहरि रूपाखेती | शुभ हीरकोत्सव | २०४५ | १ | १ |
| २ | श्रीहरि रूपाखेती | हेर्नु छ जिन्दगानी | २०४८ | २ | १ |
| ३ | घटराज भट्टराई | जिन्दगी यो नभुल्नू | २०४८ | २ | १ |
| ४ | डा. ताहिरा निगहत | गजल | २०५० | ३ | ११ |
| ५ | मित्रलाल पंज्ञानी | नेपाल यस्तो कसले गरायो ? | २०५८ | ६ | ३३ |
| ६ | विद्या ओभ्ला 'निर्दोषी' | आयो लौ किन यो  शिशिर जगमा | २०५८ | ६ | ४१ |
| ७ | श्रीहरि रूपाखेती | के भनेर बोलाउँ म ? | २०५८ | ६ | ९६ |
| ८ | श्रीहरि रूपाखेती | नारायणीका तटमा... | २०६० | ७ | ८७ |
| ९ | राम प्रसाद ज्ञवाली | अचम्मको वीर | २०६० | ७ | १६ |
| १० | मित्रलाल पंज्ञानी | त्यसै नेता मानिदैन | २०६० | ७ | ५६ |
| ११ | जगत् 'प्रेक्षित' | गाउँको साथीलाई पत्र | २०६० | ७ | ८८ |
| १२ | गैरीनाथ 'उपमन्यु' | श्रद्धाञ्जली | २०६१ | ८ | ६९ |
| १३ | भुवन ढुङ्गना | आम निर्वाचनको एक दिन | २०६४ | ९ | १३ |
| १४ | राम प्रसाद ज्ञवाली | वसन्तानन्द मन्द छ | २०६४ | ९ | १४ |
| १५ | हरि प्रसाद पराजुली | उन्मेष प्रति | २०६४ | ९ | १६ |

### ४.९.१३ तालिका १९ *क्याम्पस र प्राध्यापक संघसँग सम्बद्ध सामग्रीहरु*

| क्र.सं. | शीर्षक | वर्ष | अङ्क | पृष्ठ |
|---|---|---|---|---|
| १ | रत्न राज्यलक्ष्मी क्याम्पस एक परिचय | २०५५ | ५ | १०२ |
| २ | नेपाल प्राध्यापक संघ रत्न राज्यलक्ष्मी क्याम्पस एकाइ समितिका गतिविधिहरु | २०५५ | ५ | ९८ |
| ३ | रत्न राज्यलक्ष्मी क्याम्पस सङ्क्षिप्त परिचय | २०५८ | ६ | ९० |
| ४ | रत्न राज्यलक्ष्मी क्याम्पस, एकाइ समितिको कार्य प्रगति विवरण | २०५८ | ६ | ९४ |
| ५ | रत्न राज्यलक्ष्मी क्याम्पसबाट नेपाली र अङ्ग्रेजी विषयमा भएको शोध एवम् सृजना कार्यको विवरण | २०६१ | ७ | ११० |
| ६ | रत्न राज्यलक्ष्मी क्याम्पस एकाइ, समितिको गतिविधि | २०६४ | ९ | १५६ |
| ७ | रत्न राज्यलक्ष्मी क्याम्पस एकाइ, समितिको गतिविधि | २०६६ | १० | १८९ |
| ८ | गतिविधिक | २०६६ | ११ | २१९ |

## ४.१० सारांश

त्रिविररालप्राएसबाट प्रकाशित **उन्मेष** मा प्राध्यापकहरुद्वारा लिखित विभिन्न विषय वस्तुसँग सम्बन्धित लेख रचनाहरु प्रकाशित छन् । लेखहरुलाई भाषा साहित्य र भाषा साहित्येतर गरी दुई वर्गमा छुट्ट्याइएको छ । भाषा साहित्यपरक लेख रचना अन्तर्गत भाषापरक, सैद्धान्तिक, कृतिपरक, लोक साहित्यपरक, ऐतिहासिक, स्रष्टापरक र पाठक प्रतिक्रियापरक गरी सात प्रकारका कुल ६० वटा समालोचनाहरुको अध्ययन गरिएको छ । कविता जस्ता स्वतन्त्र रचना, प्रध्यापक संघका गतिविधि र साहित्येतर लेख रचनाहरुको सूचीकरण गरिएको छ ।

**उन्मेष** पत्रिकामा प्रकाशित बहुसङ्ख्यक लेखहरु अनुसन्धानात्मक र विश्लेषणत्मक दृष्टिले उच्च कोटिका रहेका छन् भने केही लेखहरु मध्यम स्तरका पनि देखिन्छन् । यसमा प्रकाशित भाषापरक समालोचना अन्तर्गत वर्ण विन्यास, व्याकरणात्मक परिवर्तन, भाषा र

भाषिकाका अन्य भेदहरु, नेपालमा भाषिक सङ्कटापन्नता, उखानको रूप र शैली संरचना, नेपाली बृहत् शव्दकोशलाई अद्यावधिक गर्ने विधि र प्रक्रिया, जस्ता लेखहरुमा अनुसन्धानात्मक पक्ष सवल रहेको देखिन्छ भने उक्त लेखहरुको तुलनामा, उर्दूको सङ्क्षिप्त परिचय, पाएन कि पाइएन ?, नेपाल भाषामा संख्याको स्थान, प्रचार प्रसार र भाषा, लिम्बुभाषामा सर्वनामीकरण मध्यम स्तरका देखिन्छन् । सैद्धान्तिक र लोक साहित्य प्रधान समालोचनाहरु भने उच्च कोटिका देखिन्छन् । कृतिपरक समालोचनामा कवि मोहन कोइराला र उनको **गङ्गा प्रवास** लामो कविताको अध्ययन र विश्लेषण, कुलचन्द्र कोइरालाको **भृकुटी** खण्डकाव्य नारीपरक अध्ययन, इस्मालीको कथायात्रा र प्रवृत्ति, भीमनिधि तीवारीको गजल-प्रविधि, खण्डकाव्य सिद्धान्तका आधारमा **सृजामाता** खण्डकाव्यको सङ्क्षिप्त चर्चा, कवि सीताराम अधिकारी र उनको **आमा काव्य** एक पर्यावलोकन, महाकवि कालिदास र **कुमार संभव** : सङ्क्षिप्त समीक्षा, संस्कृत नाट्य परम्परामा भासको नाट्यकारिता र **स्वप्नवासवदत्त** : सङ्क्षिप्त विवेचना, **विजययात्रा** कविता सङ्ग्रहको प्रवृत्तिगत विश्लेषण, संस्कृत गद्य परम्परामा वाण भट्टको गद्यकारिता र **कादम्बरी** को सङ्क्षिप्त परिचय, देवकोटाको **पागल** कविताको विश्लेषण, **लुनी** खण्डकाव्यमा वैचारिक प्रयोग, वाल्मीकि रामायणमा **वर्षा ऋतु** वर्णन : सङ्क्षिप्त विवेचना, **कान्छी, भट्टी र देश** कविताको संरचनापक्षीय विश्लेषण आदि उच्च स्तरका रहेका छन् भने अरू समालोचनाहरु उक्त समालोचनाका आधारमा मध्यम स्तरका देखिन्छन् । ऐतिहासक समालोचना अन्तर्गतका तिनओटै लेखहरु उच्च स्तरका देखिन्छन् । स्रस्टापरक समालोचनामा द्रष्टा देवकोटा अनुसन्धानात्मक लेख हो भने अरिस्टोटल र होमरका रचनाहरुमाथि एक दृष्टि परिचयात्मक रूपमा प्रकट भएको देखिन्छ । **उन्मेष** पत्रिकामा प्रकाशित एक मात्र पाठक प्रतिक्रियापरक समालोचना 'उन्मेषको नवौँ अङ्कलाई नियाल्दा' शीर्षकको लेखले उन्मेषको नवौँ अङ्कमा प्रकाशित भएका सम्पूर्ण लेखहरुलाई परिचयात्मक रूपमा प्रस्तुत गरेको छ ।

# अध्याय पाँच

## उपसंहार

### ५.१ अध्यायगत सार

**उन्मेष** मा प्रकाशित समालोचनाहरुको अध्ययन शीर्षकको यस शोध पत्रमा शोध परिचय, नेपाली पत्र पत्रिकाको ऐतिहासिक विकासक्रम, सैद्धान्तिक अध्ययन, **उन्मेष** मा प्रकाशित समालोचनाहरुको अध्ययन र उपसंहार गरी पाँच अध्याय रहेका छन् । यस शोध पत्रको अन्तमा सन्दर्भ सामग्री सूची दिइएको छ ।

**पहिलो अध्याय** मा शोध परिचय शीर्षकमा शोध शीर्षक, शोध कार्यको प्रयोजन, शोध परिचय, समस्याकथन, शोधकार्यको उद्देश्य, पूर्वकार्यको समीक्षा, शोधकार्यको औचित्य र महत्त्व शोधकार्यको मूल्याङ्कन, शोधविधि, शोधपत्रको रूपरेखा आदि विषय वस्तु रहेका छन् ।

**दोस्रो अध्याय** मा नेपाली साहित्यिक पत्र पत्रिका प्रकाशनको परम्परा र उन्मेष शीर्षकमा नेपाली साहित्यिक पत्र पत्रिकाको परम्परा अन्तर्गत नेपाल बाहिरबाट प्रकाशित नेपाली पत्र पत्रिका र नेपालबाट प्रकाशित नेपाली पत्र पत्रिकामा समेटिएका छन् नेपालबाट प्रकाशित पत्र पत्रिकालाई काठमाडौँबाट प्रकाशित र मोफसलबाट प्रकाशित २००७ साल पूर्व, २००७-२०१७, २०१७-२०३६ र २०३६ देखि **उन्मेष** प्रकाशनको अवधिसम्म भएका पत्र पत्रिकाको इतिहासलाई छुट्टाछुट्टै विश्लेषण गरिएको छ । अन्तमा **उन्मेष** प्रकाशनको उद्देश्य र **उन्मेष** नामकरणको अर्थ पनि  समाविष्ट भएका छन् ।

**तेस्रो अध्याय** मा समालोचना सिद्धान्त शीर्षकमा समालोचनाको व्युत्पत्ति, परिभाषा, वर्गीकरण, प्रकारहरु समावेश गरिएका छन् । समालोचनाका प्रकार अन्तर्गत सैद्धान्तिक, शास्त्रीय, व्याख्यात्मक, निर्णयात्मक, ऐतिहासिक, प्रभावात्मक, मनोविश्लेषणवादी, प्रगतिवादी, तुलनात्मक, समाजपरक, जीवनीपरक, आदिमतापरक, शोधपरक, शैलीवैज्ञानिक, परिचयात्मक, मूल्यवादी, भाषापरक र उतर आधुनिकवादी गरी १८ ओटा समालोचनाहरुको उल्लेख गरिएको छ ।

**चौथो अध्याय** मा **उन्मेष** का सम्पूर्ण अङ्कमा प्रकाशित भएका भाषा साहित्यपरक समालोचनाहरुको अध्ययन गरिएको छ भने भाषा साहित्येतर र कविता जस्ता स्वतन्त्र रचनाहरुको सूचीकरण गरिएको छ। भाषा साहित्यपरक लेखहरुलाई भाषापरक ११, सैद्धातिक ६, लोक साहित्यपरक ८, कृतिपरक २८, ऐतिहासिक ३, स्रष्टापरक ३, र पाठक प्रतिक्रियापरक १ गरी कुल ६० ओटा समालोचनात्मक लेख रचनाहरुको व्याख्या विश्लेषण गरी साहित्येतर लेख रचनाहरुको सूचीकरण गरिएको छ गरिएको छ।

**पाँचौं अध्याय** मा अध्यायगत सार, शोध निष्कर्ष, भावी अध्ययनका निम्ति समभाव्य शीर्षकहरु र सन्दर्भ सामग्री सूची प्रस्तुत गरिएको छ।

## ५.२ निष्कर्ष

नेपाली साहित्यिक पत्र पत्रिकाको प्रकाशन धेरैपछि मात्र सुरु भएको पाइन्छ। वि.स. १९०८ मा तत्कालीन प्रधान मन्त्री श्री ३ जङ्ग बहादुर राणाले बेलायत भ्रमण गरी फर्कदा ल्याएको हाते प्रेसबाट नेपाली छापाखानाको इतिहास प्रारम्भ भएको तथ्य फेला पर्छ। नेपाली साहित्यिक पत्रिका प्रकाशनको प्रारम्भ बनारसमा रहेका नेपाली युवा सहित्यकारहरुले सञ्चालन गरेका साहित्यक गतिविधिबाट तयार भएको देखिन्छ। मोतीराम भट्टको सम्पादनमा वि.स. १९४३ मा बनारसबाट प्रकाशित **गोर्खा भारत जीवन** लाई सबैभन्दा पुरानो पत्रिका मानिएको छ। राणा शासन काल पत्रिका प्रकाशनका दृष्टिले अनुकूल वातावरण नरहेकाले यसको प्रारम्भ प्रवासी भूमिबाट विभिन्न खुड्किलाहरु पार गर्दै वि.स. १९५५ **सुधा सागर** सँगै नेपाल भित्रिएको देखिन्छ। नेपाल बाहिर भएका नेपाली साहित्यिक गतिविधिहरुको चर्चा गर्दा भारतको बनारस, दार्जिलिङ, खर्साङ, देहरादुन, कलकत्ता, कालिम्पोङ, असाम आदि ठाउँबाट प्रकाशित गोर्खा भारत जीवन, उपन्यास तरङ्गिणी, गोर्खे खबर् कागत्, सुन्दरी, माधवी, चन्द्र, जन्मभूमि, गोर्खाली, गुणवाणी, गोर्खा आदिलाई प्रतिनिधि पत्रिकाको रूपमा लिन सकिन्छ।

बनारसमा प्रकाशित **गोर्खा भारत जीवन** बाट प्रारम्भ भएको नेपाली साहित्यिक पत्रिका प्रकाशनको परम्परा मोतीकृष्ण शर्माको सम्पादकत्वमा (१९५५) साल श्रावणदेखि काठमाडौंबाट प्रकाशित **सुधा सागर** मासिकसँगै नेपाल भित्रिएको देखिन्छ। **सुधा सागर** पछि (२०५८) मा

**गोरखापत्र** जन्म भएको देखिन्छ । प्रारम्भमा यसको हिज्जे **गोर्खापत्र** थियो १९८३ जेठ ४ देखि यसलाई **गोरखापत्र** लेख्न थालियो । सुरुमा साप्ताहिक यो पत्रिका २००० साल असोज देखि अर्ध साप्ताहिक २००३ पौष ८ देखि त्रिसाप्ताहिक र २०१७ फागुण ४ देखि दैनिक रूपमा प्रकाशित भएको पाइन्छ ।

**सुधा सागर** प्रकाशन भएको ३३ वर्ष पछि १९९१ फागुनमा ऋद्धि बहादुर मल्लको सम्पादनमा साहित्यिक पत्रिकाको रूपमा **शारदा** को प्रकाशन भयो । छोटो समयमै धेरै साहित्यकारहरु जन्माउन सफल यस पत्रिका राणा कालीन जटिल स्थिति, आर्थिक समस्या र आवश्यक स्याहार र सम्भारका कमीको कारण अनियमित हुँदै वर्ष २०, संख्या ७ पछि बन्द हुन पुगेको देखिन्छ । **शारदा** प्रकाशनको ६ महिनापछि **उद्योग** पाक्षिक पत्रिकाको प्रकाशन प्रारम्भ भएको पाइन्छ । यसैगरी साहित्य स्रोत मासिक (२००४) घोलु इलम पत्रिका, शिक्षा, काठमाडौं म्युनिसिपल पत्रिका, आँखा, नेपाल शिक्षा, पुरुषार्थ, आदि पत्रिकाहरु अघि प्रकाशित भइ सकेका देखिन्छन् । यी मध्ये १९५८ देखि १९९१ पूर्वको समाचार मूलक तथा साहित्यिक पत्रकारिताको नेतृत्व **गोरखापत्र** ले र १९९१ देखि २००६ सम्मको अवधिको साहित्यिक पत्रकारिताका नेतृत्व **शारदा** ले गरेको तथ्य फेला पार्न सकिन्छ ।

२००७ सालको प्रजातन्त्र प्राप्तिपछि नेपालमा विभिन्न विचारधाराको पत्र पत्रिकाले फस्टाउने मौका पाए भने काठमाडौँमा मात्र केन्द्रित रहेको पत्र पत्रिका प्रकाशनको परम्परा भङ्ग भई देशका विविध स्थानहरुबाट पनि प्रकाशन हुन थालेको पाइन्छ । नेपाली पत्र पत्रिकाको इतिहासलाई नियाल्दा यसले राजनैतिक मोडसँगै नयाँ नयाँ मोडहरु बनाउँदै अगाडि बढेको देखिन्छ ।

प्रजातन्त्रको आगमनसँगै प्रकाशन प्ररम्भ भएको **आवाज** ले साहित्यिक क्षेत्रमा निकै चहल पहल बढाएको पाइन्छ भने प्रगति, धरति, रूपरेखा, मधुपर्क, अङ्कुर, तन्नेरी, गरिमा आदि पत्र पत्रिकाहरुले नेपामली साहित्यको भण्डारमा गति दिने काम गरेका छन् । यी पत्रिकाहरुमा साहित्यका साथै समालोचनाहरु पनि प्रकाशित देखिन्छन् ।

समालोचनालाई साहित्यका अन्य विधाहरु मध्येको नयाँ विधाको रूपमा लिइन्छ । कला साहित्य तथा ज्ञान विज्ञानको विकास ग्रिसबाट भए जस्तै समालोचनाको विकास पनि ग्रिसबाटै

भएको पाईन्छ । सोक्रेटस प्लेटोका कला साहित्यका गम्भीर आक्षेपलाई समालोचनाको बीजको रूपमा लिइन्छ । समालोचना सिद्धान्तका प्रखर विद्वान अरिस्टोटल र उनको **काव्यशास्त्र** लाई सैद्धान्तिक समालोचनाको आधारशिला मानिन्छ । यसरी प्रारम्भ भएको पाश्चात्य समालोचनामा पछिल्लो समयमा कलरिज, क्रोचे, हड्सन, अर्नाल्ड, जोन्सन् आदिलाई प्रमुख समालोचकको रूपमा लिइएको छ । त्यसैगरी पूर्वीय साहित्मा समालोचनाको प्रथम आचार्यको रूपमा भरतलाई लिइन्छ । भरतपछि भामह, दण्डी, वामन, रुद्रट, आनन्द वर्द्धन, कुन्तक, मम्मट, विश्वनाथ, जगन्नाथ हुँदै अगाडि बढेको पाइन्छ । नेपाली साहित्यमा समालोचनाको प्रारम्भ मोतीराम भट्टद्वारा लिखित **कवि भानुभक्त आचार्यको जीवन चरित्र** (१९४८) बाट भएको पाइन्छ । यसरी सुरु भएको समालोचना परम्परामा बाबुराम आचार्य, सूर्यविक्रम ज्ञवाली, रामकृष्ण शर्मा, तारानाथ शर्मा, ईश्वर बराल, हृदयचन्द्र सिंहप्रधान, यदुनाथ खनाल रत्नध्वज जोशी जस्ता विभिन्न समालोचकहरु उदाएका देखिन्छन् ।

साहित्यिक समालोचनाको विकासमा यी विभिन्न पत्रिका र विद्वान समालोचकहरुले भूमिका खेलेको पाइन्छ । यसै क्रममा त्रिभुवन विश्व विद्यालय प्रा.सं. ररालएस बाट २०४५ भाद्र देखि प्रकाशित **उन्मेष** प्रकाशित देखिन्छ । यस पत्रिकामा २०६८ सम्म (बाऱ्हौं अङ्कसम्म) अङ्ग्रजी माध्यमका ९६ ओटा र नेपाली माध्यमका २०१ गरी कुल २९७ वटा लेख रचनाहरु प्रकाशित देखिन्छन् । लेखहरुलाई भाषा साहित्येतर र भाषा साहित्यसँग सम्बन्धित गरी दुई वर्गमा छुट्याउँदा भाषा साहित्यसँग सम्बन्धित लेख रचनाहरु ६० वटा र भाषा साहित्येतर लेख रचनाहरु ११७ वटा रहेका छन् । कविताजस्ता स्वतन्त्र रचना र प्रा. सं. का गतिविधिहरु गरी (१५+८) २३ प्रकाशित देखिन्छन् । संगीत ६ र नेवारी ३ गरी ९ वटा लेखहरु पनि प्रकाशित छन् ।

**उन्मेष** मा प्रकाशित नेपाली समालोचनाहरु भाषापरक, सैद्धान्तिक, कृतिपरक, लोक साहित्यपरक, ऐतिहासिक, स्रष्टापरक र पाठक प्रतिक्रियापरक गरी सात भेदमा रहेका छन् ।

**उन्मेष** पत्रिकामा ११ ओटा भाषापरक समालोचनाहरु छन् । ती छुट्टाछुट्टै विषय वस्तुसँग सम्बद्ध भई प्रकाशित छन् । भाषा, भाषिका, व्याकरण र शब्द भण्डारसँग सम्बन्धित ती

लेखहरुमा अनुसन्धानात्मक र विश्लेषणात्मक पक्ष सवल रहेको देखिन्छ । अन्य भाषिक लेखहरुले पनि भाषापरक समालोचनाको फाँटमा मलजल गरेका छन् ।

**उन्मेष** पत्रिकामा ६ ओटा लेख रचनाहरु सैद्धान्तिक समालोचनासँग सम्बद्ध छन् । साहित्य शास्त्रसँग सम्बन्धित विचार चिन्तन आदिलाई प्रस्तुत गर्ने क्रममा कथा, निबन्ध, खण्डकाव्य, महाकाव्य आदि साहित्यका विविध विधाहरुलाई सैद्धान्तिक पक्षबाट विश्लेषण गरिएको देखिन्छ । विशेषतः पूर्वीय साहित्य शास्त्रसँग सम्बन्धित सैद्धान्तिक समालोचनाको बाहुल्य रहेको यस पत्रिकामा महाकाव्य र निबन्धको परिचय, परिभाषा, वर्गीकरणका साथै संस्कृतमा रसमय ललित महाकाव्य र शास्त्रीय अलङ्कारकमय ललित महाकाव्य परम्पराको सङ्क्षिप्त विश्लेषण गरिएको छ ।

**उन्मेष** मा लोक साहित्यसँग सम्बद्ध आठ ओटा समालोचनाहरु प्रकाशित छन् । गीत, सङ्गीत, र नृत्य लोक जीवनको अभिन्न पाटोको रूपमा रहेको लोकगीतलाई नेपालका विभिन्न भू-भागमा गाइने फरक फरक चुड्का, रोइला, कौरा, घाटु, देउडा, ठाडो भाका गीत आदिको संरचना, लय विधान, छन्द विधान, भाका आदिको सङ्क्षिप्त विश्लेषण गरिएको देखिन्छ । यस प्रकृतिका फरक फरक लेख रचनाहरुले नेपालका सम्पूर्ण क्षेत्रलाई चिनाउने जमर्को गरेका छन् ।

स्रष्टाका अभिव्यक्तिलाई मूल केन्द्र मानेर गरिने स्रष्टापरक समालोचना **उन्मेष** मा तिन ओटा रहेका छन् । फरक फरक साहित्यिक प्रतिभाहरुसँग सम्बन्धित यी समालोचनाले व्यक्ति प्रतिभालाई विभिन्न कोणबाट चिनाउने प्रयास गरेको देखिन्छ । पाश्चात्य ग्रिसेली साहित्यका महान् प्रतिभाद्वय अरिस्टोटल र होमरलाई सामाजिक, सांस्कृतिक, दार्शनिक, वैज्ञानिक, राजनैतिक आदि विभिन्न पाटोबाट हेरिएको छ भने नेपाली साहित्यका महान् प्रतिभा देवकोटाले साहित्यका विभिन्न विधामा पुऱ्याएको योगदानहरुको चर्चा गर्दै रचना भित्रका द्रष्टात्व, भाववादी द्रष्टात्व, काव्यीय एवम् काव्येतर द्रष्टात्व गरी अलग अलग रूपमा उनको द्रष्टा व्यक्तित्वलाई प्रस्ट पारिएको छ ।

युग र साहित्यको परस्पर सम्बन्ध र एक अर्कामा परेका प्रभावहरुको समुचित विवेचना ऐतिहासिक समालोचनामा हुन्छ । **उन्मेष** मा यस प्रकृतिका तिन वटा लेखहरु/समालोचनाहरु : कविता, लोक साहित्य र समालोचना जस्ता विधाले स्थान पाएका छन् । कविता अन्तर्गत

सुवानन्द दासको पृथ्वी नारायणदेखि आधुनिक कालका कविहरु लेखनाथ, सम, देवकोटा, घिमिरे, श्रेष्ठ आदिसम्मको कविता यात्राको ऐतिहासिकताको एक झलक प्रस्तुत देखिन्छ भने दोस्रो लेखमा समालोचनाको  दोस्रो चरण २००४-२०२० सम्मको अवधिमा भएका भाषा शास्त्रीय अध्ययन-अनुसन्धान र विश्लेषण, लोक साहित्य, संस्कृत साहित्यका कृतिहरुको विवेचना र सौन्दर्यशास्त्रीय चिन्तन आदिको अध्ययन विश्लेषण गरिएको देखिन्छ । अन्तमा नेपाली लोक साहित्यको अध्ययन परम्परालाई सम्वर्द्धन काल, सङ्कलन काल र प्राज्ञिक शैक्षिक कालको सामान्य परिचय दिई लोक साहित्यको अध्ययन परम्परालाई नियाल्ने प्रयास गरिएको छ ।

साहित्यिक कृतिलाई विवेच्य सामग्री बनाई गरिने समीक्षा कृतिपरक समालोचना हो । **उन्मेष** मा यस प्रकृतिका २८ ओटा समालोचनाहरु प्रकाशित देखिन्छन् । ती समालोचनाहरु कथा, कविता, गजल, निबन्ध, खण्डकाव्य, महाकाव्य, एकाङ्की, नाटक, उपन्यास आदि साहित्यका विविध क्षेत्रसँग सम्बन्धित रहेका छन् । कथा विधासँग सम्बन्धित लेखहरु ५ ओटा कवितासँग सम्बन्धित ३ वटा निबन्धसँग सम्बन्धित ३ ओटा, खण्डकाव्यसँग सम्बन्धित ६ ओटा, महाकाव्यसँग सम्बन्धित लेखहरु ३ ओटा, नाटकसँग सम्बन्धित लेखहरु ६ ओटा र उपन्यास र गजल एक एक गरी कूल २८ ओटा समालोचनात्मक लेखहरु प्रकाशित देखिन्छन्

अन्तमा **उन्मेषको नवौं अङ्कलाई नियाल्दा** शीर्षकको एक मात्र लेखले पाठक प्रतिक्रियापरक समालोचनाको प्रतिनिधित्व गरेको छ । **उन्मेष** पत्रिकामा प्रकाशित बहुसङ्ख्यक लेखहरु अनुसन्धानात्मक र विश्लेषणात्मक दृष्टिले उच्च कोटिका रहेका छन् भने केही लेखहरु मध्यम स्तरका देखिन्छन् । प्रकाशित भाषा वैज्ञानिक, लोक साहित्यिक, सैद्धान्तिक समालोचनात्मक तथा कृतिपरक समीक्षाहरु हेर्दा **उन्मेष** ले नेपाली समालोचनाको क्षेत्रमा महत्त्वपूर्ण योगदान पुऱ्याएको देखिन्छ ।

### ५.३ भावी अध्ययनका लागि सम्भावित शीर्षकहरु :

- **उन्मेष**मा प्रकाशित साहित्यिक विधाहरुको तुलनात्मक अध्ययन
- **उन्मेष**मा प्रकाशित सामग्रीहरुको भाषा शैली परक अध्ययन
- **उन्मेष**मा प्रकाशित अंग्रेजी माध्यमका लेखहरुको अध्ययन

# सन्दर्भ सामग्री सूची :

**क) पाठ्य पुस्तक :**


अधिकारी, हेमाङ्ग राज र बद्री विशाल भट्टराई, (२०६६) **प्रयोगात्मक नेपाली शब्दकोश** काठमाडौँ : विद्यार्थी पुस्तक प्रकाशन प्रा.लि. ।

**उन्मेष** पत्रिकाका प्रथमदेखि १२ औं अङ्कसम्म ।

उपाध्याय, केशव प्रसाद (२०३०) **साहित्य प्रकाश**, ललित पुर : साझा प्रकाशन ।

कँडेल, घनश्याम (सम्पा) (२०५५) **नेपाली समालोचना**, ललित पुर : साझा प्रकाशन ।

क्षेत्री, शान्ति (२०४९) **नेपाली समालोचनामा रामकृष्ण शर्माको योगदान,** त्रिनेत्र इन्टरनेशनल प्रकाशन : गान्तोक सिम्मिन ।

खनाल, यदुनाथ (२०२३) **समालोचना सिद्धान्त,** ललित पुर : साझा प्रकाशन ।

गौतम, कृष्ण (२०५०) **आधुनिक नेपाली आलोचना अनेक रूप अनेक पठन**, ललित पुर : साझा प्रकाशन ।

जोशी, रत्नध्वज (२०४१) **साहित्यको अध्ययन** ललित पुर : साझा प्रकाशन ।

जोशी, रत्नध्वज (२०५०) **साहित्य समीक्षा** (तृ.सं.) ललित पुर : साझा प्रकाशन ।

ज्ञवाली, राम प्रसाद (२०६६) **पाश्चत्य साहित्य सिद्धान्तको सरल व्याख्या** (दो.सं.) काठमाडौं : हजुरको प्रकाशन ।

तिमसिना, डिल्लीराम (२०४७) **भाषा र साहित्य**, द्धि.सं) जनपक्ष प्रकाशन ।

त्रि.वि. पाठ्यक्रम विकास केन्द्र (२०६६) **अनिवार्य नेपाली शिक्षण निर्देशिका,** ललित पुर : साझा प्रकाशन ।

त्रिपाठी, बासुदेव (२०४९) **पाश्चात्य साहित्यको सैद्धान्तिक परम्परा -भाग २** (ते.सं.) ललित पुर : साझा प्रकाशन ।

थापा, हिमांशु (२०६६) **साहित्य परिचय** (पाँ. सं.) ललित पुरः साझा प्रकाशन ।

थेगिम, शोभाकान्ति (सन् १९९२) **नेपाली समालोचनाको परम्पराः मूल्याङ्कन तथा विश्लेषण,** सौरभ प्रकाशन, गान्तोक सिक्किम ।

देवकोटा, ग्रीष्म बहादुर (२०५९) **नेपालको छापाखाना र पत्रपत्रिकाको इतिहास**, (ते.सं.) ललित पुर : साझा प्रकाशन ।

देवकोटा, लक्ष्मीप्रसाद (२०६३) **शाकुन्तल**, ललित पुर : साझा प्रकाशन ।

दीक्षित, कमल (२०२८) **कालो अक्षर,** ललित पुर : साझा प्रकाशन ।

न्यौपाने, टङ्क प्रसाद (२०४९) **साहित्यको रूपरेखा** (दो. सं.) ललित पुर : साझा प्रकाशन ।

प्रधान, कृष्णचन्द्र सिंह (सम्पा) (२०३४) **साझा समालोचना** (दो.सं.) ललित पुर : साझा प्रकाशन ।

प्रधान, पारस मणि र अन्य (२०६५) **साहित्यशास्त्र र नेपाली समालोचना**, काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

भट्टराई, गोविन्द राज (२०६२) **उत्तर आधुनिक ऐना,** काठमाडौं : रत्न पुस्तक भण्डार ।

भुषाल, ऋषिराम र अन्य, (२०५०) **पत्रकारिताको रूपरेखा**, वुटवल : विद्यार्थी पुस्तक पसल ।

**विश्व साहित्यको रूपरेखा** (२०३०) प्रज्ञा प्रतिष्ठान, काठमाडौं ।

शर्मा, मोहन राज (२०४८) **शैलीविज्ञान**, काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

शर्मा, मोहन राज र अन्य, (२०५२) **शोध विधि**, ललित पुर : साझा प्रकाशन ।

शर्मा, मोहन राज र अन्य (२०६३) **पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्त** ।

शर्मा, मोहन राज र अन्य (२०६३) **लोकवार्ता विज्ञान र लोक साहित्य,** काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

शर्मा, रामकृष्ण (२०४४) **सप्तसारदीय**, जगदम्बा प्रकाशन ।

श्रेष्ठ, दयाराम (२०६१) **साहित्यको इतिहास सिद्धान्त र सन्दर्भ**, काठमाडौं : त्रिकोण प्रकाशन ।

श्रेष्ठ, दयाराम र अन्य (२०४९) **नेपाली साहित्यको सङ्क्षिप्त इतिहास,** (चौ.सं.) ललित पुर : साझा प्रकाशन ।

**सङ्गालो**, (२०४९) त्रि. वि. केन्द्रीय पुस्तकालय : कीर्तिपुर, काठमाडौं ।

सुवेदी, राजेन्द्र (२०६८) **नेपाली समालोचना : परम्परा र प्रवृत्ति,** काठमाडौं : पाठ्य सामग्री पसल ।

## (ख) पत्रपत्रिका र अप्रकाशित शोधपत्र :

उप्रेती, सोमकान्त (२०५८) **नेपाली साहित्यमा सागर पत्रिकाको योगदान**, त्रि.वि. रत्न राज्यलक्ष्मी क्याम्पसमा प्रस्तुत अप्रकाशित स्नातकोत्तर शोधपत्र ।

कुँवर, उत्तम (२०३३) **नेपालमा पत्रिकाको विकास,** रूपरेखा, काठमाडौं : वर्ष १७ अङ्क १०, फागुण ।

कार्की, विनोद मन्जन, (२०५८) **खोज अनुसन्धानपरक नेपाली समालोचना,** त्रि.वि. रत्न राज्यलक्ष्मी क्याम्पसमा प्रस्तुत अप्रकाशित स्नातकोत्तर शोधपत्र ।

पन्त, सुरेश (२०५७) **नेपाली साहित्यमा मिर्मिरे पत्रिकाको योगदान,** त्रि.वि. रत्न राज्यलक्ष्मी क्याम्पसमा प्रस्तुत अप्रकाशित स्नातकोत्तर शोधपत्र ।

रेग्मी, शिव (२०४९) **साहित्यिक पत्र पत्रिकाको इतिहास र वर्तमान अवस्थामा भोग्नु परेका कठिनाइहरु,** मधुपर्क, काठमाडौं : वर्ष २५, पूर्णाङ्क २८६ चैत्र ।